# जीतपुरसिमरा उपमहानगरपालिका

## प्रथम आवधिक विकास योजना-२०८२

(आ.ब. २०८३/०८४- २०८७/०८८)

# मस्यौदा प्रतिवेदन

## विषयसूची


१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ ५

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ६

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ १०

२.१ नगरपालिकाको परिचय ........ १०

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ११

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ........ १२

२.१.३ जनसांख्यिक अवस्था ........ १३

२.२ आर्थिक विकास अवस्था ........ २२

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ २२

२.२.२ पर्यटन तथा संस्कृति ........ २४

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ २५

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ २७

२.२.५ सहकारी ........ २८

२.३ सामाजिक विकासको अवस्था ........ २९

२.३.१ स्वास्थ्य तथा पोषण ........ २९

२.३.२ शैक्षिक विकास ........ ३०

२.३.३ खानेपानी तथा सरसफाइ ........ ३२

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ३४

२.३.५ युवा, खेलकुद तथा कला ........ ३६

२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था ........ ३७

२.४.१ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ३७

२.४.२ सडक, पुल तथा यातायात ........ ३७

२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ३८

२.४.४ सूचना, सञ्चार तथा प्रविधिक ........ ४०

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ४१

२.५.१ वन तथा जैविक विविधता ........ ४१

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ४३
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ४४
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ ४५
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ४६
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ ४६
२.६.२ सङ्गठनात्मक विकास ........ ४९
२.६.३ श्रोत परिचालन ........ ५०
२.६.४ योजना व्यवस्थापन ........ ५१
परिच्छेद ३: सोच तथा विकासको अवधारणा ........ ५२
३.१ पृष्ठभूमि ........ ५२
३.२ प्रमुख समस्या तथा चुनौती ........ ५२
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ५४
३.४ निर्देशक सिद्धान्त ........ ५४
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ५५
३.६ परीमाणात्मक लक्ष्य ........ ५७
३.७ रणनीति तथा प्राथमिकता ........ ५८
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ६४
परिच्छेद ४: आर्थिक क्षेत्र ........ ७५
४.१ कृषि तथा पशुपन्छी ........ ७६
४.१.१ पृष्ठभूमि ........ ७६
४.१.२ समस्या तथा चुनौती ........ ७७
४.१.३ संभावना तथा अवसर ........ ७७
४.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७८
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८०
४.१.६ अनुमान तथा जोखिम पक्ष ........ ८१
४.२ सिँचाई ........ ८१
४.२.१ पृष्ठभूमि ........ ८१

**४.२.२ समस्या तथा चुनौती** ........ ८२
**४.२.३ संभावना तथा अवसर** ........ ८३
**४.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना** ........ ८३
**४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका** ........ ८५
**४.२.६ अनुमान तथा जोखिम पक्ष** ........ ८५
**४.३ पर्यटन, संस्कृति तथा सम्पदा** ........ ८५
**४.३.१ पृष्ठभूमि** ........ ८५
**४.३.२ समस्या तथा चुनौती** ........ ८७
**४.३.३ संभावना तथा अवसर** ........ ८७
**४.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना** ........ ८८
**४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका** ........ ८९
**४.३.६ अनुमान तथा जोखिम पक्ष** ........ ९०
**४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति** ........ ९०
**४.४.१ पृष्ठभूमि** ........ ९०
**४.४.२ समस्या तथा चुनौती** ........ ९२
**४.४.३ संभावना तथा अवसर** ........ ९२
**४.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना** ........ ९३
**४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका** ........ ९४
**४.४.६ अनुमान तथा जोखिम पक्ष** ........ ९५
**४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा** ........ ९५
**४.५.१ पृष्ठभूमि** ........ ९५
**४.५.२ समस्या तथा चुनौती** ........ ९५
**४.५.३ संभावना तथा अवसर** ........ ९६
**४.५.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना** ........ ९६
**४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका** ........ ९८
**४.५.६ अनुमान तथा जोखिम पक्ष** ........ ९८
**परिच्छेद ५: सामाजिक क्षेत्र** ........ ९९

५.१ स्वास्थ्य तथा पोषण ........ ९९
५.१.१ पृष्ठभूमि ........ ९९
५.१.२ समस्या तथा चुनौती ........ १००
५.१.३ संभावना तथा अवसर ........ १०१
५.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०२
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०३
५.१.६ अनुमान तथा जोखिम पक्ष ........ १०४
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ १०४
५.२.१ पृष्ठभूमि ........ १०४
५.२.२ समस्या तथा चुनौती ........ १०६
५.२.३ संभावना तथा अवसर ........ १०७
५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०७
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०९
५.२.६ अनुमान तथा जोखिम पक्ष ........ १०९
५.३ खानेपानी तथा सरसफाइ ........ ११०
५.३.१ पृष्ठभूमि ........ ११०
५.३.२ समस्या तथा चुनौती ........ १११
५.३.३ संभावना तथा अवसर ........ ११२
५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११२
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११४
५.३.६ अनुमान तथा जोखिम पक्ष ........ ११४
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ११४
५.४.१ पृष्ठभूमि ........ ११४
५.४.२ समस्या तथा चुनौती ........ ११६
५.४.३ संभावना तथा अवसर ........ ११७
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११७
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११९

५.४.६ अनुमान तथा जोखिम पक्ष ........ ११९
५.५ युवा तथा खेलकुद ........ १२०
५.५.१ पृष्ठभूमि ........ १२०
५.५.२ समस्या तथा चुनौती ........ १२१
५.५.३ संभावना तथा अवसर ........ १२१
५.५.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२२
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२३
५.५.६ अनुमान तथा जोखिम पक्ष ........ १२३
परिच्छेद ६: पूर्वाधार क्षेत्र ........ १२४
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १२४
६.१.१ पृष्ठभूमि ........ १२४
६.१.२ समस्या तथा चुनौती ........ १२५
६.१.३ संभावना तथा अवसर ........ १२६
६.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२७
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२८
६.१.६ अनुमान तथा जोखिम पक्ष ........ १२९
६.२ सडक, पुल तथा यातायात ........ १२९
६.२.१ पृष्ठभूमि ........ १२९
६.२.२ समस्या तथा चुनौती ........ १३०
६.२.३ संभावना तथा अवसर ........ १३१
६.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३२
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३३
६.२.६ अनुमान तथा जोखिम पक्ष ........ १३३
६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ १३३
६.३.१ पृष्ठभूमि ........ १३३
६.३.२ समस्या तथा चुनौती ........ १३४
६.३.३ संभावना तथा अवसर ........ १३५

६.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३५
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३७
६.४.६ अनुमान तथा जोखिम पक्ष ........ १३७
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ १३७
६.४.१ पृष्ठभूमि ........ १३७
६.४.२ समस्या तथा चुनौती ........ १३७
६.४.३ संभावना तथा अवसर ........ १३८
६.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३९
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४०
६.४.६ अनुमान तथा जोखिम पक्ष ........ १४०
परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ १४०
७.१ वन तथा जैविक विविधता ........ १४१
७.१.१ पृष्ठभूमि ........ १४१
७.१.२ समस्या तथा चुनौती ........ १४२
७.१.३ संभावना तथा अवसर ........ १४३
७.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४३
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४४
७.१.६ अनुमान तथा जोखिम पक्ष ........ १४५
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १४५
७.२.१ पृष्ठभूमि ........ १४५
७.२.२ समस्या तथा चुनौती ........ १४६
७.२.३ संभावना तथा अवसर ........ १४६
७.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४७
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४८
७.२.६ अनुमान तथा जोखिम पक्ष ........ १४८
७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन ........ १४८
७.३.१ पृष्ठभूमि ........ १४८

७.३.२ समस्या तथा चुनौती ............................................................ १४९

७.३.३ संभावना तथा अवसर ............................................................ १४९

७.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............................................................ १५०

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............................................................ १५१

७.३.६ अनुमान तथा जोखिम पक्ष ............................................................ १५२

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ............................................................ १५२

७.४.१ पृष्ठभूमि ............................................................ १५२

७.४.२ समस्या तथा चुनौती ............................................................ १५४

७.४.३ संभावना तथा अवसर ............................................................ १५४

७.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............................................................ १५५

७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............................................................ १५७

७.४.६ अनुमान तथा जोखिम पक्ष ............................................................ १५७

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ............................................................ १५७

८.१ संस्थागत विकास तथा सुशासन ............................................................ १५८

८.१.१ पृष्ठभूमि ............................................................ १५८

८.१.२ समस्या तथा चुनौती ............................................................ १५९

८.१.३ संभावना तथा अवसर ............................................................ १५९

८.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............................................................ १५९

८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ............................................................ १६१

८.१.६ अनुमान तथा जोखिम पक्ष ............................................................ १६२

परिच्छेद ९: कार्यान्वयन व्यवस्था ............................................................ १६३

९.१ पृष्ठभूमि ............................................................ १६३

९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ............................................................ १६३

९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ............................................................ १६४

९.४ स्रोत अनुमान तथा प्रक्षेपण ............................................................ १६६

९.५ स्रोत परिचालन रणनीति ............................................................ १७६

९.६ आवधिक योजना कार्यान्वयन ............................................................ १७६

**९.७ अनुगमन तथा मूल्याङ्कन योजना** ........ १७७

**९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता** ........ १७७

**९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी** ........ १७८

**९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** ........ १७८

**अनुसूचीहरू:** ........ १७९

**अनुसूची नं.१: कार्यक्रम तथा आयोजनाको वार्षिक लक्ष्य तथा बजेट:** ........ १७९

**अनुसूची नं. २: कार्यक्रमको माइनुट:** ........ १९७

**अनुसूची नं. ३: कार्यक्रमका केही तस्विरहरू** ........ १९७

**अनुसूची नं. ३: कार्यक्रमका केही तस्विरहरू** ........ १९७

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजना विकास व्यवस्थापनको एक महत्वपूर्ण र व्यवस्थित औजार हो, जसले कुनै पनि मुलुक वा क्षेत्रको सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत विकासलाई निश्चित समय सीमाभित्र लक्ष्य मुखी रूपमा अघि बढाउन सहयोग गर्दछ। सीमित स्रोत साधन, बढ्दो जनसंख्या र विकासका बहुआयमिक आवश्यकता भएका समाजहरूमा आवधिक योजनाको आवश्यकता झनै बढ्दै गएको छ। यसले विकासका प्राथमिकता निर्धारण गर्दै दीर्घकालीन लक्ष्य हासिल गर्ने स्पष्ट मार्गचित्र प्रदान गर्दछ।

आवधिक योजना आधुनिक विकास व्यवस्थापनको एक आधारभूत अवधारणा हो, जसले कुनै पनि मुलुक, क्षेत्र वा संस्थाको विकासलाई निश्चित समय सीमाभित्र लक्ष्य मुखी, व्यवस्थित र दिगो रूपमा अघि बढाउन मार्गदर्शन गर्दछ। विकास बहुआयमिक, स्रोत सीमित र आवश्यकताहरू विविध हुने वर्तमान विश्व परिवेशमा आवधिक योजनाको महत्व झनै बढ्दै गएको छ। योजनाबद्ध प्रयास बिना विकास अनियन्त्रित, असन्तुलित र अस्थायी हुने सम्भावना उच्च हुन्छ, त्यसैले आवधिक योजना आज विकास प्रशासनको अपरिहार्य औजारका रूपमा स्थापित भएको छ।

आवधिक योजना भन्नाले सामान्यतया तीन, पाँच वा दश वर्ष जस्तो निश्चित अवधिका लागि सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत विकासका लक्ष्य, नीति, रणनीति, कार्यक्रम र लगानी प्राथमिकताहरू तय गर्ने प्रक्रिया बुझिन्छ। यसले दीर्घकालीन राष्ट्रिय दृष्टिकोणलाई मध्यकालीन तथा अल्पकालीन कार्य योजनासँग जोड्ने पुलको काम गर्दछ। आवधिक योजनाको मुख्य विशेषता भनेको स्पष्ट लक्ष्य निर्धारण, प्राथमिकता छनोट, स्रोतको यथार्थ मूल्याङ्कन, समय सीमा तोकाइ र उपलब्धि मापन योग्य बनाउनु हो।

विश्व इतिहासमा योजनाबद्ध विकासको अवधारणा औद्योगिक क्रान्तिपछि क्रमशः विकसित हुँदै गएको पाइन्छ। प्रारम्भिक चरणमा बजार शक्तिलाई स्वतन्त्र रूपमा काम गर्न दिने उदार आर्थिक सोच प्रचलित थियो। तर समयसँगै आर्थिक असमानता, गरिबी, बेरोजगारी र क्षेत्रीय असन्तुलन जस्ता समस्याहरू गहिरिँदै गएपछि राज्यको सक्रिय भूमिका आवश्यक ठानियो। यही सन्दर्भमा योजनाबद्ध विकास र आवधिक योजनाको अवधारणा बलियो हुँदै गयो। आवधिक योजनाको व्यवस्थित र औपचारिक अभ्यास सर्वप्रथम सन् १९२८ मा तत्कालीन सोभियत संघमा लागू गरिएको पहिलो पाँच वर्षीय योजनाबाट सुरु भएको मानिन्छ। सोभियत संघले कृषि र उद्योगलाई राज्यको प्रत्यक्ष नियन्त्रणमा राख्दै उत्पादन वृद्धि, औद्योगीकरण र पूर्वाधार विकासलाई योजनाबद्ध रूपमा अघि बढायो। यस योजनाले छोटो समयमै तीव्र औद्योगिक विकास सम्भव बनाएको देखिएपछि आवधिक योजनालाई प्रभावकारी विकास उपकरणका रूपमा विश्वले चिन्न थाल्यो। सोभियत सघंको अनुभवबाट प्रेरित भई भारतले सन् १९५१ मा पहिलो पाँच वर्षीय योजना लागू गर्यो। भारतमा योजनाबद्ध विकासको मुख्य उद्देश्य गरिबी निवारण, आत्मनिर्भर अर्थतन्त्र निर्माण र सामाजिक न्याय स्थापना गर्नु थियो। भारतमा योजना आयोगको स्थापना गरी दीर्घकालीन सोचका आधारमा आवधिक योजना तर्जुमा गरिनु विकास प्रशासनको महत्वपूर्ण अभ्यास मानिन्छ। यसैगरी चीनले पनि आवधिक योजनाको माध्यमबाट कृषि सुधार, औद्योगीकरण र आर्थिक रूपान्तरणलाई तीव्रता दियो।

योजनाबद्ध विकास केवल समाजवादी मुलुकहरूमा मात्र सीमित रहेन। फ्रान्स, जापान र दक्षिण कोरिया जस्ता पुँजीवादी मुलुकहरूले पनि राज्यको मार्गदर्शक भूमिकामा आधारित आवधिक योजनाहरू अपनाए। विशेषगरी दोस्रो विश्व युद्धपछि पुनर्निर्माण र औद्योगिक विकासका लागि आवधिक योजनाको प्रयोग व्यापक रूपमा भयो। यसले आवधिक योजना कुनै निश्चित आर्थिक विचारधारामा सीमित नभई विकास व्यवस्थापनको व्यावहारिक उपकरण भएको प्रमाणित गर्यो।

प्रारम्भिक चरणका आवधिक योजनाहरू मुख्यतः आर्थिक वृद्धिमा केन्द्रित थिए। उत्पादन वृद्धि, उद्योग स्थापना, भौतिक पूर्वाधार निर्माण र रोजगारी सिर्जना प्रमुख लक्ष्य थिए। तर समय क्रममा केवल आर्थिक वृद्धि मात्र पर्याप्त नभएको अनुभव गरियो । आर्थिक वृद्धि हुँदा हुँदै पनि गरिबी, असमानता र सामाजिक बहिष्कार जस्ता समस्या कायमै रहे । यसले विकासको अवधारणा पुनर्विचार गर्न बाध्य बनायो।

सन् १९७० को दशकपछि मानव विकासको अवधारणा अघि आयो। शिक्षा, स्वास्थ्य, पोषण, लैङ्गिक समानता र सामाजिक सुरक्षा जस्ता विषयहरू विकासको केन्द्रमा राख्न थालियो। यसैसँगै आवधिक योजनाहरू पनि बहुआयमिक बन्दै गए। संयुक्त राष्ट्र संघ, विश्व बैक र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले पनि राष्ट्रिय आवधिक योजनालाई विकास सहयोगको आधार दस्तावेजका रूपमा स्वीकार गर्न थाले। सन् १९९० को दशकपछि दिगो विकासको अवधारणाले आवधिक योजनाको स्वरूपलाई थप फराकिलो बनायो। वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग, जलवायु परिवर्तन अनुकूलन र अन्तर पुस्ता न्याय जस्ता विषयहरू योजनामा समावेश हुन थाले। आवधिक योजना अब केवल वर्तमान पुस्ताको आवश्यकतामा सीमित नभई भविष्यका पुस्ताको हितसँग पनि जोडिन थाल्यो।

हालको विश्व परिवेशमा आवधिक योजना सहभागी, समावेशी र परिणाम मुखी बन्ने दिशामा विकसित भइरहेको छ। केवल सरकारी तहमा सीमित नभई निजी क्षेत्र, नागरिक समाज र समुदायको सहभागिता सुनिश्चित गर्ने अभ्यास बढ्दो छ। लक्ष्य र सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली विकास हुँदै गएको छ, जसले योजनाको प्रभावकारिता मापन गर्न सहयोग पुर्याउँछ। यसरी हेर्दा आवधिक योजनाको अवधारणा समयसँगै निरन्तर विकसित हुँदै आएको छ। सोभियत सघंको केन्द्रीय योजना प्रणालीबाट सुरु भएको यो अवधारणा आज सहभागिता मूलक, दिगो र अधिकार आधारित विकास दृष्टिकोणसम्म आइ पुगेको छ। विश्वव्यापी ऐतिहासिक विकास क्रमले आवधिक योजना बिना व्यवस्थित र दिगो विकास सम्भव छैन भन्ने स्पष्ट सन्देश दिएको छ। त्यसैले वर्तमान र भविष्यको विकास यात्रामा आवधिक योजना अझै पनि एक अपरिहार्य मार्गदर्शक उपकरणका रूपमा रहनेछ।

नेपालमा आवधिक योजनाको विकास मुलुकको राजनीतिक, सामाजिक र आर्थिक इतिहाससँग घनिष्ठ रूपमा जोडिएको विषय हो। योजनाबद्ध विकासको अवधारणा नेपालमा आधुनिक राज्य निर्माण प्रक्रियासँगै विकसित भएको हो। लामो समयसम्म असँगठित, शासक केन्द्रित र सीमित विकास अभ्यासबाट गुज्रिएको नेपालले योजनाबद्ध विकासलाई राष्ट्रिय विकासको मूल औजारका रूपमा आत्मसाथ गर्नुपरेको ऐतिहासिक बाध्यता देखिन्छ। यही सन्दर्भमा आवधिक योजनाले नेपाललाई विकासको स्पष्ट दिशा, प्राथमिकता र निरन्तरता प्रदान गर्दै आएको छ।

नेपालमा योजनाबद्ध विकास सुरु हुनुअघि विकास गतिविधिहरू छिटपुट, असन्तुलित र दीर्घकालीन सोच विना सञ्चालन हुँदै आएका थिए। प्राचीन तथा मध्यकालीन नेपालमा सडक, पानी धारा, धर्मशाला, मन्दिर र सिँचाइ कुलो जस्ता संरचनाहरू बने पनि ती कार्यहरू शासकको धार्मिक आस्था, तत्कालीन आवश्यकता वा शक्ति प्रदर्शनसँग सम्बन्धित थिए। विकासलाई समग्र सामाजिक आर्थिक रूपान्तरणको माध्यमका रूपमा लिइएको थिएन। राणा कालीन शासन अवधिमा विकास झनै सीमित र शासक वर्गको हितमा केन्द्रित रह्यो। शिक्षा, स्वास्थ्य, उद्योग, यातायात र सञ्चार जस्ता क्षेत्रहरूमा राज्यको लगानी अत्यन्त न्यून थियो। योजनाको अभावका कारण विकास प्रयासहरू असँगठित रहे र आम जनताको जीवनस्तरमा उल्लेखनीय सुधार आउन सकेन। यही ऐतिहासिक अनुभवले योजनाबद्ध विकासको आवश्यकता झन् स्पष्ट बनायो।

वि. सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा आधुनिक राज्य निर्माण र विकासको नयाँ चरण सुरु भयो। नेपालले योजनाबद्ध विकासको अभ्यास सुरु गरेको करिब सात दशक भएको छ। यस बीचमा दसवटा पञ्चवर्षीय र पाँचवटा त्रिवर्षीय योजना तर्जुमा भई कार्यान्वयनमा आएका छन्। यसै सन्दर्भमा नेपालले वि. सं. २०१३ सालमा प्रथम

पाँच वर्षीय योजना (२०१३-२०१८) लागू गर्यो । यही योजना नेपालमा योजनाबद्ध विकासको औपचारिक सुरुवात हो । यस योजनाले कृषि, यातायात, शिक्षा, स्वास्थ्य र प्रशासन सुधारलाई प्राथमिकता दिएको थियो । स्रोत र जनशक्तिको अभाव हुँदा हुँदै पनि यस योजनाले विकासलाई योजनाको दायराभित्र ल्याउने ऐतिहासिक काम गर्यो ।

दोस्रो पाँच वर्षीय योजना (२०१८-२०२३) र तेस्रो योजना (२०२३-२०२८) ले कृषि उत्पादन वृद्धि, सिँचाइ, सडक विस्तार र आधारभूत सेवामा जोड दिए । यस अवधिमा राज्यले विकासमा आफ्नो भूमिका विस्तार गर्न थाल्यो । चौथो (२०२८-२०३३), पाँचौं (२०३३-२०३८), छैठौँ (२०३८-२०४३) र सातौं योजना (२०४३-२०४८) को अवधिमा नेपालले औद्योगीकरण, ऊर्जा विकास, ग्रामीण पूर्वाधार र क्षेत्रीय सन्तुलनलाई प्राथमिकता दियो । तर राजनीतिक केन्द्रीकरण, जनसहभागिताको कमी र संस्थागत कमजोरीका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेन ।

आठौं योजना (२०४९-२०५४) बाट नेपालमा विकास सोचमा महत्वपूर्ण परिवर्तन आयो । यस योजनाले पहिलो पटक गरिबी निवारणलाई प्रमुख लक्ष्यका रूपमा अघि सारेको थियो । शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक सेवामा लगानी बढाइयो । नवौं योजना (२०५४-२०५९) ले मानव विकास, सामाजिक क्षेत्र विस्तार र निजी क्षेत्रको भूमिकालाई जोड दियो । दशौं योजना (२०५९-२०६४) लाई औपचारिक रूपमा गरिबी निवारण रणनीति पत्र (PRSP) का रूपमा लागू गरियो । यस योजनाले लक्षित कार्यक्रम, समावेशी विकास, विकेन्द्रीकरण र सुशासनलाई विशेष महत्व दियो । एघारौं योजना (२०६४-२०६७) अन्तरिम प्रकृतिको थियो, जसले द्वन्द्वपछिको पुनर्निर्माण, शान्ति प्रक्रिया र समावेशी विकासमा जोड दियो । बाह्रौँ योजना (२०६७-२०७०) ले आर्थिक वृद्धि, रोजगारी सिर्जना र सामाजिक न्यायलाई सन्तुलित रूपमा अघि बढाउने लक्ष्य राख्यो । तेह्रौं योजना (२०७०-२०७३) मा दिगो विकास, जलवायु परिवर्तन, सुशासन र निजी क्षेत्र-सार्वजनिक साझेदारीलाई प्राथमिकता दिइयो । चौधौँ योजना (२०७३-२०७६) ले संघीय संरचनाको तयारी, संस्थागत सुधार र समावेशी विकासलाई जोड दियो ।

नेपालको संविधान २०७२ जारी भएपछि योजनाबद्ध विकास प्रणालीमा संरचनात्मक परिवर्तन आयो । संघ, प्रदेश र स्थानीय तहमा योजना तर्जुमा गर्ने व्यवस्था लागू भयो। यस सन्दर्भमा पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) संघीयता पछिको पहिलो पूर्ण राष्ट्रिय योजना हो । यस योजनाले **"समृद्ध नेपाल, सुखी नेपाली"** दीर्घकालीन सोचलाई मार्गदर्शनको रूपमा लियो । आर्थिक वृद्धि, सुशासन, सामाजिक न्याय र दिगो विकास यस योजनाका मुख्य आधार स्तम्भ हुन् । यस योजनाले प्रदेश र स्थानीय तहका आवधिक योजनासँग अन्तरसम्बन्ध कायम गर्दै बहु स्तरीय शासन प्रणाली अनुकूल विकास अभ्यासलाई संस्थागत गर्ने प्रयास गर्यो । आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कार्यान्वयन गर्ने गरी यो सोह्रौं योजना तर्जुमा गरिएको छ । यस योजनाले **"सुशासन, सामाजिक न्याय र समृद्धि"** हासिल गर्ने सोच राखेको छ भने सो सोचबमोजिम अघि बढ्न क्षेत्रगत उद्देश्य तथा समष्टिगत रणनीति तय गरिएका छन् । यस योजनाले हाम्रो विकास र समृद्धिको यात्रामा देखा परेका मूलभूत सवाल तथा चुनौतीहरूको पहिचान गर्दै तिनको समाधानका लागि स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ ।

नेपालमा आवधिक योजनाको विकास इतिहास हेर्दा योजनाको उद्देश्य, प्राथमिकता र दृष्टिकोण समयअनुसार परिवर्तन हुँदै आएको देखिन्छ । प्रारम्भिक चरणमा पूर्वाधार र कृषि केन्द्रित योजना रहे भने पछिल्ला योजनाहरू गरिबी निवारण, मानव विकास, समावेशिता र दिगो पनतर्फ उन्मुख भए । राजनीतिक अस्थिरता, स्रोत अभाव र कार्यान्वयन कमजोरीका बाबजुद आवधिक योजनाले नेपालको विकास यात्रालाई निरन्तर दिशा प्रदान गर्दै आएको छ ।

समग्रमा भन्नु पर्दा, नेपालमा आवधिक योजनाको विकास ऐतिहासिक अनुभवबाट सिक्दै क्रमशः परिष्कृत हुँदै आएको प्रक्रिया हो । प्रथम पाँच वर्षीय योजनाबाट सुरु भएको योजनाबद्ध विकास आज संघीय संरचनासम्म आइ पुगेको छ । आवधिक योजना नेपालका लागि केवल विकास दस्तावेज मात्र नभई राष्ट्रिय आकाङ्क्षा, नीति निरन्तरता र समग्र

विकासको मार्गचित्र हो । भविष्यमा यसलाई अझ व्यवहार मुखी, सहभागी र परिणाम मुखी बनाउँदै लैजानु नेपालको योजनाबद्ध विकासको मुख्य चुनौती र अवसर दुवै हो ।

मधेश प्रदेशको **प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/०८१)** संघीय संरचना कार्यान्वयनपछि प्रदेश सरकारद्वारा तर्जुमा गरिएको पहिलो दीर्घकालीन विकास योजना हो । यस योजनाको मुख्य उद्देश्य प्रदेश सरकारको संस्थागत आधार निर्माण गर्दै कृषि, सिँचाइ, सडक, स्वास्थ्य, शिक्षा र आधारभूत पूर्वाधारको विकासमार्फत समावेशी र सन्तुलित विकासको जग बसाल्नु रहेको थियो । मधेश प्रदेशको उच्च जनघनत्व, कृषि निर्भर अर्थतन्त्र, गरिबी र सामाजिक पछौडे पनलाई ध्यानमा राखी योजनाले गरिबी न्यूनीकरण, सामाजिक न्याय र सेवा प्रवाह सुदृढीकरणलाई प्राथमिकता दिएको थियो । साथै संघ, प्रदेश र स्थानीय तहवीच सहकार्य र समन्वय स्थापना गर्नु पनि यस योजनाको महत्वपूर्ण लक्ष्य थियो ।

मधेश प्रदेशको **द्वितीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६)** प्रथम योजनाबाट प्राप्त उपलब्धि र सिकाइको आधारमा तर्जुमा गरिएको वर्तमान विकास योजना हो । यस योजनाले उत्पादनशील अर्थतन्त्र निर्माण, रोजगारी सिर्जना, औद्योगिक विकास, निजी क्षेत्र प्रवर्द्धन तथा गुणस्तरीय भौतिक पूर्वाधार विस्तारलाई प्रमुख प्राथमिकता दिएको छ । साथै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, महिला, दलित तथा सीमान्तकृत समुदायको सशक्तिकरण मार्फत मानव विकास सूचक सुधार गर्ने लक्ष्य लिइएको छ । दिगो विकास, वातावरण संरक्षण, सुशासन र परिणाम मुखी योजना कार्यान्वयनलाई यस योजनाका आधारभूत स्तम्भका रूपमा समावेश गरिएको छ ।

हाल नेपालमा आवधिक योजना विकासको मार्गदर्शन गर्ने मूल दस्तावेजका रूपमा रहेको छ । राष्ट्रिय, प्रादेशिक र स्थानीय योजना आपसमा अन्तर सम्बन्धित बनाउने प्रयास भइरहेको छ । आवधिक योजनालाई वार्षिक बजेट, मध्यमकालिन खर्च संरचना, कार्यसम्पादन सूचक र अनुगमन प्रणालीसँग जोडिएको छ । यद्यपि व्यवहारमा केही चुनौतीहरू देखिन्छन् । कतिपय अवस्थामा योजना कागजमा सीमित हुने, राजनीतिक परिवर्तनसँगै प्राथमिकता फेरिने, स्थानीय तहमा प्राविधिक जनशक्ति अभाव हुने तथा तथ्याङ्कमा आधारित योजना निर्माण कमजोर हुने समस्या देखिन्छ । तर यी चुनौतीका बाबजुद आवधिक योजना अझै पनि विकासको अपरिहार्य औजार बनेको छ ।

संघीय संरचनामा स्थानीय तह नै विकासको आधार इकाइ हो । नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सेवा प्रवाह स्थानीय तहबाटै हुने भएकाले यहाँ आवधिक योजनाको औचित्यता अत्यन्त उच्च छ । आवधिक योजनाले स्थानीय तहलाई दीर्घकालीन सोच प्रदान गर्दछ । यसले तत्कालीन दबाब वा लोकप्रियतामा आधारित कार्यक्रमभन्दा माथि उठेर दिगो विकास लक्ष्य तय गर्न सहयोग गर्छ । सीमित स्रोत साधनको उचित प्राथमिकता निर्धारण गरी दोहोरो खर्च र असन्तुलित लगानी रोक्न आवधिक योजना आवश्यक हुन्छ । यसैगरी आवधिक योजना तर्जुमा प्रक्रिया सहभागिता मूलक हुने भएकाले स्थानीय नागरिक, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायको आवाज योजनामा समेटिन्छ । यसले योजनालाई समावेशी, उत्तरदायी र जनमुखी बनाउँछ । आवधिक योजनाको आधारमा वार्षिक योजना र बजेट तयार हुँदा विकास कार्यक्रमहरू निरन्तर, परिणाम मुखी र मापन योग्य बन्छन् । पूर्वनिर्धारित लक्ष्य र सूचकका कारण अनुगमन तथा मूल्याङ्कन सहज भई सुशासन प्रवर्द्धन हुन्छ ।

यसरी हेर्दा आवधिक योजना नेपालको योजनाबद्ध विकास यात्राको मेरुदण्ड हो । यसको ऐतिहासिक विकास, समयानुकूल परिमार्जन र संघीय संरचनामा भएको विस्तारले यसको महत्व अझ बढाएको छ । हालका चुनौतीहरू समाधान गर्दै आवधिक योजनालाई व्यवहार मुखी र परिणाम मुखी बनाउन सकेमा राष्ट्रिय तथा स्थानीय विकास लक्ष्य हासिल गर्न सहज हुनेछ । विशेषतः स्थानीय निकायमा आवधिक योजना केवल कानुनी बाध्यता मात्र नभई समृद्ध,

समावेशी र दिगो स्थानीय विकासको आधार हो। त्यसैले आवधिक योजनाको प्रभावकारी तर्जुमा र कार्यान्वयन आजको आवश्यकता हो ।

समग्रमा जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक योजना भनेको यस उप-महानगरपालिकाको आगामी पाँच वर्षको विकासको मार्ग चित्र हो । यसले विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरेको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र उप-महानगरपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवं विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहजिकरण गर्दछ । कुनै पनि ठाउँको आवधिक योजनाले उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरेको हुन्छ । योजना आफैँमा केही महत्वकांक्षी हुने भएता पनि आवधिक योजना निर्माण गर्दा SMART अर्थात् (Specific, Measurable, Attainable, Realistic and Time bound) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममुखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

यस योजना जीतपुरसिमरा उप-महानगरपालिकाको समग्र विकासको रणनीति योजना सहितको मार्ग चित्र (Strategic and Indicative Planning Framework) हो । जसले उप-महानगरपालिकालाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम बस्ती, वडा हुँदै गाउँसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## १.२ आवधिक योजनाको उद्देश्य

उप-महानगरपालिका क्षेत्रको समष्टिगत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवं परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्रनै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि स्थानीय सरकारले तय गरेका लक्ष्य प्राप्ति तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक योजनाको मुख्य उद्देश्य स्थानीय विकासको दीर्घकालीन र समग्र मार्गचित्र तयार गर्नु हो । यसले उप-महानगरपालिकाको सामाजिक, आर्थिक, भौतिक र संस्थागत विकासलाई लक्ष्य मुखी, समावेशी र दिगो रूपमा अघि बढाउने भूमिका खेल्छ । योजना माध्यमबाट स्थानीय स्रोत र साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्दै दोहोरो खर्च रोक्ने र लगानी सन्तुलित गर्ने कार्यलाई प्राथमिकता दिइन्छ । यसका साथै सबै समुदाय, महिला, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्गको सहभागिता सुनिश्चित गर्दै सामाजिक न्याय, समानता र अवसरको सन्तुलन कायम राख्नु पनि प्रमुख लक्ष्य हो ।

आवधिक योजना मार्फत उप-महानगरपालिकाले आधारभूत पूर्वाधार जस्तै सडक, खानेपानी, ढल, शिक्षा, स्वास्थ्य र वातावरणीय व्यवस्थापनलाई सुदृढ पार्ने प्रयास गर्दछ । योजना परिणाम मुखी र मापन योग्य हुने गरी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली तयार गर्नु यसको अर्को प्रमुख उद्देश्य हो । यसले संघ, प्रदेश र स्थानीय तहवीच समन्वय स्थापित गर्दै विकासका कार्यक्रमहरूको निरन्तरता सुनिश्चित गर्छ । साथै स्थानीय उत्पादन, रोजगारी सिर्जना र आर्थिक समृद्धिलाई प्रोत्साहन गर्दै प्राकृतिक स्रोत संरक्षण र दिगो विकासको मार्ग पनि तय गर्दछ ।

समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक योजना स्थानीय विकासको दीर्घकालीन रणनीति, सामाजिक समावेशिता, आर्थिक समृद्धि, आधारभूत पूर्वाधार विस्तार, सुशासन र दिगो विकास सुनिश्चित गर्ने प्रमुख औजारका रूपमा कार्यान्वयन गरिन्छ । यसले केवल विकासको दिशानिर्देश मात्र होइन, स्थानीय नागरिकको जीवनस्तर सुधार र समग्र समृद्धि हासिल गर्ने स्पष्ट मार्गचित्र पनि प्रदान गर्दछ ।

उप-महानगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस आवधिक विकास योजना आ. व.२०८२/०८३ - २०८६/०८७ तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

- ☞ स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्य नीतिका आधारमा अल्पकालीन, मध्यमकालिन तथा दीर्घकालीन योजनाहरू सहभागिता मूलक पद्धतिका आधारमा छनोट गर्नु,
- ☞ योजनाबद्ध, नतिजा मूलक, समावेशी र उत्थान शील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- ☞ छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्नु,
- ☞ विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले उप-महानगरपालिकाको नेतृत्वमा एक द्वार प्रणाली अनुसार सञ्चालन गर्नु,
- ☞ प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासका प्रतिफलमा “कसैलाइ पनि पछि पारिने छैन” भन्ने सिद्धान्तमा आधारित र विकासका परिणाम समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ । यसर्थ, दिगो विकास लक्ष्यहरू निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरूले नतिजामा आधारित आवधिक तथा वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले जीतपुरसिमरा उप-महानगरपालिकाको यो आवधिक विकास योजना तर्जुमा गरिएका हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी कार्यक्षेत्र गत सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडी बढाइएको हो । योजनालाई बढी सहभागिता मूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

**सन्दर्भ सामग्रीहरूको अध्ययन**

जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक विकास योजना तर्जुमाका लागि प्रमुख दस्तावेजहरूमा पन्ध्रौँ योजना, सोह्रौं योजना, दीगो विकास लक्षहरू, मधेश प्रदेशको प्रथम आवधिक योजना, मधेश प्रदेशको दोस्रो आवधिक योजना, नेपालको संविधान, स्थानीय तहको योजना दिग्दर्शन २०७८, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२ उप-महानगरपालिकाको नीति, कार्यक्रम तथा बजेट सम्बन्धी जानकारी तथ्यांक तथा नक्साहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त जीतपुरसिमरा उप-महानगरपालिकामा हाल आवद्ध

सािवक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा जीतपुरसिमरा उप-महानगरपालिकाबाट प्राप्ततथ्यांकहरू तथा प्रतिवेदनहरू संकलन गरी ती तथ्यांक तथा केन्द्रीय तथ्यांक विभागबाट प्राप्तसूचनाहरूलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

**अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी**

जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक विकास योजना तर्जुमा कार्य तयारी चरणमा जनप्रतिनिधिहरू, विभिन्न शाखामा कार्यरत कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न संघसंस्था तथा समूहका प्रतिनिधि, शिक्षक, बुद्धिजीवीहरू, उद्योगी व्यावसायिक लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी लगायतका छलफलहरू २०८२ साल कार्तिक २६ गतेका दिन सञ्चालन गरिएको थियो । गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ (आवधिक योजना तर्जुमा निर्देशक समिति) मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न उप-महानगरपालिकाका नगर प्रमुख राजन पौडेल ज्यूको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजिकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक संयोजन तथा सहजिकरण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरण (तयारी चरण, विश्लेषण चरण, योजना तर्जुमा चरण र स्वीकृति चरण) मा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यशाला गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो । उक्त गोष्ठीमा विकासका ५ वटा क्षेत्र तथा १९ वटा उपक्षेत्रमा पाँच वर्षे आवधिक योजनामा बजेटको आकार निर्धारण गर्ने कार्य समेत गरिएको थियो ।

**शाखा गत तथ्यांक संकलन तथा जि. आई. एस. नक्सा**

आवधिक योजना तर्जुमा लागि उप-महानगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्यांक संकलनका लागि उप-महानगरपालिकाका विषयगत शाखाहरूबाट उपलब्ध क्षेत्रगत तथ्यांक संकलन गरिएको छ । विषय विज्ञद्वारा उप-महानगरपालिकाको श्रोत नक्सा तयारी, भू-व्यवस्थापन तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्यांक संकलन तथा GIS Mapping को उद्देश्य उप-महानगरपालिकाको भौतिक, आर्थिक, सामाजिक, वातावरण लगायत सम्पूर्ण भू-संकेत तथा सूचना संकलन गर्ने रहेको छ । यसले उप-महानगरपालिकाले आवधिक योजनामा क्षेत्रगत रूपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्य नीतिको आधार तयार गरेको छ ।

**वडा गत योजना तर्जुमा गोष्ठी सञ्चालन**

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापक लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी संघ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा सहजिकरण टोली मार्फत १/१ दिने योजना तर्जुमा गोष्ठी सबै वडामा विज्ञ समाजशास्त्री तथा अर्थशास्त्री मार्फत सञ्चालन गरिएको थियो । वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, जनप्रतिनिधि, टोल विकासका प्रतिनिधिहरू, विद्यालय र स्वस्थका प्रतिनिधिहरू, सहकारीका प्रतिनिधिहरू, अगुवा कृषक र अन्य सरोकार वालहरू, स्थानीय बासीको व्यापक उपस्थितिमा बस्ती तथा

वडाका योजनाहरू संकलन गर्ने कार्य सम्पन्न गरिएको थियो। प्रत्येक गोष्ठीमा २०-२५ जना स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो।

**तथ्यांक प्रमाणीकरण**

आवधिक योजना तर्जुमा गर्न उप-महानगरपालिकामा सञ्चालन गरिएको गोष्ठीमा उप-महानगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो।

**अवसर, समस्या तथा चुनौतीहरूको पहिचान**

उप-महानगरपालिकाको आवधिक योजना तर्जुमा पूर्व जीतपुरसिमरा उप-महानगरपालिकाका विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन क्षेत्रमा छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको थियो।

**क्षेत्रगत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण**

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास सुशासनका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्य नीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको थियो। यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको थियो।


**दीर्घकालीन सोचको निर्क्योल**

उप-महानगरपालिकाको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्न आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरू सँग अन्तरक्रियाको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो। उक्त गोष्ठीमा सर्वसम्मत रूपमा दीर्घकालीन सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको थियो। उक्त गोष्ठीमा सर्वसम्मत रूपमा उप-महानगरपालिकाका गौरवका आयोजनाहरूको समेत छनौट गरिएको थियो।

**मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण**


आवधिक योजना तर्जुमाका सम्पूर्ण चरणहरू पुरा गरी विज्ञ समूहले उप-महानगरपालिकाबाट प्राप्त सूचना तथा तथ्यांकका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि नगर कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको थियो। उप-महानगरपालिकाका सरोकारवालाहरू बाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई संलग्न गरी तोकिएको समयावधिभित्र अन्तिम प्रतिवेदन उप-महानगरपालिकाको कार्यालयमा प्रेषण गरिएको छ।

छोटकरीमा भन्नु पर्दा योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८"** लाई आधार मानिएको छ। उप-महानगरपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणवद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नानुसार रहेका छन्ः


अभिमुखीकरण तथा तयारी कार्यशाला
विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा
तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण
विभिन्न आधार नक्शा (Basemap) तयारी
वस्तुस्थिति विश्लेषण
सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण
परिमाणात्मक लक्ष्य निर्धारण
स्रोत अनुमान, प्रक्षेपण तथा क्षेत्रगत बाँडफाँट
विषय क्षेत्रगत योजना तर्जुमा
आवयधिक योजनाको मस्यौदा तयारी
मस्यौदा प्रस्तुति, सुझाव संकलन र अन्तिम स्वरूप प्रदान
योजना स्वीकृति

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय




बारा जिल्ला नेपालको मधेश प्रदेशमा अवस्थित एक महत्वपूर्ण जिल्ला हो । यो जिल्ला भौगोलिक रूपमा तराई क्षेत्रमा फैलिएको छ भने उत्तरतर्फ केही भाग चुरे क्षेत्रमा पर्दछ । बारा जिल्ला अक्षांश: २६.५१" देखि २७.२" उत्तरसम्म र देशान्तर: ८४.५१" देखि ८५.१६" पूर्वसम्म फैलिएको छ भने यस जिल्लाको उत्तरमा मकवानपुर, दक्षिणमा भारतको विहार राज्य, पूर्वमा रौतहट र पश्चिममा पर्सा जिल्ला रहेका छन् । समथर भू भाग, उष्ण उपोष्ण हावापानी र पर्याप्त वर्षाका कारण यो जिल्ला कृषि उत्पादनका लागि अत्यन्तै उपयुक्त मानिन्छ । बारा जिल्ला बहु जातीय, बहुभाषिक र बहु सांस्कृतिक जिल्ला हो । यहाँ थारू, यादव, दलित, मुसहर, ब्राह्मण, क्षेत्री, मुस्लिम तथा विभिन्न जनजाति समुदायहरूको बसोबास रहेको छ । नेपाली, मैथिली, भोजपूरी, थारू र उर्दू भाषाको प्रयोग यहाँ व्यापक रूपमा हुने गर्दछ । सामाजिक र सांस्कृतिक विविधता यस जिल्लाको पहिचान हो, जसले सामाजिक समावेशीकरण र सहअस्तित्वको भावना झल्काउँछ ।

यस जिल्ला मुख्यतः कृषि प्रधान क्षेत्रका रूपमा चिनिन्छ । यहाँ धान, गहुँ, मकै, उखु, तोरी, दाल लगायतका बालीहरू उत्पादन हुने गर्दछ । साथै पशुपालन पनि स्थानीय जन जीविकाको प्रमुख आधार हो । बारा जिल्लामा रहेको सिमरा औद्योगिक क्षेत्रले उद्योग, व्यापार र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुर्याएको छ । पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गको पहुँचले जिल्लाको आर्थिक गतिविधि र व्यापारिक सम्भावनालाई थप मजबुत बनाएको छ ।

बारा जिल्लामा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत् र सञ्चार जस्ता भौतिक तथा सामाजिक पूर्वाधारको विकास क्रमशः हुँदै आएको छ । स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, गरिबी न्यूनीकरण र क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तथापि, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार, बेरोजगारी न्यूनीकरण, विपन्न तथा सीमान्तकृत समुदायको सेवा पहुँच विस्तार जस्ता चुनौतीहरू अझै पनि विद्यमान छन् ।

बारा जिल्लामा १६ वटा स्थानीय तह रहेका छन् जसमा २ वटा उप-महानगरपालिका, ५ वटा नगरपालिका र ९ वटा गाउँपालिका रहेका छन् । जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाका २ वटा उप-महानगरपालिकाहरु मध्ये एक हो । २७ फाल्गुन २०७३ मा यस क्षेत्रलाई उप-महानगरपालिका घोषणा गर्दा साबिकका छातापिपरा, पिपरा सिमरा, जितपुर भवानिपुर, डुमरावाना र फत्तेपुर गाविस मिलेर बनेको गढिमाई नगरपालिका र इनर्वासिरा, अमलेखगञ्ज, मनहर्वा गाविसका (१, २, ३, ७, ८ र ९ वडाहरू), हरैया गाविसको १ नं वडा, प्रष्टोका गाविसका १ र २ वडा र रामपुर टोकनी गाविसको वडा नं ३ यसमा गाभेर यस उप-महानगरपालिका को स्थापना गरिएको हो । यस नगरपालिकाको नामाकरण

यसै उप-महानगरपालिकाको जितपुर र सिमरा क्षेत्रलाई आधार बनाई जीतपुरसिमरा उप-महानगरपालिकाको नामाकरण गरिएको हो । जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाको नयाँ उप-महानगरपालिकाको रूपमा २०७४ सालमा स्थापना भएको उप-महानगरपालिका हो । यस उप-महानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिका, पश्चिममा वीरगन्ज महानगरपालिका, उत्तरमा हेटौँडा उप-महानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र कलैया उप-महानगरपालिका रहेका छन् । बारा जिल्लाको सदरमुकाम कलैया देखि ४ कि. मि. दूरीमा रहेको छ । जीतपुरसिमरा उप-महानगरपालिका कार्यालय वडा नं. ७ जितपुरमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार जीतपुरसिमरा उप-महानगरपालिकाको कुल जनसङ्ख्या १,२७,३०७ रहेको छ भने यहाँ २५,६५० घरधुरी रहेका छन् ।

यो उप-महानगरपालिका अक्षांश २६ डिग्री ५१ मिनेट देखि २७ डिग्री ५१ मिनेट उत्तरी अक्षांशसम्म र ४८ डिग्री ५१ मिनेटदेखि ८५ डिग्री १६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस उप-महानगरपालिकाको कुल क्षेत्रफल ३११.६७ वर्ग किलोमिटर रहेको छ । समुद्र सतह देखि १५२ मिटर देखि ९१५ मिटरसम्मको उचाइमा रहेको रहको यहाँको वार्षिक औषत तापक्रम न्यू सन् १९७९ जुन ६ मा सिमरामा अहिले सम्मकै उच्च तापक्रम ४२.८ डिग्री सेल्सियस (१०९.० डिग्री फारेनहाइट) थियो भने सबैभन्दा कम तापक्रम २३ जनवरी १९८५ मा १.० डिग्री सेल्सियस (३३.८ डिग्री फारेनहाइट) थियो र औषत वार्षिक बर्षा १७६०.६ मि.लि.हुने गरेको छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

मधेश प्रदेश अन्तर्गत बारा जिल्लामा १६ वटा स्थानीय तहहरू मध्य २ वटा उप-महानगरपालिका, ५ वटा नगरपालिका र ९ वटा गाउँपालिका रहेका छन् । जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाका २ वटा उप-महानगरपालिकाहरु मध्ये एक हो । २७ फाल्गुन २०७३ मा यस क्षेत्रलाई उप-महानगरपालिका घोषणा गर्दा साबिकका छातापिपरा, पिपरा सिमरा, जितपुर भवानिपुर, डुमरावाना र फत्तेपुर गाविस मिलेर बनेको गढिमाई नगरपालिका र इनर्वासिरा, अमलेखगञ्ज, मनहर्वा गाविसका (१, २, ३, ७, ८ र ९ वडाहरू), हरैया गाविसको १ नं वडा, प्रष्टोका गाविसका १ र २ वडा र रामपुर टोकनी गाविसको वडा नं ३ यसमा गाभेर यस उप-महानगरपालिका को स्थापना गरिएको हो । यस नगरपालिकाको नामाकरण यसै उप-महानगरपालिकाको जितपुर र सिमरा क्षेत्रलाई आधार बनाई जीतपुरसिमरा उप-महानगरपालिकाको नामाकरण गरिएको हो । जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाको नयाँ उप-महानगरपालिकाको रूपमा २०७४ सालमा स्थापना भएको उप-महानगरपालिका हो । यस उप-महानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिका, पश्चिममा वीरगन्ज महानगरपालिका, उत्तरमा हेटौँडा उप-महानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र कलैया उप-महानगरपालिका रहेका छन् । संघीय प्रणाली अनुसार यो जिल्लामा ४ वटा प्रतिनिधि सभा क्षेत्रहरू मध्य यो उप-महानगरपालिका प्रतिनिधि सभा क्षेत्र अन्तर्गत रहेको छ भने, यो उप-महानगरपालिका प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा प्रदेश सभा निर्वाचन ३ र ४ मा पर्दछ । बारा जिल्लाको सदरमुकाम कलैया देखि ४ कि. मि. दूरीमा रहेको छ । जीतपुरसिमरा उप-महानगरपालिका कार्यालय वडा नं. ७ जितपुरमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार जीतपुरसिमरा उप-महानगरपालिकाको कुल जनसङ्ख्या १,२७,३०७ रहेको छ भने यहाँ २५,६५० घरधुरी रहेका छन् ।

यो उप-महानगरपालिका अक्षांश २६ डिग्री ५१ मिनेट देखि २७ डिग्री ५१ मिनेट उत्तरी अक्षांशसम्म र ४८ डिग्री ५१ मिनेटदेखि ८५ डिग्री १६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस उप-महानगरपालिकाको कुल क्षेत्रफल ३११.६७ वर्ग किलोमिटर रहेको छ । समुद्र सतह देखि १५२ मिटर देखि ९१५ मिटरसम्मको उचाइमा रहेको रहको यहाँको वार्षिक औषत तापक्रम न्यू सन् १९७९ जुन ६ मा सिमरामा अहिले सम्मकै उच्च तापक्रम ४२.८ डिग्री सेल्सियस (१०९.० डिग्री

फारेनहाइट) थियो भने सबैभन्दा कम तापक्रम २३ जनवरी १९८५ मा १.० डिग्री सेल्सियस (३३.८ डिग्री फारेनहाइट) थियो र औषत वार्षिक बर्षा १७६०.६ मि. लि. हुने गरेको छ। प्रशासनिक कामका लागी सदरमुकाम जानुपर्ने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै उप-महानगरपालिका अन्तर्गत वडा नं ७ मा पर्ने जितपुर बजार यस उप-महानगरपालिकाको मुख्य बजार हो भने अन्य साना बजारहरू यहाँका सबै जसो वडाहरूमा रहेका छन्। जीतपुरसिमरा उप-महानगरपालिका उद्योग धन्दाका लागि देश भरमै प्रसिद्ध स्थान हो, यहाँ नेपालका ठूला मध्यका धेरै उद्योगहरू रहेका छन्।

प्रशासनिक संरचनाका हिसाबले जीतपुरसिमरा उप-महानगरपालिका २४ वटा वडामा विभाजित छ र प्रत्येक वडा प्रशासनिक एकाइका रूपमा कार्यरत छ। उप-महानगरपालिकाको प्रशासनिक नेतृत्व प्रमुख प्रशासकीय अधिकृत मार्फत सञ्चालन हुन्छ, जस अन्तर्गत शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक विकास, आर्थिक प्रशासन, योजना तथा अनुगमन सम्बन्धी शाखाहरू रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सेवा प्रवाह, विकास योजना तर्जुमा, बजेट कार्यान्वयन तथा सुशासन प्रवर्द्धनका कार्यहरू यही प्रशासनिक संयन्त्रमार्फत गरिन्छ। समग्रमा, भौगोलिक सहजता, राजनीतिक सक्रियता र व्यवस्थित प्रशासनिक संरचनाका कारण जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाको मात्र होइन, मधेश प्रदेशकै एक प्रमुख विकास केन्द्रका रूपमा स्थापित हुँदै गएको छ।

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

जीतपुरसिमरा उप-महानगरपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध स्थानीय तह हो। पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथको संगम स्थलमा अवस्थित यस उप-महानगरपालिका भौगोलिक, आर्थिक तथा सामाजिक दृष्टिले रणनीतिक महत्व बोकेको क्षेत्रका रूपमा चिनिन्छ। तराईको समथर भू भाग, उर्वर कृषि भूमि, वनजंगल, नदी, नाला तथा जैविक विविधताले भरिपूर्ण प्राकृतिक सम्पदाले यस क्षेत्रलाई प्राकृतिक रूपमा सम्पन्न बनाएको छ।

प्राकृतिक सम्पदाको दृष्टिले जीतपुरसिमरा क्षेत्र अत्यन्त महत्वपूर्ण छ। यहाँ सान-ठूला नदी, खोल्सी तथा जलस्रोतहरू रहेका छन्, जसले कृषि सिँचाइ, खानेपानी आपूर्ति तथा स्थानीय जीवजन्तुको संरक्षणमा महत्वपूर्ण योगदान पुर्याएका छन्। वरपर फैलिएका हरियाली वन क्षेत्रहरूले वातावरणीय सन्तुलन कायम राख्नका साथै माटो संरक्षण, जलवायु अनुकूलन र जैविक विविधता संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन्। उर्वर भूमि, खुला प्राकृतिक दृश्य र घना वनजंगलले यस क्षेत्रलाई प्राकृतिक रूपमा आकर्षक बनाएको छ।

जीतपुरसिमरा उप-महानगरपालिकाभित्र रहेका भीमेश्वर सामुदायिक वन, पथलैया सामुदायिक वन, राधाकृष्ण सामुदायिक वन, हल खोरिया सामुदायिक वन, थानी माई सामुदायिक वन, मुसहर्नीमाई सामुदायिक वन तथा प्रगतिशील सामुदायिक वन यस क्षेत्रका महत्वपूर्ण प्राकृतिक सम्पदा हुन्। यी वनजंगलहरू पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जसँग सन्निकट तथा आंशिक रूपमा जोडिएका छन्, जसले निकुञ्ज र स्थानीय वन क्षेत्र बीच जैविक मार्ग (Biological Corridor) को काम गर्दै वन्यजन्तुको सुरक्षित आवतजावत र वासस्थान विस्तारमा सहयोग पुर्याएका छन्।

यी वन क्षेत्रहरूमा मुख्य रूपमा साल (सखुवा) प्रधान उष्ण उपोष्ण मिश्रित वन पाइन्छ। साल, साज, असना, कर्मा, खयर, सिसौ, कदम्ब, जामुनो, पीपल, बर, बाँस, हर्रो, बर्रो, अमला जस्ता बहु उपयोगी तथा औषधीय महत्वका बोट बिरुवाहरू प्रशस्त मात्रामा पाइन्छन्। यिनले स्थानीय समुदायलाई दाउरा, काठ, घाँस तथा औषधीय स्रोत उपलब्ध गराउनका साथै वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुर्याएका छन्।

पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जसँगको नजिक पनका कारण यहाँ वन्यजन्तुको विविधता पनि उल्लेखनीय छ। सामुदायिक वन क्षेत्रमा चित्तल, मृग, बँदेल, स्याल, लोखर्के, बन बिरालो, खरायो, न्याउरी मुसा, सर्प, अजिङ्गर, छेपारो जस्ता

वन्यजन्तु पाइन्छन् भने निकुञ्ज क्षेत्रबाट कहिलेकाहीँ हात्ती, बाघ, चितुवा र नीलगाई जस्ता ठूला वन्यजन्तुहरूको आवतजावतसमेत हुने गरेको देखिन्छ । यसले यी वनजंगलहरुमा वन्यजन्तु संरक्षणका दृष्टिले अत्यन्त संवेदनशील र महत्वपूर्ण बनाएको छ । साथै, काग, मैना, सुगा, ढुकुर, फाख्ता, कोइली, फिस्टो, चील, बाज, गिद्ध, उल्लू, बकुल्लो जस्ता स्थायी तथा मौसमी चराचुरुङ्गीहरूले यस क्षेत्रको जैविक सौन्दर्यलाई थप जीवन्त बनाएका छन् ।

सांस्कृतिक सम्पदाको दृष्टिले पनि जीतपुरसिमरा उप-महानगरपालिका विविधताले भरिपूर्ण छ । यहाँ थारू, मधेसी, पहाडी, मुस्लिम लगायत विभिन्न जात जाति, भाषा र संस्कृतिका समुदायहरूको सहअस्तित्व रहेको छ । यी समुदायहरूले अ आफ्ना परम्परा, भेष भूषा, लोकगीत, लोकनृत्य, संस्कार र सामाजिक अभ्यासमार्फत साझा सांस्कृतिक पहिचान निर्माण गरेका छन् । दशै, तिहार, छठ, होली, ईद, माघी, जितिया, झिझिया, तीज, रामनवमी, कृष्ण जन्माष्टमी, महाशिवरात्रि, विश्वकर्मा पूजा, ल्होसार लगायतका पर्वहरू यहाँ आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकताको प्रतीकका रूपमा मनाइन्छन् ।

यस उप-महानगरपालिकामा रहेका थानी माई पिकनिक पार्क, गढी माई मन्दिर, चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, कृष्ण मन्दिर, पशुपति मन्दिर, राम जानकी मन्दिर, पथलैया गुम्बा, देव श्रम पिकनिक स्थल, हात्तीसार, कामिनी दह, आधा बार, पुरानो रेलवे स्टेसन, कृष्ण कुमारी खानेपानी तथा मन्दिर जस्ता धार्मिक तथा पर्यटकिय स्थलहरू सांस्कृतिक तथा धार्मिक आस्थाका केन्द्रका रूपमा स्थापित छन् । यी स्थलहरूले धार्मिक पर्यटन, आन्तरिक पर्यटन तथा स्थानीय अर्थतन्त्र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याइरहेका छन् ।

जीतपुरसिमरा उप-महानगरपालिकाका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू यस क्षेत्रको पहिचान, सामाजिक सद्भाव, पर्यावरणीय सन्तुलन र दिगो विकासका आधार स्तम्भ हुन् । यी सम्पदाहरूको संरक्षण, संवर्द्धन र दिगो उपयोगमार्फत स्थानीय आर्थिक विकासलाई गति दिइनुका साथै भावी पुस्ताका लागि सुरक्षित, समृद्ध र सुन्दर वातावरण निर्माण गर्न सकिने स्पष्ट देखिन्छ ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०२१ का तथ्याङ्क अनुसार जीतपुरसिमरा उप-महानगरपालिकाको कुल जनसंख्या १,२७,३०७ रहेको छ, जसमध्ये ६३,९२७ जना पुरुष र ६३,३८० जना महिला रहेका छन् । यसले यहाँको लिङ्ग अनुपात करिब सन्तुलित रहेको देखाउँछ, जहाँ प्रति १०० महिलामा करिब १००.८६ पुरुष रहेका छन् । उप-महानगरपालिकामा कुल २५,६५० घरधुरी रहेका छन् भने औसत घर परिवारको आकार करिब ४.९६ व्यक्ति रहेको छ । ३१२.१८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस उप-महानगरपालिकाको जनसंख्या घनत्व करिब ४०८ व्यक्ति प्रति वर्ग किलोमिटर रहेको छ, जसले यस क्षेत्रलाई मध्यम जनघनत्व भएको स्थानीय तहका रूपमा देखाउँछ ।

उमेर संरचनाको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिका युवा तथा कार्यशिल जनसंख्या प्रधान क्षेत्र हो । ०-१४ वर्ष उमेर समूहका बालबालिकाको संख्या उल्लेखनीय रहेको छ भने १५-६४ वर्ष उमेर समूहका कार्यशिल जनसंख्या सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । यसले श्रमशक्ति, आर्थिक गतिविधि तथा औद्योगिक र सेवा क्षेत्रमा विकासको उच्च सम्भावना रहेको संकेत गर्दछ । ६५ वर्षभन्दा माथिको वृद्ध जनसंख्या तुलनात्मक रूपमा कम भए पनि सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र हेरचाहका कार्यक्रमहरूलाई दीर्घकालीन रूपमा मजबुत बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

शैक्षिक अवस्थालाई हेर्दा, यस उप-महानगरपालिकाको कुल साक्षरता दर ७१.६७ प्रतिशत रहेको छ । पुरुष साक्षरता दर ७८.८८ प्रतिशत र महिला साक्षरता दर ६४.४७ प्रतिशत रहेको तथ्याङ्कले लैङ्गिक साक्षरतामा अझै अन्तर रहेको देखाउँछ । पछिल्ला वर्षहरूमा विद्यालय तथा शैक्षिक संस्थाको विस्तार, प्राविधिक तथा व्यावसायिक शिक्षाको

सुरुवातले शिक्षा क्षेत्रमा सुधारको संकेत देखिए पनि महिला, दलित तथा पिछडिएका समुदायमा लक्षित शैक्षिक कार्यक्रमको आवश्यकता अझै रहेको छ।

जातीय तथा जातिगत संरचनाको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिका अत्यन्त विविध छ। यहाँ थारू, यादव, कुर्मी, मुसहर, तेली, कलवार, ब्राह्मण, क्षेत्री, दलित समुदाय, जनजाति तथा अन्य मधेसी र पहाडी मूलका समुदायहरूको बसोबास रहेको छ। यस जातीय विविधताले सामाजिक, सांस्कृतिक र आर्थिक जीवनलाई बहुरङ्गी र गतिशील बनाएको छ। जातीय सहअस्तित्व, सामाजिक अन्तरसम्बन्ध र आपसी सहयोग यहाँको सामाजिक संरचनाको महत्वपूर्ण विशेषता हो।


धार्मिक संरचनाको हिसाबले यहाँ मुख्य रूपमा हिन्दू धर्मालम्वीहरुको बाहुल्य रहेको छ भने मुस्लिम, बौद्ध तथा अन्य धर्मावलम्बी समुदायहरू पनि उल्लेखनीय संख्यामा रहेका छन्। विभिन्न धर्मका मन्दिर, मस्जिद, गुम्बा तथा धार्मिक स्थलहरूले धार्मिक सहिष्णुता, आपसी सम्मान र सामाजिक सद्भावलाई मजबुत बनाएका छन्। दशै, तिहार, छठ, ईद, माघी, जितिया, रामनवमी, महाशिवरात्रि, कृष्ण जन्माष्टमी, ल्होसार जस्ता पर्वहरू सामूहिक रूपमा मनाइने परम्पराले धार्मिक तथा सांस्कृतिक एकतालाई थप सुदृढ गरेको छ। भाषिक दृष्टिले नेपाली, भोजपूरी, मैथिली, थारू र उर्दू भाषा यहाँ प्रमुख रूपमा बोलिने भाषाहरू हुन्। सरकारी कामकाज र औपचारिक शिक्षामा नेपाली भाषा प्रयोग भए पनि दैनिक जीवन, सामाजिक तथा सांस्कृतिक अभ्यासमा मातृभाषाको प्रयोग व्यापक देखिन्छ, जसले भाषिक विविधता र सांस्कृतिक पहिचानको संरक्षणमा योगदान पुर्याएको छ।

समग्रमा, राष्ट्रिय जनगणना २०२१ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकाको जनसांख्यिक अवस्था युवा प्रधान, जातीय तथा धार्मिक रूपमा विविध, भाषिक रूपमा बहुआयमिक र सामाजिक रूपमा समावेशी रहेको देखिन्छ। यस जनसांख्यिक संरचनालाई आधार मानी शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, लैङ्गिक समानता र समावेशी विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा उप-महानगरपालिकाको दिगो तथा सन्तुलित विकास सुनिश्चित गर्न सकिने स्पष्ट देखिन्छ। राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार यस उप-महानगरपालिकाको वडागत जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | वडा केन्द्र रहेको स्थान | साबिकको गाविस/ नगरपालिका र वडा नं. | क्षेत्रफल (वर्ग कि. मि.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | सिमरा | गढिमाई (१) | ४२.७५ | २२५७ | ८९३३ |
| २ | सिमरा चोक | गढिमाई (२) | १५.४८ | २५७६ | १०५४८ |
| ३ | बजनि | गढिमाई (३) | ५.५८ | ९०३ | ३९६४ |
| ४ | औराह | गढिमाई (४) | ११.८६ | ११३१ | ५२२४ |
| ५ | वकुलिया | गढिमाई (५) | ४.८९ | ८८९ | ४५७३ |
| ६ | नगौल | गढिमाई (६) | ०.९७ | ३५४ | २०९० |
| ७ | जितपुर | गढिमाई (७) | १.९८ | २७५२ | १४७१९ |
| ८ | लोहसन्डाह | गढिमाई (८) | ७.८० | ८३९ | ५२२३ |
| ९ | छातापिपरा | गढिमाई (९) | ३.३७ | ६२८ | ३२९२ |
| १० | नितनपुर | गढिमाई (१०) | ३.२३ | ५९९ | ३९३४ |
| ११ | अमाडार | गढिमाई (११) | ८.२१ | ९३५ | ५२६८ |

| वडा नं. | वडा केन्द्र रहेको स्थान | साबिकको गाविस/ नगरपालिका र वडा नं. | क्षेत्रफल (वर्ग कि. मि.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १२ | फत्तेपुर | गढिमाई (१२) | ७.१० | ८५८ | ४५४२ |
| १३ | पोता | गढिमाई (१३) | २.३८ | ३५५ | १९४६ |
| १४ | रजघट्टा | गढिमाई (१४) | ८.६६ | ११७७ | ५१७७ |
| १५ | हात्तीसार | गढिमाई (१५) | १२.२४ | १४१२ | ५९५६ |
| १६ | सखुवागाड | गढिमाई (१६) | १४.८४ | ११७३ | ४७४१ |
| १७ | रामनगर | हरैया (१) र मनहर्वा (१ ,२ र ८) | १७.६८ | ९८३ | ४४२६ |
| १८ | वडरुवा | मनहर्वा (३, ७ र ९) | ७.८९ | ११९९ | ५४६७ |
| १९ | इनरुवासिरा | ईनर्वासिरा (१-६) | ७.८० | ९७३ | ६१६६ |
| २० | कञ्चनपुर | ईनर्वासिरा (७-९) | ७.७३ | ९९० | ५९९३ |
| २१ | अमलेखगन्ज | अमलेखगञ्ज (१-६) | ४५.७० | ८०२ | ३७६४ |
| २२ | चकरी | अमलेखगञ्ज (७-९) | ६३.५१ | ७०७ | ३३२७ |
| २३ | भलुहि | रामपुर टोकनी (३) | ४.२९ | ५४२ | ३५२० |
| २४ | हरपुर | प्रष्टोका  (१ र २) | २.५१ | ६९६ | ४५१४ |
| **कुल जम्मा** | | | **३०८.४५** | **२५६५०** | **१२७३०७** |

स्रोत: नेपालको राष्ट्रिय जनगणना, २०७८





| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९५+ | २९ | ०.०५ | ३३ | ०.०५ | **६२** | **०.०५** |
| ९०-९४ | ४० | ०.०६ | ४१ | ०.०६ | **८१** | **०.०६** |
| ८५-८९ | १०० | ०.१६ | १०३ | ०.१६ | **२०३** | **०.१६** |

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ८०-८४ | २४४ | ०.३८ | २११९ | ०.३५ | **४६३** | **०.३६** |
| ७५-७९ | ५४४ | ०.८५ | ५०२ | ०.७९ | **१०४६** | **०.८२** |
| ७०-७४ | १०७९ | १.६९ | १०४४ | १.६५ | **२१२३** | **१.६७** |
| ६५-६९ | १३८३ | २.१६ | १३५३ | २.१३ | **२७३६** | **२.१५** |
| ६०-६४ | १७६७ | २.७६ | १६२० | २.५६ | **३३८७** | **२.६६** |
| ५५-५९ | २१९४ | ३.४३ | २०१८ | ३.१८ | **४२१२** | **३.३१** |
| ५०-५४ | २९७४ | ४.६५ | २८५० | ४.५० | **५८२४** | **४.५७** |
| ४५-४९ | ३१०४ | ४.८६ | ३०७४ | ४.८५ | **६१७८** | **४.८५** |
| ४०-४४ | ३९९३ | ६.२५ | ३७८४ | ५.९७ | **७७७७** | **६.११** |
| ३५-३९ | ४५३४ | ७.०९ | ४९१२ | ७.७५ | **९४४६** | **७.४२** |
| ३०-३४ | ४५९१ | ७.१८ | ५१२६ | ८.०९ | **९७१७** | **७.६३** |
| २५-२९ | ५३१६ | ८.३२ | ५७४८ | ९.०७ | **११०६४** | **८.६९** |
| २०-२४ | ५९४५ | ९.३० | ६४८७ | १०.२४ | **१२४३२** | **९.७७** |
| १५-१९ | ६७२४ | १०.५२ | ६४७१ | १०.२१ | **१३१९५** | **१०.३६** |
| १०-१४ | ६६०६ | १०.३३ | ६२८८ | ९.९२ | **१२८९४** | **१०.१३** |
| ०५-०९ | ६७०५ | १०.४९ | ६२४३ | ९.८५ | **१२९४८** | **१०.१७** |
| ००-०४ | ६०५५ | ९.४७ | ५४६४ | ८.६२ | **११५१९** | **९.०५** |
| **जम्मा** | **६३९२७** | **१००** | **६३५८०** | **१००** | **१२७३०७** | **१००** |

स्रोत: नेपालको राष्ट्रिय जनगणना, २०७८

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल जनसंख्या १,२७,३०७ रहेको छ, जसमध्ये करिब ७९,८४५ जना अर्थात् ६२.७ प्रतिशत जनसंख्या १५ देखि ५९ वर्ष उमेर समूहमा पर्ने सक्रिय जनसंख्या हुन्, जबकी बाँकी ४७,४६२ जना अर्थात् ३७.३ प्रतिशत जनसंख्या ०-१४ वर्षका बालबालिका तथा ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकका रूपमा निष्क्रिय जनसंख्यामा पर्दछन । सक्रिय जनसंख्यामा १५-१९ वर्ष (१३,१९५), २०-२४ वर्ष (१२,४३२), २५-२९ वर्ष (११,०६४), ३०-३४ वर्ष (९,७१७), ३५-३९ वर्ष (९,४४६), ४०-४४ वर्ष (७,७७७), ४५-४९ वर्ष (६,१७८), ५०-५४ वर्ष (५,८२४) र ५५-५९ वर्ष (४,२१२) उमेर समूह समावेश छन्, जसले कार्यशिल उमेर समूहको ठूलो हिस्सा ओगटेको देखाउँछ । यस्तो युवा मुखी र सक्रिय जनसंख्या संरचनाले राष्ट्र तथा स्थानीय तह दुवैका लागि विकासको महत्वपूर्ण अवसर सिर्जना गरेको छ, किनकी यही सक्रिय जनसंख्या कृषि, उद्योग, सेवा, निर्माण, उद्यमशीलता तथा प्रविधि विकास जस्ता क्षेत्रहरूमा श्रमशक्ति प्रदान गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय आर्जन र कर संकलन मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न सक्षम हुन्छ । स्थानीय तहमा यस जनसंख्याको सक्रिय सहभागिताले कृषि उत्पादन वृद्धि, साना तथा घरेलु उद्योग सञ्चालन, सहकारी विकास, पूर्वाधार निर्माण, सेवा प्रवाह र स्थानीय शासन प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुर्याउँछ, जसले समग्रमा जीवनस्तर सुधार र दिगो विकासलाई टेवा दिन्छ । यसरी सक्रिय जनसंख्याको उच्च अनुपातलाई जनसांख्यिकीय लाभका रूपमा उपयोग गर्न शिक्षा, स्वास्थ्य, सीप विकास, स्व रोजगार

र उद्यम प्रवर्द्धनमा लक्षित तथा रणनीतिक लगानी गर्न सकेमा राष्ट्र र स्थानीय तह दुवैमा दिगो सामाजिक-आर्थिक विकास हासिल गर्न सकिने स्पष्ट देखिन्छ ।




जीतपुरसिमरा उप-महानगरपालिकाको जनसंख्या पिरामिड

**जात जातिका आधारमा जनसंख्या विवरण**

| क्र. स. | जात जाती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | क्षत्री | ४९४४ | ५११८ | १००६२ |
| २ | ब्राह्मण-पहाड | ५४९६ | ६००१ | ११४९७ |
| ३ | मगर | १६३५ | १७२० | ३३५५ |
| ४ | थारू | ९९२९ | ९९७४ | १९९०३ |
| ५ | तामाङ | ५६९३ | ६२१० | ११९०३ |
| ६ | नेवार | १६११ | १६७२ | ३२८३ |
| ७ | विश्वकर्मा | ५६९ | ६११ | ११८० |
| ८ | मुस्लिम | ९४९३ | ९३३६ | १८८२९ |

| क्र. स. | जात जाती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ९ | यादव | १७३४ | १५२७ | ३२६१ |
| १० | राई | ४२९ | ४६५ | ८९४ |
| ११ | गुरुङ | ३७४ | ४१८ | ७९२ |
| १२ | परियार | २२८ | २६१ | ४८९ |
| १३ | ठकुरी | २६३ | २५६ | ५१९ |
| १४ | लिम्बु | ५५ | ५८ | ११३ |
| १५ | मिजार | १५७ | १६१ | ३१८ |
| १६ | तेली | १२१८ | १०६९ | २२८७ |
| १७ | चमार/हरिजन/राम | १४९९ | १३७८ | २८७७ |
| १८ | कुशवाह | ८२२ | ७२५ | १५४७ |
| १९ | मुसहर | ८७८ | ८७८ | १७५६ |
| २० | कुर्मी | ८९४ | ८११ | १७०५ |
| २१ | संन्यासी/दशनामी | ३७९ | ३८८ | ७६७ |
| २२ | धानुक | १४९८ | १३९८ | २८९६ |
| २३ | दुसाध/पासवान/पासी | १९०६ | १८३१ | ३७३७ |
| २४ | मल्लाह | १७०१ | १५७६ | ३२७७ |
| २५ | केवट | ४६ | ३१ | ७७ |
| २६ | कठवनियान | ८९ | ८१ | १७० |
| २७ | ब्राह्मण-तराई | ११२१ | १०७१ | २१९२ |
| २८ | कलवार | १३३८ | ११७४ | २५१२ |
| २९ | कानू | १३६८ | १२२७ | २५९५ |
| ३० | कुमाल | २१ | २९ | ५० |
| ३१ | घर्ती/भुजेल | ५६ | ४३ | ९९ |
| ३२ | हजाम/ठाकुर | ४५९ | ४१५ | ८७४ |
| ३३ | राजवंशी | २५ | २१ | ४६ |
| ३४ | सेर्पा | १० | ११ | २१ |
| ३५ | धोबी | ९२ | ७० | १६२ |
| ३६ | ततमा | ६०५ | ५२५ | ११३० |

| क्र. स. | जात जाती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ३७ | लोहार | १८४ | १६७ | ३५१ |
| ३८ | खेत्वा | ८ | ८ | १६ |
| ३९ | सुन्डि | ३५ | ३० | ६५ |
| ४० | दनुवार | १३३ | १०२ | २३५ |
| ४१ | हलुवाई | ३३ | ३७ | ७० |
| ४२ | माझी | ५२७ | ४८७ | १०१४ |
| ४३ | वरई | ४१० | ३९२ | ८०२ |
| ४४ | वीन | ३५३ | ३४३ | ६९६ |
| ४५ | नुनिया | २२६ | २१२ | ४३८ |
| ४६ | चेपाङ/प्रजा | २८ | २६ | ५४ |
| ४७ | सोनार | ३९४ | ३४२ | ७३६ |
| ४८ | कुम्हार | २६ | २४ | ५० |
| ४९ | सुनुवार | ५० | ५५ | १०५ |
| ५० | वान्तर/सरदार | १५१ | १६७ | ३१८ |
| ५१ | कहर | ६९ | ७६ | १४५ |
| ५२ | सन्थाल | ४ | ८ | १२ |
| ५३ | मारवाडी | १२ | ६ | १८ |
| ५४ | कायस्थ | १९३ | २०१ | ३९४ |
| ५५ | राजपूत | २४० | २१० | ४५० |
| ५६ | ओरान/कुदुख | ३७३ | ४०७ | ७८० |
| ५७ | बादी | ५७ | ५० | १०७ |
| ५८ | थामी | ७ | १२ | १९ |
| ५९ | बगाली | १३ | ११ | २४ |
| ६० | गदेरी/भेडियार | १४ | १३ | २७ |
| ६१ | घले | १३२ | १५५ | २८७ |
| ६२ | माली | ३३ | ३९ | ७२ |
| ६३ | पहरी | १७ | २१ | ३८ |
| ६४ | डोम | १४० | १३५ | २७५ |

| क्र. स. | जात जाती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ६५ | कोरी | १४ | १३ | २७ |
| ६६ | राजभार | ३५७ | ३१६ | ६७३ |
| ६७ | सिख | ७ | ३ | १० |
| ६८ | व्यासी/सौका | ७ | ६ | १३ |
| ६९ | अमात | १४ | १३ | २७ |
| ७० | पत्थर कट्टा/ कुशवाडिया | १२ | ११ | २३ |
| ७१ | नतुवा | १३ | १९ | ३२ |
| ७२ | कालार | ९ | ९ | १८ |
| ७३ | भूमिहर | ४९ | ४१ | ९० |
| ७४ | रौनियार | ७५ | ६३ | १३८ |
| ७५ | वनियान | ५० | ४२ | ९२ |
| ७६ | गोन्ध | १२२ | ९९ | २२१ |
| ७७ | अन्य | २९ | २७ | ५६ |
| ७८ | विदेशी | ६५९ | ४२९ | १०८८ |
| ७९ | नखुलेको | १३ | १३ | २६ |
| **जम्मा** | | **६३९२७** | **६३३८०** | **१२७३०७** |

स्रोत: नेपालको राष्ट्रिय जनगणना, २०७८

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकाको कुल जनसंख्या १,२७,३०७ रहेको छ। यस मध्ये पुरुष ६३,९२७ र महिला ६३,३८० रहेका छन्, जसले लैङ्गिक हिसाबले जनसंख्या लगभग सन्तुलित रहेको स्पष्ट देखाउँछ। यसले सामाजिक, आर्थिक तथा विकास योजना तर्जुमा गर्दा महिला-पुरुष सहभागिता समान रूपमा समेट्न सकिने आधार प्रदान गर्दछ।

जातीय संरचनाको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिका अत्यन्तै बहु जातीय र विविधता युक्त रहेको छ। थारू समुदाय (१९,९०३) सबैभन्दा ठूलो जन समूहका रूपमा रहेको देखिन्छ, जसले यस क्षेत्रको ऐतिहासिक बसोबास र सांस्कृतिक पहिचानलाई संकेत गर्दछ। त्यसैगरी मुस्लिम समुदाय (१८,८२९) को जनसंख्या पनि उल्लेख्य रहेको छ, जसले सामाजिक सहअस्तित्व र धार्मिक विविधतालाई प्रतिबिम्बित गर्छ। तामाङ (११,९०३), ब्राह्मण-पहाड (११,४९७) र क्षत्री (१०,०६२) समुदायको संख्या पनि ठूलो भएकाले यी समुदायहरूको सामाजिक, शैक्षिक तथा आर्थिक अवस्था नगर विकाससँग प्रत्यक्ष रूपमा जोडिएको देखिन्छ।

यसका अतिरिक्त मगर, यादव, नेवार, चमार/हरिजन, दुसाध/पासवान/पासी, मल्लाह, कलवार, कानू, तेली, कुशवाह, मुसहर, कुर्मी जस्ता समुदायहरूको पनि उल्लेख्य उपस्थिति छ। यसले कृषि, व्यापार, श्रम, सेवा र साना उद्योग जस्ता विभिन्न पेशा तथा जीविकोपार्जन प्रणालीहरू यस नगरमा सहअस्तित्वमा रहेको संकेत गर्दछ। अल्पसंख्यक तथा साना

संख्यामा रहेका लिम्बु, गुरुङ, राई, चेपाङ/प्रजा, सुनुवार, थामी, सन्थाल, सिख, व्यासी/सौका लगायतका समुदायहरू पनि सामाजिक समावेशिताको दृष्टिले महत्वपूर्ण छन्।

समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकाको जनसंख्या संरचना सामाजिक विविधता, सांस्कृतिक सहिष्णुता र बहु पेशागत विशेषताले भरिपूर्ण देखिन्छ। यस्तो विविध जनसंख्या संरचनाले नगरपालिकालाई योजना निर्माण, सेवा प्रवाह, लक्षित कार्यक्रम, समावेशी विकास तथा सामाजिक न्यायका कार्यक्रमहरू तय गर्दा जातीय, लैङ्गिक र सामाजिक सन्तुलनलाई विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँछ।

**मातृभाषाका आधारमा जनसंख्या विवरण**

| क्र. स. | विवरण | पुरुष (प्रतिशतमा) | महिला (प्रतिशतमा) | कुल (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | भोजपूरी | ३९.४ | ३७.२ | ३८.३ |
| २ | नेपाली | २१.७ | २३.२ | २२.४ |
| ३ | थारू | १५.१ | १५.२ | १५.१ |
| ४ | तामाङ | ८.५ | ९.३ | ८.९ |
| ५ | उर्दू | ६.५ | ६.५ | ६.५ |
| ६ | मगर ढुट | १.८ | १.९ | १.९ |
| ७ | नेपाल भाषा (नेवारी) | १.८ | १.९ | १.८ |
| ८ | मैथिली | १.६ | १.४ | १.५ |
| ९ | उराउँ/कुडुख | ०.६ | ०.६ | ०.६ |
| १० | अन्य | ३.० | २.८ | ३.० |
| **जम्मा** | | **१००.०** | **१००.०** | **१००.०** |

स्रोत: नेपालको राष्ट्रिय जनगणना, २०७८

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा भाषिक विविधता अत्यन्तै स्पष्ट रूपमा देखिन्छ। यहाँ सबैभन्दा बढी बोलिने भाषा भोजपूरी हो, जसको कुल हिस्सा ३८.३ प्रतिशत रहेको छ, जसमा पुरुष ३९.४ प्रतिशत र महिला ३७.२ प्रतिशत छन्। यसपछि नेपाली भाषा दोस्रो स्थानमा रहेको छ, जसलाई कुल २२.४ प्रतिशत जनसंख्याले मातृभाषाका रूपमा प्रयोग गर्ने गरेका छन्। थारू भाषा १५.१ प्रतिशतसहित तेस्रो प्रमुख भाषा हो, जसले यस क्षेत्रमा थारू समुदायको ऐतिहासिक बसोबास र सांस्कृतिक प्रभावलाई झल्काउँछ।

त्यसैगरी तामाङ भाषा ८.९ प्रतिशत र उर्दू भाषा ६.५ प्रतिशतले प्रयोग गरिने देखिन्छ, जसले जातीय तथा धार्मिक विविधताको प्रतिनिधित्व गर्दछ। मगर ढुट, नेपाल भाषा (नेवारी) र मैथिली भाषा बोल्ने जनसंख्या १.५ देखि १.९ प्रतिशतको हाराहारीमा रहेको छ। उराउँ/कुडुख भाषा बोल्नेको हिस्सा ०.६ प्रतिशत भए पनि यो आदिवासी समुदायको उपस्थितिको संकेत हो। अन्य विभिन्न भाषाहरू बोल्ने जनसंख्या कुल ३.० प्रतिशत रहेको छ। समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिका बहुभाषिक नगरका रूपमा स्थापित देखिन्छ, जहाँ सेवा प्रवाह, शिक्षा र सूचना सम्प्रेषणमा भाषिक समावेशितामा विशेष ध्यान दिनु आवश्यक रहेको स्पष्ट हुन्छ।

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

जीतपुरसिमरा उप-महानगरपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित एक प्रमुख कृषि आधारित स्थानीय तह हो, जहाँको ठूलो जनसंख्या प्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेको छ। तराईको समथर भू भाग, उर्वर माटो, अनुकूल जलवायु तथा राजमार्ग र बजारसँगको पहुँचले यस उप-महानगरपालिकालाई कृषि विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र बनाएको छ। यहाँका स्थानीय बासिन्दाको प्रमुख पेशा कृषि नै रहेको छ र पारिवारिक आम्दानीको महत्वपूर्ण हिस्सा कृषिजन्य क्रियाकलापबाटै प्राप्त हुने गरेको देखिन्छ। नेपालको कुल ग्राहस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदान पुर्याउने तथा करिब ६० प्रतिशत जनसंख्या प्रत्यक्ष रूपमा आबद्ध रहेको कृषि क्षेत्र देशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको छ। उच्च तथा समावेशी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुर्याउने यस क्षेत्रलाई वैज्ञानिक र आधुनिक ढंगबाट सुधार तथा रूपान्तरण गर्दै विगत देखि गरिँदै आएका प्रयासलाई अझ सुदृढ बनाउन आवश्यक छ, जसबाट उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ। साथै, नेपालको वर्तमान संविधानले खाद्य सम्बन्धी अधिकारलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ।

नेपालको कृषि गणना २०७८ अनुसार, यस उप-महानगरपालिकामा कुल ११७९२ कृषक परिवार रहेका छन्। ती कृषक परिवारहरूले भोगचलन गर्दै आएको जग्गाको कुल क्षेत्रफल ५८९५.३ हेक्टर रहेको छ, जस मध्ये ५२२१.८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध रहेको देखिन्छ। ११७९२ कृषक परिवारहरूले भोगचलन गरिरहेको जग्गा जम्मा २३७६५ कित्तामा विभाजित रहेको छ, जस अनुसार प्रति कृषक परिवारको औसत कित्ता संख्या २ रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८)। जग्गा स्वामित्वको अवस्थालाई हेर्दा, आफ्नै हकको जग्गामात्र खेती गर्ने कृषक परिवारको संख्या १०२२६ रहेको छ र सो जग्गाको कुल क्षेत्रफल ४८२८.९ हेक्टर रहेको छ। त्यसैगरी, अरूको हकको जग्गामात्र खेती गर्ने कृषक परिवारको संख्या ७८ रहेको छ, जसले भोगचलन गर्दै आएको जग्गाको कुल क्षेत्रफल १२.६ हेक्टर रहेको छ। अन्य प्रकारको उपभोग अन्तर्गत जग्गा कमाउने परिवार संख्या नरहेको अवस्था छ। एकभन्दा बढी प्रकारको स्वामित्व भएको परिवार संख्या १४८८ रहेको छ भने तिनको क्षेत्रफल १०५३.९ हेक्टर रहेको देखिन्छ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस उप-महानगरपालिकामा कृषक परिवारको संख्या ११७९२ रहेकोमा गाई गोरु पाल्ने परिवारको संख्या ३९४० र गाई गोरुको संख्या ९८०५ रहेका छन्। त्यसैगरी, भैँसी/राँगा पाल्ने परिवारको संख्या २४७९ र भैँसी/राँगोको संख्या ६०६० रहेका छन्। बाख्रा पाल्ने कृषक परिवारको संख्या २६७१ र बाख्राको संख्या १४९२४ रहेका छन्। भेँडाभेँडी पाल्ने कृषक परिवारको संख्या ३१ रहेको छ भने भेँडाभेँडीका संख्या १७२ रहेका छन्। सुङ्गुर/बंगुर पाल्ने कृषक परिवारका संख्या १८६ रहेका छ भने सुङ्गुर / बंगुरको कुल संख्या १३१७ रहेको छ। कुखुरा पाल्ने परिवारको संख्या १७९९ रहेको र कुखुराको संख्या ५१००३ रहेका छन्। (राष्ट्रिय कृषि गणना, २०७८)।

यस उप-महानगरपालिकामा मझौला तथा साना किसानहरूको बढि संलग्न रहेको देखिन्छ। उप-महानगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन्। समग्रता खाद्यान्न उपलब्धताको हिसाबले यस उप-महानगरपालिकाको अवस्था राम्रो देखिएता पनि अझै केही जनसंख्या मौसमी खाद्य असुरक्षामा रहेको देखिन्छ। यहाँको कृषि पेशाले व्यावसायिकता हासिल गर्न सकिरहेको छैन। यहाँका किसानहरूले धान, मकै, गहुँसँगै तोरी, दलहन, तरकारी र नगदे बाली उत्पादन गर्ने गरेका छन्। हिउँदे र वर्षे दुवै बाली लगाउन सकिने सम्भावना भए तापनि आधुनिक कृषि प्रविधि, उन्नत बिउविजन, मलखाद, कृषि यान्त्रिकीकरण तथा प्राविधिक ज्ञानको अभावले उत्पादन लागत बढ्ने र उत्पादकत्व अपेक्षाकृत कम हुने अवस्था देखिन्छ। केही क्षेत्रमा व्यावसायिक तरकारी खेती, आलु खेती,

कुखुरा पालन, माछा पालन र डेरी व्यवसाय सुरु भए पनि पर्याप्त बजार व्यवस्थापन, भण्डारण सुविधा र मूल्य स्थायित्वको अभावले किसानले उचित प्रतिफल पाउन सकेका छैनन् ।

खाद्य सुरक्षा, ग्रामीण विकास र गरिबी निवारण सुनिश्चित गर्न सिँचाइको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सिँचाइ प्रणालीले हाल नेपालको करिब ४० प्रतिशत कृषि जमिनलाई सिंचित गरेको भए पनि १९ प्रतिशतले मात्रै वर्षभरि सिँचाइको सुविधा पाएका छन् । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरण लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नू र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ ।

यस उप-महानगरपालिकामा खेती गरिएको ५८९५.३ हेक्टर कुल जमिन मध्ये ५२२१.८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ वा खेती योग्य जमिन मध्ये सिंचित जमिन ८८.५८ प्रतिशत रहेको छ । संभावित सिँचाई योग्य जमिनमा सिँचाई गर्न सकिरहेको अवस्था छैन । विभिन्न वडाहरूमा संभावनाको आधारमा नयाँ सिँचाई आयोजनाहरू निर्माण गर्न र मौजुदा सिँचाई आयोजनहरूको नियमित रूपमा मर्मत सम्भार गर्न आवश्यक देखिन्छ । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरण लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नू र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ ।

जीतपुरसिमरा उप-महानगरपालिकामा कृषि, पशुपालन, तरकारी, फलफूल तथा जडीबुटी उत्पादनको ठूलो सम्भावना हुँदा हुँदै पनि बजारीकरण, आधुनिक कृषि प्रणालीसम्बन्धी ज्ञानको कमी, दक्ष जनशक्तिको अभाव, वित्तीय पहुँचको कमजोरी तथा कृषि पूर्वाधारको सीमितताले अपेक्षित प्रगति हुन सकेको छैन । विशेष गरी कोल्ड स्टोर, कृषि संकलन केन्द्र, प्रशोधन उद्योग र सुदृढ बजार सञ्जालको अभावले कृषिजन्य उत्पादनको मूल्य घट्ने समस्या देखिन्छ । यस अवस्थालाई सुधार गर्न स्थानीय तहका रूपमा जीतपुरसिमरा उप-महानगरपालिकाले कृषि प्रणालीको समग्र विश्लेषण गरी दीर्घकालीन योजना अवलम्बन गर्नु आवश्यक देखिन्छ । व्यावसायिक तरकारी र आलु खेती प्रवर्द्धन, पशुपक्षी पालनमा लगानी वृद्धि गरी माछा, मासु, दूध, अण्डा र तरकारीमा आत्मनिर्भरता हासिल गर्ने कार्यक्रम, सम्भावित क्षेत्रहरूको पहिचान गरी नगदे बाली र तरकारीका पकेट क्षेत्र घोषणा गर्ने, आधुनिक कोल्ड स्टोर तथा भण्डारण केन्द्र निर्माण गर्ने, किसानलाई प्रविधि र तालिम प्रदान गर्ने तथा कृषि सहकारीमार्फत बजारीकरणमा सहजिकरण गर्ने कार्यहरू अत्यावश्यक छन् ।

जीतपुरसिमरा उप-महानगरपालिकाको कृषि तथा खाद्य सुरक्षा यसको भौगोलिक अवस्था, जनसांख्यिक संरचना र आर्थिक क्रियाकलापसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र दिगो बनाउँदै किसानको आय वृद्धि र खाद्य आत्मनिर्भरता सुनिश्चित गर्न सकेमा यस उप-महानगरपालिकामा खाद्य सुरक्षा, पोषण सुधार र समग्र स्थानीय विकासको बलियो आधार निर्माण गर्न सकिने स्पष्ट देखिन्छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाको एक प्रमुख सहरी, ग्रामीण मिश्रित स्थानीय तह हो, जसले भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले विशिष्ट पहिचान बोकेको छ । पूर्व पश्चिम राजमार्ग तथा रणनीतिक व्यापारिक मार्गसँग जोडिएको यस उप-महानगरपालिका प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, सांस्कृतिक विविधता र सामाजिक सहअस्तित्वको अनुपम संगमका रूपमा विकसित हुँदै गएको छ । पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटन, धार्मिक पर्यटन तथा सांस्कृतिक पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा उप-महानगरपालिकाको महत्त्व बढ्दै गएको छ ।

सांस्कृतिक सम्पदाको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिका अत्यन्तै विविधताले भरिपूर्ण छ । यहाँ थारू, मधेसी, पहाडी, मुस्लिम, तामाङ, नेवार, दलित लगायत विभिन्न जात जाति, भाषा, धर्म र संस्कृतिका समुदायहरूको सहअस्तित्व रहेको छ । यी समुदायहरू बीच सामाजिक सद्भाव, आपसी सम्मान र सहिष्णुता बलियो रूपमा देखिन्छ, जसले उप-महानगरपालिकालाई बहु सांस्कृतिक समाजको उत्कृष्ट उदाहरण बनाएको छ ।

यहाँ बसोबास गर्ने समुदायहरूले आ आफ्ना परम्परा, भेष भूषा, लोकगीत, लोकनृत्य, संस्कार, चाडपर्व र सामाजिक अभ्यासमार्फत साझा सांस्कृतिक पहिचान निर्माण गरेका छन् । थारू समुदायका माघी, झिझिया नृत्य तथा परम्परागत संस्कारहरू, मधेसी समुदायका छठ, जितिया र होली पर्वहरू, पहाडी समुदायका दशै, तिहार र तीज, मुस्लिम समुदायका ईद-उल-फित्र र ईद-उल-अजहा, तामाङ समुदायका ल्होसार लगायतका पर्वहरू यहाँ सामूहिक रूपमा, आपसी सहभागिता र सम्मानसहित मनाइन्छन् । यसरी विविध संस्कृतिहरूको सहअस्तित्वले सामाजिक एकता, सामुदायिक भावना र सांस्कृतिक समृद्धिलाई मजबुत बनाएको छ ।

उप-महानगरपालिकामा मनाइने दशै, तिहार, छठ, होली, ईद, माघी, जितिया, झिझिया, तीज, रामनवमी, कृष्ण जन्माष्टमी, महाशिवरात्रि, विश्वकर्मा पूजा, ल्होसार लगायतका पर्वहरू केवल धार्मिक आस्थासँग मात्र सीमित नभई सामाजिक मेलमिलाप, सांस्कृतिक हस्तान्तरण र सामुदायिक एकताको प्रतीकका रूपमा स्थापित छन् । यी पर्वहरूको अवसरमा आयोजना हुने सांस्कृतिक कार्यक्रम, झाँकी, मेला, भजन कीर्तन, लोकनृत्य तथा परम्परागत खानपानले स्थानीय संस्कृतिलाई जीवन्त राख्न सहयोग पुर्याएको छ । यस्ता सांस्कृतिक गतिविधिहरूले नयाँ पुस्तामा परम्परागत मूल्य मान्यता हस्तान्तरण गर्नुका साथै बाह्य पर्यटकहरूलाई स्थानीय जीवन शैली बुझ्ने अवसर प्रदान गरेको छ । यसले सांस्कृतिक पर्यटनको सम्भावनालाई समेत विस्तार गर्दै लगेको छ ।

जीतपुरसिमरा उप-महानगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरू यस क्षेत्रका प्रमुख पर्यटकिय आकर्षण हुन् । यहाँ अवस्थित गढीमाई मन्दिर देशकै महत्वपूर्ण धार्मिक तीर्थ स्थलका रूपमा परिचित छ, जहाँ प्रत्येक पाँच वर्षमा आयोजना हुने गढीमाई मेलाले स्वदेश तथा विदेशबाट लाखौँ श्रद्धालुहरूलाई आकर्षित गर्दछ । यस मन्दिरले धार्मिक पर्यटनसँगै स्थानीय व्यापार, होटेल, यातायात र रोजगारी प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्याउँदै आएको छ । यसका साथै चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, कृष्ण मन्दिर, पशुपति मन्दिर, राम जानकी मन्दिर, पथलैया गुम्बा जस्ता धार्मिक स्थलहरू विभिन्न धर्म र समुदायका आस्थाका केन्द्र हुन् । यी स्थलहरूमा नियमित पूजा आराधना, धार्मिक अनुष्ठान तथा पर्व विशेषका कार्यक्रम सञ्चालन हुने गर्दछ ।

धार्मिक स्थलसँगै जीतपुरसिमरामा रहेका थानीमाई पिकनिक पार्क, देवाश्रम पिकनिक स्थल, हात्तीसार, कामिनी दह, आधाबार जस्ता प्राकृतिक तथा मनोरञ्जनात्मक स्थलहरूले आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन् । यी स्थलहरू स्थानीय बासिन्दा तथा बाह्य पर्यटकका लागि घुमफिर, पिकनिक, विश्राम र प्रकृतिसँग समय बिताउने प्रमुख गन्तव्य बनेका छन् । त्यसैगरी, पुरानो रेलवे स्टेसन, कृष्ण कुमारी खानेपानी तथा मन्दिर जस्ता ऐतिहासिक तथा

सांस्कृतिक महत्व बोकेका स्थलहरूले उप-महानगरपालिकाको ऐतिहासिक पहिचानलाई उजागर गरेका छन् । यस्ता स्थलहरूको संरक्षण, प्रवर्द्धन र व्यवस्थित विकासले पर्यटनको दिगो विकासमा टेवा पुर्याउन सक्छ ।

जीतपुरसिमरामा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूले धार्मिक पर्यटन, आन्तरिक पर्यटन तथा सम्भावित सांस्कृतिक पर्यटनलाई प्रोत्साहन गरिरहेका छन् । पर्यटकहरूको आगमनसँगै होटेल, रेस्टुरेन्ट, यातायात, स्थानीय उत्पादन, हस्तकला, कृषि उपज तथा साना व्यवसायहरूमा सकारात्मक प्रभाव परेको छ । यसले स्थानीय रोजगारी सिर्जना, आय आर्जन वृद्धि तथा आर्थिक क्रियाकलाप विस्तारमा योगदान पुर्याएको छ । यदि यी पर्यटकिय स्थलहरूको पूर्वाधार विकास, पहुँच मार्ग सुधार, सूचना केन्द्र स्थापना, प्रचार प्रसार तथा समुदाय आधारित पर्यटन कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएमा जीतपुरसिमरालाई मधेश प्रदेशकै महत्वपूर्ण पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ ।

समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिका सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता, प्राकृतिक सौन्दर्य र ऐतिहासिक सम्पदाले भरिपूर्ण क्षेत्र हो । यहाँको बहु सांस्कृतिक समाज, विविध चाडपर्व, धार्मिक स्थलहरू तथा प्राकृतिक गन्तव्यहरूले पर्यटन तथा संस्कृतिको दृष्टिले अपार सम्भावना बोकेको छ । यीनै सम्पदाको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमार्फत सामाजिक एकता सुदृढ गर्दै स्थानीय आर्थिक विकासलाई अघि बढाउन सकिने देखिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

जीतपुरसिमरा उप-महानगरपालिका (बारा जिल्ला, मधेश प्रदेश) नेपालको एक प्रमुख औद्योगिक र व्यापारिक हब हो, जुन वीरगन्ज पथलैया औद्योगिक करिडोरमा अवस्थित छ । यसको भौगोलिक अवस्थिति, पूर्व पश्चिम राजमार्गसँगको प्रत्यक्ष पहुँच, भारतीय सीमावर्ती व्यापारिक नाका रक्सौलको नजिक पन तथा काठमाडौं तराई सम्पर्क मार्गको केन्द्रमा रहेको अवस्थाले यस उप-महानगरपालिकालाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भका रूपमा स्थापित गरेको छ । कृषिमा आधारित बस्तीका रूपमा विकसित भएको सिमरा समय क्रममा उद्योग, व्यापार, आपूर्ति र सेवा मूलक गतिविधिको केन्द्रमा रूपान्तरण भएको छ ।

सिमराको आर्थिक विकास यात्रामा सन् १९५८ मा सिमरा विमानस्थल सञ्चालनमा आउनु, १९६० को दशकमा पूर्व पश्चिम राजमार्ग निर्माण, १९७० को दशकदेखि उद्योगहरूको स्थापना तथा पछिल्ला वर्षहरूमा विशेष आर्थिक क्षेत्र (SEZ) को विकास निर्णायक चरणका रूपमा रहेका छन् । यी पूर्वाधार र नीतिगत पहलहरूले सिमरालाई केवल स्थानीय बजारमा सीमित नगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आपूर्ति शृंखलासँग जोड्न महत्वपूर्ण भूमिका खेलेका छन् । उप-महानगरपालिकामा दर्ता भएका व्यवसायहरूको वडा विवरण अनुसार कुल २,०५६ वटा व्यवसाय तथा फर्महरू सञ्चालनमा रहेका छन् । तथ्याङ्कले देखाए अनुसार वडा नं. १ मा २३५, वडा नं. २ मा ३१५, वडा नं. ३ मा ११९, वडा नं. ४ मा १०५, वडा नं. ५ मा ३२, वडा नं. ६ मा ९२, वडा नं. ७ मा ४८६, वडा नं. ८ मा ३१, वडा नं. ९ मा ३२, वडा नं. १० मा ३२, वडा नं. ११ मा २०, वडा नं. १२ मा ३६, वडा नं. १३ मा २२, वडा नं. १४ मा ५०, वडा नं. १५ मा ४६, वडा नं. १६ मा ४५, वडा नं. १७ मा २२, वडा नं. १८ मा ६६, वडा नं. १९ मा ९, वडा नं. २० मा १४, वडा नं. २१ मा १७१, वडा नं. २२ मा ३३, वडा नं. २३ मा ३३ र वडा नं. २४ मा १० वटा व्यवसाय दर्ता रहेका छन् । यस विवरणले उप-महानगरपालिकाभित्र व्यापारिक क्रियाकलापहरू केही वडामा अत्याधिक केन्द्रित रहेको र केही वडामा तुलनात्मक रूपमा न्यून रहेको देखाउँछ । विशेष गरी वडा नं. ७, वडा नं. २, वडा नं. १ र वडा नं. २१ मा व्यवसायको घनत्व बढी देखिनु यी क्षेत्रहरू प्रमुख व्यापारिक केन्द्र, बजार क्षेत्र तथा राजमार्गसँग नजिक रहेका कारणले हो । यसले स्थान गत आर्थिक असन्तुलन पनि संकेत गर्दछ, जसलाई भविष्यमा योजनाबद्ध ढंगले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

आज सिमरा उपमहानगरपालिका र यस वरपरका क्षेत्रहरूमा धेरै ठूला तथा मझौला उद्योगहरू सञ्चालनमा छन्, जसले उत्पादन, रोजगारी, निर्यात र राजस्व सङ्कलनमा उल्लेखनीय योगदान पुर्याइरहेका छन् । यहाँ सञ्चालनमा रहेका प्रमुख उद्योगहरूमध्ये जगदम्बा इन्टरप्राइजेज/जगदम्बा स्टिल (Jagadamba Steels) फलामे डन्डी तथा स्टिल उत्पादनमा अग्रणी उद्योग हो, जसले निर्माण क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । गोल्डस्टार सुज (Goldstar Shoes / Edoomee) ले सिमरालाई अन्तर्राष्ट्रिय फुटवेयर उद्योगको नक्सामा चिनाउँदै घरेलु तथा निर्यात बजार दुवैमा सशक्त उपस्थिति जनाएको छ ।

त्यसैगरी पशुपति सिमेन्ट (Pashupati Cement) ले सिमेन्ट उत्पादनमार्फत भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याएको छ। सिजी ग्रुप (CG Group) अन्तर्गतका खाद्य तथा पेय पदार्थ उद्योगहरूले (नुडल्स, स्न्याक्स आदि) उपभोक्ता बजारमा व्यापक पहुँच बनाएका छन्। आरएमसी ग्रुप (RMC Group - Edible Oil) ले प्रशोधित भटमास, सूर्यमुखी तथा पाम तेल उत्पादन गर्दै खाद्य तेल क्षेत्रमा योगदान पुर्याइरहेको छ । वायोकम नेपाल (Biocomp Nepal) ले कम्पोस्ट मल उत्पादनमार्फत दिगो तथा वातावरण मैत्री कृषि प्रणाली प्रवर्द्धन गरिरहेको छ ।

यसैगरी महाशक्ति परमेश्वरी इन्डस्ट्रिज, पॉलिमर इन्डस्ट्रिज प्रा.लि., चिमाली इन्डस्ट्रिज प्रा.लि. जस्ता उद्योगहरूले प्लास्टिक, निर्माण तथा उपभोग्य सामग्री उत्पादनमार्फत औद्योगिक विविधीकरणमा योगदान पुर्याइरहेका छन् । साथै सूर्य नेपाल प्रा. लि. (Surya Nepal Pvt. Ltd.) जस्तो बहु राष्ट्रिय कम्पनीको उपस्थिति यस क्षेत्रको औद्योगिक महत्त्व र लगानी मैत्री वातावरणको स्पष्ट प्रमाण हो । सूर्य नेपालले उत्पादन, रोजगारी, कर योगदान तथा आपूर्ति शृङ्खलाको विकासमार्फत सिमराको औद्योगिक पहिचानलाई अझ मजबुत बनाएको छ ।

सिमरा विशेष आर्थिक क्षेत्र (SEZ) औद्योगिक विकासको नयाँ आयामका रूपमा अघि बढिरहेको छ । हालसम्म सिमरा SEZ मा २५ भन्दा बढी नयाँ उद्योगहरूलाई सञ्चालन अनुमति दिइ सकिएको छ । यस क्षेत्रमा सिमेन्ट कम्पनी बोर्ड उत्पादन उद्योग, हर्बल प्रशोधन उद्योग, कृषिमा आधारित उद्योगहरू, इलेक्ट्रोनिक सवारी साधन एसेम्बली (EV Assembly), धातुका भाँडाकुँडा (Utensils) उद्योग, टिस्यु पेपर तथा गार्मेन्ट उद्योगहरू स्थापना भइरहेका छन् । SEZ भित्र उपलब्ध कर छुट, पूर्वाधार सुविधा, एकद्वार सेवा प्रणाली र निर्यातमुखी नीतिले स्वदेशी तथा विदेशी लगानी कर्तालाई आकर्षित गरेको छ । SEZ को विकासले जीतपुरसिमरालाई निर्यात केन्द्रित औद्योगिक सहरका रूपमा रूपान्तरण गर्ने दीर्घकालीन लक्ष्य बोकेको छ । यसले स्थानीय रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण र औद्योगिक प्रतिस्पर्धात्मक अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

ठूला उद्योगहरूसँगै जीतपुरसिमरा उप-महानगरपालिकामा स्थानीय तथा साना उद्योगहरूको पनि उल्लेखनीय उपस्थिति छ । डुमरवाना क्षेत्र लगायतका स्थानहरूमा एग्रो आधारित उद्योग, कृषि तथा पशु जन्य उत्पादनसँग सम्बन्धित व्यवसायहरू सञ्चालनमा छन् । खाद्य प्रशोधन अन्तर्गत तेल रिफाइनरी, दाल उद्योग तथा अन्य घरेलु उद्योगहरूले स्थानीय उत्पादनको बजारीकरणमा योगदान पुर्याइरहेका छन् । त्यस्तै, साना ईँटा भट्टा, कङ्क्रिट उद्योग तथा निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरूले स्थानीय पूर्वाधार विकास र रोजगारी सिर्जनामा टेवा पुर्याएका छन् ।

वीरगन्ज-पथलैया-सिमरा औद्योगिक करिडोरको प्रमुख विशेषता यसको सशक्त यातायात र आपूर्ति प्रणाली हो । पूर्व पश्चिम राजमार्ग नजिक रहेको यस क्षेत्रबाट कच्चा पदार्थ आयात तथा तयार उत्पादनको ढुवानी सहज छ । भारतीय सीमा नाका रक्सौल नजिक भएकाले निर्यातमुखी उद्योगहरूको घनत्व उच्च छ । साथै मोतिहारी-

अमलेखगन्ज पेट्रोलियम पाइप लाइन सञ्चालनमा आए सँगै इन्धन आपूर्ति सस्तो, सुरक्षित र नियमित बनेको छ, जसले औद्योगिक लागत घटाउन सहयोग पुर्याएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका नेपालको औद्योगिक, व्यापारिक र आपूर्ति प्रणालीको एक प्रमुख केन्द्रका रूपमा विकसित हुँदै गएको छ। जगदम्बा स्टिल्स, गोल्डस्टार सुज, सूर्य नेपाल, पशुपति सिमेन्ट, सीजी ग्रुप, आरएमसी ग्रुप, वायोकम नेपाल लगायत ठूला उद्योगहरूदेखि लिएर SEZ भित्रका नयाँ उद्योग र स्थानीय साना उद्योगसम्मको संयुक्त योगदानले सिमरालाई मधेश प्रदेशकै आर्थिक मेरुदण्डका रूपमा स्थापित गरेको छ। रणनीतिक भौगोलिक अवस्थिति, औद्योगिक पूर्वाधार र लगानी मैत्री वातावरणको प्रभावकारी उपयोगमार्फत सिमराले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा अझ महत्वपूर्ण भूमिका खेल्ने स्पष्ट सम्भावना देखिन्छ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

जीतपुरसिमरा उप-महानगरपालिकाको समग्र आर्थिक विकासमा आम्दानी वृद्धि, रोजगारी सिर्जना तथा वित्तीय सेवाको विस्तारले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। उद्योग, व्यापार, सेवा तथा कृषि क्षेत्रको क्रमिक विस्तारसँगै यहाँका नागरिकहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन देखिन थालेको छ। विशेषगरी वीरगन्ज पथलैया औद्योगिक करिडोरमा अवस्थित हुनु, सिमरा विशेष आर्थिक क्षेत्र (SEZ) को विकास तथा स्थानीय साना र मझौला उद्योगहरूको विस्तारका कारण आम्दानीका स्रोतहरू विविधीकरण हुँदै गएका छन्। यसले उप-महानगरपालिकालाई मधेश प्रदेशकै एक महत्वपूर्ण आर्थिक केन्द्रको रूपमा स्थापित गर्न सहयोग पुर्याएको छ।

औद्योगिक तथा व्यापारिक गतिविधिको विस्तारसँगै उप-महानगरपालिकाभित्र तथा आसपासका क्षेत्रका हजारौं श्रमिकहरू उद्योग, कल कारखाना, ढुवानी सेवा, गोदाम, निर्माण, होटेल, रेस्टुरेन्ट तथा विभिन्न सेवा क्षेत्रमा रोजगारीमा संलग्न छन्। यसले स्थानीयस्तरमा बेरोजगारी दर घटाउन सहयोग पुर्याएको छ भने युवाहरूका लागि वैदेशिक रोजगारीको विकल्पसमेत सिर्जना गरेको छ। उद्योग तथा सेवा क्षेत्रसँगै कृषि क्षेत्रमा पनि व्यावसायिक खेती, पशुपालन, एग्रो प्रोसेसिङ उद्योग तथा बजार पहुँच विस्तारका कारण किसानहरूको आम्दानीमा उल्लेखनीय वृद्धि भएको छ। कृषि क्षेत्रलाई परम्परागत जीविकोपार्जनबाट व्यवसायीक रूपान्तरण गर्न यी गतिविधिहरूले महत्वपूर्ण योगदान पुर्याएका छन्।

आम्दानी वृद्धि र आर्थिक क्रियाकलापको विस्तारसँगै जीतपुरसिमरा उप-महानगरपालिकामा वित्तीय सेवाको पहुँच पनि उल्लेखनीय रूपमा बढेको छ। उप-महानगरपालिकामा कृषि विकास बैक लि., नविल बैक लि., सिद्धार्थ बैक लि., राष्ट्रिय वाणिज्य बैक लि., बैक अफ काठमाडौं, नेपाल बैक लि., ईन्भेष्मेन्ट मेघा बैक लि. लगायतका वाणिज्य बैकहरू सञ्चालनमा रहेका छन्। त्यसैगरी विकास बैङ्कहरूमा ज्योति विकास बैक, महालक्ष्मी विकास बैक लि. रहेका छन् भने फाइनान्स तथा लघु वित्त संस्थाहरूमा छिमेकी लघुबित्त विकास बैक लि., ग्रामीण विकास बैक लि., डिप्रोक्स, समता, निर्धन, नेसनल तथा साना किसान राष्ट्रिय बैक लि. लगायतका संस्थाहरू सक्रिय रूपमा वित्तीय सेवा प्रदान गरिरहेका छन्।

यसका अतिरिक्त, सहकारी ऐन २०४८ बमोजिम डिभिजन सहकारी कार्यालयमा दर्ता भई यस उप-महानगरपालिकामा सहकारी संस्थाहरू स्थापित भई सञ्चालनमा रहेका छन्। उप-महानगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरणअनुसार बचत तथा ऋण सहकारी संस्थाहरू ३९, कृषि सहकारी संस्थाहरू ३५, दुग्ध उत्पादक सहकारी संस्थाहरू ६, उपभोक्ता सहकारी संस्थाहरू ३, बहुउद्देश्यीय सहकारी संस्थाहरू ५, साना किसान सहकारी संस्थाहरू ४, पशुपालन सहकारी संस्थाहरू २ तथा अन्य सहकारी संस्थाहरू २ गरी जम्मा ९८ वटा सहकारी संस्थाहरू यस पालिकामा दर्ता भई सञ्चालनमा रहेका छन् (वार्षिक प्रगति पुस्तिका, २०८२)। यी सहकारी संस्थाहरूले स्थानीय स्तरमा बचत संकलन, ऋण प्रवाह, उत्पादन र व्यवसाय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

उप-महानगरपालिकामा उपलब्ध बैक, वित्तीय संस्था, लघु वित्त तथा सहकारी संस्थाहरूले बचत, कर्जा, बीमा, विप्रेषण (रेमिटेन्स), मोबाइल तथा डिजिटल भुक्तानी सेवामार्फत आर्थिक कारोबारलाई सहज बनाएका छन् । विशेष गरी सहकारी तथा लघु वित्त संस्थाहरूले महिला, साना व्यवसायी, किसान, श्रमिक तथा विपन्न वर्गलाई वित्तीय पहुँच प्रदान गर्दै स्व रोजगार, साना उद्यम विकास तथा आत्मनिर्भरता प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्याएका छन् । वैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाले उद्योग स्थापना, व्यापार विस्तार, कृषि व्यवसाय, आवास निर्माण, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी बढाउन सहयोग पुगेको छ ।

आम्दानी वृद्धि, रोजगारी सिर्जना र वित्तीय सेवाको विस्तारले जीतपुरसिमरा उप-महानगरपालिकालाई आर्थिक रूपमा सबल, समावेशी र दिगो विकासको दिशामा अघि बढाइरहेको छ । उद्योग, व्यापार, कृषि तथा वित्तीय क्षेत्र बीचको समन्वयले नगरको समग्र सामाजिक आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको स्पष्ट देखिन्छ, जसले आगामी दिनमा पनि दिगो र समावेशी विकासको आधार मजबुत बनाउने अपेक्षा गर्न सकिन्छ ।

### २.२.५ सहकारी

“एकको लागि हरेक र हरेकको लागि एक” भन्ने मान्यतामा आधारित सहकारी आन्दोलन आज विश्व भर लोकप्रिय बन्दै गएको छ । सहकारीको मूल दर्शन सामूहिकता, पारस्परिक सहयोग र समान सहभागितामा आधारित हुन्छ, जहाँ सदस्यहरू आफैँ मालिक, उपभोक्ता र निर्णय कर्ता हुन्छन् । यस अवधारणाले सानो-सानो पूँजीलाई एकत्रित गरी ठूलो आर्थिक प्रभाव सिर्जना गर्न सकिने सम्भावना देखाएको छ । विशेषगरी आर्थिक रूपमा कमजोर तथा निम्न वर्गीय समुदायका लागि सहकारी संस्थाहरू नजिकको, विश्वासिलो र व्यवहारिक संस्थाको रूपमा स्थापित भएका छन् ।

नेपालमा सहकारी क्षेत्रको विकास सहकारी ऐन २०४८ को कार्यान्वयनसँगै व्यवस्थित रूपमा अघि बढेको देखिन्छ । सोही ऐन बमोजिम डिभिजन सहकारी कार्यालयमा दर्ता भई जीतपुरसिमरा उप-महानगरपालिकाभित्र पनि विभिन्न प्रकृतिका सहकारी संस्थाहरू स्थापना भई सञ्चालनमा रहेका छन् । यी सहकारी संस्थाहरूले स्थानीय आवश्यकता र सम्भावनालाई केन्द्रमा राखी बचत संकलन, ऋण प्रवाह, उत्पादन वृद्धि तथा व्यवसाय प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गर्दै आएका छन्, जसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएको छ ।

उप-महानगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरणअनुसार बचत तथा ऋण सहकारी संस्थाहरू ३९ वटा, कृषि सहकारी संस्थाहरू ३५ वटा, दुग्ध उत्पादक सहकारी संस्थाहरू ६ वटा, उपभोक्ता सहकारी संस्थाहरू ३ वटा, बहुउद्देश्यीय सहकारी संस्थाहरू ५ वटा, साना किसान सहकारी संस्थाहरू ४ वटा, पशुपालन सहकारी संस्थाहरू २ वटा तथा अन्य सहकारी संस्थाहरू २ वटा गरी जम्मा ९८ वटा सहकारी संस्थाहरू दर्ता भई सञ्चालनमा रहेका छन् (वार्षिक प्रगति पुस्तिका, २०८२) । यसले उप-महानगरपालिकामा सहकारी क्षेत्रको व्यापक उपस्थिति र सक्रियता स्पष्ट रूपमा देखाउँछ । यी सहकारी संस्थाहरूले स्थानीय स्तरमा बचत संकलन र ऋण प्रवाहमार्फत पूँजी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । साना बचतलाई सुरक्षित रूपमा संकलन गरी सदस्यहरूको आवश्यकता अनुसार ऋण उपलब्ध गराउँदा सहकारी संस्थाहरूले आर्थिक गतिविधिमा सहभागी हुन नसक्ने वर्गलाई पनि अवसर प्रदान गरेका छन् । यसले साहू महाजनमा निर्भर रहनु पर्ने अवस्था घटाउँदै वित्तीय समावेशीकरणलाई मजबुत बनाएको छ ।

यस क्षेत्रका धेरैजसो सहकारी संस्थाहरू कृषि, महिला सशक्तिकरण, बचत तथा ऋण, सामूहिक विकास तथा जीविकोपार्जनका क्रियाकलापमा केन्द्रित रहेका छन् । कृषि सहकारी संस्थाहरूले बीउ, मल, प्रविधि तथा बजार व्यवस्थापनमा सहयोग पुर्याउँदै किसानहरूको उत्पादन र आम्दानी वृद्धि गर्न योगदान दिएका छन् । दुग्ध उत्पादक सहकारी संस्थाहरूले दूध संकलन, प्रशोधन र बजार व्यवस्थापनमार्फत ग्रामीण अर्थतन्त्र सुदृढ बनाएका छन् । त्यसैगरी महिला केन्द्रित सहकारीहरूले महिलालाई आर्थिक रूपमा सक्षम बनाउँदै निर्णय प्रक्रियामा सहभागिता बढाएका छन् ।

सहकारीमा आबद्धता पछिल्ला वर्षहरूमा निरन्तर बढ्दो क्रममा रहेको छ । यसले सहकारी प्रति स्थानीय समुदायको विश्वास बढ्दै गएको संकेत गर्दछ । सानो-सानो पूँजीको प्रभावकारी व्यवस्थापन, पारदर्शी सञ्चालन र सदस्य केन्द्रित सेवाका कारण सहकारी संस्थाहरू आर्थिक आत्म निर्भरताको आधार बन्दै गइरहेका छन् । सहकारीमार्फत सदस्यहरूले स्व रोजगार सिर्जना, साना उद्यम स्थापना, कृषि तथा व्यवसाय विस्तार जस्ता गतिविधिमा संलग्न हुन सकेका छन्, जसले उनीहरूको जीवनस्तर सुधारमा प्रत्यक्ष प्रभाव पारेको छ ।

जीतपुरसिमरा उप-महानगरपालिकामा सञ्चालित सहकारी संस्थाहरूले केवल वित्तीय सेवा मात्र नभई सामाजिक एकता, पारस्परिक सहयोग र सामूहिक विकासको संस्कृतिलाई प्रवर्द्धन गरिरहेका छन् । "एकको लागि हरेक र हरेकको लागि एक" भन्ने सहकारी सिद्धान्त व्यवहारमा उतार्दै यी संस्थाहरूले स्थानीय तहमा दिगो, समावेशी र आत्मनिर्भर आर्थिक विकासको बलियो आधार निर्माण गरिरहेका छन् । आगामी दिनमा सहकारी क्षेत्रको क्षमता अभिवृद्धि, सुशासन र प्रविधिको प्रयोगलाई थप सुदृढ गर्न सकिएमा सहकारीहरूले उप-महानगरपालिकाको समग्र सामाजिक आर्थिक रूपान्तरणमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य र पोषण मानव जीवनका आधारभूत आवश्यकता हुन् । स्वस्थ नागरिक बिना दिगो विकास सम्भव नहुने भएकाले स्थानीय तहको प्रमुख दायित्वमध्ये जनस्वास्थ्य प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखिएको हुन्छ । यस सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकाले आफ्ना नागरिकहरूको स्वास्थ्य अवस्था सुधार गर्न तथा पोषणको सुनिश्चितता गर्न विभिन्न नीति, कार्यक्रम र संरचनागत व्यवस्थाहरू अवलम्बन गर्दै आएको छ । उप-महानगरपालिकाको प्रत्येक वडामा कम्तीमा एक वटा स्वास्थ्य संस्था अवस्थित रहेकोले आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित भएको छ । हाल उप-महानगरपालिकाभित्र वडा नं. १६ मा दुई वटा सहित जम्मा २५ वटा स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन् । ती संस्थाहरूमा वडा नं. २ मा अवस्थित १ वटा जितपुर अस्पताल, १५ वटा आधारभूत स्वास्थ्य केन्द्र, ७ वटा स्वास्थ्य चौकी तथा २ वटा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र रहेका छन् । यस भौतिक संरचनागत उपलब्धताले समुदाय स्तरमै स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाएको छ ।

उप-महानगरपालिकाले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक औषधि, खोप तथा औषधि जन्य सामग्रीको भण्डारण र वितरण प्रणालीलाई सुदृढ बनाएको छ । नियमित खोप कार्यक्रम, निःशुल्क आधारभूत औषधि वितरण तथा आकस्मिक स्वास्थ्य सेवाले आम नागरिकलाई प्रत्यक्ष लाभ पुर्याएको छ । पछिल्ला वर्षहरूमा उप-महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राहिहरुको संख्या बढ्दै जानु यस क्षेत्रको स्वास्थ्य सेवा प्रति जन विश्वास बढेको सूचकका रूपमा लीन सकिन्छ ।

जीतपुरसिमरा उप-महानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाले पालिकाका २४ वटै वडामा प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाहरू विस्तार गर्ने कार्य गर्दै आएको छ । प्रतिकारात्मक सेवा अन्तर्गत नियमित तथा अभियान मुखी खोप कार्यक्रम, रोगको प्रारम्भिक पहिचान तथा नियन्त्रणका कार्यक्रम सञ्चालन भइरहेका छन् । प्रवर्द्धनात्मक सेवा अन्तर्गत स्वास्थ्य शिक्षा, सरसफाइ प्रवर्द्धन, सुरक्षित मातृत्व तथा स्वस्थ जीवन शैलीसम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । त्यस्तै, उपचारात्मक सेवा अन्तर्गत सामान्य रोगदेखि प्राथमिक उपचार तथा आवश्यक सन्दर्भ सेवाहरू प्रदान गर्रिंदै आएको छ ।

मातृ स्वास्थ्य सेवा उप-महानगरपालिकाको प्राथमिकताका क्षेत्रहरूमध्ये एक हो । सुरक्षित गर्भावस्था, संस्थागत सुत्केरी सेवा, गर्भवती तथा सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य परीक्षण, पोषण परामर्श तथा आइरन,फोलिक एसिड

वितरण जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यसले मातृ मृत्युदर घटाउन तथा आमाको समग्र स्वास्थ्य सुधार गर्न सहयोग पुर्याएको छ । त्यस्तै, शिशु तथा बाल स्वास्थ्य सेवा अन्तर्गत नवजात शिशु स्याहार, पूर्ण खोप, वृद्धि अनुगमन तथा बालरोग नियन्त्रण कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका छन् ।

पोषणको अवस्था सुधार नगरी स्वास्थ्य लक्ष्य हासिल गर्न कठिन हुने भएकाले उप-महानगरपालिकाले पोषणलाई स्वास्थ्यसँग अभिन्न रूपमा जोडेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गर्भवती महिला, सुत्केरी आमा, पाँच वर्षमुनिका बालबालिका तथा किशोरीहरूलाई लक्षित पोषणसम्बन्धी कार्यक्रमहरू, जस्तै पोषण परामर्श, सूक्ष्म पोषक तत्व वितरण, कुपोषण पहिचान तथा व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयनमा छन् । यसले कुपोषण न्यूनीकरण गर्न तथा स्वस्थ पुस्ता निर्माणमा योगदान पुर्याएको छ ।

सरुवा रोग नियन्त्रण तथा रोकथाम उप-महानगरपालिकाको अर्को महत्वपूर्ण जिम्मेवारी हो । डेंगु, झाडा पखाला, क्षयरोग, मलेरिया जस्ता रोगको रोकथामका लागि निगरानी, जन चेतना, सरसफाइ प्रवर्द्धन तथा समयमै उपचार सेवा उपलब्ध गराउने कार्य निरन्तर रूपमा भइरहेको छ । स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) का कार्यक्रमहरूसँग समन्वय गर्दै रोगको जोखिम न्यूनीकरण गर्न प्रयास गरिएको छ ।

जीतपुरसिमरा उप-महानगरपालिकाले स्वास्थ्य र पोषण क्षेत्रमा संरचनागत विस्तार, सेवा प्रवाहको गुणस्तर सुधार तथा जन चेतना अभिवृद्धिमार्फत उल्लेखनीय प्रगति हासिल गर्दै आएको छ । स्वास्थ्य संस्थाको पहुँच, सेवा ग्राहीको बढ्दो सहभागिता, मातृ शिशु स्वास्थ्य तथा पोषण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले उप-महानगरपालिकाको मानव विकास सूचकाङ्क सुधारतर्फ सकारात्मक संकेत देखाएको छ । आगामी दिनहरूमा स्वास्थ्य सेवाको गुणस्तर, विशेषज्ञ सेवा विस्तार र पोषण मैत्री कार्यक्रमहरूलाई थप सुदृढ गर्दै लैजान सकेमा उप-महानगरपालिका स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माणतर्फ अझ द्रुत गतिमा अघि बढ्ने अपेक्षा गर्न सकिन्छ ।

### २.३.२ शैक्षिक विकास

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यामिक शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यस संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sectoral Plan - SESP) तथा १६औँ राष्ट्रिय योजना लागू गरिएको छ ।

दिगो विकास लक्ष्य (Sustainable Development Goals-SDGs) ले विश्वव्यापी रूपमा दिगो र समावेशी विकासका साझा लक्ष्यहरू निर्धारण गरेका छन् । ती मध्ये दिगो विकास लक्ष्य ४ (SDG-4) ले "सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने" लक्ष्य लिएको छ । SDG-4 अन्तर्गत आधारभूत तथा माध्यामिक शिक्षामा सर्व सुलभ पहुँच, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षा, तथा शिक्षाको गुणस्तर अभिवृद्धिलाई प्रमुख लक्ष्यका रूपमा लिइएको छ । नेपालले SDG-4 लाई राष्ट्रिय विकासको दीर्घकालीन मार्गदर्शनका रूपमा स्वीकार गरी नीतिगत तथा कार्यक्रम गत संरचनामा समेट्दै आएको छ ।

१६औँ राष्ट्रिय योजनाले शिक्षालाई मानव पूँजी विकासको आधारका रूपमा व्याख्या गर्दै गुणस्तरीय शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षा, डिजिटल शिक्षा, शिक्षामा समान पहुँच तथा रोजगारसँग जोडिएको शिक्षा प्रणाली लाई प्राथमिकताका क्षेत्रका रूपमा अघि सारेको छ । यस योजनाले SDG-4 का लक्ष्यहरूलाई राष्ट्रिय सन्दर्भअनुसार कार्यान्वयन गर्ने स्पष्ट दिशानिर्देश प्रदान गर्दछ ।

संघीय शासन प्रणाली अन्तर्गत मधेश प्रदेश ले राष्ट्रिय नीति तथा योजनालाई प्रदेशको सामाजिक, आर्थिक र भौगोलिक सन्दर्भअनुसार कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्दछ। मधेश प्रदेशको पहिलो आवधिक योजना ले शिक्षामा पहुँच विस्तार, छात्रा शिक्षा, दलित तथा सीमान्तकृत समुदायको सहभागिता, सामुदायिक विद्यालयको सुदृढीकरण र शिक्षक व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखेको छ । त्यसैगरी मधेश प्रदेशको दोस्रो आवधिक योजना ले पहिलो योजनाबाट सिकाइ लिँदै शिक्षाको गुणस्तर सुधार, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, डिजिटल प्रविधिको प्रयोग, रोजगार मुखी शिक्षा तथा मानव विकास सूचक सुधार मा विशेष जोड दिएको छ। यसरी प्रदेशका पहिलो र दोस्रो आवधिक योजनाहरूले SDG-4 र १६औँ राष्ट्रिय योजना बीचको नीतिगत सेतुको काम गरेका छन्।

स्थानीय तहको रूपमा रहेको जीतपुरसिमरा उप-महानगरपालिका ले SDG, राष्ट्रिय तथा प्रदेश स्तरीय शिक्षा नीतिहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी वहन गर्दछ। उप-महानगरपालिकाले स्थानीय शिक्षा ऐन, आवधिक योजना, वार्षिक योजना, विद्यालय सुधार योजना (SIP) तथा विभिन्न लक्षित शैक्षिक कार्यक्रममार्फत शिक्षाको पहुँच, गुणस्तर र समावेशिता प्रवर्द्धन गर्दै आएको छ। सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधार, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम, शिक्षक व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन, बालमैत्रि तथा छात्रा मैत्री विद्यालय विकास जस्ता कार्यक्रमहरू SDG-4, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशको पहिलो र दोस्रो आवधिक योजनासँग प्रत्यक्ष रूपमा सम्बद्ध छन्।

यसरी विश्लेषण गर्दा, SDG-4 ले विश्वव्यापी दीर्घकालीन दृष्टि प्रदान गर्ने, १६औँ राष्ट्रिय योजनाले त्यस दृष्टिलाई राष्ट्रिय प्राथमिकता र कार्यक्रममार्फत कार्यान्वयन गर्ने, मधेश प्रदेशका पहिलो तथा दोस्रो आवधिक योजनाले प्रदेश गत आवश्यकता अनुसार त्यसलाई रूपान्तरण गर्ने र जीतपुरसिमरा उप-महानगरपालिकाले तीनै नीतिहरूलाई विद्यालय र समुदायको तहमा व्यवहारमा उतार्ने स्पष्ट नीतिगत शृङ्खला (policy linkage) देखिन्छ।

निष्कर्षमा, जीतपुरसिमरा उप-महानगरपालिकाको शिक्षा क्षेत्र SDG-4, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशको पहिलो र दोस्रो आवधिक योजनासँग सु संगत रूपमा अघि बढिरहेको देखिन्छ। आगामी दिनमा यी नीतिहरू बीचको समन्वयलाई अझ सुदृढ गर्दै स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली मजबुत बनाउन सकेमा स्थानीय तहमा गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न सकिनेछ।

शिक्षा विकासको आधार हो, साथै यो मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो। नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ। यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ। शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण माध्यम मानिन्छ। शिक्षा मानव जीवनको अभिन्न पाटो हो। जसले मानवलाई जीवनको उचाइसम्म पुग्न लाई मद्दत पुर्याउँछ। शिक्षाको महत्त्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र नगरको मुहार फेर्न सकिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस उप-महानगरपालिकाको कूल साक्षरता दर ७१.७ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७८.९ प्रतिशत र महिला साक्षरता दर ६४.५ प्रतिशत रहेको छ। ५ वर्ष भन्दा माथिका उमेर समूहका मध्ये ७१.७ प्रतिशतले पढ्न र लेख्न दुवै सक्छन् भने ०.३ ले पढ्न मात्र सक्छन्। उक्त उमेर समूहका २८.१ प्रतिशतले लेखपढ दुवै गर्न सक्दैनन् (राष्ट्रिय जनगणना, २०७८)।

यस उप-महानगरपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसंख्या मध्ये आधारभूत शिक्षा हासिल गर्ने जनसंख्या (३१.९%) छ भने माध्यामिक तहका शिक्षा हासिल गर्ने जनसंख्या ३७.७% रहेको छ। त्यसरी नै उच्च माध्यामिक तह उत्तीर्ण गर्ने जनसंख्या ८.२% छ। प्रवीणता तह वा सो सरह उत्तीर्ण गर्ने जनसंख्या १०.७% रहेको देखिन्छ

। स्नातक तह वा सो सरह उत्तीर्ण जनसंख्या ३.१% रहेको छ। स्नातकोत्तर वा सो सरह र सो भन्दा माथिका तह उत्तीर्ण गर्ने जनसंख्या १.५% देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस उप-महानगरपालिकामा शैक्षिक वर्ष ८१ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा उप-महानगरपालिकामा पठन पाठनका लागि ६० वटा सामुदायिक विद्यालयहरू रहेका छन् भने यी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको कुल संख्या १६७४८ रहेको छ। यसैगरी यस उप-महानगरपालिकामा ५० वटा संस्थागत विद्यालयहरू रहेका छन् जसमा १९९२५ विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

उप-महानगरपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुर्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैंगिक मैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, वाल मैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण, विद्यालय भर्ना दरमा वृद्धि, प्रौढ तथा विद्यालय जान नपाएकाहरूका लागि अनौपचारिक शिक्षा मार्फत साक्षरता वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यामिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन, मनोपरामर्श र किशोर किशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, पिछडिएको क्षेत्र एवं समुदाय केन्द्रितगरी नयाँ पूर्वप्राथमिक विद्यालय विस्तार, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयारी, विद्यालयमा छात्रवृत्ति, माध्यामिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैंगिक मैत्री शौचालय निर्माण, महिला तथा अपांगता भएका व्यक्ति लक्षित सीप विकास र जीवन पर्यन्त तथा आय आर्जन मूलक सिकाइ कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य देखिन्छ।

### २.३.३ खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाइ (WASH) मानव स्वास्थ्य, सामाजिक मर्यादा, वातावरणीय सन्तुलन र दिगो विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच सुनिश्चित गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। यस संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न दिगो विकास लक्ष्य-६ (SDG-6), राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति, १५औँ र १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशका आवधिक योजनाहरूले स्पष्ट मार्गदर्शन प्रदान गरेका छन्।

दिगो विकास लक्ष्य-६ ले सन् २०३० सम्म सबैका लागि सुरक्षित, किफायती तथा दिगो खानेपानी र सरसफाइ सेवा सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यस लक्ष्यले खुला दिसा मुक्त अवस्था कायम राख्ने, सुरक्षित पानीको गुणस्तर सुनिश्चित गर्ने, सरसफाइ र स्वच्छता व्यवहारमा सुधार ल्याउने तथा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र विपन्न समुदायका लागि समावेशी WASH सेवा विस्तारमा जोड दिएको छ। यी विश्वव्यापी प्रतिबद्धताहरूले जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ कार्यक्रमहरूको दीर्घकालीन दिशा निर्धारण गरेका छन्।

राष्ट्रिय स्तरमा, १५औँ राष्ट्रिय योजनाले आधारभूत खानेपानी तथा सरसफाइ सेवा अधिकांश घर परिवारमा पुगेको छ। कुल ९६.७ प्रतिशत घर परिवारमा खानेपानीको पहुँच पुगेको छ।। यसै निरन्तरतामा १६औँ राष्ट्रिय योजनाले खानेपानी तथा सरसफाइ सेवालाई अझै गुणस्तरीय, दिगो र जलवायु मैत्री बनाउने र खानेपानीको ९९ प्रतिशत जनतामा खानेपानीको पहुँच पुर्याउने लक्ष्य लिएको छ। योजनाले सुरक्षित खानेपानी पहुँचको दायरा विस्तार, फोहर पानी तथा ढल व्यवस्थापन, स्रोत संरक्षण, र स्थानीय तहको नेतृत्वमा WASH सेवा व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि सारेको छ

। प्रदेश स्तरमा, मधेश प्रदेशको पहिलो आवधिक योजनाले प्रदेशका सहरी तथा ग्रामीण क्षेत्रमा खानेपानी र सरसफाइ सेवामा रहेको असमानता घटाउने लक्ष्य राख्दै आधारभूत WASH सेवामा पहुँच विस्तारमा जोड दिएको छ। त्यसैगरी मधेश प्रदेशको दोस्रो आवधिक योजनाले खानेपानीको गुणस्तर, दिगो सरसफाइ, विद्यालय तथा स्वास्थ्य संस्थामा WASH सुविधा विस्तार, तथा व्यवहार परिवर्तन कार्यक्रमहरूलाई थप सुदृढ बनाउने नीति तथा ९९.५ प्रतिशत जनतालाई खानेपानीको सुविधा पुर्याउने लक्ष्य लिएको छ। यी प्रादेशिक योजनाहरूले स्थानीय तहलाई WASH योजना निर्माण, कार्यान्वयन र अनुगमनमा अग्रसर भूमिका निर्वाह गर्न स्पष्ट जिम्मेवारी प्रदान गरेका छन्।
उक्त नीतिगत तथा योजनागत आधारमा जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ सेवा विस्तार, सुधार र दिगो पनतर्फ विभिन्न प्रयासहरू हुँदै आएका छन्। उप-महानगरपालिकाले सुरक्षित खानेपानी स्रोतको संरक्षण, पाइपमार्फत पानी वितरण प्रणाली विस्तार, सार्वजनिक तथा घरायसी शौचालयको प्रयोग प्रवर्द्धन, खुला दिसा मुक्त अवस्थाको दिगोपन, विद्यालय तथा स्वास्थ्य संस्थामा WASH सुविधा सुदृढीकरण, र सरसफाइ तथा स्वच्छता व्यवहार परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यद्यपि, तीव्र सहरी करण, जनसंख्या वृद्धि, खानेपानी स्रोतमा दबाब, ढल तथा फोहर पानी व्यवस्थापनको चुनौती, तथा सबै वडामा समान गुणस्तरको WASH सेवा सुनिश्चित गर्नुपर्ने आवश्यकता अझै विद्यमान छ। यस सन्दर्भमा SDG-6, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशका दोस्रो आवधिक योजनाका लक्ष्यहरूसँग सुसंगत रूपमा स्थानीय WASH योजना कार्यान्वयन, स्रोत व्यवस्थापन, अन्तर निकाय समन्वय र नियमित अनुगमन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।
जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्र प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत प्रतिबद्धतासँग मेल खाँदै अघि बढिरहेको भए तापनि, सेवाको गुणस्तर, दिगोपन र समावेशितामा थप सुधारका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र समुदायको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ।

नेपालमा पनि विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धता गराउन राज्य लागि परेको छ। जीतपुरसिमरा उप-महानगरपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयनमा ल्याउँदै सहज रूपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि राज्य र यसका सञ्चालक निकायसँग पनि समन्वय गर्दै आएको देखिन्छ। पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक विकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवं छरिएर रहेको वस्ति भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाइको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा यस उप-महानगरपालिकाले यसलाई मध्यनजर गरि व्यवस्थापन गर्दै आइरहेको अवस्था छ। यस उप-महानगरपालिकामा पिउने पानीका स्रोतहरूमा कुवा, मूल धारा, नदी खोला र पाइपबाट वितरण गरिएको पानी नै हो। राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार यस उप-महानगरपालिकामा २५६५० कुल परिवार संख्या मध्ये धारा/पाइप (घर परिसर भित्र) - ३८.६० प्रतिशत, धारा/पाइप (घर परिसर बाहिर)- १५.७० प्रतिशत, ट्युबेल/हाते पम्प- ४०.३० प्रतिशत, ढाकिएको इनार/कुवा- ०.२० प्रतिशत, खुला इनार/कुवा- ०.८० प्रतिशत, मूल धारा- ३.४० प्रतिशत, खोला/झरना- ०.०२ प्रतिशत, जार/बोतल- ०.१० प्रतिशत र अन्य- ०.८० प्रतिशत रहेको देखिन्छ।
यस उप-महानगरपालिकामा एक घर एक धाराको व्यवस्था गर्ने, पानी शुद्धीकरण गर्ने वा सचेतना मूलक कार्यक्रम गर्ने, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्ने, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्ने, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्ने र फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गर्ने आवश्यक देखिन्छ। यस उप-महानगरपालिकामा प्रयोग गरिने शौचालयहरूमा स भएको (सार्वजनिक ढल) प्रयोग गर्ने

घर परिवारहरू २.७० प्रतिशत, फ्लस भएको (सेप्टिक ट्याङ्क) प्रयोग गर्ने घर परिवारहरू ५२.५० प्रतिशत, साधारण प्रयोग गर्ने घर परिवारहरू ३८.४० प्रतिशत, सार्वजनिक प्रयोग गर्ने घर परिवारहरू ०.५० प्रतिशत र चर्पी नभएको घर परिवारहरू ५.९० प्रतिशत रहेको छ। (राष्ट्रिय जनगणना, २०७८)।

यस उप-महानगरपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वा सचेतन मूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक बिभेद तथा जातीय छुवाछूतको अन्त्य गर्दै समानता, आर्थिक न्याय, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने मूल उद्देश्य लिएको छ। संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू अन्तर्गत महिलाको समान अधिकार, सुरक्षित मातृत्व, बालबालिकाको संरक्षण, दलित तथा पिछडिएका समुदायको समानुपातिक सहभागिता, सामाजिक न्याय र आर्थिक, शैक्षिक तथा सामाजिक दृष्टिले पछाडि परेका समूहको संरक्षणलाई विशेष महत्व दिइएको छ। यी संवैधानिक प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय महिला आयोग, दलित आयोग, समावेशी आयोग, मधेश आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भई सक्रिय रूपमा कार्यरत रहेका छन्। संघीय शासन प्रणालीले नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनका सबै तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ। महिला, बालबालिका तथा सामाजिक समावेशीकरणलाई समाजको समग्र विकास र समानताको प्रमुख सूचकका रूपमा लिँदै समुदायमा महिलाको सशक्तिकरण, बालबालिकाको सुरक्षा तथा दलित, जनजाति, अल्पसङ्ख्यक र भौगोलिक रूपमा पछाडि परेका क्षेत्रका नागरिकको सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्, जसले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षामा सकारात्मक सुधार ल्याएको देखिन्छ। तर तराई, पहाड र हिमाली क्षेत्रका दुर्गम बस्तीहरूमा अझै पनि महिलाको निर्णय प्रक्रियामा सीमित सहभागिता, बाल श्रम र बाल विवाह जस्ता सामाजिक चुनौतीहरू विद्यमान छन्। यस सन्दर्भमा समावेशीकरणकका लागि महिला, बालबालिका र पछाडि परेका समूहको सहभागिता, क्षमता अभिवृद्धि र सचेतनलाई प्राथमिकतामा राखिँदै सामुदायिक समूह, महिला स्वयंसेविका, बाल विकास केन्द्र तथा स्थानीय संघ संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। सामाजिक समावेशीकरणले मात्र समान अवसर, न्याय र दिगो विकास सुनिश्चित गर्न सक्ने भएकाले यसले महिलाको सशक्तिकरण, बालबालिकाको सुरक्षा र पछाडि परेका समूहको सामाजिक सहभागिता वृद्धि गर्दै समग्र समाजको प्रगतिशील विकासमा योगदान पुर्याउँछ। साथै, संविधानले CEDAW, बेइजिङ घोषणापत्र तथा दिगो विकास लक्ष्यहरूसँग सामञ्जस्य कायम गर्दै समानता र समावेशी समाज निर्माणको आधार तयार पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहहरूलाई विकास योजना निर्माण गर्दा महिला, बालबालिका र पछाडि परेका वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने, योजना कार्यान्वयनमा प्राथमिकता दिने तथा तथ्याङ्क प्रणालीमार्फत सामाजिक विकास र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने जिम्मेवारी तोकिएको छ। २०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपाल सरकार र विकास साझेदारहरूको सहयोगमा विद्यमान शक्ति सन्तुलनको पुनर् संरचना गर्दै सबै जात, जाति, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूती गर्ने लक्ष्यसहित लैङ्गिक समानता र समावेशीकरणलाई न्याय पूर्ण विकासको अपरिहार्य आधारका रूपमा अघि बढाइएको छ। यद्यपि, विगतका सामाजिक असमानता र विभेदकका कारण महिला, दलित, जनजाति, अल्पसङ्ख्यक तथा सामाजिक आर्थिक रूपमा

पछाडि परेका वर्गहरू अझै पनि विकासको मूल प्रवाहमा पूर्ण रूपमा समेटिन सकेका छैनन्, त्यसैले पालिका स्तरीय योजनाहरूले सामाजिक न्याय, समानता र मानव अधिकारसहितको सर्वाङ्गीण विकासलाई लक्ष्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अनिवार्य रूपमा समेट्नुपर्ने आवश्यकता देखिन्छ। यस सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकामा महिला तथा दलित जनप्रतिनिधिको उपस्थिति, महिला मैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास, महिलाद्वारा सञ्चालित सहकारी संस्था, विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी जाँच सेवा तथा वृद्ध भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू सकारात्मक अभ्यासका रूपमा रहेका छन्। साथै, राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा घर मात्र भएको परिवार ५.२० प्रतिशत, जग्गा मात्र भएको ९.६० प्रतिशत, घर र जग्गा दुवै भएको १३.१० प्रतिशत, घर र जग्गा दुवै नभएको ७०.४० प्रतिशत तथा उल्लेख नभएको १.७० प्रतिशत रहेको तथ्याङ्कले सामाजिक तथा आर्थिक असुरक्षाको अवस्था स्पष्ट देखाउँछ, जसका आधारमा समावेशी, समानुपातिक र न्याय पूर्ण समाज निर्माणका लागि लक्षित, सहभागिता मूलक र परिणाममुखी नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ।

राज्य नागरिकको अन्तिम अभिभावक हो। अतः राज्यले आफ्ना नागरिकलाई विशेष अवस्थामा रक्षा गर्ने वचन दिएको हुन्छ। राज्यमा भैपरि आउने समस्या तथा नागरिकको जीवनका आम अवस्था भन्दा विशेष फरक अवस्था आएको खण्डमा राज्यले नागरिकको रक्षाको लागि विभिन्न नीतिगत व्यवस्था गरेको हुन्छ। यस्ता व्यवस्था मध्ये सामाजिक सुरक्षा पनि एक हो। सामाजिक सुरक्षाका कार्यक्रम भित्र पर्ने एक समुदाय अपाङ्ग नागरिक पनि हुन। अपाङ्ग नागरिकलाई राज्यले विशेष कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा उपलब्ध गराउने गर्दछ। यसबाहेक पनि राज्यमा विविध प्रयोजनका लागि अपाङ्ग जनसंख्याको विवरण आवश्यक पर्दछ। अपाङ्गता मध्ये सबैभन्दा धेरै मानसिक (सुस्त), बोलाइमा समस्या, सुन्न गाह्रो भएको र बहु अपाङ्गता रहेका छन्। अपाङ्ग तथा असहाय व्यक्तिलाई विभिन्न हित तथा कल्याणकारी कार्यक्रमको संचालन गरि उनीहरूको अवस्था अनुकूल हुने कार्यक्रमको माध्यममार्फत राज्यको विशेष लगानीमा क्षमता अभिवृद्धिका लागि ठोस कदम चाल्नु पर्दछ। यसै मान्यता अनुसार उप-महानगरपालिका पनि अपाङ्ग तथा अशक्त नागरिकको लागि विशेष सामाजिक सुरक्षाका कार्य योजना निर्माण तथा संचालनका लागी प्रयास रत रहेको छ।

महिला तथा वञ्चितीकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय बिभेद अन्त्य गर्नु, लैंगिक तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्त कृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, तथा अपांगता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा व्याप्त लैंगिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैंगिक संवेदनशीलता र लैंगिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु, उप-महानगरपालिकाको सत्रहरूमा लैंगिक परीक्षण, लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई विश्लेषण, अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्नु, उप-महानगरपालिकामा लैंगिक बजेट प्रणालीको अवलम्बन गर्नु, समाजमा विद्यमान विकृति र विसङ्गतिको न्यूनीकरण गर्नु, लैंगिक समानता र समावेशीकरणकका कार्यक्रमहरू प्रत्येक वस्ति स्तरसम्म पुर्याउनु, अन्धविश्वास, कुरीति र जातिगत संकुचितताहरूलाई निर्मूल पार्नु आदि आवश्यक छ। उपरोक्त कुराहरूलाई दृष्टिगोचर गर्दै यो आवधिक योजनाको तर्जुमा गरिएको छ।

### २.३.५ युवा, खेलकुद तथा कला

जीतपुरसिमरा उप-महानगरपालिकामा युवा वर्ग समाजको ऊर्जा, सृजनशीलता र प्रगतिशील सोचको प्रमुख स्रोत हुन्। युवा समुदाय शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक गतिविधिमा सक्रिय सहभागिता जनाउने प्रमुख शक्ति हो। यद्यपि, युवा वर्गलाई विकासका अवसर, रोजगार र कौशल अभिवृद्धि कार्यक्रम उपलब्ध गराउने चुनौतीहरू रहेका छन्। युवालाई सिर्जनात्मक, सकारात्मक र उत्पादक बनाउने उद्देश्यका साथ स्थानीय सरकार, विद्यालय र सामुदायिक संगठन हरूले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्।

खेलकुद र मनोरञ्जन युवाको शारीरिक र मानसिक स्वास्थ्यमा महत्वपूर्ण भूमिका खेल्छ। खेलकुदले केवल शारीरिक स्वास्थ्य सुधार मात्र गर्दैन सहकार्य, अनुशासन, नेतृत्व क्षमता र सामाजिक सम्बन्धहरू विकास गर्न पनि सहयोग गर्छ। उप-महानगरपालिकामा विभिन्न खेलकुद गतिविधिहरू जस्तै फुटबल, भलिबल, दौड, कबड्डी, कबड्डी प्रतियोगिता र अन्य पारस्परिक खेलहरू सञ्चालन हुँदै आएका छन्। विद्यालय स्तरबाटै बालबालिका र युवालाई खेलकुदमा सहभागी गराउने पहलले स्वस्थ प्रतिस्पर्धा र सहकार्यको भावना विकास गरेको छ। मनोरञ्जनका माध्यमले युवा वर्गको मानसिक स्वास्थ्य, सामाजिक अन्तरक्रिया र सिर्जनात्मक क्षमतामा सुधार ल्याउँछ। यस उप-महानगरपालिकामा सामुदायिक पार्क, पुस्तकालय, सांस्कृतिक कार्यक्रम, चलचित्र गृह र सार्वजनिक सभा स्थलहरू युवाको मनोरञ्जन र सामाजिक सहभागिताका लागि प्रयोगमा छन्। यस्ता कार्यक्रमले युवा वर्गलाई नकारात्मक क्रियाकलापबाट जोगाउने, सामाजिक दायित्व र जिम्मेवारी बोध गराउने काम गर्छ।

स्थानीय तहले युवा र खेलकुदमा लगानी बढाएर पर्याप्त पूर्वाधार, प्रशिक्षण र प्रतियोगिता अवसर उपलब्ध गराउन आवश्यक छ। खेलकुद तालिम, स्वास्थ्य शिविर, मनोरञ्जन कार्यक्रम र युवा उद्यमशीलता प्रोत्साहनले युवालाई सशक्त बनाउने मात्र होइन, समुदायमा सामाजिक सद्भाव र समावेशी विकास प्रवर्द्धन गर्न सहयोग पुर्याउँछ।

सामुदायिक स्तरमा युवालाई सहभागी गराउने कार्यक्रम र प्रतियोगिता नियमित सञ्चालन गर्दा युवा वर्गले नेतृत्व, आत्मनिर्भरता र सामाजिक जिम्मेवारीमा सुधार ल्याउँछ। विशेष गरी ग्रामीण क्षेत्रका युवालाई खेलकुद र मनोरञ्जन कार्यक्रममार्फत सक्रिय, सृजनशीलता र समाज प्रति उत्तरदायी बनाउन सकिन्छ। यसरी, युवा, खेलकुद र मनोरञ्जनको क्षेत्रमा लगानीले उप-महानगरपालिकाको दीर्घकालीन विकास, सामाजिक समावेशीकरण र स्वस्थ समुदाय निर्माणमा प्रत्यक्ष योगदान पुर्याउँछ।

खेलकुद सम्बन्धित भौतिक पूर्वाधारहरू अन्तर्गत जीतपुरसिमरा रङ्गशाला, हरपुर खेल मैदान, प्रमुख रूपमा रहेका छन् भने प्रत्येक वडामा साना ठूला गरि सबै जसो वडामा खेल मैदानहरू रहेका छन्। उप-महानगरपालिकाले आफ्नो स्थापना काल देखि नै फुटबल खेलको वि काशको लागि वार्षिक रूपमा जीतपुरसिमरा गोल्डकपका लागि स्थानीय क्लबलाई कार्यक्रम आयोजनाको लागि अनुदान दिँदै आएको छ भने बालबालिकाको सर्वाङ्गीण हितका लागि विभिन्न प्रकारका शारीरिक तथा मानसिक खेलकुदका गतिविधिहरू (कुस्ती प्रतियोगिता, गजल प्रतियोगिता, चेस प्रतियोगिता, चित्रकला प्रतियोगिता, छन्द कविता प्रतियोगिता, टेनिस प्रतियोगिता, नाचगान प्रतियोगिता, फुटबल प्रतियोगिता, भलिबल, वक्तृत्वका प्रतियोगिता, स्वतन्त्र लेखन प्रतियोगिता) विद्यालय स्तरबाटै अगाडि बढाइरहेको छ। उप-महानगरपालिकामा आगामी दिनमा युवा कार्यक्रम, खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम र मनोरञ्जन पूर्वाधार विस्तार गरेर युवालाई अवसर उपलब्ध गराउने योजना आवश्यक छ। यसले समुदायमा सकारात्मक वातावरण सिर्जना गर्ने, युवा वर्गलाई सिर्जनात्मक तथा उत्पादक बनाउने र समाजमा सहकार्य र समावेशी भावना विकास गर्ने काम गर्नेछ। दीर्घकालीन दृष्टिले, खेलकुद र मनोरञ्जनको माध्यमबाट युवा वर्गलाई स्वस्थ, सक्रिय, जिम्मेवार र समृद्ध बनाउने कार्यले उप-महानगरपालिकाको समग्र विकासमा योगदान पुर्याउँछ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

### २.४.१ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण

पूर्वाधार तथा सहरी विकासको अवस्था अन्तर्गत बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रले स्थानीय तहको समग्र विकास, जीवनस्तर सुधार र आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको छ। पछिल्ला वर्षहरूमा सहरीकरणको तीव्र वृद्धिसँगै योजनाबद्ध बस्ती विकास, सुरक्षित तथा गुणस्तरीय आवासको माग बढ्दो क्रममा रहेको छ । यस सन्दर्भमा अव्यवस्थित बस्ती व्यवस्थापन, भूमि उपयोग योजना कार्यान्वयन, सुरक्षित आवास प्रवर्द्धन तथा विपद् जोखिम न्यूनीकरणलाइ प्राथमिकताका रूपमा अघि बढाइएको छ।

आवास क्षेत्रतर्फ नागरिकको सुरक्षित, किफायती र सम्मान जनक आवासमा पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। विशेषगरी विपन्न, दलित, सुकुम्बासी तथा जोखिम युक्त बस्तीमा बसोबास गर्ने समुदायका लागि आवास सुधार, पुनः स्थापना तथा एकीकृत आवास आयोजना कार्यान्वयन हुँदै आएका छन्। भवन निर्माणमा राष्ट्रिय भवन संहिता लागू गर्ने प्रयास बढ्दै गएको छ, जसले भूकम्प तथा अन्य प्राकृतिक विपद् प्रतिरोधी संरचना निर्माणमा सहयोग पुर्याएको छ।

भवन तथा सार्वजनिक निर्माण क्षेत्र अन्तर्गत सरकारी कार्यालय भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभा हल तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण तथा स्तरोन्नति कार्य हुँदै आएको छ। यी संरचनाहरूमा अपाङ्ग मैत्री, लैङ्गिक समावेशी र वातावरण मैत्री अवधारणालाई क्रमशः समावेश गर्न थालिएको छ। साथै, निर्माण कार्यमा गुणस्तर, दिगोपन र मर्मत सम्भारलाई जोड दिइँदै आएको छ।

समतल मैदान भएकोले यहाँ प्राय सबै क्षेत्र आवास योग्य छ र विभिन्न समुदायका मानिसहरू पालिका भरी नै फैलिएर बसोबास गरेको पाइन्छ । अमलेखगन्ज, पथलैया, जितपुर, डुमरवाना, नितनपुर, फत्तेपुर, इनर्वासिरा, वेहरा, पिलुवा बाक्लो बस्ती भएका क्षेत्रहरू हुन्। अन्य क्षेत्रहरूमा प्राय एकैनासको बसोबास छ। बस्ती विकासको कुनै योजना बिना नै बसेको बस्ती भएकोले बस्ती र बाटो छरपस्ट देखिन्छन्। समतल जमिन र सबैतिर यातायातका साधन पुग्ने भएकोले यहाँ अधिकांश आवास भवन पक्की छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका आवासीय भवनहरू मध्य माटोको जोडाइ भएको इट्टा वा ढुंगाको गारो भएको घरहरूको संख्या ७.५ प्रतिशत रहेको छ। सिमेन्टको जोडाइ भएको इट्टा वा ढुंगाको जोडाइ गारो भएको घरहरूको संख्या ६६.२ प्रतिशत रहेको छ। काठ वा फल्याकको गारो भएको घरहरूको संख्या ३.१ प्रतिशत रहेको छ। बास जन्य सामाग्रीको गारो भएको घरहरूको संख्या २१.८ प्रतिशत रहेको छ अन्यमा काँचो इट्टा, जस्ता/ टिन/च्यादर, प्रिफ्याक जस्ताले बनेका गारो रहेको छ भने जस्ता/ टिन/च्यादरबाट बनेको छानो २९.४ प्रतिशत, सिमेन्ट/ढलान बनेको छानो ४६.९ प्रतिशत, खर/पराल/झिँगटी २५.७ प्रतिशत रहेको छ भने ढुंगा/स्लेट/काठ/फल्याक अन्यमा रहेको छ। यसैगरी आफ्नै घरमा बस्ने ९०.७ प्रतिशत, भाडामा बस्ने ७.९ प्रतिशत, संस्थागत ०.७ प्रतिशत तथा अन्यमा ०.७ प्रतिशत रहेको छ । व्यक्तिका आवासीय भवन निर्माण गर्दा सबैमा नगरपालिकाको मापदण्ड र नियम पालन गराउन सकिएको देखिँदैन। सार्वजनिक भवनहरूमा यहाँ नगरपालिका र वडा कार्यालय, अस्पताल, स्वस्थ चौकीका भवन पक्की छन् भने विद्यालयका भवनहरू पक्की र इट्टा, सिमेन्ट र जस्ताको छाना भएका मिश्रित भवन छन्।

### २.४.२ सडक, पुल तथा यातायात

सडक पूर्वाधार विकासको मूल आधार हो। सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ। नगरको प्रभावकारी विकासका लागि पनि सडक सञ्जाल अत्यन्त जरुरी हुन्छ। सडकको विकासले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध

गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदान गर्दछ । यस नगरका सबै घर र बस्तीसम्म सडकको पहुँच पुगेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा आ. व. २०७९/८० देखि २०८१/८२ सम्म करिब ५० किलोमिटर पक्की तथा कच्चि नयाँ सडकहरू निर्माण भइसकेको छ । ती मध्ये करिब ८५ प्रतिशत सडकमा सार्वजनिक यातायात सञ्चालनमा रहेको छ । साबिक नगर तथा गाउँ विकास समितिहरू समेटेर उप-महानगरपालिकामा रूपान्तरण गर्दा थपिएका नयाँ वडाहरूलाई जीतपुरसिमराको मुख्य व्यापारिक केन्द्रसँग सडक सञ्जालमार्फत जोडिएको छ । सडक पहुँचका हिसाबले अधिकांश वडाहरू सडक सञ्जालमा समावेश भइ सकेका छन् । तर, ग्रामीण क्षेत्रका केही वडाहरूका केही स्थानहरूमा अझै कच्ची सडकमा निर्भर रहनु परेको अवस्था विद्यमान छ । यस कारण, उप-महानगरपालिकाले मुख्य व्यापारिक केन्द्र र ग्रामीण वडाहरू बीच दिगो यातायात सेवा सञ्चालनका लागि गुणस्तरीय सडक विकासलाई प्राथमिकता दिइरहेको छ । इन्जिनियरिङ दृष्टिकोणबाट मूल्याङ्कन गर्दा सम्पूर्ण संरचनाहरूलाई लाइफ साइकल कोस्टिङ विचार गरी निर्माण गरिएको खण्डमा दीर्घकालीन मर्मत खर्च घटाउने सम्भावना उच्च छ भने सडक, नाला, पुल-पुलेसा प्रयोग भएको इन्जिनियरिङ मापदण्डले सहरी-ग्रामीण Resilient Infrastructure System निर्माणमा टेवा पुर्याउने देखिन्छ ।


यस्तै गरी, यात्री प्रतीक्षालय, ट्राफिक संकेत व्यवस्थापन तथा सडक स्तरोन्नतिका कार्य नेपाल सरकार, मधेश प्रदेश सरकार तथा अन्य विकास साझेदारहरूको सहकार्यमा अगाडि बढाइएको छ । भौगोलिक र विकासका दृष्टिकोणले विविधता पूर्ण उप-महानगरपालिकाका ग्रामीण वडाहरूमा आधारभूत पूर्वाधार विकासको सुरुआत भइसकेको छ । ती क्षेत्रहरूमा कनेक्टिङ्ग सडकहरूको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ । यस्तो सडक सञ्जालको विकासले ग्रामीण वडाहरूमा सहज सार्वजनिक यातायात सेवा विस्तार मात्र होइन, "बन्दैछ जीतपुरसिमरा" को अवधारणा साकार पार्न पनि महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ । यसैले, कनेक्टिङ्ग सडक योजनाहरूलाई उप-महानगरपालिकाले उच्च प्राथमिकतामा राखेको देखिन्छ । योजनाहरूलाई Integrated Urban-Rural Linkage Development अन्तर्गत प्राथमिकता दिएर निर्माण भएका विद्यालय, अस्पताल र सामुदायिक भवनहरू सामाजिक इन्जिनियरिङ (Social Engineering) का दृष्टिले महत्वपूर्ण लगानी साबित भएका छन् । यी तथ्याङ्क र उपलब्धिहरूले उप-महानगरपालिकालाई "इन्जिनियरिङ नवप्रवर्तन र दिगो पूर्वाधार विकासको उत्कृष्ट अभ्यास" का रूपमा स्थापित गरेको छ । यसले स्थानीय विकास मात्र नभई प्रदेश स्तरमा समेत दीर्घकालीन भौतिक सम्पत्ति (Asset Creation) तथा आर्थिक समृद्धि (Economic Growth Enabler) को आधार बलियो बनाएको छ ।

नगरका सबै वस्तिहरूमा सडक सञ्जालको विस्तार गरिनु पर्ने, निर्माण भएका सडकहरूको स्तरोन्नति गर्नुपर्ने, वातावरणीय प्रभाव विश्लेषण गरिनु पर्ने, सडक निर्माण गर्दा ईन्जिनियरिंग डिजाइन अनुसार विस्तृत लागत अनुमान गर्ने तथा उपकरणहरूको न्यूनतम प्रयोग गर्नु जस्ता कुराहरूको आवश्यकता रहेको छ । त्यस्तै नगरका अधिकांश स्थानहरूमा सडक, पक्की, झोलुङ्गे तथा काठे पुलहरूका अभाव रहेको छ । जसले गर्दा यातायातका साधन सञ्चालनमा समस्या, स्कूल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न र स्थानीयहरूलाई बजार गर्न जान जस्ता समस्याहरू रहेका छन् । आवश्यकता अनुसार रणनीतिक तथा प्रमुख स्थलहरूमा सडकको सञ्जाल विस्तार, पक्की, झोलुङ्गे तथा काठे पुलहरू निर्माण गर्नुपर्ने देखिन्छ ।


### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

जल विद्युत् आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेघाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको

सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत् ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस नगरमा उज्यालोको लागि ९७.९० घर परिवारले विद्युतको प्रयोग गर्न गरेको देखिन्छ । त्यस्तै १.२० घर परिवारले सोलार/सौर्य ऊर्जा र ०.७० ले मट्टीतेल प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी ०.०५ प्रतिशतले बायो ग्याँस र ०.२० प्रतिशतले अन्य स्रोतको इन्धन प्रयोग गर्ने गरेको देखिन्छ । यसबाट के बुझिन्छ भने, यस नगरमा बत्ति बाल्नको लागि प्रयोग गरिने इन्धनको प्रमुख स्रोत नै विद्युत् हो ।





राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा घर धुरीले प्रयोग गर्ने ऊर्जाको स्रोतमा बिजुलीको पहुँच अत्यन्त उच्च रहेको देखिन्छ । यहाँका कुल घर धुरीमध्ये ९७.९० प्रतिशतले बिजुली प्रयोग गर्दै आएका छन्, जसले उप-महानगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोष जनक रहेको संकेत गर्दछ । वैकल्पिक ऊर्जातर्फ हेर्दा सोलार/सौर्य ऊर्जाको प्रयोग १.२० प्रतिशत मात्र सीमित रहेको छ । यसैगरी मट्टीतेल ०.७० प्रतिशत, बायो ग्याँस ०.०५ प्रतिशत तथा अन्य स्रोत ०.२० प्रतिशत मात्र प्रयोगमा रहेका छन् । समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकामा ऊर्जा प्रयोगको संरचना मुख्यतः बिजुलीमा आधारित रहे पनि दिगो ऊर्जा विकास, ऊर्जा सुरक्षाको सुदृढीकरण तथा वातावरणीय संरक्षणका लागि सौर्य तथा बायो ग्याँस जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिन्छ ।




राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा खाना पकाउन प्रयोग हुने इन्धनको स्रोतमा एल. पी. ग्याँसको प्रयोग प्रमुख रूपमा रहेको देखिन्छ। कुल घर धुरीमध्ये ५५.१० प्रतिशतले एल. पी. ग्याँस प्रयोग गर्ने गरेका छन्, जसले स्वच्छ र आधुनिक इन्धनतर्फको क्रमिक समक्रमणलाई संकेत गर्दछ। यद्यपि, अझै पनि ४१.४० प्रतिशत घर धुरीले काठ/दाउरा प्रयोग गर्दै आएका छन्, जसले वन स्रोतमा चाप र स्वास्थ्यमा प्रतिकूल असरको सम्भावना देखाउँछ। अन्य इन्धन स्रोततर्फ हेर्दा गुइँठा/गोरहा १.३० प्रतिशत, बायो ग्याँस १.२० प्रतिशत, बिजुली ०.९० प्रतिशत, मट्टीतेल ०.०५ प्रतिशत तथा अन्य स्रोत ०.०५ प्रतिशत मात्र प्रयोगमा रहेका छन्। समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकामा खाना पकाउने इन्धनमा एल. पी. ग्याँसको प्रयोग बढ्दो क्रममा रहे पनि दाउरा तथा परम्परागत इन्धनमा निर्भरता अझै उल्लेख्य रहेकाले स्वच्छ, सुरक्षित र वातावरण मैत्री इन्धन प्रवर्द्धन गर्न दीर्घकालीन योजना र लक्षित कार्यक्रम आवश्यक देखिन्छ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधिक

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सृर्जित चुनौती सामना गर्न तथा सृर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनीतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ। प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस उप-महानगरपालिकामा परिवारमा उपलब्ध साधन तथा सुविधा अनुसार परिवार संख्यालाई तलको चित्रमा देखाइएको छ।




राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच उल्लेख्य रूपमा विस्तार भएको देखिन्छ। यहाँका घर धुरीमध्ये ७९.६० प्रतिशतमा साधारण मोबाइल फोन र ७४.२० प्रतिशतमा स्मार्ट मोबाइल उपलब्ध रहेको छ, जसले डिजिटल सञ्चारको पहुँच व्यापक बन्दै गएको संकेत गर्दछ। यसैगरी टेलिभिजन ६२.०० प्रतिशत घरधुरीमा उपलब्ध रहेको छ भने रेडियोको पहुँच २२.३० प्रतिशत रहेको देखिन्छ। आधुनिक सूचना प्रविधितर्फ हेर्दा कम्प्युटर/ल्यापटपको प्रयोग ११.६० प्रतिशत मात्र सीमित रहेको छ भने इन्टरनेट सुविधामा पहुँच ३५.६० प्रतिशत घरधुरीमा रहेको छ। ल्याण्ड लाइन टेलिफोनको प्रयोग २.१० प्रतिशत मात्र रहेकोले यसको प्रयोग क्रमशः घट्दो अवस्थामा रहेको स्पष्ट हुन्छ। समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकामा मोबाइल तथा टेलिभिजन जस्ता माध्यमको पहुँच सन्तोष जनक रहे पनि डिजिटल साक्षरता अभिवृद्धि, इन्टरनेट पूर्वाधार विस्तार तथा कम्प्युटर प्रयोग प्रवर्द्धनमार्फत डिजिटल विभाजन न्यूनीकरण गर्न अझै लक्षित पहल आवश्यक देखिन्छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

नेपालको सम्वृद्धिको प्रमुख आधार मध्येको एक हो वन, हाल सरकारी आँकडा अनुसार देशको कुल क्षेत्रफलको ४४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। वन आधारभूत वर्गका मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोत पनि हो। नेपालले सामुदायिक वन संरक्षणमा गरेको प्रगति अन्तर्राष्ट्रिय जगतमै प्रशंसा योग्य छ। वन जंगल संरक्षणले हाल विश्वमा बढ्दै गइरहेको तापक्रमलाई सन्तुलनमा राख्न मात्र नभएर जलवायु परिवर्तनको मारबाट जोगाउन सघाउ पुर्याउँछ।

पर्सा बारा क्षेत्रमा अवस्थित जीतपुरसिमरा उप-महानगरपालिकामा उष्ण कटिबन्धीय जलवायु, समथर तराई भू आकृति तथा चुरे क्षेत्रको नजिक पनका कारण विविध प्रकारका बोट बिरुवाहरू पाइन्छन्। यहाँ प्राकृतिक वन क्षेत्र, सामुदायिक वन, खेतबारी, सडक किनार, नदी, खोला आसपास तथा बस्ती क्षेत्रसम्म फैलिएका वनस्पतिहरूले स्थानीय जैविक विविधतालाई समृद्ध बनाएका छन्। प्राकृतिक वन क्षेत्रमा साल (Shorea robusta) प्रमुख वृक्षका रूपमा पाइन्छ भने

सिसौ (Dalbergia sissoo), खयर (Acacia catechu), असना, हर्रो, बर्रो, आँपटी, पलाँस र कुसुम जस्ता वनस्पति पनि उल्लेखनीय छन् । चुरे तथा वन क्षेत्र नजिक बाँसका विभिन्न प्रजाति, घाँसे वनस्पति तथा झाडी प्रजातिहरू प्रशस्त देखिन्छन्, जसले माटो संरक्षण र वातावरणीय सन्तुलनमा योगदान पुर्याएका छन् ।

कृषि तथा बस्ती क्षेत्रतर्फ आँप, लिची, केरा, अम्बा, जामुनो, कटहर, स्याउल (साइट्रस) जस्ता फलफूलका बोटहरू घरआँगन र बगैँचामा व्यापक रूपमा रोपिएका छन् । साथै नीम, पीपल, बर, समी, तुलसी, अमला जस्ता धार्मिक, औषधीय तथा वातावरणीय महत्व बोकेका बोट बिरुवाहरू पनि सर्वसाधारणको दैनिक जीवनसँग जोडिएका छन् । औषधीय वनस्पतिमा गुर्जो, घ्यू कुमारी, असुरो, तितेपाती, बोझो, पुदिना जस्ता जडीबुटीहरू स्थानीय रूपमा प्रयोगमा रहेका छन् । यसरी जीतपुरसिमरा उप-महानगरपालिकामा पाइने बोट बिरुवाहरूले वातावरण संरक्षण, जीविकोपार्जन, स्वास्थ्य, धार्मिक आस्था तथा स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । यस उप-महानगरपालिकाको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जल विद्युत्, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटन विस्तार सम्वृद्धिको आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायका सहभागिता एवं पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्त्वपूर्ण सूचक हुन । उप-महानगरपालिकामा उपलब्ध वनस्पतिका स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिने प्रचुर सम्भावना रहेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएको क्षेत्रभित्र पर्ने जीतपुरसिमरा उप-महानगरपालिकामा जैविक विविधता अत्यन्त समृद्ध रहेको छ । निकुञ्जको वन्य वातावरण, चुरे पहाडको भौगोलिक बनावट, घना साल वन, घाँसे मैदान तथा नदी, खोलाको उपस्थितिका कारण यहाँ विभिन्न दुर्लभ तथा संरक्षित वन्यजन्तुहरू पाइन्छन् । पर्सा राष्ट्रिय निकुञ्ज मूलतः तराई चुरे भू भागमा फैलिएको संरक्षित क्षेत्र भएकाले यसको प्रभाव उप-महानगरपालिका आसपासका वन र बस्ती क्षेत्रसम्म देखिन्छ ।

यहाँ पाइने प्रमुख स्तनधारी जनावरहरूमा हात्ती, बाघ, चितुवा, भालु, नीलगाई, चित्तल, सांभर, मृग, बनबिरालो, स्याल, बँदेल, जंगली भैंसी तथा खरायो उल्लेखनीय छन् । विशेषगरी जंगली हात्ती र बाघ जस्ता संरक्षित तथा संकटापन्न प्रजातिहरू पर्सा राष्ट्रिय निकुञ्जको पहिचान हुन्, जसको आवागमन कहिलेकाहीँ उप-महानगरपालिका आसपासका वन क्षेत्र र खेतबारीसम्म हुने गरेको पाइन्छ । यसले जैविक महत्व त बढाएको छ नै, साथै मानव वन्यजन्तु द्वन्द्वको चुनौती पनि देखाएको छ । चराचुरुङ्गीको दृष्टिले पनि यो क्षेत्र अत्यन्त समृद्ध छ । वन, घाँसे मैदान र जलाशय क्षेत्रमा सारस, बकुल्लो, मयूर, सुगा पक्षी, बाज, चिल, उल्लू, कठ फोडुवा, मैना, भँगेरो, बतख तथा विभिन्न प्रजातिका पानी चरा पाइन्छन् । यी चराहरूले वातावरणीय सन्तुलन कायम राख्नका साथै प्राकृतिक सुन्दरतामा थप योगदान पुर्याएका छन् । पर्सा राष्ट्रिय निकुञ्ज चराचुरुङ्गी संरक्षणका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ ।

यस क्षेत्रमा सरीसृप तथा उभयचर प्रजातिहरू पनि प्रशस्त छन् । अजिंगर, धामन, गोमन, करेत जस्ता सर्प, घडियाल र मगर (नदी आसपास), छेपारो, गोहोरो जस्ता सरीसृप तथा विभिन्न प्रजातिका भ्यागुतो र ट्याडहरू पाइन्छन् । साथै वन र खेतबारी क्षेत्रमा मौरी, पुतली, कीरा फट्याङ्ग्रो जस्ता साना जीवहरूले पराग सेचन, माटो उर्वरता र खाद्य श्रृंखला सन्तुलनमा महत्वपूर्ण भूमिका खेलेका छन् । यसरी पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएको कारण जीतपुरसिमरा उप-महानगरपालिका क्षेत्र वन्यजन्तु तथा जैविक विविधताका दृष्टिले अत्यन्त महत्वपूर्ण छ । यी जनावरहरूको संरक्षणले

वातावरणीय सन्तुलन, पर्यटन प्रवर्द्धन तथा भावी पुस्ताका लागि प्राकृतिक सम्पदाको दिगो उपयोग सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्याउँछ।

वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारी करण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि उप-महानगरपालिकामा अवस्थित ताल तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्तिको र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास आयोजनाहरूको लागि बायोईन्जिनियरिङ्ग र वन अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साह र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

जीतपुरसिमरा उप-महानगरपालिकाको भौगोलिक अवस्थिति, चुरे पहाड र तराईको समथर भू भागको सङ्गम क्षेत्रका रूपमा रहेको कारण यहाँ साना ठूला खोला, खोल्सि तथा प्राकृतिक जलप्रवाह (stream) हरुको व्यापक उपस्थिति रहेको छ। यी जलप्रवाहहरू मुख्यतः चुरे तथा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट उत्पत्ति भई उप-महानगरपालिकाको विभिन्न वडाहरू हुँदै दक्षिणतर्फ तराईका समथर भू भागमा फैलिने गर्दछन्। मौसमी वर्षाको पानीलाई सङ्कलन गरी तल्लो भू भागतर्फ लैजाने प्राकृतिक माध्यमका रूपमा यी खोल्साहरूले काम गर्ने भएकाले यस क्षेत्रको जलाधार प्रणालीमा तिनको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। वर्षा याममा यी खोलाहरू सक्रिय भई ठूलो मात्रामा पानी बगाउँछन् भने हिउँद तथा सुख्खा मौसममा कतिपय खोल्सीहरू सुक्ने वा न्यून बहावमा सीमित हुने गरेको पाइन्छ, जसले मौसमी जल चक्रको स्पष्ट संकेत गर्दछ।

उप-महानगरपालिका क्षेत्रमा रहेका खोला र खोल्साहरूले कृषि प्रणालीमा प्रत्यक्ष प्रभाव पारेका छन्। वर्षा याममा बग्ने पानीले खेतबारीमा आवश्यक आर्द्रता प्रदान गर्नुका साथै माटोमा जैविक पदार्थ, मलिलो पोषक तत्त्व जम्मा गरि दिने भएकाले कृषि उत्पादनमा सहयोग पुगेको छ। विशेषगरी धान, गहुँ, मकै, तरकारी तथा अन्य बाली उत्पादनमा यी जलप्रवाहहरू अप्रत्यक्ष रूपमा सहायक बनेका छन्। कतिपय स्थानमा किसानहरूले खोल्सीको पानी प्रयोग गरी सिँचाइको व्यवस्था गर्दै आएका छन् भने खोला आसपासको भू भाग उर्वर भएकाले ती क्षेत्रहरू कृषि दृष्टिले महत्वपूर्ण मानिन्छन्। यसैगरी पशुपालनका लागि पानीको स्रोत, घरेलु प्रयोजन तथा कतिपय स्थानमा माछा पालनका लागि समेत खोल्सीहरू उपयोगमा ल्याइएका छन्।

पर्यावरणीय दृष्टिले हेर्दा जीतपुरसिमरा उप-महानगरपालिकाका खोल्सीहरू जैविक विविधताको आधार स्तम्भका रूपमा रहेका छन्। खोला किनार तथा खोल्सीमा पाइने घाँसे मैदान, झाडी, बोटविरुवा र वनस्पतिले माटो कटान नियन्त्रण गर्न मद्दत गर्नुका साथै विभिन्न चराचुरुङ्गी, साना वन्यजन्तु, जलचर जीव, उभयचर तथा सरीसृपहरूको वासस्थान प्रदान गरेका छन्। वर्षा याममा पानीले भरिएका खोल्सीहरू भ्यागुतो, माछा तथा अन्य साना जलचरका लागि अनुकूल वातावरण बन्ने गर्छन् भने सुख्खा मौसममा बाँकी रहने पानीका खाल्टाखुल्टीहरू जीवजन्तुका लागि जीवन रक्षक स्रोतका रूपमा रहन्छन्। यसरी खोल्साहरूले प्राकृतिक खाद्य श्रृंखला र पारिस्थितिक सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

तर पछिल्ला वर्षहरूमा तीव्र सहरीकरण, जनसंख्या वृद्धि, अव्यवस्थित बस्ती विस्तार, सडक तथा भौतिक संरचना निर्माण, उद्योगधन्दा सञ्चालन तथा खोल्सीमा हुने अतिक्रमणका कारण यी प्राकृतिक जलप्रवाहहरू विभिन्न चुनौतीको सामना गरिरहेका छन्। कतिपय खोल्सीहरू साँघुरिँदै गएका छन् भने कतिपय स्थानमा प्राकृतिक बहाव अवरुद्ध भई वर्षा

याममा डुवान र बाढीको जोखिम बढ्दै गएको छ । खोल्सीमा फोहर मैला फाल्ने, ढल मिसाउने तथा अनियन्त्रित गिटी बालुवा उत्खननका कारण पानीको गुणस्तरमा गिराबाट आउनका साथै वातावरणीय प्रदूषण बढेको देखिन्छ । यसले मानव स्वास्थ्य, कृषि प्रणाली तथा जैविक विविधतामा नकारात्मक असर पारेको छ ।

जलाधार व्यवस्थापनको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिकाका खोल्सीहरू अत्यन्त संवेदनशील र महत्वपूर्ण सम्पदा हुन् । प्राकृतिक बहावलाई सुरक्षित राख्दै खोल्सि किनार संरक्षण, वृक्षारोपण, घाँसे डिल व्यवस्थापन, अतिक्रमण नियन्त्रण तथा वैज्ञानिक ढङ्गले ढुंगा, गिटी, बालुवा उत्खनन व्यवस्थापन गर्न सकेमा बाढी, कटान र डुबानको जोखिम न्यूनीकरण गर्न सकिन्छ । साथै वर्षा पानी सङ्कलन, साना जलाशय तथा पोखरी निर्माण, भूमिगत जल पुनर्भरणका कार्यक्रमहरूसँग खोल्सीको संरक्षणलाई जोड्न सकेमा दिगो जलस्रोत व्यवस्थापन सम्भव हुन्छ । जीतपुरसिमरा उप-महानगरपालिकामा रहेका खोल्सीहरू केवल पानी बग्ने प्राकृतिक मार्ग मात्र नभई कृषि, वातावरण, जैविक विविधता, जनजीवन र स्थानीय अर्थतन्त्रसँग गहिरो रूपमा जोडिएका अमूल्य प्राकृतिक सम्पदा हुन् । यी खोल्सीहरूको पहिचान, संरक्षण र दिगो व्यवस्थापन नगरेमा भविष्यमा जल संकट, वातावरणीय असन्तुलन र प्राकृतिक विपद् बढ्ने जोखिम उच्च रहनेछ । त्यसैले स्थानीय तह, समुदाय, सरोकारवाला निकाय तथा नागरिकहरूको सक्रिय सहभागितामा खोल्सि तथा जलप्रवाह संरक्षणलाई दिगो सहरी विकास र वातावरणीय सुरक्षाको अभिन्न अङ्गका रूपमा अघि बढाउनु आजको अपरिहार्य आवश्यकता हो ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण संरक्षण सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको कार्य जिम्मेवारी भित्र पर्दछ । वातावरण संरक्षणलाई टेवा पुर्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुन्छ । एकीकृत र योजनाबद्ध विकासको अभाव, सहरोन्मुख क्षेत्रमा बढ्दो चाप, पर्यटकहरूको नियमित आगमन, अव्यवस्थित बस्ती विकास, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नू, कृषि पेसाको व्यवसायिकताको नाममा अत्याधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भइरहेको अवस्था छ । साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको देखिन्छ ।

वातावरण संरक्षणका लागि खाली स्थानहरूमा वृक्षारोपण गर्ने कार्यहरू भइरहेका छन् र सोही अनुसार हरियाली प्रवर्द्धन हुँदै गइरहेको छ । वातावरण संरक्षण सम्बन्धी धेरै कार्यक्रमहरू गर्न अझ पनि आवश्यक रहेको देखिन्छ । उप-महानगरपालिकाका धेरैजसो जैविक फोहोरलाई मल बनाउन जमिनमुनि गाड्ने तथा बाहिरी खालि ठाउँ प्रयोग गर्ने गरेको देखिएको छ । बढ्दो जनसङ्ख्यासँगै फोहोर मैला व्यवस्थापनमा थप चुनौतीहरू देखा पर्दै गइरहेको हालको अवस्था छ । सहरीकरण बढे सँगै ध्वनि प्रदूषणको समस्या सिर्जना भएको छ । विशेषतः सडक तथा पर्यटन मार्ग वरिपरि, उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिएको छ । यस क्षेत्रमा पुराना सवारीका साधन, ट्र्याक्टरबाट निस्कने ध्वनि तथा प्रेसर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ ।

विश्वव्यापी रूपमा वातावरणीय विनाशले जलवायु परिवर्तनको कारण सिर्जना भएका समस्याहरूको असर यस उप-महानगरपालिकामा पनि देखिएको छ । खडेरी, हावा हुरी, तापक्रम वृद्धि आदिले यहाँ समय समयमा केही न केही असर गरिरहेको छ । जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

महामारी तथा अन्य प्राकृतिक प्रकोपबाट हालसम्म ठूलो मानवीय क्षति व्यहोर्नु नपरेको भए तापनि जीतपुरसिमरा उप-महानगरपालिका भूकम्प, आगलागी, डढेलो, विद्युतीय जोखिम, सडक दुर्घटना, चट्याङ, असिना पानी, हावा हुरी, महामारी जन्य रोग तथा जङ्गली जनावरको आतङ्क जस्ता विभिन्न किसिमका विपद् र प्रकोपको उच्च जोखिममा रहेको स्थानीय तह हो। तराई भू भागमा अवस्थित यस उप-महानगरपालिकामा जलवायु परिवर्तनको प्रभाव, बढ्दो जनघनत्व, औद्योगिक गतिविधि तथा आवागमनको चापका कारण प्राकृतिक तथा मानव निर्मित विपदको सम्भावना निरन्तर बढ्दो क्रममा रहेको छ। विशेष गरी हावा हुरीका कारण बालीनालीमा क्षति हुनु, जङ्गली जनावरको आक्रमणमा परी मानव ज्यान गुम्नु तथा खेतीपातीमा नोक्सान हुनु, साथै महामारीका कारण पशुपक्षी मरेर आर्थिक क्षति हुनु यहाँका नियमित र दोहोरिने विपदका रूपमा देखिएका छन्। कुनै कुनै वर्ष हावा हुरीले केरा खेतीमा ठूलो मात्रामा क्षति पुर्याएको घटनाले कृषि क्षेत्रको संवेदनशीलता स्पष्ट रूपमा देखाएको छ।

उप-महानगरपालिकामा पर्याप्त खेती योग्य जमिन रहेको तथा कृषि र पशुपालनको सम्भावना प्रचुर भए तापनि जङ्गल नजिक बस्ती र खेती योग्य जमिन रहेका कारण किसानहरूले जङ्गली जनावरको आतङ्क गम्भीर रूपमा भोग्नु परेको छ। जङ्गली जनावरको आक्रमणबाट मानव जीवनमा क्षति पुग्नका साथै बालीनाली नष्ट हुने समस्या उप-महानगरपालिकाका प्रायः जङ्गलसँग जोडिएका बस्तीहरूमा फैलिएको छ, जसले यो विषयलाई एक प्रमुख स्थानीय समस्याको रूपमा स्थापित गरेको छ। त्यसैले जङ्गल संरक्षण र जङ्गली जनावर व्यवस्थापनसँगै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपयुक्त र दिगो उपायहरूको खोजी गर्नु नितान्त आवश्यक देखिन्छ।

यसका अतिरिक्त, युवाहरूमा लागू पदार्थ तथा मादक पदार्थ सेवनको समस्या बढ्दो क्रममा रहेको छ, जसले सामाजिक सुरक्षा, सार्वजनिक शान्ति र दुर्घटनाको जोखिमलाई थप बढाएको छ। उप महानगरपालिकाभित्र रहेका कच्ची घरहरू आगलागीको उच्च जोखिममा रहेका छन् भने अव्यवस्थित तथा नाङ्गो विद्युतीय तारहरूको प्रयोगका कारण बस्तीहरूमा विद्युतीय दुर्घटनाको सम्भावना बढिरहेको छ। साथै बजार क्षेत्र तथा मुख्य सडकहरूमा सवारी चाप बढ्दै जाँदा सडक दुर्घटनाको जोखिम पनि अत्यन्त गम्भीर बन्दै गएको छ।

यी सबै जोखिम र प्रकोपका सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकाले महामारी तथा विपद् व्यवस्थापनलाई विकास र सुशासनको एक महत्वपूर्ण आधारका रूपमा लिएको छ। नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको सुरक्षित जीवन, स्वास्थ्य तथा मर्यादित जीवनयापनको मौलिक हकको संरक्षण गर्ने दायित्वलाई आत्मसाथ गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, जनस्वास्थ्य सेवा ऐन, २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीति तथा नेपाल सरकारबाट जारी महामारी व्यवस्थापनसम्बन्धी नीति, निर्देशिका र कार्यविधिहरूलाई आधार मानी उप-महानगरपालिकाले महामारी तथा विपद् व्यवस्थापनसम्बन्धी नीतिगत र कार्यान्वयन संरचना विकास गरेको छ।

विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि उप-महानगरपालिकाले "विपद् व्यवस्थापन कोष कार्यविधि, २०७५" तयार गरी कार्यान्वयनमा ल्याएको छ। साथै "विपद् कोष सञ्चालन कार्यविधि, २०७८" अनुसार उप-महानगरपालिकामा रु. १६ लाखको र प्रत्येक वडामा रु. २ लाखको दरले विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। विपदबाट हुने क्षतिको मूल्याङ्कन गर्न विषयगत समिति गठन गर्ने व्यवस्था गरिएको छ भने क्षतिको प्रकृति र गम्भीरताका आधारमा क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने प्रबन्ध गरिएको छ। कृषि तथा पशुपालन क्षेत्रमा हुने क्षतिको न्यूनीकरणका लागि कृषि बिमा र पशु बिमालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ।

यद्यपि कृषि तथा पशु बिमाको भुक्तानी प्रक्रिया झन्झटिलो भएको, उप-महानगरपालिका तथा वडाबाट वितरण हुने राहतमा निष्पक्षता र न्यायोचित वितरण नभएको भन्ने गुनासोहरू समय समयमा आउने गरेको पाइन्छ। साथै विपद् नियन्त्रणका लागि योजना तयार भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षित नतिजा प्राप्त हुन नसकेको अवस्था देखिन्छ। यस कारण विपद् व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन परिणाममुखी कार्यक्रम, स्पष्ट कार्य योजना, पारदर्शी राहत वितरण प्रणाली तथा समुदायको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ।

कानुनी व्यवस्थाअनुसार उप-महानगरपालिकामा नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ, जसले विपद् तथा महामारीसम्बन्धी नीति कार्यान्वयन, अन्तर निकाय समन्वय, स्रोत परिचालन, अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी वहन गर्दछ। उक्त समितिमार्फत सम्भावित विपदहरूको पहिचान, जोखिम विश्लेषण तथा नक्साङ्कन, पूर्व सूचना प्रणाली विकास, सुरक्षित आश्रय स्थलको पहिचान, आपत्कालिन सामग्री व्यवस्थापन तथा समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिँदै आएको छ। महामारी व्यवस्थापनका सन्दर्भमा स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका र वडा स्तरीय संयन्त्रसँग सहकार्य गरी रोगको प्रारम्भिक पहिचान, निगरानी, तथ्याङ्क संकलन तथा रिपोर्टिङ प्रणालीलाई सुदृढ बनाइएको छ। महामारीको जोखिम देखिएमा क्वारेन्टाइन, आइसोलेसन, परीक्षण, उपचार सेवा विस्तार तथा आवश्यक औषधि, स्वास्थ्य उपकरण र जनशक्ति व्यवस्थापनलाई प्राथमिकतामा राखिन्छ, साथै ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, दीर्घ रोगी तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिइन्छ।

विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारीका लागि विपद् मैत्री पूर्वाधार विकास, सुरक्षित निर्माण मापदण्डको पालना, नदी खोला र ढल निकास व्यवस्थापन, सरसफाइ प्रवर्द्धन, वातावरण तथा जलाधार संरक्षणमा जोड दिइएको छ। विद्यालय, स्वास्थ्य संस्था र समुदाय स्तरमा विपद् प्रतिकार्य तालिम, मोक ड्रिल तथा सचेतनामुलक अभियान सञ्चालन गरी स्थानीय समुदायलाई विपद् सामना गर्न सक्षम बनाउने प्रयास गरिएको छ। विपद् घटेपछि खोज, उद्धार, उपचार, राहत वितरण तथा अस्थायी पुनर्वासका कार्यहरू पारदर्शी, उत्तरदायी र आवश्यकता आधारित ढंगले सञ्चालन गरिन्छ भने सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, गैरसरकारी संस्था तथा स्थानीय समुदायसँग समन्वय गरी आपत्कालिन सेवाहरू प्रभावकारी रूपमा प्रदान गरिन्छ। विपद् पश्चात् क्षतिग्रस्त घर, पूर्वाधार, सेवा सुविधा तथा जीविकोपार्जनका साधनहरूको दिगो पुनः स्थापना र पुनर्निर्माणमार्फत समुदायको सामाजिक आर्थिक पुनरुत्थान गर्ने लक्ष्य लिइएको छ।

यसरी कानुन, नीति र कार्यविधिको स्पष्ट पालना गर्दै संस्थागत संरचना, समुदाय सहभागिता, समन्वय र साझेदारीको माध्यमबाट महामारी तथा विपद् व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउँदै जीतपुरसिमरा उप-महानगरपालिकाले विपद् सहनशील, सुरक्षित, स्वस्थ र दिगो नगर निर्माण गर्ने दीर्घकालीन दृष्टि लिएको छ। महामारी तथा विपद् व्यवस्थापनलाई केवल आपत्कालिन कार्यका रूपमा मात्र नभई दिगो विकास, सुशासन र सामाजिक न्यायको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै नगरवासीको जीवनस्तर उकास्ने दिशामा उप-महानगरपालिका निरन्तर क्रियाशिल रहेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

जीतपुरसिमरा उप-महानगरपालिकाले पहिलो र दोस्रो जन निर्वाचित पदाधिकारीको करिब आठ वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। हालसम्म उप-महानगरपालिका द्वारा तर्जुमा गरी कार्यान्वयन भएका कानुनहरू जस्तै ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, आचार संहिता आदि निर्माण गरिएका छन् जसमा ऐन, नीति, नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार

भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । उप-महानगरपालिकाले सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न नगर कार्यपालिकामा विभिन्न शाखाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । मानव संसाधनको विकासका लागि उप-महानगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ । सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई–हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । उप-महानगरपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीता मूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीता मूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचार युक्त शासन प्रणालीलाई संस्थागत गर्न उप-महानगरपालिका प्रयास रत छ । समुदायलाई उप-महानगरपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, उप-महानगरपालिका बाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडा पत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । उप-महानगरपालिकाका वार्ड कार्यालयहरूमा जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ । उप-महानगरपालिकामा कार्यपालिकाको बैठक नियमित रूपमा बस्ने गरेको छ ।

सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी उप-महानगरपालिका र उप-महानगरपालिका बासी बीचको परस्पर विश्वास कायम हुने गरी उप-महानगरपालिका बासीलाई सुशासन र जन उत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता उप-महानगरपालिकाले महसुस गरेको छ । सुशासनका लागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, उप-महानगरपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा ग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । वार्षिक प्रगति पुस्तिका २०८२, अनुसार यस उप-महानगरपालिकाले हालसम्म निम्नलिखित ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, आचार संहिता आदि निर्माण गरि कार्यान्वयन गरिरहेको छ:

१. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
२. नगर सभा सञ्चालन नियमावली, २०७५
३. न्यायिक समिति कार्यविधि ऐन, २०७५
४. एफ. एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५
५. शिक्षा ऐन, २०७५
६. भूमि सम्बन्धी ऐन, २०७५
७. केही कानुन तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५
८. स्वास्थ्य ऐन, २०७५

९. सहकारी ऐन, २०७५
१०.कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७५
११.विनियोजन ऐन, २०७५
१२.'घ' वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७५
१३.नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५
१४.विपद् व्यवस्थापन कोष कार्यविधि, २०७५
१५.उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५
१६.कार्य विभाजन नियमावली, २०७८
१७.प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८
१८.स्वास्थ्य ऐन, (पहिलो संशोधन) २०७५
१९.तथ्याङ्क ऐन, २०७८
२०.संक्षिप्त वातावरणीय अध्ययन तथा वातावरणीय परीक्षण कार्यविधि, २०७८
२१.स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८
२२.संक्षिप्त वातावरणीय अध्ययन तथा वातावरणीय परीक्षण कार्यविधि (पहिलो संशोधन), २०७८
२३.सार्वजनिक खरिद नियमावली, २०७६
२४.करारमा प्राविधिक कर्म चारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५
२५.आधारभूत शिक्षा (कक्षा-८) परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
२६.टोल वि कास समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९
२७.सचिवालय गठन तथा सञ्चालन, २०७९
२८.छात्र वृति कार्यक्रम सञ्चालन कार्यविधि, २०७९
२९.नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो) उत्खनन, संकलन र बिक्री वि तरण सम्बन्धी कार्यविधि, २०७९
३०.स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी नियमावली, २०७९
३१.वन ऐन, २०७९
३२.खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९
३३.खेलकुद वि कास ऐन, २०७९
३४.नगर प्रहरी ऐन, २०७९
३५.भाषा, कला तथा संस्कृति सम्बन्धी ऐन, २०७९
३६.सिँचाई ऐन, २०७९
३७.स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७९
३८.आम सञ्चार ऐन, २०७९
३९.गैह्र सरकारी संस्था (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
४०.प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७९
४१.शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९
४२.सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९

४३.संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९
४४.लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७९
४५.नगर युवा परिषद् सञ्चालन कार्यविधि, २०७९
४६.घर बहाल व्यवस्था निर्देशिका, २०७९
४७.फोहर मैला व्यवस्थापन कार्यविधि, २०७९
४८.अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०७९
४९.संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन, २०७९ र कर्मचारीहरूको कर्यविवरण
५०.अटो, इलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट इजाजत सम्बन्धी कार्यविधि, २०७९
५१.भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०
५२.शिक्षण सहज कर्ता व्यवस्थापन कार्यविधि, २०८१
५३.आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि
५४.प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७९
५५.सामुदायिक विद्यालय समायोजन कार्यविधि,२०७९
५६.संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७९
५७.शिक्षण सहज कर्ता व्यवस्थापन कार्यविधि, २०८१
५८.माध्यामिक तह कक्षा ११ र कक्षा १२ मा वि ज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृति सम्बन्धी मापदण्ड, २०८१
५९.जीतपुरसिमरा उप-महानगरपालिकाको स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८१
६०.कर तथा गैह्र कर राजस्व सम्बन्धी ऐन, २०८२
६१.आर्थिक ऐन, २०८२
६२.कडा रोग उपचार कार्यविधि, २०८२
६३.अनुदानमा सामुदायिक तथा भौतिक विकाश निर्माण सम्बन्धी कार्यविधि, २०८२
६४.जीतपुरसिमरा उप-महानगरपालिकाको लोगो प्रयोग सम्बन्धी निर्देशिका, २०८२

### २.६.२ सङ्गठनात्मक विकास

जीतपुरसिमरा उप-महानगरपालिकामा नगरसभा उप-महानगरपालिकाको सर्वोच्च नीति निर्माण तथा निर्णय गर्ने निकायको रूपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठित नगरसभा उप-महानगरपालिकाको समग्र शासन प्रणालीलाई मार्गदर्शन गर्ने प्रमुख निकाय हो, जस प्रति नगर कार्यपालिका पूर्ण रूपमा उत्तरदायी हुने व्यवस्था गरिएको छ। नगरसभा अन्तर्गत उप-महानगरपालिकाको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले लेखा समिति, विधायन समिति तथा सुशासन समितिको गठन गरिएको छ। यी समितिहरूले नीति निर्माण, कानुनी व्यवस्थापन, वित्तीय अनुशासन तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।
नगर कार्यपालिकाको प्रमुख कार्यक्षेत्रभित्र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनसँग सम्बन्धित कार्यहरू पर्दछन। स्थानीय आवश्यकता र जन अपेक्षालाई केन्द्रमा राखी योजनाहरू तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा अनुगमन र मूल्याङ्कन गर्ने दायित्व नगर कार्यपालिकाको रहेको छ। संघीय शासन प्रणालीको मर्मअनुसार स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकार, मधेश प्रदेश सरकार तथा विभिन्न विकास साझेदार एवं सहयोगी निकायहरूको सहकार्य

र सहजीकरणमा कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा, बजेट व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यस्ता कार्यक्रमहरूले निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्ञान, सीप र कार्य क्षमता अभिवृद्धि गर्न सहयोग पुर्याएको छ।

नगर कार्यपालिकाको प्रमुखको रूपमा नगर प्रमुख र उप-प्रमुख (निर्वाचित पदाधिकारी) रहने व्यवस्था रहेको छ। नगर प्रमुखले कार्यपालिकाको नेतृत्व गर्दै नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय कारी भूमिका निर्वाह गर्नुहुन्छ भने उप-प्रमुखले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गठित न्यायिक समितिको संयोजकको रूपमा स्थानीय तहमा उत्पन्न हुने विवादहरूको निरूपणमा नेतृत्व प्रदान गर्नुहुन्छ। यस व्यवस्थाले स्थानीय स्तरमै छिटो, सुलभ र न्यायोचित न्याय प्राप्तिमा सहयोग पुगेको छ।

उप-महानगरपालिकाको प्रशासनिक नेतृत्वको रूपमा प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरिएको छ। नेपाल सरकारको निजामती सेवा अन्तर्गत प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई नेपाल सरकारले उप-महानगरपालिकामा खटाउने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था रहेको छ भने नगर सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले नगर सभा प्रति पनि उत्तरदायी हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। प्रमुख प्रशासकीय अधिकृतले प्रशासनिक संयन्त्रलाई व्यवस्थित गर्दै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समन्वय कारी भूमिका निर्वाह गर्ने संविधानतः व्यवस्था छ।

प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य प्रशासन, योजना तथा अनुगमन, आर्थिक प्रशासन (आ. ले. प.), लेखा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, कृषि, पशु सेवा, प्राविधिक (इन्जिनियरिङ), सूचना प्रविधि, उद्योग तथा व्यवसाय विकास, वातावरण तथा विपद् व्यवस्थापन लगायतका शाखा तथा एकाइहरूको संस्थागत व्यवस्था गरिएको छ। साथै, आन्तरिक लेखा परीक्षण एकाइको स्थापना गरी वित्तीय अनुशासन कायम गर्ने तथा सार्वजनिक स्रोत साधनको सदुपयोग सुनिश्चित गर्ने व्यवस्था मिलाइएको छ। यी शाखा तथा एकाइहरूले उप-महानगरपालिका भित्रका नागरिकलाई आवश्यक सेवा सरल, छरितो र प्रभावकारी रूपमा प्रदान गर्दै आएका छन्। नेपाल सरकारबाट सिफारिस गरिएको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ। उप-महानगरपालिकामा न्यायिक समिति, विधायन समिति, लेखा समिति तथा कार्यपालिकाबाट गठन गरिएका विभिन्न विषयगत समितिहरू सक्रिय रूपमा क्रियाशिल रहेका छन्। नगर कार्यपालिका कार्यालय अन्तर्गत विभिन्न शाखा, उपशाखा तथा सेवा केन्द्रहरू स्थापना भई नागरिक मैत्री सेवा प्रवाहलाई निरन्तर सुदृढ बनाइँदै आएको छ।

जीतपुरसिमरा उप-महानगरपालिकाको संस्थागत संरचना, प्रशासनिक व्यवस्था तथा कार्यप्रणाली संघीय शासन प्रणालीको मर्म अनुसार क्रमशः सुदृढ हुँदै गएको देखिन्छ। नीति निर्माणदेखि सेवा प्रवाहसम्मको सम्पूर्ण प्रक्रिया पारदर्शी, सहभागिता मूलक र नागरिक मैत्री बनाउने दिशामा उप-महानगरपालिका निरन्तर प्रयास रत रहेको छ।

### २.६.३ श्रोत परिचालन

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन्। उप-महानगरपालिकाको आम्दानीको आन्तरिक श्रोतहरूमा सम्पति, भूमि कर, मालपोत, बहाल कर, व्यवसाय कर, विज्ञापन कर, घरजग्गा रजिस्ट्रेसन दस्तुर, नापनक्सा दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, अचल सम्पति मूल्यांकन शुल्क, सडक स्तरोन्नति शुल्क, सरकारी सम्पातिको बहालबाट प्राप्त आय, अन्य विक्रीबाट प्राप्त रकम, विद्युत् सेवा शुल्क, सरसफाइ शुल्क, प्रशासनिक दण्ड, जरिबाना र जफत लगायत छन्। यसै गरी बाह्य श्रोतहरूमा संघीय र प्रादेशिक सरकारबाट प्राप्त अनुदान भएता पनि प्रत्यक्ष

तथा परोक्ष रूपमा निजी क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रूपमा सेवा ग्राही बाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ । नेपाल सरकारको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तीनखम्बे अर्थनीतिलाई विकासको प्रमुख आधार मानिएको सन्दर्भमा यस उप-महानगरपालिकाको विकासमा समेत उक्त क्षेत्रहरूबाट हुने योगदानलाई कदर गरिएको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्य गत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस उप-महानगरपालिकाले पनि नेपालको सोह्रौं पञ्चवर्षीय योजना तथा मधेश प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो आवधिक योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजा मुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र उप-महानगरपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ । राज्य पुनर् संरचना मार्फत उप-महानगरपालिका स्थापना भएसँगै यस उप-महानगरपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको हो ।

उप-प्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा नगर सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस उप-महानगरपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सहभागीता मूलक योजना तर्जुमाको अभ्यास गरी नगर सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिगो विकासका लक्ष्यहरू, संघीय सरकार तथा प्रदेश सरकारले तयार गर्ने आवधिक योजनाहरूसँग तादात्म्यता हुने गरि जन अपेक्षा, वर्तमान समयको माग र भविष्यमा हुन सक्ने विकासको पूर्वानुमान समेतको आधारमा स्थानीय तहले दीर्घकालीन सोच अर्थात् दूरदृष्टि (Vision) तयार गर्नु पर्ने हुन्छ। दीर्घकालीन सोच तयार गर्दा स्थानीय तहको समृद्धि र समुन्नति तथा जन अपेक्षालाई पहिलो आधार लिनु पर्ने हुन्छ भने उपलब्ध आन्तरिक तथा बाह्य स्रोतलाई समेत मध्यनजर गर्नु पर्ने हुन्छ। दूरदृष्टिको आधारमा लक्ष्य, लक्ष्यको आधारमा उद्देश्यहरू, उद्देश्यको आधारमा रणनीतिक स्तम्भ, रणनीतिक स्तम्भको आधारमा रणनीति र कार्य नीति सोही आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरूको खाका तयार गर्नु पर्ने हुन्छ। यस प्रकारका योजनाहरू तय गर्दा कम्तीमा ३ वर्षको आय-व्यय विश्लेषण गर्दा स्थानीय तहको स्रोत विश्लेषण हुने भएकोले यसले वस्तुनिष्ठ योजनाहरू सहितको आवधिक योजना तयारीमा सघाउ पुग्छ। यसरी तयार गरिएको आवधिक योजना कार्यान्वयनयोग्य हुन्छ भने आगामी वर्षका नीति तथा कार्यक्रम र वार्षिक बजेट तयार गर्दा आवधिक योजनाबाट योजनाहरू राख्न सहज हुने गर्दछ।

यस सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले विकासका लागि दीर्घकालीन, मध्यमकालिन, अल्पकालीन, रणनीतिक, आवधिक, वार्षिक, विषय क्षेत्रगत विकास योजना तयार गरि लागू गर्नु पर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा आफ्नो आवधिक योजना (२०८३/०८४-२०८७/०८८) तयार गर्न सभाबाट निर्णय गरि आवधिक योजना तयारी कार्य अगाडि बढाएको छ। जीतपुरसिमरा उप-महानगरपालिकाले आफ्नो दीर्घकालीन सोच तयार गर्नु पूर्व आफ्नो भौगोलिक अवस्था, विकासका सम्भावना, प्रदेश तथा केन्द्रीय लक्ष्य र आन्तरिक तथा बाह्य स्रोतको आधारमा नगरले लिएको विकासको गतिलाई अध्ययन गरि नगरवासीहरूका विचार र अपेक्षालाई समेत समावेश हुने गरि निर्णय लिएको छ। त्यसरी नै नेपाल सरकारको वि. स. २१०० सम्म "**समृद्ध नेपाल र सुखी नेपाली**" को नारा साकार पार्ने राष्ट्रिय दीर्घकालीन लक्ष्य, नेपाल सरकारको सोह्रौं योजनाको "**सुशासन, सामाजिक न्याय र समृद्धि**" दीर्घकालीन सोच र मधेश प्रदेशको दोस्रो आवधिक योजनाको "**आत्म निर्भर र समृद्ध मधेश, सुखी मधेसी**" दीर्घकालीन सोच पूरा गर्न योगदान पुर्याउन दीर्घकालीन सोच तयार गरेको छ। जीतपुरसिमरा उप-महानगरपालिकाको दूरदृष्टि कार्यशालाबाट पारित दीर्घकालीन सोचका रूपमा "**आत्मनिर्भर, सक्षम एवम् जनमुखी, स्थानीय सरकार, समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार**" रहेको छ। जीतपुरसिमरा उप-महानगरपालिकाको दीर्घकालीन सोच कार्यान्वयनका क्रममा नगरका भौतिक, सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रका समस्या तथा सम्भावनाको विश्लेषण गरी आवश्यक नीति, कार्यक्रम र योजनाहरू तय गरिएको छ भने महिला, दलित, आदिवासी, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गलाई प्राथमिकतामा राख्दै समावेशी र सहभागिता मूलक विकासलाई आधार बनाइएको छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकाले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक समावेशीकरण, सुशासन तथा विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय पहल गरेको देखिन्छ। सडक, खानेपानी, सिँचाइ, विद्यालय सुधार, स्वास्थ्य संस्था विस्तार, डिजिटल सेवा प्रवाह तथा राजस्व सुधारका कार्यहरूमा परिणाममुखी कार्य भएको देखिन्छ। तथापि तीव्र सहरीकरण, बढ्दो जनसंख्या, सीमित आन्तरिक स्रोत, प्राविधिक जनशक्तिको अभाव, फोहर मैला व्यवस्थापनमा सचेतनाको अभाव हुनुका साथै वातावरणीय दृष्टिकोणले फोहर मैलाको दिगो व्यवस्थापनमा जटिलता तथा जलवायु

जन्य जोखिमका कारण अपेक्षित परिणाम हासिल गर्न चुनौती देखिएको छ। संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, प्रभावकारी कार्यान्वयन र दिगो वित्तीय व्यवस्थापन आगामी चरणका मुख्य आवश्यकता हुन्।

समुदाय स्तरमा गरिएका अन्तर क्रियात्मक छलफल, जीतपुरसिमरा उप-महानगरपालिकाका विभिन्न शाखाहरूसँग भएका अन्तर क्रियात्मक छलफल र नीतिगत दस्तावेजहरूले उपलब्ध गराएको जानकारीको आधारमा यस उप-महानगरपालिकामा भएका समस्या तथा चुनौतीहरूलाई यस अनुसार विश्लेषण गरिएको छ :

- ग्रामीण तथा सहरी क्षेत्र जोड्ने सडक सञ्जाल विस्तार भए पनि सबै बस्तीमा गुणस्तरीय र दिगो सडक पहुँच अझै सुनिश्चित हुन नसक्नू,
- खानेपानी, ढल निकास तथा सिंचाइ प्रणालीको पर्याप्त विस्तार र मर्मत-सम्भारका कार्यमा गुणस्तरता विस्तार गर्न आवश्यक हुनु,
- नदी कटान, तटबन्धन तथा बाढी नियन्त्रण संरचनाको अभावले जोखिम बढ्दै जानु,
- तीव्र सहरीकरणसँगै अव्यवस्थित बसोबास र पूर्वाधारको व्यवस्थापनमा कठिनाइ हुनु,
- पूर्वाधार आयोजनामा लागत वृद्धि, ढिलाइ र प्राविधिक निरीक्षणमा कडाइ हुन नसक्नू,
- आन्तरिक राजस्व वृद्धि भए पनि बढ्दो विकास आवश्यकताका तुलनामा स्रोत अपर्याप्त हुनु,
- कृषि, पशुपालन र साना तथा मझौला उद्यमलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउन प्राविधिक सहयोग र बजार व्यवस्थापन कमजोर रहनु,
- युवा जनशक्तिको सीप विकास र स्थानीय रोजगारी सिर्जनामा अपेक्षित उपलब्धि नहुनु,
- औद्योगिक तथा व्यापारिक सम्भावनाको पूर्ण उपयोग गर्न लगानीमैत्री वातावरण सुदृढ गर्न ढिलाइ हुनु,
- विपन्न, दलित, जनजाति तथा सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरणमा अझ प्रभावकारी कार्यक्रम आवश्यक रहनु,
- सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा, शिक्षक दरबन्दी व्यवस्थापन र सिकाइ उपलब्धि सुधार कार्यमा नीतिगत चुनौतीहरु हुनु,
- प्राविधिक तथा सीपमूलक शिक्षालाई रोजगारीसँग प्रभावकारी रूपमा जोड्न नसक्नु,
- स्वास्थ्य संस्थाको संख्या बढे पनि दक्ष जनशक्ति, उपकरण र गुणस्तरीय सेवामा कमी हुनु,
- लैंगिक समानता, अपांगता समावेशीकरण तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई प्रविधिकरण गर्न ढिलाइ हुनु,
- साक्षरता, स्वास्थ्य सचेतना तथा सामाजिक व्यवहार परिवर्तनमा तत्काल परिणाम आउन कठिन हुनु,
- दिगो फोहरमैला व्यवस्थापन प्रणाली र स्थायी ल्यान्डफिल साइटको अभाव रहनु,
- बाढी, डुबान, आगलागी तथा अन्य विपद्को जोखिम उच्च तर प्रतिकार्यात्मक तयारी अभाव हुनु,
- जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकूलन कार्यक्रममा लगानी सीमित हुनु,
- विपद् पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापन क्षमतामा सुधार आवश्यक हुनु,
- वातावरण संरक्षणसम्बन्धी जनचेतना तथा कानुनी कार्यान्वयन कमजोर रहनु,
- निर्माण भएका स्थानीय कानुनहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनको अभाव,
- सार्वजनिक सेवा प्रवाहमा ढिलाइ, प्रक्रियागत जटिलता र प्रविधिको सीमित उपयोग,
- डिजिटल सुशासन प्रणालीलाई सबै नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउन चुनौती,
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र स्रोत साझेदारीमा स्पष्टता नहुनु,

- सीमित जनशक्ति, प्रशासनिक क्षमता तथा प्राविधिक दक्षताका कारण संस्थागत सुदृढीकरणमा अवरोध देखिनु ।

### ३.३ प्रमुख सम्भावना तथा अवसर

तराईको समथर फाँटमा अवस्थित जीतपुरसिमरा उप-महानगरपालिका सम्भावनाको उज्यालो क्षितिज बोकेको नगर हो । पूर्व पश्चिम राजमार्गले चिरेको भूगोल, सिमरा विमानस्थलको निकटता, औद्योगिक क्षेत्रको उपस्थिति र उर्वर कृषि भूमि यहाँका मुख्य आधार हुन् । खेतका हरियो बाली, तरकारी तथा फलफूल उत्पादनको प्रशस्त सम्भावना, पशुपालन र दुग्ध व्यवसाय विस्तार गर्न सक्ने क्षमता तथा नजिकैको बजार पहुँचले यस क्षेत्रलाई कृषि व्यवसायको केन्द्रका रूपमा उभ्याउन सक्ने सम्भावना छ । औद्योगिक करिडोरसँगको सम्बन्धले रोजगारी सिर्जना, लगानी प्रवर्द्धन र साना तथा मझौला उद्योग विस्तारका ढोका खोलेको छ । बहु जातीय, बहुभाषिक र सांस्कृतिक विविधताले सामाजिक एकता र पर्यटन विकासका लागि विशेष आकर्षण थपेको छ । डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह, युवा जनशक्तिको ऊर्जा, वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा संघ, प्रदेशसँगको सहकार्यले दिगो र समावेशी विकासको मार्ग फराकिलो बनाएको छ । तराईको माटो, पसिना र परिश्रमसँग गाँसिएको यो नगर आत्मनिर्भर, समृद्ध र अवसर मय भविष्यतर्फ अग्रसर हुने पर्याप्त आधार बोकेको छ ।

यस सम्भावनालाई व्यवहारमा उतार्न सकियो भने जीतपुरसिमरा तराईकै उदाहरणीय नगर बन्न सक्छ । कृषि उत्पादनलाई प्रशोधन उद्योगसँग जोड्दै मूल्य अभिवृद्धि गर्ने, स्थानीय युवालाई सीपमूलक तालिममार्फत उद्यमशीलतामा प्रवर्द्धन गर्ने, औद्योगिक लगानीलाई व्यवस्थित पूर्वाधार र सहज प्रशासनमार्फत आकर्षित गर्ने, तथा धार्मिक सांस्कृतिक स्थलहरूलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने अवसर प्रशस्त छन् । हरियाली खेत, चहलपहल बजार, उद्योगको विस्तार र प्रविधि मैत्री प्रशासन एकसाथ अघि बढेमा यो क्षेत्र आर्थिक गतिशीलता र सामाजिक समावेशीकरणको सन्तुलित मोडेल बन्न सक्छ । नगर क्षेत्र भित्रको सार्वजनिक खाली जमिनमा वृक्षारोपण, खोला नदी किनारमा विभिन्न किसिमका बिरुवाहरू जस्तै बाँस, आदि रोपेर बाढीबाट क्षति कम गर्न सकिने आधार छन् भने सामूहिक तथा चकलाबन्दी खेती प्रणाली सुरु गरि उत्पादन वृद्धि गर्न सकेको खण्डमा तराइले देशलाई खुवाउनु पर्छ भन्ने मधेश प्रदेशको दोस्रो आवधिक योजनाले राखेको लक्ष्य पूरा गर्न योगदान पुग्ने देखिन्छ ।

### ३.४ निर्देशक सिद्धान्त

जीतपुरसिमरा उप-महानगरपालिकाले तय गरेको दीर्घकालीन सोच तथा परीमाणात्मक लक्ष्यलाई साकार पार्न, परिवर्तित राजनीतिक, आर्थिक र सामाजिक परिवेशका साथै नेपाल सरकारको सोह्रौं योजना र मधेश प्रदेशको दोस्रो आवधिक योजनाका लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी निर्देशक सिद्धान्तहरू निर्धारण गरिएको छ । समृद्ध नगर निर्माणमार्फत बहुआयमिक गरिबीमा रहेको समुदायलाई समेत विकासको मूलाधारमा समाहित गर्ने अभियानलाई मूर्तरूप दिन यी निर्देशक सिद्धान्तहरूको पालन तथा प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले यो आवधिक योजना तयार गरिएको हो ।

| निर्देशक सिद्धान्त | नीतिगत आधार |
|---|---|
| १. समावेशी तथा न्यायपूर्ण विकास | लैङ्गिक समानता, दलित तथा सीमान्तकृत समुदायको सशक्तीकरण, सेवामा समान पहुँच, लक्षित कार्यक्रममार्फत सामाजिक न्याय सुनिश्चित गरिने । |
| २. दिगो तथा वातावरणमैत्री विकास | हरित पूर्वाधार, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण, फोहोर व्यवस्थापन र प्राकृतिक स्रोतको संरक्षण गरिने । |

| निर्देशक सिद्धान्त | नीतिगत आधार |
|---|---|
| ३. उत्पादनमुखी तथा आत्मनिर्भर अर्थतन्त्र | कृषि आधुनिकीकरण, स्थानीय उद्यम प्रवर्द्धन, पर्यटन विकास, रोजगारी सिर्जना र सहकारी सशक्तीकरण गरिने । |
| ४. गुणस्तरीय मानव विकास | सर्वसुलभ स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, सीप विकास, पोषण सुधार तथा युवा सशक्तीकरणमा जोड दिइने । |
| ५. सुशासन र पारदर्शिता | नतिजामुखी योजना कार्यान्वयन, डिजिटल सेवा प्रवाह, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षणलाई प्रभावकारी कार्यान्वयन गरिने । |
| ६. समन्वय र सहकार्यमा आधारित शासन | संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, निजी–सहकारी–सामुदायिक क्षेत्रसँग साझेदारीमा जोड दिइने । |
| ७. प्रविधिमैत्री तथा नवप्रवर्तनमुखी विकास | सूचना प्रविधिको प्रयोग, ई-गभर्नेन्स, वस्तुगत विवरणमा आधारित निर्णय प्रणाली, नवप्रवर्तन प्रोत्साहन गरिने । |
| ८. पूर्वाधारको समतामूलक विस्तार | सडक, खानेपानी, ऊर्जा, सञ्चार तथा शहरी विकासमा सन्तुलित लगानी गरिने । |
| ९. सामाजिक सुरक्षा तथा संरक्षण | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जोखिममा रहेका वर्गका लागि लक्षित कार्यक्रममा जोड दिइने । |
| १०. दिगो स्रोत परिचालन तथा वित्तीय अनुशासन | आन्तरिक राजस्व वृद्धि, प्रभावकारी बजेट व्यवस्थापन, साझेदारीमार्फत स्रोत परिचालन गरिने । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं आवधिक योजना तथा मधेश प्रदेशको दोस्रो आवधिक योजनाले तय गरेका लक्ष्यहरूसँग सामञ्जस्यता कायम गर्दै जीतपुरसिमरा उप-महानगरपालिकाले आफ्नो दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण गरेको छ । औद्योगिक, कृषि तथा व्यापारिक सम्भावनाले सम्पन्न यस नगरको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्ने उद्देश्यले समावेशी, उत्पादन मुखी र दिगो विकासको अवधारणामा आधारित दीर्घकालीन सोच तयार गरिएको छ ।

### ३.५.१ दीर्घकालीन सोच

**"आत्मनिर्भर, सक्षम एवम् जनमुखी, स्थानीय सरकार, समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार"**

सोचको थप पुस्ट्याई

**आत्मनिर्भर :**

- स्थानीय स्रोत साधन, सीप र पूँजीको अधिकतम परिचालन गर्ने नगर,
- आन्तरिक राजस्व सहित अन्य स्रोतको वृद्धि गरी बाह्य अनुदानमा न्यून निर्भरता कायम गर्ने,
- कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रको सन्तुलित विकासमार्फत आफ्नै उत्पादन र रोजगारी सिर्जना गर्ने,
- स्थानीय आवश्यकता अनुसार वस्तु तथा सेवाको स्थानीय स्तरमै उत्पादन र आपूर्ति सुनिश्चित गर्ने,
- आर्थिक संकट वा विपद् अवस्थामा समेत स्वसक्षमतापूर्वक व्यवस्थापन गर्न सक्ने प्रणाली विकास गर्ने,

**सक्षम एवम् जनमुखी :**

**सक्षम**

- नीतिगत स्पष्टता, दक्ष जनशक्ति र प्रभावकारी प्रशासनिक संरचना भएको,
- योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म नतिजामुखी प्रणाली अपनाउने,
- प्रविधिमैत्री, तथ्याङ्कमा आधारित निर्णय गर्ने क्षमता भएको,
- सेवा प्रवाह छिटो, गुणस्तरीय र व्यवस्थित रूपमा गर्न सक्ने संस्थागत क्षमता भएको,

**जनमुखी**

- नागरिकको आवश्यकता, अपेक्षा र सुझावलाई प्राथमिकता दिने,
- समावेशी सहभागितामूलक योजना प्रक्रिया अपनाउने,
- सेवा प्रवाहमा समान पहुँच, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने,
- महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायमैत्री नीति तथा कार्यक्रम लागू गर्ने,

**समृद्धिपूर्ण सुशासन :**

- आर्थिक वृद्धि र सामाजिक न्यायबीच सन्तुलन कायम गर्ने शासन प्रणाली,
- पारदर्शिता, जवाफदेहिता र विधिको शासनमा आधारित प्रशासन,
- पारदर्शिता, सुशासन तथा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग,
- परिणाममा आधारित योजना तथा बजेट कार्यान्वयन प्रणाली,
- दिगो विकास, वातावरण संरक्षण र सामाजिक सद्भावलाई प्राथमिकता दिने नीति।

### ३.५.२ लक्ष्य

स्थानीय स्रोत साधनको प्रभावकारी परिचालन, सक्षम र जन उत्तरदायी सेवा प्रवाह तथा पारदर्शी सुशासनमार्फत आर्थिक, सामाजिक र संस्थागत सशक्तिकरण हासिल गर्दै जीतपुरसिमरालाई आत्मनिर्भर, समावेशी र दिगो समृद्ध नगरका रूपमा विकास गर्नु।

### ३.५.३ उद्देश्यहरू

**उद्देश्य एक:** उत्पादन, उद्योग व्यापार र उद्यमशीलता प्रवर्द्धनमार्फत दिगो रोजगारी सिर्जना गरी आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्नु,

**उद्देश्य दुई:** शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणस्तरीय तथा समावेशी पहुँच सुनिश्चित गर्नु,

**उद्देश्य तीन:** दिगो सहरीकरण अनुसार सडक, ऊर्जा र सार्वजनिक पूर्वाधारको योजनाबद्ध विकास गर्नु,

**उद्देश्य चार:** प्राकृतिक स्रोत संरक्षण, फोहोर व्यवस्थापन र विपद् न्यूनीकरण मार्फत स्वच्छ र हरित नगर निर्माण गर्नु,

**उद्देश्य पाँच:** पारदर्शी, प्रविधि मैत्री र सहभागिता मूलक शासनमार्फत सक्षम र जनमुखी स्थानीय सरकार सुदृढ गर्नु।

### ३.५.४ रणनीतिक स्तम्भहरू

आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र फोहर मैला व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका आयामहरूलाई सम्बोधन गर्ने गरि तयार गरिएको यस आवधिक योजनाका प्रमुख रणनीतिक स्तम्भहरू यस अनुसार रहेका छन् :

१. उत्पादन मुखी तथा प्रतिस्पर्धी अर्थतन्त्रको विकास गर्ने,
२. गुणस्तरीय मानव विकास तथा न्याय पूर्ण सामाजिक समावेशीकरणको सुनिश्चितता कायम गर्ने,
३. दिगो, वातावरण मैत्री र स्मार्ट पूर्वाधार विकास गर्ने,
४. हरित, स्वच्छ र जलवायु उत्थान शील नगरका रूपमा विकास गर्ने,
५. सुशासन, पारदर्शिता र संस्थागत सुदृढीकरणको सुनिश्चितता कायम गर्ने।

## ३.६ परीमाणात्मक लक्ष्य

आवधिक योजनाको अवधिमा हासिल गरिने समष्टिगत परीमाणात्मक लक्ष्यहरू स्थानीय तहको उपलब्ध तथ्याङ्क, प्रदेश स्तरीय लक्ष्य तथा राष्ट्रिय विकास लक्ष्य सूचकहरूलाई आधार मानी निर्धारण गरिएको छ। मानव विकास, आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, आयस्तर तथा आधारभूत सेवामा पहुँच जस्ता सूचकहरूमा स्थानीय स्तरमा पूर्ण तथ्याङ्क उपलब्ध नभए पनि प्रदेश तथा राष्ट्रिय प्रवृत्तिलाई सन्दर्भका रूपमा ग्रहण गरिएको छ। औद्योगिक, व्यापारिक तथा कृषि सम्भावनाले सम्पन्न जीतपुरसिमराको वर्तमान सामाजिक आर्थिक अवस्था प्रदेशको औसतभन्दा अनुकूल रहेको अनुमानका आधारमा यथार्थ परक र हासिल गर्न सकिने परीमाणात्मक लक्ष्यहरू प्रक्षेपण गरिएको छ।

| सूचकहरू | एकाइ | आधार वर्षको अवस्था | | | पाँचौं वर्षको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाल | मधेश प्रदेश | जीतपुरसिमरा | नेपाल | मधेश प्रदेश | जीतपुरसिमरा |
| मानव विकास सूचकाङ्क | प्रतिशत | ०.६०१ | ०.५८ | ०.५९ | ०.६५ | ०.६२ | ०.६३ |
| आर्थिक वृद्धिदर | प्रतिशत | ५.५ | ५ | ६ | ७.५ | ७ | ८ |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २०.३ | २५ | २२ | १२ | १५ | १४ |
| प्रतिव्यक्ति वार्षिक आय(अमेरिकी डलर) | डलर | १४५६ | १३०० | १४०० | २४१३ | २१०० | २२५० |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ६९ | ७० | ७३ | ७२ | ७३ |
| बाह्रै महिना सिँचाई हुने खेती योग्य जमिन | हेक्टर | २५ | २० | ३० | ५० | ४५ | ६० |
| आफ्नो उत्पादनले बाह्रै महिना खाना पुग्ने | घर परिवार | ४५ | ३८ | ४२ | ६० | ५५ | ६५ |
| कृषि-उपज वस्तु विक्री गर्ने | घर परिवार | ५५ | ५० | ६० | ७० | ६५ | ७५ |
| कृषिमा आधारित सबै प्रकारका उद्योगहरू | संख्या | १५०० | ४५० | ८० | २००० | ७०० | १५० |
| बेरोजगार युवा | प्रतिशत | ११.४ | १३ | १२ | ५ | ६ | ५ |
| वैदेशिक रोजगारजीबाट भित्रिने रेमिट्यान्स | रु. लाखमा | १००००० | २५००० | ३००० | १३०००० | ३५००० | ५००० |
| साक्षरता दर (५ वर्ष माथिको जनसंख्यामा) | प्रतिशत | ७६ | ६८ | ७२ | ८५ | ८० | ८३ |
| माध्यामिक तह(९-१२) को खुद भर्ना दर | प्रतिशत | ५५ | ४८ | ५० | ७० | ६५ | ६८ |
| आधारभूत तह(१-८) को खुद भर्ना दर | प्रतिशत | ९२ | ८८ | ९० | ९८ | ९५ | ९७ |

| सूचकहरू | एकाइ | आधार वर्षको अवस्था | | | पाँचौं वर्षको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाल | मधेश प्रदेश | जीतपुरसिमरा | नेपाल | मधेश प्रदेश | जीतपुरसिमरा |
| ३० मिनेटको दूरीमा यातायातको पहुँच भएका घर परिवार | प्रतिशत | ७५ | ६५ | ७० | ९० | ८५ | ९२ |
| सुरक्षित खानेपानीको पहुँच भएका घर परिवार | प्रतिशत | २५.८ | ३० | ३५ | ४५ | ५० | ५५ |
| वन क्षेत्रले ओगटेको जमिन | हेक्टर | ५९६०००० | ४५००० | ३००० | ६१००००० | ५०००० | ३५०० |
| विपद् को जोखिममा रहेको जनसंख्या | प्रतिशत | ३० | ४० | ३५ | २५ | ३० | २८ |

स्रोत:

## ३.७ रणनीति तथा प्राथमिकता

<table>
<tr><td colspan="3">उद्देश्य १: उत्पादन, उद्योग व्यापार र उद्यमशीलता प्रवर्द्धनमार्फत दिगो रोजगारी सिर्जना गरी आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्नु,</td></tr>
<tr><td colspan="3">रणनीतिक स्तम्भ १: उत्पादन मुखी तथा प्रतिस्पर्धी अर्थतन्त्रको विकास गर्ने,</td></tr>
<tr><th>रणनीतिहरू</th><th>कार्य नीतिहरू</th><th>प्राथमिकता</th></tr>
<tr><td rowspan="5">व्यवसायीक, प्रविधि मैत्री र बजारमुखी कृषि प्रणाली विकास गरी खाद्य आत्मनिर्भरता सुदृढ गर्ने</td><td>उच्च उत्पादन दिने बीउ विजन वितरण, सिँचाइ सुधार र यान्त्रिकहरूको प्रवर्द्धन गरिनेछ।</td><td>सिँचाइ पहुँच विस्तार</td></tr>
<tr><td>कृषक समूह/फर्म दर्तामा सहजिकरण गर्दै उत्पादन तथा बजारीकरणमा प्रवर्द्धन गरिनेछ।</td><td>उन्नत बीउ तथा मल व्यवस्थापन</td></tr>
<tr><td>पशुपालन तथा दुग्ध मूल्य श्रृंखला सुदृढीकरणमा जोड दिइनेछ।</td><td>तरकारी, फलफूल र दुग्ध उत्पादन क्षेत्र विशेष कार्यक्रम</td></tr>
<tr><td>कृषि बीमा र जोखिम न्यूनीकरण कार्यक्रमलाई विस्तार गरिनेछ।</td><td>कृषकलाई बजार सूचना प्रणालीमा जोड्ने</td></tr>
<tr><td>चिस्यान केन्द्र/भण्डारण तथा संकलन प्रणाली विकासमा जोड दिइनेछ।</td><td>खाद्य सुरक्षामा टेवा पुग्ने कार्यक्रम सञ्चालन</td></tr>
<tr><td rowspan="3">प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत पर्यटन प्रवर्द्धन गर्ने</td><td>सम्भावित पर्यटकिय स्थलको पहिचान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।</td><td>पर्यटन विकासको गुरुयोजना तयार</td></tr>
<tr><td>सांस्कृतिक उत्सव र स्थानीय कला/कलाकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।</td><td>सांस्कृतिक धरोहर संरक्षण</td></tr>
<tr><td>सांस्कृतिक उत्सव र स्थानीय पहिचान कार्यक्रम</td><td>पर्यटन सूचना केन्द्र विस्तार</td></tr>
</table>

| | | |
|---|---|---|
| | निजी क्षेत्रसँगको सहकार्यमा होमस्टे, स्थानीय नवप्रवर्तन मुखी व्यवसायी सहयोग कार्यक्रम सञ्चालन गरिने छ। | सार्वजनिक निजी साझेदारिता |
| स्थानीय उद्योग तथा व्यापार प्रवर्द्धन र सहकारी व्यवस्थापन मार्फत प्रतिस्पर्धी र व्यवस्थित आर्थिक वातावरण निर्माण गर्ने | सिमरा क्षेत्रमा साना, मझौला तथा ठूला उद्योग सञ्चालनमा नगरको तर्फबाट गर्नु पर्ने आवश्यक सहयोगमा पहल गरिनेछ। | घरेलु तथा लघु उद्योग प्रवर्द्धन |
| | स्थानीय उत्पादनको ब्राण्डीङका लागि पहल गरिनेछ | औद्योगिक पूर्वाधार विकास |
| | बजार अनुगमन तथा उपभोक्ता संरक्षण मुखी कार्यक्रम सञ्चालन गरिनेछ। | उपभोक्ता अभिमुखीकरण |
| | निर्यात र आपूर्ति प्रणाली सुदृढीकरण मुखी कार्यक्रम सञ्चालन गरिनेछ। | निर्यातका लागि वस्तु उत्पादनमा जोड |
| सीप विकास र उद्यमशीलता प्रवर्द्धनमार्फत स्थानीय रोजगारी र आय वृद्धि गर्ने | युवालाई प्रविधि मैत्री सीप विकास तालिम दिइनेछ | महिला, वैदेशिक रोजगारजीबाट फर्केका र अन्य बेरोजगार युवा लक्षित कार्यक्रम |
| | बेरोजगार युवाको तथ्याङ्क व्यवस्थापन गर्दै इच्छुक युवाहरूलाई व्यवसायी बनाउन सहयोग गरिनेछ | |
| | साना तथा मझौला उद्यमशीलता विस्तारका लागि सार्वजनिक-निजी साझेदारीतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। | |
| **उद्देश्य २:** शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणस्तरीय तथा समावेशी पहुँच सुनिश्चित गर्नु | | |
| **रणनीतिक स्तम्भ २:** गुणस्तरीय मानव विकास तथा न्याय पूर्ण सामाजिक समावेशीकरणको सुनिश्चितता कायम गर्ने, | | |
| **रणनीतिहरू** | **कार्य नीतिहरू** | **प्राथमिकता** |
| गुणस्तरीय, सर्व सुलभ तथा समता मूलक स्वास्थ्य सेवा र पोषण सुधारमार्फत नागरिकको स्वास्थ्य अवस्था सुदृढ गर्ने | स्वास्थ्य सेवामा पहुँच र विस्तार सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिने छ। | प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण |
| | सेवा गुणस्तर तथा जनशक्ति क्षमता अभिवृद्धि कार्यलाई बढवा दिइनेछ | नगर अस्पतालको सेवा विस्तार (ल्याव, प्रसूति, आकस्मिक सेवा) |
| | समता मूलक र भेदभावरहित सेवाको सुनिश्चितता गरिनेछ। | पूर्ण खोप सुनिश्चितता र कुपोषण न्यूनीकरण |
| | पोषण सुधार तथा स्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ। | जनशक्ति व्यवस्थापन, क्षमता अभिवृद्धि र प्रोत्साहन |
| प्रविधि मैत्री, गुणस्तरीय र रोजगार मुखी शिक्षाको माध्यमबाट सक्षम मानव संसाधन विकास गर्ने | सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधार गरिनेछ। | डिजिटल कक्षा तथा ICT ल्याव स्थापना |
| | स्थानीय पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण प्रणाली विस्तार गरिनेछ। | कक्षा ८ सम्मको गुणस्तर मापन (Students |

| | | |
|---|---|---|
| | शिक्षक क्षमता विकास र कार्यसम्पादन मूल्यांकन प्रणाली सुदृढीकरण गरिनेछ। | Learning Achievement System-SLAS) सुदृढीकरणमा जोड |
| | नवप्रवर्तन, सीपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धनमा जोड दिइनेछ। | समुदाय, विद्यालय, बालबालिका र सरोकारवाला निकाय बीच समन्वय |
| सुरक्षित खानेपानी र पूर्ण सरसफाइ युक्त वातावरण मार्फत स्वस्थ तथा स्वच्छ नगर निर्माण गर्ने | सुरक्षित खानेपानी योजनाको निर्माण, मर्मत तथा विस्तार गरिनेछ। | प्रत्येक वडामा सुरक्षित खानेपानी पहुँच विस्तार |
| | खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ अभियान सुदृढीकरण कार्यमा जोड दिइनेछ। | खुला दिसा मुक्त तथा पूर्ण सरसफाइको अवस्था अध्ययन |
| | पिउने पानी शुद्धीकरणका लागि सचेतना अभ्यासमूलक कार्यक्रम सञ्चालन गरिनेछ | सबै प्रकारका श्रोतको पानी शुद्धीकरण |
| | फोहर मैला व्यवस्थापनमा श्रोतमा वर्गीकरण विधि पूर्ण रूपमा लागू गरिनेछ। | दिगो डम्पिङ साइट/ ल्याण्डफिल साइट स्थापना |
| लैङ्गिक समानता, बाल अधिकार संरक्षण र लक्षित वर्गको सशक्तिकरण मार्फत न्याय पूर्ण समाज निर्माण गर्ने | महिला सशक्तिकरण तथा आय आर्जन मुखी कार्यक्रम सञ्चालन गरिनेछ। | महिला उद्यमशीलता तथा सीप विकास तालिम |
| | बाल अधिकार संरक्षण तथा बालमैत्रि स्थानीय शासन प्रवर्द्धनमा जोड दिइनेछ। | बालमैत्रि स्थानीय शासन प्रणाली मुखी कार्यक्रम |
| | दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसंख्यक र विपन्न वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने | अपाङ्गता, लैङ्गिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिक सहायता कार्यक्रम |
| | लैङ्गिक हिंसा न्यूनीकरण तथा कानुनी सहायता सेवा सुदृढीकरण कार्यमा जोड दिइनेछ | न्यायमा पहुँच विस्तार मुखी कार्यक्रम |
| | सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यवस्थापनमा डिजिटल अभिलेखीकरण तथा अनलाइन ट्र्याकिङ प्रणाली लागू गरिनेछ। | सामाजिक सुरक्षा भत्ता व्यवस्थापन कार्यक्रम |
| युवा शक्ति परिचालन, सीप विकास तथा खेलकुद प्रवर्द्धनमार्फत उत्पादनशील र अनुशासित समाज निर्माण गर्ने | युवा सीप विकास, उद्यमशीलता तथा रोजगारी मूलक तालिम सञ्चालन गरिनेछ। | युवा स्टार्टअप तथा नवप्रवर्तन सहयोग कार्यक्रम |
| | खेलकुद पूर्वाधार निर्माण तथा प्रतियोगिता आयोजना कार्यक्रम सञ्चालन गरिनेछ। | नियमित अन्तर विद्यालय तथा नगर स्तरीय खेलकुद प्रतियोगिता |

| | | |
|---|---|---|
| | एक वडा एक खेल संरचना विकासमा जोड दिइनेछ | वडा स्तरमा खेल मैदान तथा कर्वड हल निर्माण |
| | लागू औषध दुर्व्यसन तथा सामाजिक विकृति विरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। | अवस्था अध्ययन र सचेतनामुलक कार्यक्रम |
| | युवा स्वयंसेवक तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ। | युवा स्वयंसेवक परिचालन प्रणाली विकास |

**उद्देश्य ३:** दिगो सहरीकरणअनुसार सडक, ऊर्जा र सार्वजनिक पूर्वाधारको योजनाबद्ध विकास गर्नु,

**रणनीतिक स्तम्भ ३:** दिगो, वातावरण मैत्री र स्मार्ट पूर्वाधार विकास गर्ने,

| रणनीतिहरू | कार्य नीतिहरू | प्राथमिकता |
|---|---|---|
| सुरक्षित, व्यवस्थित र दिगो शहरी पूर्वाधार विकासमार्फत सुरक्षित आवास र गुणस्तरीय सार्वजनिक सेवा संरचना निर्माण गर्ने | विपन्न तथा लक्षित वर्गका लागि सुरक्षित आवास कार्यक्रम विस्तार कार्यक्रममा जोड दिइनेछ। | विपन्न आवास निर्माण (बाँस/स्थानीय सामग्री आधारित) |
| | अधुरो सार्वजनिक भवन तथा वडा कार्यालय निर्माण सम्पन्न गरिनेछ। | अधुरो वडा कार्यालय तथा सार्वजनिक भवन सम्पन्नता |
| | सार्वजनिक शौचालय, सामुदायिक भवन, पार्क तथा खुला क्षेत्र विकासमा जोड दिइनेछ। | स्मार्ट सार्वजनिक शौचालय निर्माण |
| | भवन निर्माण मापदण्ड तथा नक्सा पास प्रणालीलाई प्रविधि मैत्री र वैज्ञानिक बनाउँदै जाने नीति लिइनेछ | GIS आधारित घर नक्सा तथा अभिलेख प्रणाली |
| सुरक्षित, दिगो र वातावरण मैत्री सडक सञ्जाल विकासमार्फत सहज आवागमन सुनिश्चित गर्ने | वडा–वडा तथा ग्रामीण बस्ती जोड्ने सडक स्तरोन्नतिका लागि तीन तहका सरकारहरू बीच समन्वय गरिनेछ। | संघीय/प्रदेश समपुरक सडक आयोजना सम्पन्नता |
| | पुल, कलभर्ट तथा तटबन्धन निर्माण अभियान सञ्चालन गरिनेछ। | नयाँ ट्र्याक तथा अधुरो सडक ढलान योजनाको निरन्तरता |
| | अधुरो सडक तथा पूर्वाधार योजनाको निरन्तरता दिइनेछ। | |
| | नियमित सडक मर्मत सम्भार तथा सडक सुरक्षा व्यवस्थापनमा प्राथमिकता दिइनेछ। | नदी कटान नियन्त्रण तथा तटबन्धन |
| स्वच्छ, नवीकरणीय तथा सर्व सुलभ ऊर्जा प्रणाली विकासमार्फत उत्पादन र वातावरणीय सन्तुलन सुदृढ गर्ने | राष्ट्रिय प्रसारण लाइनका उपभोक्ताहरू सँग अन्तरक्रिया गरि विद्युत् आपूर्ति र खपतलाई सर्व सुलभ बनाउन पहल गरिनेछ। | विपन्न वस्तिमा विद्युत् पहुँचको सुनिश्चितता |
| | आवश्यकताको आधारमा वैकल्पिक ऊर्जा मार्फत सिँचाइ, उद्योग सञ्चालन लागि पहल गरिनेछ | वैकल्पिक ऊर्जा व्यवस्थापनमा पहल |
| | जमिनमुनिको पानी संरक्षण मुखी कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। | वर्षाको पानी संरक्षण कार्यक्रम |

| | | |
|---|---|---|
| | वैकल्पिक ऊर्जा (बायो ग्याँस, इन्डक्सन चुलो, सुधारिएको चुलो) प्रवर्द्धनमा जोड दिइनेछ। | सचेतनामुलक कार्यक्रम |
| डिजिटल पूर्वाधार सुदृढीकरणमार्फत पारदर्शी, छरितो र प्रविधि मैत्री सेवा प्रवाह सुनिश्चित गर्ने | GIS आधारित कर नक्साङ्कन तथा अभिलेख प्रणाली विकास गरिनेछ। | GIS आधारित सम्पत्ति अभिलेख |
| | ई–सुशासन तथा डिजिटल सेवा विस्तार गरिनेछ। | वडा स्तरमा सूचना प्रणाली विकास |
| | सार्वजनिक सूचना प्रणाली र डिजिटल डाटा वैंक निर्माण गर्ने नीति लिइनेछ। | ई-नगरको अवधारणाको विकास |
| | वडा कार्यालयमा इन्टरनेट तथा डिजिटल सेवा पहुँच विस्तार गर्ने नीति लिइने छ। | |
| | समुदायमा डिजिटल साक्षरता, साइबर सुरक्षा र सामाजिक सद्भाव सम्बन्धी साक्षरता अभियान सञ्चालन गरिने छ। | अव्यवस्थित डिजिटल अभ्यासलाई व्यवस्थित गर्ने अभियान मुखी कार्यक्रम |
| **उद्देश्य ४:** प्राकृतिक स्रोत संरक्षण, फोहोर व्यवस्थापन र विपद् न्यून करणमार्फत स्वच्छ र हरित नगर निर्माण गर्नु | | |
| **रणनीतिक स्तम्भ ४:** हरित, स्वच्छ र जलवायु उत्थान शील नगरका रूपमा विकास गर्ने, | | |
| **रणनीतिहरू** | **कार्य नीतिहरू** | **प्राथमिकता** |
| वन स्रोतको संरक्षण, पुनः स्थापना र जैविक विविधता प्रवर्द्धनमार्फत दिगो पर्यावरणीय सन्तुलन कायम गर्ने | सामुदायिक वन सुदृढीकरण तथा वृक्षरोपण अभियान सञ्चालनमा सामुदायिक सहकार्यमा पहल गरिनेछ | वन तथा वन्यजन्तु संरक्षण सम्बन्धी अभियान |
| | सार्वजनिक स्थल तथा नदी/खोला किनार क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ। | हरियाली वातावरणको विकास तथा हरित नगर अभियान सञ्चालन |
| | वन अतिक्रमण नियन्त्रण तथा जैविक विविधता संरक्षण कार्यक्रममा जोड दिइनेछ। | |
| | विद्यालय तथा समुदायमा वातावरणीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। | सहकार्य मार्फत प्राकृतिक स्रोत संरक्षण तथा प्रवर्द्धन |
| माटो क्षय, नदी कटान तथा भू क्षय न्यूनीकरण गर्दै जलाधार संरक्षणमार्फत दिगो प्राकृतिक स्रोत व्यवस्थापन गर्ने | नदी/खोला तटबन्धन तथा कटान नियन्त्रण संरचना निर्माण गर्ने नीति लिइनेछ। | नदी/खोला तटबन्धन तथा कटान नियन्त्रण |
| | तट बाँध, कुलो तथा सिँचाइ संरचनाको संरक्षण र मर्मत गर्ने नीति लिइनेछ। | जल उत्पन्न जोखिम क्षेत्र पहिचान र संरक्षण |
| | जोखिम युक्त क्षेत्रमा भू–संरक्षण तथा ढल निकास व्यवस्थापनमा जोड दिइनेछ। | |
| | जलाधार क्षेत्रमा संरक्षणमुखी कार्यक्रम सञ्चालन गरिनेछ। | वर्षा जल व्यवस्थापन प्रणाली विकास |
| स्वच्छ, हरित र प्रदूषण मुक्त नगर निर्माणका लागि | स्थायी तथा वातावरण मैत्री डम्पिङ/ल्याण्डफिल साइट स्थापना विकासको नीति लिइनेछ। | ल्याण्डफिल साइट व्यवस्थापन |

| | | |
|---|---|---|
| एकीकृत फोहर मैला व्यवस्थापन प्रणाली लागू गर्ने | स्रोतमा फोहर वर्गीकरण प्रणाली लागू गरिनेछ। | फोहर मैलाको दिगो व्यवस्थापन |
| | Reduce, Reuse and Recycle (3R) विधि मार्फत फोहर व्यवस्थापन तथा प्रशोधन केन्द्र स्थापना गर्न जोड दिइने छ। | स्रोतमा फोहर वर्गीकरण अभियान |
| | सार्वजनिक स्थान तथा बजार क्षेत्र सरसफाइ सुदृढीकरणको नीति लिइनेछ। | वातावरणीय सचेतना तथा प्लास्टिक व्यवस्थापन |
| पूर्वतयारी, जोखिम न्यूनीकरण र जलवायु अनुकूलन कार्यक्रममार्फत सुरक्षित तथा उत्थान शील नगर निर्माण गर्ने | विपद् पूर्वतयारी तथा आपत्कालिन उद्धार प्रणाली सुदृढीकरणमा जोड दिइने छ। | विपद् पूर्वतयारी योजना र सामग्री व्यवस्थापन |
| | जल उत्पन्न प्रकोप, बाढी तथा आगलागी जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | जोखिम नक्साङ्कन तथा संवेदनशील क्षेत्र पहिचान |
| | जलवायु अनुकूलन तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। | राहत तथा उद्धार कोष व्यवस्थापन |
| **उद्देश्य ५:** पारदर्शी, प्रविधि मैत्री र सहभागिता मूलक शासनमार्फत सक्षम र जनमुखी स्थानीय सरकार सुदृढ गर्नु | | |
| **रणनीतिक स्तम्भ ५:** सुशासन, पारदर्शिता र संस्थागत सुदृढीकरणको सुनिश्चितता कायम गर्ने। | | |
| **रणनीतिहरू** | **कार्य नीतिहरू** | **प्राथमिकता** |
| कानुनमा आधारित, पारदर्शी, उत्तरदायी तथा प्रविधि मैत्री स्थानीय शासन प्रणाली विकास गर्ने | आवश्यक स्थानीय ऐन, कार्यविधि तथा मापदण्ड निर्माण तथा परिमार्जनमा जोड दिइनेछ। | स्थानीय कानुनहरूको अद्यावधिक र कार्यान्वयन |
| | सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागिता सुदृढीकरणमा प्रवर्द्धन गरिनेछ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ नियमितीकरण |
| | आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरणमा जोड दिइनेछ। | पारदर्शिता प्रवर्द्धन |
| क्षमता सम्पन्न, उत्तरदायी र सेवा केन्द्रित प्रशासनिक संरचना विकास गर्ने | O&M सर्वेक्षण अनुसार दरबन्दी मिलान तथा जनशक्ति व्यवस्थापनको नीति लिइनेछ। | कर्मचारी तालिम तथा दक्षता अभिवृद्धि |
| | कर्मचारी क्षमता विकास, तालिम तथा कार्यसम्पादन मूल्यांकन प्रणालीमा जोड दिइनेछ। | कार्यसम्पादन सम्झौता प्रणाली सुदृढीकरण |
| | वडा कार्यालय तथा शाखाको संस्थागत सुदृढीकरणमा जोड दिइनेछ। | वडा स्तरमा सेवा पहुँच विस्तार |
| स्थानीय राजस्व वृद्धि, प्रभावकारी स्रोत परिचालन तथा वित्तीय अनुशासन सुदृढीकरण गर्ने | GIS आधारित कर नक्साङ्कन तथा सम्पत्ति अभिलेख अद्यावधिकमा जोड दिइनेछ। | सम्पत्ति कर अभिलेख अद्यावधिक |
| | कर प्रशासनलाई पारदर्शी र प्रविधि मैत्री बनाइनेछ | डिजिटल कर भुक्तानी प्रणाली |

| | | |
|---|---|---|
| | आन्तरिक स्रोत वृद्धि र वैकल्पिक राजस्व स्रोत पहिचान मुखी कार्यक्रम सञ्चालन गरिनेछ। | कर दायरा विस्तार अभियान |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रणालीलाई परिणाममुखी र दिगो बनाउने | आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना निर्माण तथा लागू गर्ने प्रक्रियामा जोड दिइनेछ। | आवधिक योजना अद्यावधिक |
| | योजना छनौटमा आवश्यकतामा आधारित तथा सहभागी प्रक्रिया अवलम्बनलाई थप बढवा दिइनेछ | बहु वर्षीय तथा अधुरो योजना सम्पन्नता |
| | नियमित अनुगमन, प्रगति समीक्षा तथा मूल्यांकनका कार्यक्रम सञ्चालन गरिनेछ। | अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढीकरण |
| | अधुरो तथा बहु वर्षीय योजनालाई प्राथमिकता दिई सम्पन्नता सुनिश्चित गर्ने नीति लिइनेछ। | डिजिटल योजना व्यवस्थापन प्रणाली विकास |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### (क) लगानीको आवश्यकता र स्रोत व्यवस्थापन योजना

जीतपुरसिमरा उप-महानगरपालिकाले **"आत्मनिर्भर, सक्षम एवम् जनमुखी स्थानीय सरकार, समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार"** भन्ने दीर्घकालीन सोचलाई मार्गदर्शनका रूपमा लिँदै आवधिक योजना तयार गरेको छ। नगरको समग्र तथा सन्तुलित विकास सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, सुशासन र राजस्व सुधार जस्ता आधारभूत क्षेत्रहरूलाई प्राथमिकतामा राखी वार्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यस आवधिक योजनामा प्रस्तावित विद्यालय शिक्षा सुधार, स्थानीय पाठ्यक्रम कार्यान्वयन, स्वास्थ्य सेवा विस्तार, नगर अस्पताल स्तरोन्नति, सामाजिक सुरक्षा कार्यक्रम, सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण, वातावरणीय संरक्षण तथा दीर्घकालीन विकास योजना निर्माण जस्ता कार्यक्रमहरूले नगरको विकासको स्पष्ट दिशा निर्धारण गरेका छन्।

तर यी कार्यक्रमहरू केवल घोषणा र प्रस्तावमै सीमित नरही गुणस्तरीय र दिगो रूपमा कार्यान्वयन हुन आवश्यक छ। आवधिक योजनाले तय गरेका परिमाणात्मक लक्ष्य, सेवा मापदण्ड र विकास सूचकहरू हासिल गर्न पर्याप्त, नियमित र रणनीतिक लगानी आवश्यक छ। विशेषगरी शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा गुणस्तर अभिवृद्धि, पूर्वाधार क्षेत्रमा पूँजीगत विस्तार, तथा प्रशासनिक क्षेत्रमा प्रविधिमा आधारित सेवा प्रणाली विकास गर्न प्रारम्भिक तथा दीर्घकालीन दुवै प्रकारको लगानी आवश्यक पर्दछ।

नेपालले संघीयताको अभ्यासमा तीन तहका सरकारहरु मार्फत राज्य सञ्चालन हुदै गर्दा अहिले पनि स्थानीय तथा प्रदेश सरकार केन्द्र सरकारले उपलब्ध गराउने विभिन्न प्रकारका अनुदानहरुमा बढी मात्रामा भर पर्नु पर्ने तीतो यथार्थ छ। विगत केही वर्ष यता नगरको आन्तरिक आम्दानीमा क्रमिक सुधार देखिए पनि बढ्दो जनसंख्या, सेवा विस्तारको आवश्यकता, पूर्वाधार निर्माण तथा मर्मत सम्भार, सामाजिक सुरक्षा दायित्व र नागरिकका उच्च अपेक्षाका कारण उपलब्ध स्थानीय तहलाई उपलब्ध स्रोतमा चाप बढ्दै गएको छ। यस्तो अवस्थामा उपलब्ध स्रोतको अधिकतम उपयोग, प्राथमिकतामा आधारित लगानी विनियोजन, र दीर्घकालीन वित्तीय योजना निर्माण अपरिहार्य देखिन्छ। त्यसैले उप-महानगरपालिकाको दिगो, समावेशी र परिणाममुखी विकास सुनिश्चित गर्न लगानीको आवश्यकता स्पष्ट, यथार्थपरक र रणनीतिक रूपमा पहिचान गरी स्रोत व्यवस्थापन योजनासँग आबद्ध गरिनु आवश्यक छ। उप-महानगरपालिकामा लगानी/स्रोतको वृद्धि र व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु यस अनुसार रहेकाछन् :

- आन्तरिक स्रोत सुदृढीकरण

- अन्तर सरकारी स्रोतको न्यूनतम लगानीमा अधिकतम प्रतिफल
- वैकल्पिक तथा साझेदारीमा आधारित लगानीको वृद्धि
- उत्पादनशील क्षेत्रको प्रवर्द्धनमा जोड
- वित्तीय अनुशासन तथा दक्षता अभिवृद्धिका लागि मध्यमकालिन खर्च संरचनामा आधारित विकास

### (ख) आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ सम्मको आय स्रोत प्रक्षेपण:

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| **कुल आय** | | **१५०५५५२६७६.३९** | **१५००००००००.००** | **१५००००००००.००** | **१८५०००००००.००** | **२००००००००० .३०** | **३२९०६४८९००.००** | **३६१९७१३७९०.००** |
| **क. आन्तरिक आय** | | **२९५६५६५९४.६८** | **२८५३२००००.००** | **३३४०४४०००.००** | **३२९१५१०००.००** | **३३९५५०५००.३०** | **१४६४१५४४५०.००** | **१६१०५६९८९५.००** |
| आन्तरिक श्रोत | ११३१३ - सम्पति कर | ३८३०५४७९.५८ | ३५००००००.०० | ४००००००० .०० | ४४००००००.०० | ४८४०००००.०० | ५३२४००००.०० | ५८५६४०००.०० |
| आन्तरिक श्रोत | ११३१४ - भूमिकर/ मालपोत | ११८०९५७७.३१ | ११२०००००.०० | १२३२००००.०० | १३५५२०००.०० | १४९०७२००.०० | १६३९७९२०.०० | १८०३७७१२.०० |
| आन्तरिक श्रोत | ११३१७ - बहाल कर | १८०४५८२९.२६ | १९०६१०००.०० | २०९६७१००.०० | २३०६३८१०.०० | २५३७०१९१.०० | २७९०७२१०.१० | ३०६९७९३१.११ |
| आन्तरिक श्रोत | ११३१८ - बहाल विटौरी कर | ६५७०४७२.३० | ८८०००००.०० | ९६८००००.०० | १०६४८०००.०० | ११७१२८००.०० | १२८८४०८०.०० | १४१७२४८८.०० |
| आन्तरिक श्रोत | ११४५१ - सवारी साधन कर (साना सवारी) | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११४५२ -पूर्वाधार सेवामा लाग्ने शुल्क (सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क) | २७५१६३७७.०० | १२३२००००.०० | १३५५२०००.०० | १४९०७२००.०० | १६३९७९२०.०० | १८०३७७१२.०० | १९८४१४८३.२० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ११४७९ - अन्य मनोरञ्जन कर | ४३६३११.०० | ५१६२७०.०० | ५००००.०० | ५५०००.०० | ६०५००.०० | ६६५५०.०० | ७३२०५.०० |
| आन्तरिक श्रोत | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६१२ - व्यवसाय बाहेकले भुक्तानी गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६३१ - कृषि तथा पशु जन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६३२ - अखेटोपहारमा लाग्ने कर (कवाडी कर) | ६५४३३६८३.०० | ४६००००००.०० | ४६००००००.०० | ५०६०००००.०० | ५५६६००००.०० | ६१२२६०००.०० | ६७३४८६००.०० |
| आन्तरिक श्रोत | ११६९१ - अन्य कर | ७४५५२७.२८ | २२००००.०० | २४२०००.०० | २६६२००.०० | २९२८२०.०० | ३२२१०२.०० | ३५४३१२.२० |
| आन्तरिक श्रोत | अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४१५१ - सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १११४२३.७० | ८२५००.०० | ९०७५०.०० | ९९८२५.०० | १०९८०७.५० | १२०७८८.२५ | १३२८६७.०८ |
| आन्तरिक श्रोत | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२१२ - सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | | ११०००.०० | १२१००.०० | १३३१०.०० | १४६४१.०० | १६१०५.१० | १७७१५.६१ |
| आन्तरिक श्रोत | अन्य विक्रीबाट प्राप्त रकम | | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२१६ - निजी धारा बापतको शुल्क | | ५५००.०० | ६०५०.०० | ६६५५.०० | ७३२०.५० | ८०५२.५५ | ८८५७.८१ |
| आन्तरिक श्रोत | १४२१८ - विद्युत् सेवा शुल्क | १००००.०० | ८८००.०० | ९६८०.०० | १०६४८.०० | ११७१२.८० | १२८८४.०८ | १४१७२.४९ |
| आन्तरिक श्रोत | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५९७५२०४.६२ | २००००००.०० | २२०००००.०० | २४२००००.०० | २६६२०००.०० | २९२८२००.०० | ३२२१०२०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४२२१ - न्यायिक दस्तुर | ४४९५५.०० | २२०००.०० | २४२००.०० | २६६२०.०० | २९२८२.०० | ३२२१०.२० | ३५४३१.२२ |
| आन्तरिक श्रोत | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ४१३००.०० | ११००००.०० | १२१०००.०० | १३३१००.०० | १४६४१०.०० | १६१०५१.०० | १७७१५६.१० |
| आन्तरिक श्रोत | १४२२४ - परीक्षा शुल्क | ३६१७००.०० | ८२५००.०० | ९०७५०.०० | ९९८२५.०० | १०९८०७.५० | १२०७८८.२५ | १३२८६७.०८ |
| आन्तरिक श्रोत | १४२२५ - यातायात क्षेत्रको आम्दानी | ०.०० | २२००००.०० | २४२०००.०० | २६६२००.०० | २९२८२०.०० | ३२२१०२.०० | ३५४३१२.२० |
| आन्तरिक श्रोत | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १०१४४७१.०० | २२०००००.०० | २४२००००.०० | २६६२०००.०० | २९२८२००.०० | ३२२१०२०.०० | ३५४३१२२.०० |
| आन्तरिक श्रोत | १४२४१ - पार्किङ्ग शुल्क | १७२१०.०० | ११००००.०० | १२१०००.०० | १३३१००.०० | १४६४१०.०० | १६१०५१.०० | १७७१५६.१० |
| आन्तरिक श्रोत | १४२४२ - नक्सापास दस्तुर | ९८०४८०७.५७ | १००००००0.०० | ११०००००0.०० | १२१०००००.०० | १३३१००००.०० | १४६४१०००.०० | १६१०५१००.०० |
| आन्तरिक श्रोत | १४२४३ - सिफारिस दस्तुर | १२०९६०९७.०० | १२५५००००.०० | १३८०५०००.०० | १५१८५५००.०० | १६७०४०५०.०० | १८३७४४५५.०० | २०२११९००.५० |
| आन्तरिक श्रोत | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १७६५७२०.०० | १६०००००.०० | १७६००००.०० | १९३६०००.०० | २१२९६००.०० | २३४२५६०.०० | २५७६८१६.०० |
| आन्तरिक श्रोत | १४२४५ - नाता प्रमाणित दस्तुर | १३६६९५०.०० | १००००००.०० | ११०००००.०० | १२१००००.०० | १३३१०००.०० | १४६४१००.०० | १६१०५१०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४२४९ - अन्य दस्तुर | २२८१५२४.९७ | २०००००० .०० | २२००००० .०० | २४२०००० .०० | २६६२००० .०० | २९२८२०० .०० | ३२२१०२० .०० |
| आन्तरिक श्रोत | १४२५३ - व्यवसाय रजिस्ट्रेसन दस्तुर | ६४१५००.०० | ७१५०००.०० | ७८६५००.०० | ८६५१५०.०० | ९५१६६५.०० | १०४६८३१.५० | ११५१५१४.६५ |
| आन्तरिक श्रोत | १४२५४ - रेडियो/ एफ. एम. सञ्चालन दस्तुर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२६२ - विद्युत् सम्बन्धी दस्तुर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | अन्य क्षेत्रको आय | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४३११ - न्यायिक दण्ड जरिबाना र जफत | २०३९.९२ | २५०००.०० | २७५००.०० | ३०२५०.०० | ३३२७५.०० | ३६६०२.५० | ४०२६२.७५ |
| आन्तरिक श्रोत | १४३१२ - प्रशासनिक दण्ड जरिबाना र जफत | ५९९६७३१.१५ | ५००००० .०० | ५५०००० .०० | ६०५००० .०० | ६६५५०० .०० | ७३२०५० .०० | ८०५२५५ .०० |
| आन्तरिक श्रोत | धरौटी सदरस्याहा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४५११ - बीमा दाबी प्राप्ति | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४५२९ - अन्य राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४५३१ - सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४६११ - व्यवसाय कर | ७१६५२०७.६० | ७५०००००.०० | ८२५००००.०० | ९०७५०००.०० | ९९८२५००.०० | १०९८०७५०.०० | १२०७८८२५.०० |
| आन्तरिक श्रोत | १५१११ - बेरुजू | ३९८०१२६.९० | १००००००.०० | ११०००००.०० | १२१००००.०० | १३३१०००.०० | १४६४१००.०० | १६१०५१०.०० |
| आन्तरिक श्रोत | ३२१२२ - बैक मौज्दात | ७४११६३६८.५२ | ११०४६०४३०.०० | १४५३१६३७०.०० | १२१५५०६०७.०० | ११११९००६८.०० | १२२३०९०७४.८० | १३४५३९९८२.२८ |
| **ख. राजस्व बाँडफाँटबाट प्राप्त रकम** | | **३६६३१५२७८.८०** | **३३५१८००००.००** | **४४३७५६०००.००** | **४४१८०००००.००** | **४८२३०००००.००** | ५३०५३००००.०० | ५८३५८३०००.०० |
| राजस्व बाँडफाँट - प्रदेश सरकार | ११४५६ - बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३२४९३१४५.०० | १८७०००००.०० | ११९००००००.०० | १२००००००.०० | १३२००००००.०० | १४५२०००००.०० | १५९७२००००.०० |
| राजस्व बाँडफाँट स्थानीय | ११३१५ - घरजग्गा रजिष्टेशन दस्तुर | १०३५१२०७२.०० | ९५००००००.०० | ८००००००.०० | ८००००००.०० | ८८००००००.०० | ९६८०००००.०० | १०६४८००००.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| राजस्व बाँडफाँट स्थानीय | ११४७१ - बाँडफाँटबाट प्राप्त हुने मनो रञ्जन कर | ०.०० | १००००٠.०० | १०००००.०० | १०००००.०० | १०००००.०० | ११००००.०० | १२१०००.०० |
| राजस्व बाँडफाँट - स्थानीय | ११४७२ - बाँडफाँटबाट प्राप्त हुने विज्ञा पन कर | ३६७४२५६.०० | १३८००००.०० | १६५६०००.०० | १७०००००.०० | १७०००००.०० | १८७००००.०० | २०५७०००.०० |
| राजस्व बाँडफाँट - स्थानीय | १४१५७ - बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | २८४१८६९४.०० | ३००००००٠.०० | ३३००००००.०० | ३५००००००.०० | ३५००००००.०० | ३८५०००००.०० | ४२३५००००.०० |
| राजस्व बाँडफाँट - संघीय सरकार | ११४११ - बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | १३८४४७७२६.२७ | १६००००००٠.०० | १७०००००००.०० | १६०००००००.०० | १७६००००००.०० | १९३६०००००.०० | २१२९६००००.०० |
| राजस्व बाँडफाँट - संघीय सरकार | ११४२१ - बाँडफाँट भई प्राप्त हुने अन्तः शुल्क | ५९७६९३८५.५३ | ३००००००٠.०० | ४०००००००.०० | ४५००००००.०० | ४९५०००००.०० | ५४४५००००.०० | ५९८९५०००.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| राजस्व बाँडफाँट - संघीय सरकार | बाँडफाँट भई प्राप्त बन रोयल्टी | ०.०० | ०.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | **८४३५८०८०२.९१** | **८७९५०००००.००** | **९७२२०००००.००** | **१०७९०४९०००.००** | **११७८१४९५००.००** | **१२९५९६४४५०.००** | **१४२५५६०८९५.००** |
| **ग. संघीय सरकार** | | **८२४२९५८०२.९१** | **८६४५०००००.००** | **९५०९५००००.००** | **१०४६०४५०००.००** | **११५०६४९५००.००** | १२६५७१४४५०.०० | १३९२२८५८९५.०० |
| नेपाल सरकार | १३३११ - समानीकरण अनुदान | २२९१२४७२०.०० | २५३५००००००.०० | २७८८५००००.०० | ३०६७३५०००.०० | ३३७४०८५००.०० | ३७११४९३५०.०० | ४०८२६४२८५.०० |
| नेपाल सरकार | १३३१२ - श सर्त अनुदान चालू | ४१६१९५५५९.९१ | ४७४००००००.०० | ५२१४०००००.०० | ५७३५४००००.०० | ६३०८९४०००.०० | ६९३९८३४००.०० | ७६३३८१७४०.०० |
| नेपाल सरकार | १३३१३ - श सर्त अनुदान पुँजीगत | १०६०१७९४३.०० | ६१५००००००.०० | ६७६५००००.०० | ७४४१५०००.०० | ८१८५६५००.०० | ९००४२१५०.०० | ९९०४६३६५.०० |
| नेपाल सरकार | १३३१५ - विशेष अनुदान पुँजीगत | ०.०० | १४३००००००.०० | १५७३००००.०० | १७३०३०००.०० | १९०३३३००.०० | २०९३६६३०.०० | २३०३०२९३.०० |
| नेपाल सरकार | १३३१७ - समपुरक अनुदान पुँजीगत | ७२९५७५८०.०० | ६१२००००००.०० | ६७३२००००.०० | ७४०५२०००.०० | ८१४५७२००.०० | ८९६०२९२०.०० | ९८५६३२१२.०० |
| **घ. प्रदेश सरकार** | | **१९२८५०००.००** | **१५००००००.००** | **२१२५००००.००** | **३३००४०००.००** | **२७५०००००.००** | ३०२५००००.०० | ३३२७५०००.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| मधेश प्रदेश | १३३११ - समानीकरण अनुदान | १९२८५०००.०० | १५००००००.०० | २१२५००००.०० | २०५०४०००.०० | १५००००००.०० | १६५०००००.०० | १८१५००००.०० |
| मधेश प्रदेश | १३३१३ श सर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| मधेश प्रदेश | १३३१५ विशेष अनुदान | ०.०० | ०.०० | ०.०० | ७५००००००.०० | ७५००००००.०० | ८२५०००००.०० | ९०७५००००.०० |
| मधेश प्रदेश | १३३१६ समपुरक अनुदान चालू | ०.०० | ०.०० | ०.०० | ५००००००.०० | ५००००००.०० | ५५०००००.०० | ६०५००००.०० |
| मधेश प्रदेश | १३३१७ - समपुरक अनुदान पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **ङ. जनसहभागिता** | | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | ०.०० | ०.०० |

## परिच्छेद ४: आर्थिक क्षेत्र

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ। आर्थिक विकासको माध्यमबाटनै नगरबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन्। स्थानीय जनताको आर्थिक समृद्धिका लागि उप-महानगरपालिकाले नगरबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ। खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ। उप-महानगरपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको सञ्चालन हुन अपरिहार्य देखिन्छ। उप-महानगरपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पुर्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ। आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमानै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ। यसका लागि उप-महानगरपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ।

उप-महानगरपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार आर्थिक क्षेत्रलाई मानिएको छ। यस क्षेत्र अन्तर्गत पर्यटन संस्कृति तथा सम्पदा, कृषि तथा पशु विकास, सिँचाइ, उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति र पर्यटन, सांस्कृतिक तथा सम्पदा संरक्षण र श्रम, रोजगार तथा सामाजिक सुरक्षा  लगायतका उपक्षेत्रहरू पर्छन्। यी विषयहरू दिगो विकासको लक्ष्य –१ (शून्य गरिबी), लक्ष्य –२ (भोकमरीको अन्त्य) लक्ष्य – ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य –१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। यस उप-महानगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ। उप-महानगरपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी समुन्नत उप-महानगरपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ।

उप-महानगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रूपमा रहको कृषि, पर्यटन, पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोर्याउन यस सम्बन्धी सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ। यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य -८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। यस उप-महानगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ। उप-महानगरपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी समुन्नत उप-महानगरपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ।

नेपालको संविधानको धारा (३६) को उपधारा (१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हकको अतिरिक्त खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी व्यवस्था गरिएको छ। यसरी संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ। यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, संघ,

प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ। यस उप-महानगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन कृषि, सिँचाइ, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, सहकारी आदि रहेका छन्।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित एक प्रमुख कृषि आधारित स्थानीय तह हो, जहाँको ठूलो जनसंख्या प्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेको छ। तराईको समथर भू भाग, उर्वर माटो, अनुकूल जलवायु तथा राजमार्ग र बजारसँगको पहुँचले यस उप-महानगरपालिकालाई कृषि विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र बनाएको छ। यहाँका स्थानीय बासिन्दाको प्रमुख पेशा कृषि नै रहेको छ र पारिवारिक आम्दानीको महत्वपूर्ण हिस्सा कृषिजन्य क्रियाकलापबाटै प्राप्त हुने गरेको देखिन्छ। नेपालको कुल ग्राहस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदान पुर्याउने तथा करिब ६० प्रतिशत जनसंख्या प्रत्यक्ष रूपमा आबद्ध रहेको कृषि क्षेत्र देशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको छ। उच्च तथा समावेशी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुर्याउने यस क्षेत्रलाई वैज्ञानिक र आधुनिक ढंगबाट सुधार तथा रूपान्तरण गर्दै विगत देखि गरिँदै आएका प्रयासलाई अझ सुदृढ बनाउन आवश्यक छ, जसबाट उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ। साथै, नेपालको वर्तमान संविधानले खाद्य सम्बन्धी अधिकारलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ।

नेपालको कृषि गणना २०७८ अनुसार, यस उप-महानगरपालिकामा कुल ११७९२ कृषक परिवार रहेका छन्। ती कृषक परिवारहरूले भोगचलन गर्दै आएको जग्गाको कुल क्षेत्रफल ५८९५.३ हेक्टर रहेको छ, जस मध्ये ५२२१.८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध रहेको देखिन्छ। ११७९२ कृषक परिवारहरूले भोगचलन गरिरहेको जग्गा जम्मा २३७६५ कित्तामा विभाजित रहेको छ, जस अनुसार प्रति कृषक परिवारको औसत कित्ता संख्या २ रहेको छ (राष्ट्रिय कृषि गणना, २०७८)। जग्गा स्वामित्वको अवस्थालाई हेर्दा, आफ्नै हकको जग्गामात्र खेती गर्ने कृषक परिवारको संख्या १०२२६ रहेको छ र सो जग्गाको कुल क्षेत्रफल ४८२८.९ हेक्टर रहेको छ। त्यसैगरी, अरूको हकको जग्गामात्र खेती गर्ने कृषक परिवारको संख्या ७८ रहेको छ, जसले भोगचलन गर्दै आएको जग्गाको कुल क्षेत्रफल १२.६ हेक्टर रहेको छ। अन्य प्रकारको उपभोग अन्तर्गत जग्गा कमाउने परिवार संख्या नरहेको अवस्था छ। एकभन्दा बढी प्रकारको स्वामित्व भएको परिवार संख्या १४८८ रहेको छ भने तिनको क्षेत्रफल १०५३.९ हेक्टर रहेको देखिन्छ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, यस उप-महानगरपालिकामा कृषक परिवारको संख्या ११७९२ रहेकोमा गाई गोरु पाल्ने परिवारको संख्या ३९४० र गाई गोरुको संख्या ९८०५ रहेका छन्। त्यसैगरी, भैँसी/राँगा पाल्ने परिवारको संख्या २४७९ र भैँसी/राँगोको संख्या ६०६० रहेका छन्। बाख्रा पाल्ने कृषक परिवारको संख्या २६७१ र बाख्राको संख्या १४९२४ रहेका छन्। भेँडाभेँडी पाल्ने कृषक परिवारको संख्या ३१ रहेको छ भने भेँडाभेँडीका संख्या १७२ रहेका छन्। सुङ्गुर/बंगुर पाल्ने कृषक परिवारका संख्या १८६ रहेका छ भने सुङ्गुर / बंगुरको कुल संख्या १३१७ रहेको छ। कुखुरा पाल्ने परिवारको संख्या १७९९ रहेको र कुखुराको संख्या ५१००३ रहेका छन्। (राष्ट्रिय कृषि गणना, २०७८)।

यस उप-महानगरपालिकामा मझौला तथा साना किसानहरूको बढि संलग्न रहेको देखिन्छ। उप-महानगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन्। समग्रता खाद्यान्न उपलब्धताको हिसाबले यस उप-महानगरपालिकाको अवस्था राम्रो देखिएता पनि अझै केही जनसंख्या मौसमी खाद्य असुरक्षामा रहेको देखिन्छ। यहाँको कृषि पेशाले व्यावसायिकता हासिल गर्न सकिरहेको छैन। यहाँका किसानहरूले धान, मकै, गहुँसँगै तोरी, दलहन, तरकारी र नगदे बाली उत्पादन गर्ने गरेका छन्। हिउँदे र वर्षे दुवै बाली लगाउन सकिने सम्भावना भए तापनि

आधुनिक कृषि प्रविधि, उन्नत बिउविजन, मलखाद, कृषि यान्त्रिकीकरण तथा प्राविधिक ज्ञानको अभावले उत्पादन लागत बढ्ने र उत्पादकत्व अपेक्षाकृत कम हुने अवस्था देखिन्छ। केही क्षेत्रमा व्यावसायिक तरकारी खेती, आलु खेती, कुखुरा पालन, माछा पालन र डेरी व्यवसाय सुरु भए पनि पर्याप्त बजार व्यवस्थापन, भण्डारण सुविधा र मूल्य स्थायित्वको अभावले किसानले उचित प्रतिफल पाउन सकेका छैनन्।

### ४.१.२ समस्या तथा चुनौती

तराईको उर्वर र समथर भू भागमा अवस्थित जीतपुरसिमरा उप-महानगरपालिका मधेश प्रदेशको बारा जिल्लामा रहेको एक प्रमुख कृषि तथा उद्योगमा आधारित स्थानीय तह हो यद्यपि यहाँको ठूलो जनसंख्या प्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेको छ र पारिवारिक आम्दानीको महत्वपूर्ण हिस्सा कृषिजन्य क्रियाकलापबाट प्राप्त हुने गरेको छ। अनुकूल जलवायु, उब्जाउ माटो, सिँचाइको उपलब्धता तथा राजमार्ग र बजारसँगको सहज पहुँचका कारण यस क्षेत्रलाई कृषि विकासका लागि उच्च सम्भावना युक्त मानिन्छ। नेपालको कुल ग्राहस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदान पुर्याउने र करिब ६० प्रतिशत जनसंख्या आबद्ध रहेको कृषि क्षेत्र यहाँको स्थानीय अर्थतन्त्रको मुख्य आधारका रूपमा रहेको छ, साथै संविधानले खाद्य अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेकाले कृषि क्षेत्रको दिगो विकास अझ आवश्यक बनेको छ। कृषि गणना २०७८ अनुसार यहाँ ११,७९२ कृषक परिवार रहेका छन्, जसले ५,८९५.३ हेक्टर जग्गा भोगचलन गरिरहेका छन् र त्यसमध्धे ५,२२१.८ हेक्टरमा  सिँचाइ सुविधा उपलब्ध छ; कुल २३,७६५ कित्तामा विभाजित जग्गामध्ये प्रति परिवार औसत २ कित्ता रहेको देखिन्छ। आफ्नै जग्गामात्र खेती गर्ने १०,२२६ परिवारले ४,८२८.९ हेक्टर क्षेत्रफल ओगटेका छन् भने ७८ परिवारले अरूको जग्गामात्र १२.६ हेक्टरमा खेती गरिरहेका छन्, साथै १,४८८ परिवारको मिश्रित स्वामित्वमा १,०५३.९ हेक्टर जग्गा रहेको छ। पशुपालनतर्फ ३,९४० परिवारले ९,८०५ गाई गोरु, २,४७९ परिवारले ६,०६० भैंसी/राँगा, २,६७१ परिवारले १४,९२४ बाख्रा, ३१ परिवारले १७२ भेँडा भेँडी, १८६ परिवारले १,३१७ सुँगुर/बंगुर र १,७९९ परिवारले ५१,००३ कुखुरा पालन गरिरहेका छन्। यद्यपि साना तथा मझौला किसानको बाहुल्य, जग्गाको स साना कित्तामा विभाजन, सीमित पूँजी, आधुनिक प्रविधि, उन्नत बिउविजन, मलखाद, यान्त्रिकीकरण तथा प्राविधिक ज्ञानको अभावले उत्पादन लागत उच्च र उत्पादकत्व अपेक्षाकृत न्यून रहेको छ। बजार व्यवस्थापन, भण्डारण तथा प्रशोधन पूर्वाधारको कमी, मूल्य अस्थिरता र बिचौलियाको प्रभावका कारण किसानले उचित प्रतिफल पाउन सकेका छैनन् भने केही जनसंख्या मौसमी खाद्य असुरक्षामा रहेको अवस्था छ। जलवायु परिवर्तन, बाढी, डुवान, खडेरी तथा अन्य प्राकृतिक जोखिमले उत्पादनमा थप अनिश्चितता सिर्जना गरेको छ। यसरी उच्च सम्भावना हुँदा हुँदै पनि संरचनागत, प्राविधिक, संस्थागत तथा बजारसम्बन्धी चुनौतीका कारण यहाँको कृषि पेशाले अपेक्षित व्यावसायिकता र प्रतिस्पर्धात्मक पूर्ण रूपमा हासिल गर्न सकेको छैन।

### ४.१.३ संभावना तथा अवसर

तराईको उर्वर र समथर भू भाग, अनुकूल जलवायु, पर्याप्त सिँचाइ सुविधा तथा राजमार्ग र ठूला बजारसँगको सहज पहुँचका कारण जीतपुरसिमरा उप-महानगरपालिका मा कृषि क्षेत्रको अत्यधिक सम्भावना र अवसर विद्यमान रहेका छन्। यहाँ वर्षमा तीन बालीसम्म उत्पादन गर्न सकिने क्षमता रहेको छ, जसले खाद्यान्न, तरकारी, फलफूल तथा नगदे बालीको व्यावसायिक विस्तारका लागि अनुकूल वातावरण प्रदान गर्दछ। धान, गहुँ, मकै, तोरी र दलहन जस्ता प्रमुख बालीसँगै आलु, टमाटर, फूलगोभी, बन्दा, काक्रो लगायतका मौसमी तथा बेमौसमी तरकारीको उत्पादन बढाएर संघीय तथा क्षेत्रीय बजारमा आपूर्ति विस्तार गर्न सकिने ठूलो अवसर छ। केरा, आँप, लिची तथा अन्य फलफूलको व्यावसायिक खेती विस्तार गरी दीर्घकालीन आम्दानीको स्रोत सुदृढ बनाउन सकिन्छ भने उखु जस्ता नगदे बालीमार्फत उद्योगसँग प्रत्यक्ष जोडिएर मूल्य श्रृंखला विकास गर्न सकिन्छ। पशुपालनतर्फ गाई, भैँसी, बाख्रा, कुखुरा तथा माछा पालनलाई आधुनिक

प्रविधि, उन्नत नस्ल र प्रशोधन उद्योगसँग जोडेर दुग्ध तथा मासुजन्य उत्पादन वृद्धि गर्ने सम्भावना रहेको छ। कृषि सहकारी, किसान समूह तथा निजी क्षेत्रको साझेदारीमार्फत कृषि यान्त्रिकीकरण, चिस्यान केन्द्र स्थापना, भण्डारण र प्रशोधन उद्योग विकास गर्न सकिने अवसर प्रशस्त छन्। साथै, कृषि बीमा, सहुलियत कर्जा, डिजिटल बजार सूचना प्रणाली र युवा उद्यमशीलतालाई प्रवर्द्धन गरी कृषिलाई व्यावसायिक र प्रतिस्पर्धात्मक क्षेत्रका रूपमा रूपान्तरण गर्न सकिन्छ। जलवायु अनुकूल कृषि अभ्यास, जैविक खेती र मूल्य अभिवृद्धि कार्यक्रममार्फत स्थानीय उत्पादनलाई ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म विस्तार गर्ने दीर्घकालीन सम्भावना समेत यस क्षेत्रमा रहेको छ। यसलाई बुँदागत रूपमा यसरी लेख्न सकिन्छ:

- व्यावसायिक तथा आधुनिक खेती विस्तारको उच्च सम्भावना,
- धान, गहुँ, मकै, दलहन र तेलहनको उत्पादकत्व वृद्धि गरी खाद्यान्न आत्मनिर्भरता हासिल गर्ने अवसर,
- उखु जस्ता नगदे बालीमा आधारित चिनी तथा गुड उद्योग विकासको सम्भावना,
- तरकारी तथा फलफूल (केरा, आँप आदि) को राष्ट्रिय बजारसम्म विस्तार र निर्यात प्रवर्द्धन गर्ने अवसर,
- दुग्ध उत्पादन वृद्धि गरी डेरी उद्योग तथा चिस्यान भण्डारण केन्द्र स्थापना गर्ने सम्भावना,
- कुखुरा, खसीबोका पालनमार्फत मासु उत्पादन तथा प्रशोधन उद्योग विकासको अवसर,
- कृषि सहकारी तथा युवा महिला कृषि उद्यमशीलता प्रवर्द्धन गर्ने सम्भावना,
- कृषि उत्पादनमा मूल्य अभिवृद्धि (प्रशोधन, प्याकेजिङ, ब्रान्डीङ) गर्ने अवसर,
- कृषि पर्यटन (Agro-tourism) विकास गरी अतिरिक्त आय आर्जन गर्ने सम्भावना,
- सिँचाइ, भण्डारण र बजार व्यवस्थापन सुदृढीकरणमार्फत दिगो कृषि विकास गर्ने अवसर।

### ४.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

व्यवसायीक र प्रविधि मैत्री कृषि तथा उन्नत पशुपन्छी पालनमार्फत खाद्य सुरक्षा सुनिश्चित गर्दै कृषकको आय वृद्धि र कृषिमा आत्मनिर्भरता हासिल गर्नु

**(ख) उद्देश्यहरू**

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै निर्वाहमुखी कृषिलाई व्यवसायिक र बजारमुखी प्रणालीतर्फ रूपान्तरण गर्नु
- स्थानीय उत्पादनमा आधारित खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै वर्षभरि खाद्यान्न उपलब्धताको अवस्था सुधार गर्नु
- पशुपन्छी पालन तथा दुग्ध उत्पादनलाई आधुनिक प्रविधि र मूल्य श्रृंखलासँग जोड्दै आयआर्जन र रोजगारी वृद्धि गर्नु
- सिँचाइ, यान्त्रीकरण, उन्नत बीउ बिजन तथा कृषि प्रविधि विस्तारमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु
- कृषक समूह, सहकारी तथा कृषि उद्यम सुदृढीकरणमार्फत उत्पादन, प्रशोधन र बजारीकरण प्रणालीलाई व्यवस्थित गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | उर्वर कृषि भूमि र बजार पहुँचको उपयोग गर्दै प्रविधिमैत्री, व्यवसायिक तथा मूल्य श्रृंखलामा आधारित कृषि प्रणाली विकास गर्ने । | १ | उच्च उत्पादन दिने उन्नत बालीको बीउ बिजन, मल तथा आधुनिक प्रविधिमा महिला तथा युवाको पहुँच विस्तारमा जोड दिइने छ । |
| | | २ | धान, गहुँ, तोरी, तरकारी तथा फलफूलको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ । |
| | | ३ | कृषि यान्त्रीकरणमा अनुदान तथा सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | ४ | कृषक समूह, सहकारी तथा कृषि फर्म दर्ता र व्यवस्थापनमा सहजीकरण गरिनेछ । |
| | | ५ | चिस्यान केन्द्र तथा भण्डारण संरचना विकास गरिनेछ । |
| | | ६ | कृषि बीमा तथा जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने छ |
| २ | दुग्ध, मासु तथा अण्डा उत्पादन वृद्धि गर्दै पशुपन्छी पालनलाई आधुनिक, व्यवसायिक तथा आयमुखी क्षेत्रका रूपमा विकास गर्ने । | १ | उन्नत जातका गाई, भैंसी, बाख्रा तथा कुखुरा पालन प्रवर्द्धन गरिनेछ । |
| | | २ | पशु स्वास्थ्य शिविर, खोप तथा बीमा कार्यक्रम विस्तार गरिने छ |
| | | ३ | दुग्ध संकलन तथा चिस्यान केन्द्र स्थापना कार्यमा सार्वजनिक-निजी साझेदारिमा आधारित कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ४ | पशु आहार उत्पादन तथा घाँस खेती प्रवर्द्धनमा जोड दिइने छ । |
| | | ५ | पशुपालन फर्मलाई तालिम, प्रविधि र सहुलियत ऋणमार्फत सहयोग गरिने छ । |
| ३ | स्थानीय उत्पादन अभिवृद्धि, विविधीकरण तथा भण्डारण व्यवस्थापन मार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने । | १ | बहुवाली प्रणाली तथा तरकारी, दलहन, तेलहन खेती विस्तारमा जोड दिइने छ । |
| | | २ | विपन्न तथा सीमान्तकृत समुदाय लक्षित पोषण कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ३ | खाद्यान्न भण्डारण तथा आपतकालीन खाद्य व्यवस्थापन प्रणाली विकास गरिने छ । |
| | | ४ | सामूहिक तथा चकलाबन्दी खेती प्रवर्द्धनमा सहकारी तथा कृषक समूहलाई सहयोग कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ५ | महिला कृषक समूहलाई प्राथमिकतामा राख्दै ठाउँ अनुसार बाली पहिचान गरि पकेट क्षेत्र विकासको अवधारणा लागू गरिने छ । |
| | | ६ | जलवायु अनुकूल कृषि अभ्यास विस्तारमा समन्वय र सहकार्य गरिने छ । |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | माटो परीक्षण कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | एक वडा एक कृषि प्राविधिक | १ | १ र २ | ४ | ३ | ३ |
| १ | कृषि पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम | १ | १ र २ | ४ | २ | ३ |
| १ | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन | १ | १ र २ | ४ | ३ | ३ |
| १ | चक्ला बन्दी तथा सामूहिक खेती प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | १ | १ र २ | ४ | ३ | ३ |
| १ | कृषि बजारी करण प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | कृषि बाली बीमा कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | बेमौसमी तरकारी खेती प्रवर्द्धन | १ | १ र २ | ४ | २ | ३ |
| १ | प्रविधिक कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | एक वडा एक पशु विकास प्राविधिक | १ | १ र २ | ४ | ३ | ३ |
| १ | पशु बीमा प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | व्यावसायिक पशुपंछीपालन/मत्स्यपालन प्रवर्द्धन कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |
| १ | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार | १ | १ र २ | ४ | ३ | ३ |
| १ | उन्नत घाँस खेती विस्तार कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १ | पशु वध शाला तथा मासु बजार विकास कार्यक्रम | १ | १ र २ | ४ | ३ | ३ |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् जीतपुरसिमरा उप-महानगरपालिकामा कृषि क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धात्मक तथा दिगो बनाउने लक्ष्य अनुरूप उल्लेखनीय उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ। योजना अवधिको अन्तिम वर्षसम्म समग्र कृषि उत्पादकत्वमा करिब २५ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ, जुन उन्नत बिउविजनको प्रयोग, सिँचाइ व्यवस्थाको प्रभावकारी विस्तार, कृषि यान्त्रिकीकरण, माटो परीक्षणमा आधारित मल प्रयोग, प्राविधिक तालिम तथा कृषि विस्तार सेवाको सुदृढीकरणबाट सम्भव हुने विश्वास गरिएको छ। यसका साथै, हाल आफ्नो उत्पादनले वर्षभरि खाद्य आवश्यकता पूर्ति गर्न सक्ने घर परिवारको अनुपात करिब ६५ प्रतिशत रहेकोमा

योजनाको अन्त्यसम्म उक्त अनुपात बढेर कम्तीमा ८५ प्रतिशत पुग्ने लक्ष्य लिइएको छ, जसले स्थानीय स्तरमा खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण सुधार ल्याउनेछ।

त्यसैगरी, कृषि पेशामा आबद्ध कुल घर परिवारमध्ये हाल सीमित संख्यामा मात्र पूर्ण व्यावसायिक कृषि अभ्यास गरिएको अवस्थालाई परिवर्तन गर्दै योजना अवधिको अन्त्यसम्म कम्तीमा ४० प्रतिशत कृषकहरूले व्यवसायीक रूपमा कृषि पेशा अँगालेका हुने अपेक्षा गरिएको छ। यसका लागि सहकारी तथा किसान समूह सशक्तिकरण, सहुलियत कर्जा प्रवाह, कृषि बीमा, मूल्य श्रृंखला विकास, चिस्यान केन्द्र तथा भण्डारण पूर्वाधार निर्माण, र उत्पादन प्रशोधन बजार बीचको समन्वयलाई प्राथमिकतामा राखिएको छ। साथै, पशुपन्छी पालन, दुग्ध उत्पादन, कुखुरा, बाख्रा तथा माछा पालन जस्ता उप क्षेत्रको आधुनिकिकरणमार्फत आय विविधीकरणलाई प्रवर्द्धन गरिने छ। यी समग्र प्रयासहरूको परिणाम स्वरूप नगरको कुल आन्तरिक आयमा कृषि तथा पशुपन्छी व्यवसायको योगदान कम्तीमा २ प्रतिशत सम्म पुग्ने अनुमान गरिएको छ, जसले स्थानीय अर्थतन्त्र सुदृढीकरण, रोजगारी सिर्जना तथा दिगो आर्थिक वृद्धिमा ठोस आधार तयार गर्ने अपेक्षा गरिएको छ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

उप-महानगरपालिकामा प्रस्तावित कृषि आधुनिकीकरण, पकेट क्षेत्र विकास, यान्त्रीकरण, पशु नस्ल सुधार तथा भण्डारण संरचना विस्तार कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा कृषि उत्पादकत्व, खाद्य उपलब्धता र कृषक आयमा क्रमिक वृद्धि हुने अनुमान गरिएको छ। बजार पहुँच, औद्योगिक क्षेत्रको निकटता तथा सहकारी सञ्जालको उपयोगले व्यवसायिक कृषिमा रूपान्तरण सहज हुने अपेक्षा गरिएको छ। महिला तथा युवाको कृषि तथा पशुपन्छी पालनमा सहभागिता बढ्दै जाँदा उत्पादन, प्रशोधन र बजारीकरण प्रणाली थप सुदृढ हुने छ।

तर जलवायु परिवर्तनजन्यका जोखिम, बाढी, डुबान, खडेरी, रोग, किरा प्रकोप तथा पशु रोगको सम्भावित जोखिमले उत्पादनमा प्रतिकूल असर पार्न सक्छ। सीमित सिँचाइ सुविधा, बजार मूल्यको अस्थिरता, प्राविधिक जनशक्तिको अभाव तथा कृषकको न्यून लगानी क्षमता पनि चुनौती बन्न सक्ने जोखिम छ। अर्को तर्फ अनुदानमुखी निर्भरता, बीमा पहुँचको कमी तथा विभिन्न प्रकारका विपद्का कारण लक्ष्यअनुसार उपलब्धि हासिल गर्न कठिनाइ आउन सक्ने देखिन्छ जसका लागि जीतपुरसिमरा उपमहानगरपालिकाले समन्वय, पूर्वतयारी र जोखिम न्यूनीकरण का लागि रणनीतिहरु तयार गर्दै आवधिक योजना कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

## ४.२ सिँचाई

### ४.२.१ पृष्ठभूमि

खाद्य सुरक्षा, ग्रामीण विकास र गरिबी निवारण सुनिश्चित गर्न सिँचाइको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। सिँचाइ प्रणालीले हाल नेपालको करिब ४० प्रतिशत कृषि जमिनलाई सिंचित गरेको भए पनि १९ प्रतिशतले मात्रै वर्षभरि सिँचाइको सुविधा पाएका छन्। नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो। कृषि आधुनिकीकरण लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ। वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो। सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ। यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नू र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ।

यस उप-महानगरपालिकामा खेती गरिएको ५८९५.३ हेक्टर कुल जमिन मध्ये ५२२१.८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ वा खेती योग्य जमिन मध्ये सिंचित जमिन ८८.५८ प्रतिशत रहेको छ। संभावित सिँचाई योग्य जमिनमा सिँचाई गर्न सकिरहेको अवस्था छैन। विभिन्न वडाहरूमा संभावनाको आधारमा नयाँ सिँचाई आयोजनाहरू निर्माण गर्न

र मौजुदा सिँचाई आयोजनहरूको नियमित रूपमा मर्मत सम्भार गर्न आवश्यक देखिन्छ । नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरण लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नू र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीमा रूपान्तरण हुँदै गरेको देश हो । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिँचाई सुविधाको उपलब्धता पहिलो शर्त हो । सिँचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । हाम्रो देश कृषि अर्थतन्त्रको देश हो । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि नेपालमा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बाबजुद पनि वास्तविक किसानहरूले सिँचाइको लाभ लीन नसक्नू र भएको सिँचाइ सुविधा पनि अत्यन्त न्यून हुनु हाम्रो देशको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ । परंपरागत सिँचाई कुलाबाट सिँचाई सेवा उपलब्ध छ । विद्यमान अवस्थामा रहेका कुलाहरू मर्मत तथा सिमेन्टेड गर्न सकेको खण्डमा बाह्रमासै सिँचाई पुगेर कृषि उत्पादन तथा तरकारी र फलफूलको समेत उत्पादन बढ्न पुग्ने अवस्था रहेको छ । मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् । साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्व याम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नू, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नू, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभ ग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नू, कृषि उत्पादनको लागि जनशक्तिको अभाव हुँदै जानू आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन भने राष्ट्रिय स्तरमै करिब ४० प्रतिशत कृषि जमिन मात्र सिंचित रहेको र त्यसमा पनि करिब १९ प्रतिशत जमिनले मात्र वर्षभरि सिँचाइ सुविधा पाएको अवस्था कृषि उत्पादनको स्थायित्वका लागि पर्याप्त छैन । यसले वर्षा याममा निर्भर खेती प्रणालीलाई निरन्तरता दिएको छ र हिउँदे तथा बेमौसमी खेती विस्तारमा अवरोध सिर्जना गरेको छ । नेपाल परम्परागत कृषिबाट आधुनिक तथा वैज्ञानिक कृषि प्रणालीतर्फ रूपान्तरण हुँदै गरेको अवस्थामा सदाबहार सिँचाइ सुविधा पहिलो शर्त भए पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सिँचाइ पूर्वाधार निर्माण भए पनि वास्तविक किसानसम्म यसको लाभ समान रूपमा नपुग्नू, साना तथा सीमान्त कृषकहरू सिँचाइ सुविधाबाट वञ्चित हुनु, तथा व्यवस्थापन कमजोर रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

जीतपुरसिमरा उप-महानगरपालिका को सन्दर्भमा हेर्दा ५८९५.३ हेक्टर खेती गरिएको जमिनमध्ये ५२२१.८ हेक्टर (८८.५८ प्रतिशत) मा सिँचाइ सुविधा पुगेको देखिए पनि सम्भावित सिँचाइ योग्य सम्पूर्ण जमिनमा प्रभावकारी रूपमा सिँचाइ गर्न नसकिएको अवस्था छ । उपलब्ध संरचनाको दिगो मर्मत सम्भारको अभाव, पुराना नहर तथा कुलो प्रणालीको जीर्ण अवस्था, पानी वितरणमा असमानता, सहरीकरणका कारण कुलो मासेर बाटो बनाउने चलन तथा प्राविधिक तथा संस्थागत व्यवस्थापन कमजोर हुनु चुनौतीका रूपमा रहेका छन् । झन्डै सबै वडाहरूमा नयाँ सिँचाइ आयोजना आवश्यक

भए पनि पर्याप्त बजेट, प्राविधिक जनशक्ति र दीर्घकालीन योजना अभावले विस्तार कार्य सुस्त रहेको छ। जलवायु परिवर्तनका कारण पानीको स्रोतमा अनिश्चितता, खडेरी तथा बाढीको जोखिम बढ्दै जानु अर्को गम्भीर चुनौती हो। यस उप-महानगरपालिकामा हाल भूमिगत पानीमा आश्रित हुनुपर्ने अवस्था देखिन्छ। समग्रमा, सिँचाइको दिगो, समावेशी र वैज्ञानिक व्यवस्थापन हुन नसक्दा कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा किसानको आयस्तर उकास्ने लक्ष्यमा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको छ।

### ४.२.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिका मा सिँचाइ विकासका पर्याप्त सम्भावना र अवसरहरू विद्यमान छन्। यहाँ खेती योग्य जमिनको ठूलो हिस्सा (८८.५८ प्रतिशत) मा सिँचाइ संरचना पुगेको तथ्यले आधारभूत पूर्वाधारको जग तयार भइसकेको संकेत गर्दछ, जसलाई प्रभावकारी व्यवस्थापन, नियमित मर्मत सम्भार तथा सुदृढीकरणमार्फत पूर्ण क्षमतामा सञ्चालन गर्न सकिन्छ। परम्परागत कुलो तथा नहर प्रणालीलाई सिमेन्टेड, लाइनिङ तथा प्रविधि मैत्री बनाउने, पानीको चुहावट नियन्त्रण गर्ने र समुदायमा आधारित उपभोक्ता समितिहरूलाई जिम्मेवार र सशक्त बनाउने हो भने बाह्रै महिना सिँचाइ सुविधा सुनिश्चित गर्न सकिने अवस्था छ। भूमिगत पानीको वैज्ञानिक उपयोग, सौर्य ऊर्जामा आधारित ट्युबेल तथा पम्पिङ प्रणालीको विस्तार, वर्षा पानी संकलन तथा साना जलाशय निर्माणमार्फत सिँचाइ स्रोतलाई दिगो बनाउन सकिन्छ। जलवायु परिवर्तनको चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै सूक्ष्म सिँचाइ प्रणाली (ड्रिप, स्प्रिंकलर) जस्ता पानी बचत गर्ने प्रविधिको प्रयोगबाट तरकारी, फलफूल तथा उच्च मूल्यका नगदे बालीको उत्पादन उल्लेखनीय रूपमा वृद्धि गर्न सकिने सम्भावना छ। साथै, कृषि र सिँचाइ बीचको अन्तरसम्बन्ध सुदृढ गर्दै बाली चक्र, उन्नत बीउ, यान्त्रिकीकरण र बजार व्यवस्थापनसँग सिँचाइलाई एकीकृत गरिएमा कृषि आधुनिकीकरणले गति लीन सक्छ। संघीय, प्रदेश तथा स्थानीय तहवीच समन्वय, सहुलियत कर्जा, सार्वजनिक निजी साझेदारी र कृषक सहभागिता मूलक व्यवस्थापन प्रणालीमार्फत सिँचाइ पूर्वाधार विस्तार र सुधारलाई दिगो बनाउन सकिन्छ। यसरी सिँचाइ प्रणालीको वैज्ञानिक, समावेशी र दिगो विकास गर्न सकेमा कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना, खाद्य तथा पोषण सुरक्षा सुदृढीकरण र किसानको आयस्तरमा उल्लेखनीय सुधार ल्याउने ठूलो अवसर यस क्षेत्रमा रहेको छ। यसका अलावा यस उप-महानगरपालिका भयर बग्ने विभिन्न खोलाहरू वाल गंगा खोला, कठहु खोला, मनोहरवा खोला, कठरी खोला, वेगाही खोला, दुधौरा खोला, बाहुनी खोला, रामवन मुसर्नीमाइ सिमसार जस्ता ठाउँबाट सिँचाइका लागि स्थायी बाध बाँधि सिँचाइ कुलो बनाउन सकेमा स्थायी प्रकृतिको सिँचाइको व्यवस्था गर्न सकिने कुरामा दुइमत छैन। साना सिँचाइका लागि कृषि विद्युतीकरण यसको अर्को विकल्पका रूपमा देखिन थालेको छ।

### ४.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सिँचाइ पूर्वाधारको निर्माण तथा पुनर्निर्माण र प्रभावकारी व्यवस्थापनमार्फत दिगो सिँचाइ प्रणाली विकास गर्नु।

**(ख) उद्देश्यहरू**

- बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने खेतीयोग्य जमिनको क्षेत्रफल वृद्धि गर्नु
- आकाशे खेतीमा निर्भर क्षेत्रहरूमा सतही तथा भूमिगत सिँचाइ प्रणाली (कुलो, ट्युबवेल, सोलार पम्प आदि) विस्तार गर्नु
- निर्माण भएका सिँचाइ संरचनाको नियमित मर्मत सम्भार तथा दिगो व्यवस्थापन सुनिश्चित गर्नु
- सिँचाइ उपभोक्ता समूह तथा कृषक सहकारीको क्षमता अभिवृद्धि गर्दै सहभागितामूलक सिँचाइ व्यवस्थापन प्रणाली विकास गर्नु

- जलवायु परिवर्तन अनुकूल तथा वैकल्पि ऊर्जामा आधारित सिँचाइ प्रविधि (सोलार, ड्रिप, स्प्रिंकलर) प्रवर्द्धन गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | सिँचाइ पूर्वाधारको निर्माण तथा पुनर्निर्माण मार्फत बाह्रै महिना दिगो सिँचाइ सुविधा सुनिश्चित गर्ने। | १ | आकाशे खेतीमा निर्भर क्षेत्रमा सतही तथा भूमिगत सिँचाइ प्रणाली (कुलो, ट्युबवेल, डिप बोरिङ, सोलार पम्प) विस्तार गरिनेछ। |
| | | २ | निर्माण भएका कुलो, नहर तथा सिँचाइ संरचनाको मर्मत–सम्भार र स्तरोन्नतिका कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | वर्षा जल संकलन तथा साना सिँचाइ पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | सिँचाइ पहुँच विस्तारलाई कृषि पकेट क्षेत्र विकास कार्यक्रमसँग एकीकृत गरिनेछ। |
| २ | सहभागितामूलक, वैकल्पिक ऊर्जामा आधारित तथा जलवायु अनुकूल सिँचाइ व्यवस्थापन प्रणाली विकास गर्ने। | १ | सिँचाई उपभोक्ता समूह गठन, पुनर्गठन तथा व्यवस्थापनमा सहजीकरण गरिनेछ। |
| | | २ | सिँचाई संरचनाको दिगो व्यवस्थापनका लागि उपभोक्ता समूहको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | वैकल्पिक ऊर्जामा आधारित सिँचाई प्रणालीलाई प्रोत्साहन गरिनेछ। |
| | | ४ | सिँचाई योजना छनोट तथा कार्यान्वयनमा कृषक सहभागिता र पारदर्शिता सुनिश्चित गरिनेछ। |
| | | ५ | जलवायु जोखिम न्यूनीकरणलाई सिँचाई योजना तर्जुमा प्रक्रियामा एकीकृत गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | सिँचाइका लागि लगभग ११५ वटा ठूलो बोरीङ | १ | ८ | ३ | ३ | २ |
| १ | कृषि विद्युतिकरणका लागि २००० पोल | १ | ८ | ३ | ३ | २ |
| १ | रामवन मुर्सिनिमाइ सिमसार सिंचाइ योजना | १ | ८ | ३ | ३ | २ |
| १ | बाहुनिखोला पैनि सिंचाइ योजना | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ५ मा साना ठूलागरी ६ वटा कुलो सिंचाइ योजना | १ | ८ | ३ | ३ | २ |
| १ | वडा नं ६ मा साना ठूलागरी ३ वटा कुलो सिंचाइ योजना | १ | ८ | ३ | ३ | २ |

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं ८ मा साना ठूलागरी ५ वटा कुलो सिंचाइ योजना | १ | ८ | ३ | ३ | २ |
| १ | अन्य वडाभर कुलो निर्माण ४५ वटा | १ | ८ | ३ | ३ | २ |

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म जीतपुरसिमरा उपमहानगरपालिका मा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने खेती योग्य जमिनको क्षेत्रफलमा करिब २०% ले वृद्धि हुने अपेक्षा गरिएको छ। आकाशे खेतीमा निर्भर क्षेत्रको अनुपात हालको अवस्थाबाट घटेर करिब १०% मा सीमित हुने तथा सिँचाइ पहुँच भएका कृषक घर परिवारको संख्या हालको करिब ७५% बाट बढेर ९०% पुग्ने अपेक्षा गरिएको छ। वैकल्पिक ऊर्जामा आधारित सिँचाइ प्रणाली (सोलार, ड्रिप, स्प्रिंकलर) को प्रयोगमा उल्लेखनीय वृद्धि भई कुल सिंचित क्षेत्रमध्ये कम्तीमा ३०% क्षेत्रमा वैकल्पिक ऊर्जा प्रविधि प्रयोग हुने लक्ष्य राखिएको छ। सिँचाइ उपभोक्ता समूहहरूको संस्थागत क्षमता अभिवृद्धि भई दिगो व्यवस्थापन प्रणाली स्थापित हुने तथा कृषि उत्पादकत्वमा प्रत्यक्ष रूपमा करिब २५% सम्म सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

सिँचाइ पूर्वाधारको निर्माण तथा वैकल्पिक ऊर्जामा आधारित प्रणाली विस्तारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा उप-महानगरपालिकामा कृषि उत्पादन र उत्पादकत्वमा उल्लेखनीय सुधार हुने अनुमान गरिएको छ। ठूला बोरीङ, कुलो निर्माण, कृषि विद्युतीकरण तथा साना सिँचाइ आयोजनाहरू सम्पन्न भएसँगै बाह्रै महिना सिँचाइ सुविधा प्राप्त गर्ने जमिनको क्षेत्रफलमा क्रमिक वृद्धि हुने अनुमान भए पनि जलवायु परिवर्तन जन्य अनियमित वर्षा, बाढी, डुवान वा खडेरी जस्ता विपदले सिँचाइ संरचनामा क्षति पुग्न सक्ने जोखिम छ भने भूमिगत जलस्रोतको अत्याधिक दोहन, विद्युत् आपूर्तिमा समस्या तथा ऊर्जा लागत वृद्धि पनि चुनौती बन्न सक्छ। उपभोक्ता समूहको कमजोर व्यवस्थापन क्षमता, मर्मत सम्भारमा लापरवाही तथा सीमित वित्तीय स्रोतका कारण संरचना दिगो रूपमा सञ्चालन नहुन सक्ने जोखिम विद्यमान छ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिका बारा जिल्लाको एक प्रमुख सहरी, ग्रामीण मिश्रित स्थानीय तह हो, जसले भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले विशिष्ट पहिचान बोकेको छ। पूर्व पश्चिम राजमार्ग तथा रणनीतिक व्यापारिक मार्गसँग जोडिएको यस उप-महानगरपालिका प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, सांस्कृतिक विविधता र सामाजिक सहअस्तित्वको अनुपम संगमका रूपमा विकसित हुँदै गएको छ। पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटन, धार्मिक पर्यटन तथा सांस्कृतिक पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा उप-महानगरपालिकाको महत्त्व बढ्दै गएको छ।

सांस्कृतिक सम्पदाको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिका अत्यन्तै विविधताले भरिपूर्ण छ। यहाँ थारू, मधेसी, पहाडी, मुस्लिम, तामाङ, नेवार, दलित लगायत विभिन्न जात जाति, भाषा, धर्म र संस्कृतिका समुदायहरूको

सहअस्तित्व रहेको छ। यी समुदायहरू बीच सामाजिक सद्भाव, आपसी सम्मान र सहिष्णुता बलियो रूपमा देखिन्छ, जसले उप-महानगरपालिकालाई बहु सांस्कृतिक समाजको उत्कृष्ट उदाहरण बनाएको छ।

यहाँ बसोबास गर्ने समुदायहरूले आ आफ्ना परम्परा, भेष भूषा, लोकगीत, लोकनृत्य, संस्कार, चाडपर्व र सामाजिक अभ्यासमार्फत साझा सांस्कृतिक पहिचान निर्माण गरेका छन्। थारू समुदायका माघी, झिझिया नृत्य तथा परम्परागत संस्कारहरू, मधेसी समुदायका छठ, जितिया र होली पर्वहरू, पहाडी समुदायका दशै, तिहार र तीज, मुस्लिम समुदायका ईद-उल-फित्र र ईद-उल-अजहा, तामाङ समुदायका ल्होसार लगायतका पर्वहरू यहाँ सामूहिक रूपमा, आपसी सहभागिता र सम्मानसहित मनाइन्छन्। यसरी विविध संस्कृतिहरूको सहअस्तित्वले सामाजिक एकता, सामुदायिक भावना र सांस्कृतिक समृद्धिलाई मजबुत बनाएको छ।

उप-महानगरपालिकामा मनाइने दशै, तिहार, छठ, होली, ईद, माघी, जितिया, झिझिया, तीज, रामनवमी, कृष्ण जन्माष्टमी, महाशिवरात्रि, विश्वकर्मा पूजा, ल्होसार लगायतका पर्वहरू केवल धार्मिक आस्थासँग मात्र सीमित नभई सामाजिक मेलमिलाप, सांस्कृतिक हस्तान्तरण र सामुदायिक एकताको प्रतीकका रूपमा स्थापित छन्। यी पर्वहरूको अवसरमा आयोजना हुने सांस्कृतिक कार्यक्रम, झाँकी, मेला, भजन कीर्तन, लोकनृत्य तथा परम्परागत खानपानले स्थानीय संस्कृतिलाई जीवन्त राख्न सहयोग पुर्याएको छ। यस्ता सांस्कृतिक गतिविधिहरूले नयाँ पुस्तामा परम्परागत मूल्य मान्यता हस्तान्तरण गर्नुका साथै बाह्य पर्यटकहरूलाई स्थानीय जीवन शैली बुझ्ने अवसर प्रदान गरेको छ। यसले सांस्कृतिक पर्यटनको सम्भावनालाई समेत विस्तार गर्दै लगेको छ।

जीतपुरसिमरा उप-महानगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरू यस क्षेत्रका प्रमुख पर्यटकिय आकर्षण हुन्। यहाँ अवस्थित गढीमाई मन्दिर देशकै महत्वपूर्ण धार्मिक तीर्थ स्थलका रूपमा परिचित छ, जहाँ प्रत्येक पाँच वर्षमा आयोजना हुने गढीमाई मेलाले स्वदेश तथा विदेशबाट लाखौँ श्रद्धालुहरूलाई आकर्षित गर्दछ। यस मन्दिरले धार्मिक पर्यटनसँगै स्थानीय व्यापार, होटेल, यातायात र रोजगारी प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्याउँदै आएको छ। यसका साथै चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, कृष्ण मन्दिर, पशुपति मन्दिर, राम जानकी मन्दिर, पथलैया गुम्बा जस्ता धार्मिक स्थलहरू विभिन्न धर्म र समुदायका आस्थाका केन्द्र हुन्। यी स्थलहरूमा नियमित पूजा आराधना, धार्मिक अनुष्ठान तथा पर्व विशेषका कार्यक्रम सञ्चालन हुने गर्दछ।

धार्मिक स्थलसँगै जीतपुरसिमरामा रहेका थानीमाई पिकनिक पार्क, देवाश्रम पिकनिक स्थल, हात्तीसार, कामिनी दह, आधाबार जस्ता प्राकृतिक तथा मनोरञ्जनात्मक स्थलहरूले आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन्। यी स्थलहरू स्थानीय बासिन्दा तथा बाह्य पर्यटकका लागि घुमफिर, पिकनिक, विश्राम र प्रकृतिसँग समय बिताउने प्रमुख गन्तव्य बनेका छन्। त्यसैगरी, पुरानो रेलवे स्टेसन, कृष्ण कुमारी खानेपानी तथा मन्दिर जस्ता ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेका स्थलहरूले उप-महानगरपालिकाको ऐतिहासिक पहिचानलाई उजागर गरेका छन्। यस्ता स्थलहरूको संरक्षण, प्रवर्द्धन र व्यवस्थित विकासले पर्यटनको दिगो विकासमा टेवा पुर्याउन सक्छ।

जीतपुरसिमरामा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूले धार्मिक पर्यटन, आन्तरिक पर्यटन तथा सम्भावित सांस्कृतिक पर्यटनलाई प्रोत्साहन गरिरहेका छन्। पर्यटकहरूको आगमनसँगै होटेल, रेस्टुरेन्ट, यातायात, स्थानीय उत्पादन, हस्तकला, कृषि उपज तथा साना व्यवसायहरूमा सकारात्मक प्रभाव परेको छ। यसले स्थानीय रोजगारी सिर्जना, आय आर्जन वृद्धि तथा आर्थिक क्रियाकलाप विस्तारमा योगदान पुर्याएको छ। यदि यी पर्यटकिय स्थलहरूको पूर्वाधार विकास, पहुँच मार्ग सुधार, सूचना केन्द्र स्थापना, प्रचार प्रसार तथा समुदाय आधारित पर्यटन कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएमा जीतपुरसिमरालाई मधेश प्रदेशकै महत्वपूर्ण पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना प्रबल छ।

समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिका सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता, प्राकृतिक सौन्दर्य र ऐतिहासिक सम्पदाले भरिपूर्ण क्षेत्र हो । यहाँको बहु सांस्कृतिक समाज, विविध चाडपर्व, धार्मिक स्थलहरू तथा प्राकृतिक गन्तव्यहरूले पर्यटन तथा संस्कृतिको दृष्टिले अपार सम्भावना बोकेको छ । यीनै सम्पदाको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमार्फत सामाजिक एकता सुदृढ गर्दै स्थानीय आर्थिक विकासलाई अघि बढाउन सकिने देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकामा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको अपार सम्भावना हुँदा हुँदै पनि पर्यटन विकासका सन्दर्भमा विभिन्न चुनौती तथा समस्याहरू देखिन्छन् । प्रमुख धार्मिक स्थलहरू जस्तै गढीमाई मन्दिर लगायत अन्य मन्दिर, गुम्बा तथा प्राकृतिक स्थलहरूमा आधारभूत पूर्वाधार (सडक, शौचालय, पार्किङ, खानेपानी, सरसफाइ, सूचना संकेत) पर्याप्त रूपमा विकास हुन नसक्नू प्रमुख समस्या हो । पर्व तथा मेलाका समयमा अत्याधिक भीड व्यवस्थापन, सुरक्षा प्रबन्ध, फोहर व्यवस्थापन र स्वास्थ्य सेवा समन्वयमा कमजोरी देखिन्छ । धेरै स्थलहरूमा दीर्घकालीन गुरुयोजना, संरक्षण नीति तथा नियमित मर्मत सम्भारको अभावले ऐतिहासिक तथा सांस्कृतिक सम्पदामा क्षति पुग्ने जोखिम बढेको छ र कतिपय लोप हुने सँघारमा पुगेका छन् ।

सांस्कृतिक विविधता रहेको भए पनि मौलिक परम्परा, लोकनृत्य, लोकगीत तथा सांस्कृतिक अभ्यासहरू नयाँ पुस्तामा हस्तान्तरण हुने क्रम कमजोर बन्दै जानु अर्को चुनौती हो । व्यावसायिक पर्यटन व्यवस्थापन, दक्ष मानव स्रोत, प्रशिक्षित मार्गदर्शक (गाइड), होमस्टे तथा समुदाय आधारित पर्यटन कार्यक्रमहरूको अभावले उपलब्ध सम्भावनाको पूर्ण उपयोग हुन सकेको छैन । प्रचार प्रसार, डिजिटल प्रवर्द्धन र ब्रान्डिङमा कमी हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान सीमित रहेको छ । साथै, अनियोजित सहरीकरण, वातावरणीय प्रदूषण, प्राकृतिक स्रोतको अव्यवस्थित प्रयोग तथा वन क्षेत्र अतिक्रमणले प्राकृतिक सौन्दर्यमा नकारात्मक प्रभाव पार्ने खतरा बढेको छ ।

पर्यटन क्षेत्रसँग सम्बन्धित नीतिगत स्पष्टता, निजी क्षेत्रसँग सहकार्य, लगानी अभाव तथा संस्थागत समन्वय कमजोर हुनु पनि विकासमा बाधक तत्वका रूपमा रहेका छन् । स्थानीय उत्पादन, हस्तकला तथा सांस्कृतिक सामग्रीलाई बजारसँग प्रभावकारी रूपमा जोड्न नसक्दा आर्थिक लाभको दायरा सीमित भएको छ । यसरी पूर्वाधार, व्यवस्थापन, संरक्षण, प्रचार प्रसार र संस्थागत सुदृढीकरणका चुनौती समाधान नगरेसम्म पर्यटन क्षेत्रले अपेक्षित गति लीन कठिन देखिन्छ ।

### ४.३.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिका मा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको बहुलताले पर्यटन विकासका लागि अत्यन्तै उच्च सम्भावना र अवसरहरू सिर्जना गरेको छ । पूर्व पश्चिम राजमार्गसँग प्रत्यक्ष जोडिएको भौगोलिक अवस्थाले आन्तरिक तथा बाह्य पर्यटकलाई सहज पहुँच उपलब्ध गराएको छ, जसले यस क्षेत्रलाई मधेश प्रदेशकै महत्वपूर्ण पर्यटन गन्तव्यका रूपमा विकास गर्ने आधार तयार गरेको छ । विशेषगरी गढीमाई मन्दिर जस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित धार्मिक स्थलले धार्मिक पर्यटन विस्तारको ठूलो सम्भावना बोकेको छ, जहाँ आयोजना हुने मेलाहरूले लाखौं श्रद्धालु आकर्षित गर्ने क्षमता राख्छन् । यसका अतिरिक्त अन्य मन्दिर, गुम्बा तथा बहु धार्मिक आस्थाका केन्द्रहरूलाई समेटेर धार्मिक पर्यटन परिपथ (Religious Circuit) विकास गर्न सकिने अवसर रहेको छ ।

सांस्कृतिक विविधता यस उप-महानगरपालिकाको अर्को महत्वपूर्ण सम्पत्ति हो । थारू, मधेसी, पहाडी, मुस्लिम, तामाङ, नेवार लगायतका समुदायहरूको मौलिक परम्परा, चाडपर्व, लोकनृत्य र सांस्कृतिक अभ्यासलाई संरक्षण तथा प्रवर्द्धन गर्दै सांस्कृतिक पर्यटन विकास गर्न सकिन्छ । समुदायमा आधारित होमस्टे, सांस्कृतिक प्रदर्शनी, हस्तकला बजार तथा स्थानीय परिकार प्रवर्द्धनमार्फत पर्यटकलाई स्थानीय जीवन शैलीसँग प्रत्यक्ष जोड्ने अवसर उपलब्ध छ । यसले स्थानीय आय आर्जन वृद्धि र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुर्याउन सक्छ ।

त्यसैगरी, थानी माई पिकनिक पार्क, देवाश्रम, कामिनी दह, हात्तीसार, आधाबार, रामवन सिमसार, कृष्ण कुमारी मन्दिर तथा खानेपानी, रेल्वे टिकट काउन्टर, रेल घुमाउने ठाउँ जस्ता प्राकृतिक तथा मनोरञ्जनात्मक स्थलहरूलाई व्यवस्थित गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिने ठूलो सम्भावना छ। हरित पर्यटन, इको टुरिज्म, वन भ्रमण, धार्मिक प्राकृतिक संयुक्त पर्यटन प्याकेज विकास गरी दीर्घकालीन पर्यटक बसाइ अवधि बढाउन सकिन्छ। सूचना केन्द्र स्थापना, डिजिटल प्रचार प्रसार, ब्रान्डिङ तथा निजी क्षेत्रसँग सहकार्यमार्फत होटेल, रेस्टुरेन्ट, यातायात, हस्तकला तथा कृषि उत्पादनको बजार विस्तार गर्न सकिन्छ।

समग्रमा, धार्मिक आस्था, सांस्कृतिक सहअस्तित्व, प्राकृतिक सौन्दर्य र ऐतिहासिक सम्पदाको समन्वित उपयोगमार्फत जीतपुरसिमरालाई दिगो, समावेशी र आर्थिक रूपमा सबल पर्यटन गन्तव्यका रूपमा विकास गर्ने प्रबल सम्भावना र अवसर विद्यमान रहेका छन्।

### ४.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सम्पदा संरक्षण र पूर्वाधार विकास र समुदाय सशक्तिकरण मार्फत जीतपुरसिमरालाई दिगो पर्यटन केन्द्रका रूपमा स्थापित गर्नु

**(ख) उद्देश्यहरू**

- धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, पुनर्निर्माण तथा स्तरोन्नतिमार्फत पर्यटकीय आकर्षण वृद्धि गर्नु
- पार्क, पोखरी, वन क्षेत्र, साइकल रुट लगायत प्राकृतिक तथा मनोरञ्जनात्मक पूर्वाधार विकासमार्फत दिगो पर्यटन विस्तार गर्नु
- समुदायमा आधारित तथा औद्योगिक क्षेत्रसँग जोडिएको पर्यटन प्रवर्द्धन गर्दै स्थानीय रोजगारी र आयआर्जन वृद्धि गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, पुनर्निर्माण तथा स्तरोन्नति गर्ने | १ | धार्मिक पर्यटकीय स्थलहरूको निर्माण, पुनर्निर्माण तथा मर्मत कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | ऐतिहासिक पर्यटकीय स्थलहरूको संरक्षण तथा स्तरोन्नति गरिनेछ। |
| | | ३ | स्थानीय सांस्कृतिक उत्सव, परम्परा तथा जातीय पहिचान प्रवर्द्धन गरिनेछ। |
| २ | प्राकृतिक तथा मनोरञ्जनात्मक पूर्वाधार विकासमार्फत दिगो पर्यटन विस्तार गर्ने | १ | पार्कहरूको पुनर्निर्माण, स्तरोन्नति तथा नियमित व्यवस्थापन गरिनेछ। |
| | | २ | पोखरी तथा ताल संरक्षण र सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | चारकोसेझाडी तथा वन क्षेत्रलाई पर्यावरणीय पर्यटनसँग जोडेर विकास गरिनेछ |
| | | ४ | सम्भावनाको आधारमा साइकल रुट विकास गरिनेछ। |
| | | ५ | वन्यजन्तु संरक्षण तथा पर्यावरणीय आकर्षण प्रवर्द्धन गरिनेछ। |
| ३ | समुदायमा आधारित तथा कृषि- | १ | औद्योगिक क्षेत्रलाई जोड्ने साइकल ट्र्याक तथा पद मार्ग निर्माण कार्य गरिनेछ |
| | | २ | समुदायमा आधारित होमस्टे तथा स्थानीय उद्यम प्रवर्द्धन गरिनेछ |

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| | पर्यटन(Agro-Tourism) विकासमा प्रवर्द्धन गर्ने। | ३ | पर्यटन सूचना केन्द्र स्थापना तथा डिजिटल प्रचार–प्रसार कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | निजी–सार्वजनिक साझेदारीमा पर्यटन विकासका लागि कृषि उपज वस्तुमा आधारित पर्यटन विकाको अवधारणा लागू गरिनेछ |
| | | ५ | स्थानीय युवालाई पर्यटन व्यवसायमा आधारित उद्यमशिलता स्थापना गर्न क्षमता अभिवृद्धि तालिम तथा लगानी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | धार्मिक पर्यटकिय स्थल पुन: निर्माण, निर्माण तथा मर्मत | १ | १० | १ | ३ | १ |
| १ | ऐतिहासिक पर्यटकिय स्थाल पुन: निर्माण, निर्माण तथा मर्मत | १ | १० | १ | ३ | १ |
| १ | संग्राहलय पुन: निर्माण, निर्माण तथा ममर्त | १ | १० | १ | २ | ३ |
| १ | पार्क पुन: निर्माण, निर्माण तथा ममर्त | १ | १० | १ | ३ | ३ |
| १ | चारकोषेझाडि पर्यटकिय स्थल | १ | १० | १ | २ | ३ |
| १ | पोखरी/दह संरक्षण समबर्धन | १ | १० | १ | ३ | ३ |
| १ | साइकल रुट ९.५ किमि वडा नं २२ | १ | १० | १ | २ | ३ |
| १ | ऐतिहासिक झरणा वडा नं २२ लाइ पर्यटकिय स्थल बनाउने | १ | १० | १ | २ | ३ |
| १ | पर्सा वन्यजन्तु आरक्षण र औद्योगिक क्षेत्रलाइ जोड्ने साइकल ट्र्याक निर्माण | १ | १० | १ | २ | ३ |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म जीतपुरसिमरा उप-महानगरपालिकामा धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटकिय स्थलहरूको संरक्षण तथा स्तरोन्नति भई कुल प्रमुख पर्यटकिय स्थलहरू मध्ये ७०% मा भौतिक सुधार सम्पन्न हुने अपेक्षा गरिएको छ। पार्क, पोखरी तथा चारकोसेझाडी जस्ता प्राकृतिक स्थलहरूको व्यवस्थापन सुदृढ भई आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा करिब ३०% ले वृद्धि हुने अपेक्षा छ। साइकल रुट, संग्रहालय तथा पर्यटकिय पूर्वाधार विकाससँगै आन्तरिक तथा बाह्य पर्यटकको बसाइ अवधि र खर्च गर्ने प्रवृत्तिमा वृद्धि हुने लक्ष्य राखिएको छ। समुदायमा आधारित होमस्टे तथा स्थानीय उद्यम विस्तार भई पर्यटन क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १५% स्थानीय रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ।

#### ४.३.६ अनुमान तथा जोखिम पक्ष

धार्मिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूको संरक्षण र पूर्वाधार विकास प्रभावकारी रूपमा कार्यान्वयन भएमा पर्यटक आगमनमा ७०% वृद्धि हुने अनुमान गरिएको भए पनि बजेट अभाव, निर्माणमा ढिलाइ, कमजोर व्यवस्थापन तथा प्राकृतिक विपद्का कारण अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ आउन सक्छ। समुदायको न्यून सहभागिता र प्रचार प्रसार कमजोर हुँदा पर्यटन विकासको गति सुस्त हुन सक्ने जोखिम छ। यसका लागि जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो क्षेत्रमा रहेको हवाइ मार्गको भरपुर उपयोग गर्दै पर्यटकहरुले नगरका पर्यटकीय क्षेत्रको भ्रमण गर्ने वातावरण मिलाउन प्रचार प्रसारलाई तिव्रता दिनु पर्ने देखिन्छ।

### ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

#### ४.४.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिका (बारा जिल्ला, मधेश प्रदेश) नेपालको एक प्रमुख औद्योगिक र व्यापारिक हब हो, जुन वीरगन्ज पथलैया औद्योगिक करिडोरमा अवस्थित छ। यसको भौगोलिक अवस्थिति, पूर्व पश्चिम राजमार्गसँगको प्रत्यक्ष पहुँच, भारतीय सीमावर्ती व्यापारिक नाका रक्सौलको नजिक पन तथा काठमाडौं तराई सम्पर्क मार्गको केन्द्रमा रहेको अवस्थाले यस उप-महानगरपालिकालाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भका रूपमा स्थापित गरेको छ। कृषिमा आधारित बस्तीका रूपमा विकसित भएको सिमरा समय क्रममा उद्योग, व्यापार, आपूर्ति र सेवा मूलक गतिविधिको केन्द्रमा रूपान्तरण भएको छ।

सिमराको आर्थिक विकास यात्रामा सन् १९५८ मा सिमरा विमानस्थल सञ्चालनमा आउनु, १९६० को दशकमा पूर्व पश्चिम राजमार्ग निर्माण, १९७० को दशकदेखि उद्योगहरूको स्थापना तथा पछिल्ला वर्षहरूमा विशेष आर्थिक क्षेत्र (SEZ) को विकास निर्णायक चरणका रूपमा रहेका छन्। यी पूर्वाधार र नीतिगत पहलहरूले सिमरालाई केवल स्थानीय बजारमा सीमित नगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आपूर्ति शृंखलासँग जोड्न महत्वपूर्ण भूमिका खेलेका छन्। उप-महानगरपालिकामा दर्ता भएका व्यवसायहरूको वडा विवरण अनुसार कुल २,०५६ वटा व्यवसाय तथा फर्महरू सञ्चालनमा रहेका छन्। तथ्याङ्कले देखाए अनुसार वडा नं. १ मा २३५, वडा नं. २ मा ३१५, वडा नं. ३ मा ११९, वडा नं. ४ मा १०५, वडा नं. ५ मा ३२, वडा नं. ६ मा ९२, वडा नं. ७ मा ४८६, वडा नं. ८ मा ३१, वडा नं. ९ मा ३२, वडा नं. १० मा ३२, वडा नं. ११ मा २०, वडा नं. १२ मा ३६, वडा नं. १३ मा २२, वडा नं. १४ मा ५०, वडा नं. १५ मा ४६, वडा नं. १६ मा ४५, वडा नं. १७ मा २२, वडा नं. १८ मा ६६, वडा नं. १९ मा ९, वडा नं. २० मा १४, वडा नं. २१ मा १७१, वडा नं. २२ मा ३३, वडा नं. २३ मा ३३ र वडा नं. २४ मा १० वटा व्यवसाय दर्ता रहेका छन्। यस विवरणले उप-महानगरपालिकाभित्र व्यापारिक क्रियाकलापहरू केही वडामा अत्याधिक केन्द्रित रहेको र केही वडामा तुलनात्मक रूपमा न्यून रहेको देखाउँछ। विशेष गरी वडा नं. ७, वडा नं. २, वडा नं. १ र वडा नं. २१ मा व्यवसायको घनत्व बढी देखिनु यी क्षेत्रहरू प्रमुख व्यापारिक केन्द्र, बजार क्षेत्र तथा राजमार्गसँग नजिक रहेका कारणले हो। यसले स्थान गत आर्थिक असन्तुलन पनि संकेत गर्दछ, जसलाई भविष्यमा योजनाबद्ध ढंगले सम्बोधन गर्नुपर्ने देखिन्छ।

आज सिमरा उपमहानगरपालिका र यस वरपरका क्षेत्रहरूमा धैरै ठूला तथा मझौला उद्योगहरू सञ्चालनमा छन्, जसले उत्पादन, रोजगारी, निर्यात र राजस्व सङ्कलनमा उल्लेखनीय योगदान पुर्याइरहेका छन्। यहाँ सञ्चालनमा रहेका प्रमुख उद्योगहरूमध्ये जगदम्बा इन्टरप्राइजेज/जगदम्बा स्टिल (Jagadamba Steels) फलामे डन्डी तथा स्टिल उत्पादनमा अग्रणी उद्योग हो, जसले निर्माण क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। गोल्डस्टार सुज

(Goldstar Shoes / Edoomee) ले सिमरालाई अन्तर्राष्ट्रिय फुटवेयर उद्योगको नक्सामा चिनाउँदै घरेलु तथा निर्यात बजार दुवैमा सशक्त उपस्थिति जनाएको छ ।

त्यसैगरी पशुपति सिमेन्ट (Pashupati Cement) ले सिमेन्ट उत्पादनमार्फत भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याएको छ। सिजी ग्रुप (CG Group) अन्तर्गतका खाद्य तथा पेय पदार्थ उद्योगहरूले (नुडल्स, स्न्याक्स आदि) उपभोक्ता बजारमा व्यापक पहुँच बनाएका छन्। आरएमसी ग्रुप (RMC Group - Edible Oil) ले प्रशोधित भटमास, सूर्यमुखी तथा पाम तेल उत्पादन गर्दै खाद्य तेल क्षेत्रमा योगदान पुर्याइरहेको छ । वायोकम नेपाल (Biocomp Nepal) ले कम्पोस्ट मल उत्पादनमार्फत दिगो तथा वातावरण मैत्री कृषि प्रणाली प्रवर्द्धन गरिरहेको छ ।

यसैगरी महाशक्ति परमेश्वरी इन्डस्ट्रिज, पॉलिमर इन्डस्ट्रिज प्रा.लि., चिमाली इन्डस्ट्रिज प्रा.लि. जस्ता उद्योगहरूले प्लास्टिक, निर्माण तथा उपभोग्य सामग्री उत्पादनमार्फत औद्योगिक विविधीकरणमा योगदान पुर्याइरहेका छन् । साथै सूर्य नेपाल प्रा. लि. (Surya Nepal Pvt. Ltd.) जस्तो बहु राष्ट्रिय कम्पनीको उपस्थिति यस क्षेत्रको औद्योगिक महत्त्व र लगानी मैत्री वातावरणको स्पष्ट प्रमाण हो । सूर्य नेपालले उत्पादन, रोजगारी, कर योगदान तथा आपूर्ति शृङ्खलाको विकासमार्फत सिमराको औद्योगिक पहिचानलाई अझ मजबुत बनाएको छ ।

सिमरा विशेष आर्थिक क्षेत्र (SEZ) औद्योगिक विकासको नयाँ आयामका रूपमा अघि बढिरहेको छ । हालसम्म सिमरा SEZ मा २५ भन्दा बढी नयाँ उद्योगहरूलाई सञ्चालन अनुमति दिइ सकिएको छ । यस क्षेत्रमा सिमेन्ट कम्पनी बोर्ड उत्पादन उद्योग, हर्बल प्रशोधन उद्योग, कृषिमा आधारित उद्योगहरू, इलेक्ट्रोनिक सवारी साधन एसेम्बली (EV Assembly), धातुका भाँडाकुँडा (Utensils) उद्योग, टिस्यु पेपर तथा गार्मेन्ट उद्योगहरू स्थापना भइरहेका छन् । SEZ भित्र उपलब्ध कर छुट, पूर्वाधार सुविधा, एकद्वार सेवा प्रणाली र निर्यातमुखी नीतिले स्वदेशी तथा विदेशी लगानी कर्तालाई आकर्षित गरेको छ । SEZ को विकासले जीतपुरसिमरालाई निर्यात केन्द्रित औद्योगिक सहरका रूपमा रूपान्तरण गर्ने दीर्घकालीन लक्ष्य बोकेको छ । यसले स्थानीय रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण र औद्योगिक प्रतिस्पर्धात्मक अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

ठूला उद्योगहरूसँगै जीतपुरसिमरा उप-महानगरपालिकामा स्थानीय तथा साना उद्योगहरूको पनि उल्लेखनीय उपस्थिति छ । डुमरवाना क्षेत्र लगायतका स्थानहरूमा एग्रो आधारित उद्योग, कृषि तथा पशु जन्य उत्पादनसँग सम्बन्धित व्यवसायहरू सञ्चालनमा छन् । खाद्य प्रशोधन अन्तर्गत तेल रिफाइनरी, दाल उद्योग तथा अन्य घरेलु उद्योगहरूले स्थानीय उत्पादनको बजारीकरणमा योगदान पुर्याइरहेका छन् । त्यस्तै, साना इँटा भट्टा, कङ्क्रिट उद्योग तथा निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरूले स्थानीय पूर्वाधार विकास र रोजगारी सिर्जनामा टेवा पुर्याएका छन् ।

वीरगन्ज-पथलैया-सिमरा औद्योगिक करिडोरको प्रमुख विशेषता यसको सशक्त यातायात र आपूर्ति प्रणाली हो । पूर्व पश्चिम राजमार्ग नजिक रहेको यस क्षेत्रबाट कच्चा पदार्थ आयात तथा तयार उत्पादनको ढुवानी सहज छ । भारतीय सीमा नाका रक्सौल नजिक भएकाले निर्यातमुखी उद्योगहरूको घनत्व उच्च छ । साथै मोतिहारी-अमलेखगन्ज पेट्रोलियम पाइप लाइन सञ्चालनमा आए सँगै इन्धन आपूर्ति सस्तो, सुरक्षित र नियमित बनेको छ, जसले औद्योगिक लागत घटाउन सहयोग पुर्याएको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका नेपालको औद्योगिक, व्यापारिक र आपूर्ति प्रणालीको एक प्रमुख केन्द्रका रूपमा विकसित हुँदै गएको छ । जगदम्बा स्टिल्स, गोल्डस्टार सुज, सूर्य नेपाल, पशुपति सिमेन्ट, सीजी ग्रुप, आरएमसी ग्रुप, वायोकम नेपाल लगायत ठूला उद्योगहरूदेखि लिएर SEZ भित्रका नयाँ उद्योग र स्थानीय साना

उद्योगसम्मको संयुक्त योगदानले सिमरालाई मधेश प्रदेशकै आर्थिक मेरुदण्डका रूपमा स्थापित गरेको छ । रणनीतिक भौगोलिक अवस्थिति, औद्योगिक पूर्वाधार र लगानी मैत्री वातावरणको प्रभावकारी उपयोगमार्फत सिमराले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा अझ महत्वपूर्ण भूमिका खेल्ने स्पष्ट सम्भावना देखिन्छ।

### ४.४.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिका को तीव्र औद्योगिक तथा व्यापारिक विकाससँगै केही महत्वपूर्ण समस्या तथा चुनौतीहरू पनि देखिएका छन्। औद्योगिक गतिविधिको उच्च केन्द्रीकरण विशेष गरी करिडोर आसपासका वडाहरूमा सीमित हुँदा स्थान गत आर्थिक असन्तुलन बढ्दै गएको छ भने भित्री तथा ग्रामीण वडाहरू अपेक्षाकृत पछाडि परिरहेका छन् । तीव्र औद्योगीकरणसँगै वातावरणीय प्रदूषण (हावा, धूलो, ध्वनि तथा औद्योगिक फोहोर व्यवस्थापन) प्रमुख चुनौतीका रूपमा देखिएको छ, जसले स्थानीय बासिन्दाको स्वास्थ्य तथा जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्न सक्छ।

पूर्वाधारका हिसाबले सडक विस्तार, ढल निकास, खानेपानी, विद्युत् आपूर्ति र ट्राफिक व्यवस्थापनमा अझ सुदृढीकरण आवश्यक देखिन्छ। उद्योगको वृद्धि दरअनुसार सहरी सेवा तथा पूर्वाधार विस्तार हुन नसक्दा भविष्यमा अव्यवस्थित सहरीकरणको जोखिम बढ्न सक्छ। साथै, दक्ष जनशक्तिको अभाव, प्रविधि मैत्री सीपको कमी तथा स्थानीय युवाहरूको पर्याप्त सीप विकास नहुनु पनि औद्योगिक प्रतिस्पर्धात्मकतामा बाधक बन्न सक्छ।

विशेष आर्थिक क्षेत्र (SEZ) र ठूला उद्योगहरू सञ्चालनमा आए पनि नीतिगत स्थायित्व, प्रशासनिक प्रक्रियाको जटिलता, लगानी सुरक्षाको प्रत्याभूती तथा समयमै सेवा प्रवाह सुनिश्चित गर्नु अर्को चुनौती हो। भारतीय सीमा नाका सँगको निर्भरता र बाह्य बजारमा हुने उतारचढावले निर्यातमुखी उद्योगहरूलाई जोखिममा पार्न सक्छ। त्यसैगरी, साना तथा घरेलु उद्योगहरूको वित्तीय पहुँच कमजोर हुनु, बजार प्रतिस्पर्धामा टिक्न कठिनाइ हुनु तथा कच्चा पदार्थको मूल्य अस्थिरता पनि दीर्घकालीन चुनौतीका रूपमा रहेका छन्। औद्योगिक विस्तारसँगै कृषि योग्य जमिनको संकुचन, श्रमिक आवास व्यवस्थापन, सामाजिक पूर्वाधार (स्वास्थ्य, शिक्षा) को चाप तथा सामाजिक सांस्कृतिक रूपान्तरणले पनि व्यवस्थापनमा जटिलता थपेको छ। यसरी, जीतपुरसिमरा उप-महानगरपालिकाको तीव्र औद्योगिक विकास अवसरसँगै बहुआयमिक चुनौतीहरू पनि लिएर अघि बढिरहेको छ, जसलाई दीर्घकालीन, दिगो र समावेशी योजनामार्फत सम्बोधन गर्नु अपरिहार्य देखिन्छ।

### ४.४.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिका को भौगोलिक अवस्थिति, औद्योगिक पूर्वाधार र व्यापारिक पहुँचलाई आधार मान्दा यहाँ आर्थिक, औद्योगिक तथा सेवा क्षेत्रको व्यापक सम्भावना र अवसरहरू विद्यमान छन्। पूर्व पश्चिम राजमार्ग, भारतीय सीमा नाका रक्सौलसँगको निकटता तथा काठमाडौं तराई सम्पर्क मार्गको रणनीतिक स्थानले यस क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलासँग सिधा जोड्ने अद्वितीय अवसर प्रदान गरेको छ। यसले निर्यातमुखी उद्योग, गोदाम तथा लजिस्टिक्स हब, ट्रान्सपोर्ट सेवा र थोक व्यापार विस्तारका लागि अनुकूल वातावरण सिर्जना गरेको छ।

विशेष आर्थिक क्षेत्र (SEZ) को विस्तारले स्वदेशी तथा विदेशी लगानी भित्र्याउने, प्रविधि हस्तान्तरण गर्ने तथा रोजगारी सिर्जना गर्ने ठूलो सम्भावना बोकेको छ । औद्योगिक कर छुट, एकद्वार सेवा प्रणाली र पूर्वाधार सुविधा जस्ता प्रोत्साहनहरूले उत्पादनमूलक उद्योग, एसेम्बली प्लान्ट, कृषि प्रशोधन उद्योग तथा हरित प्रविधिमा आधारित उद्योग स्थापना गर्न थप अवसर प्रदान गर्छन्।

कृषि र उद्योग बीचको अन्तरसम्बन्धलाई बलियो बनाउने पनि ठूलो अवसर रहेको छ। वरपरका कृषिजन्य उत्पादनलाई प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न सकिने भएकाले एग्रो प्रोसेसिङ, डेरी, खाद्य उद्योग तथा कोल्ड स्टोरेज जस्ता क्षेत्रमा

लगानी विस्तार गर्न सकिन्छ। यसले स्थानीय किसानको आम्दानी बढाउनका साथै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा समेत योगदान पुर्याउन सक्छ।

साथै, सहरीकरणसँगै शिक्षा, स्वास्थ्य, बैंकिङ, होटेल तथा पर्यटन, र सूचना प्रविधि सेवा क्षेत्रको विस्तारको सम्भावना पनि उच्च छ। सिमरा विमानस्थल र औद्योगिक करिडोरको उपस्थितिले व्यापारिक सम्मेलन, औद्योगिक प्रदर्शनी तथा व्यावसायिक सेवाको विकासलाई गति दिन सक्छ।

दिगो विकासका दृष्टिले वैकल्पिक ऊर्जा, फोहोर व्यवस्थापन, हरित उद्योग तथा स्मार्ट सिटी अवधारणालाई अवलम्बन गर्ने अवसर पनि उपलब्ध छ। उचित योजना, समन्वय र दीर्घकालीन रणनीतिमार्फत जीतपुरसिमरा उप-महानगरपालिकालाई मधेश प्रदेशकै मात्र नभई राष्ट्रिय स्तरको प्रमुख औद्योगिक तथा आर्थिक केन्द्रका रूपमा स्थापित गर्न सकिने प्रबल सम्भावना देखिन्छ।

### ४.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सबै प्रकारका उद्योग, व्यापार र व्यवस्थित आपूर्ति प्रणालीको प्रवर्द्धनमार्फत जीतपुरसिमरालाई प्रतिस्पर्धी, लगानी मैत्री र रोजगारी सिर्जना मुखी औद्योगिक केन्द्रका रूपमा विकास गर्नु

**(ख) उद्देश्यहरू**

- साना, मझौला तथा ठूला उद्योगहरूको प्रवर्द्धनमार्फत उत्पादन वृद्धि र स्थानीय रोजगारी सिर्जना गर्नु
- व्यापार तथा व्यवसाय वातावरणलाई व्यवस्थित, पारदर्शी र लगानी मैत्री बनाउँदै स्थानीय उद्यमशीलता सुदृढ गर्नु
- उपभोक्ता हित संरक्षण, बजार अनुगमन र प्रभावकारी आपूर्ति व्यवस्थापनमार्फत गुणस्तरीय वस्तु तथा सेवाको सहज उपलब्धता सुनिश्चित गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | औद्योगिक क्षेत्रको प्रवर्द्धन र लगानीमैत्री वातावरण निर्माण गर्ने | १ | साना, मझौला तथा ठूला उद्योग स्थापना, व्यवस्थापनमा सहजीकरण गरिनेछ। |
| | | २ | सबै प्रकारका उद्योगहरूमा स्थानीय युवाहरूको रोजगारी सु निश्चितताका लागि सहजिकरण गरिने छ। |
| | | ३ | औद्योगिक क्षेत्रको पूर्वाधार (सडक, विद्युत, पानी, ढल) सुदृढीकरणमा सम्बन्धित निकायसँग समन्वय गरिनेछ। |
| | | ४ | घरेलु तथा लघु उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ५ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ६ | उद्योग–व्यवसाय दर्ता, नवीकरण तथा कर प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। |
| २ | व्यापार तथा व्यवसाय वातावरणलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउने। | १ | बजार व्यवस्थापन तथा व्यापारिक क्षेत्रको स्तरोन्नति गरिनेछ। |
| | | २ | उपभोक्ता हित संरक्षणका लागि नियमित बजार अनुगमन गरिनेछ |
| | | ३ | स्थानीय उत्पादनको ब्रान्डिङ तथा बजारीकरण प्रवर्द्धन गरिनेछ। |
| | | ४ | औद्योगिक तथा व्यापार मेला/प्रदर्शनी आयोजना गरिनेछ। |

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| | | ५ | डिजिटल भुक्तानी तथा ई–व्यापार प्रणाली प्रवर्द्धन गरिनेछ। |
| ३ | प्रभावकारी आपूर्ति तथा उपभोक्ता संरक्षण प्रणाली विकास गर्ने। | १ | अत्यावश्यक वस्तुको आपूर्ति तथा भण्डारण प्रणाली सुदृढीकरण गरिनेछ। |
| | | २ | कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रणमा कडाइ गरिनेछ। |
| | | ३ | खाद्य तथा औषधि गुणस्तर अनुगमनमा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ |
| | | ४ | सीमा नाकाहरूबाट भित्रिने गुणस्तरहिन सामानको व्यवस्थापनका लागि अन्तर पालिका समन्वय गरिने छ। |
| | | ५ | आपतकालीन अवस्थामा वस्तु आपूर्ति व्यवस्थापन योजना तयार गरिनेछ। |
| | | ६ | व्यापारिक सचेतना तथा कर दायित्व सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | १ | २ र ८ | ४ | २ | २ |
| १ | दुग्ध जन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | १ | २ र ८ | ४ | २ | २ |
| १ | जडीबुटी प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती | १ | ८ | ४ | १ | २ |
| १ | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | १ | ८ | ४ | १ | २ |
| १ | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | १ | ८ | ४ | २ | २ |
| १ | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | १ | ८ | ४ | २ | २ |
| १ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | १ | ८ | ४ | १ | २ |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म जीतपुरसिमरा उप-महानगरपालिकामा दर्ता भई स्थानीय तहको मापदण्डमा सञ्चालित उद्योग तथा व्यवसायको संख्यामा करिब १०% ले वृद्धि हुने अपेक्षा गरिएको छ। साना, मझौला तथा ठूला उद्योग विस्तारसँगै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १०% नयाँ रोजगारी सिर्जना हुने लक्ष्य राखिएको छ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा वृद्धि भई उत्पादन परिमाणमा १०% सुधार हुने अपेक्षा गरिएको छ। व्यापारिक क्षेत्रको व्यवस्थापन तथा बजार अनुगमन सुदृढ भई उपभोक्ता हित संरक्षणको अवस्था सुधार हुनेछ। अत्यावश्यक वस्तुको आपूर्ति प्रणाली व्यवस्थित भई बजारमा कृत्रिम अभाव र कालोबजारी नियन्त्रणमा उल्लेखनीय

सुधार आउने अपेक्षा गरिएको छ। समग्रमा उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रबाट नगरको आन्तरिक राजस्व संकलनमा १०% सम्म वृद्धि हुने छ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

औद्योगिक पूर्वाधार सुधार, लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा उद्योग दर्ता र विस्तारमा १०% वृद्धि हुने अनुमान गरिएको भए पनि लगानी अभाव, नीतिगत जटिलता, विद्युत तथा पूर्वाधार समस्याले उद्योग विस्तारमा बाधा पुग्ने जोखिम देखिन्छ। बजार मूल्य अस्थिरता, सीमाबाट हुने अवैध व्यापार तथा कमजोर अनुगमनले उपभोक्ता संरक्षणमा चुनौती सिर्जना गर्न सक्ने जोखिम रहन्छ। यसका लागि जीतपुरसिमरा उपमहानगरपालिकासँग सीमाना जोडिएका पालिकाहरुसँग अन्तरपालिका समन्वय, तथा प्रदेश सरकार र अन्य साझेदार निकायहरुसँग सहकार्य गर्ने रणनीति अबलम्बन गर्दै जानु पर्ने छ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिकाको समग्र आर्थिक विकासमा आम्दानी वृद्धि, रोजगारी सिर्जना तथा वित्तीय सेवाको विस्तारले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। उद्योग, व्यापार, सेवा तथा कृषि क्षेत्रको क्रमिक विस्तारसँगै यहाँका नागरिकहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन देखिन थालेको छ। विशेषगरी वीरगन्ज पथलैया औद्योगिक करिडोरमा अवस्थित हुनु, सिमरा विशेष आर्थिक क्षेत्र (SEZ) को विकास तथा स्थानीय साना र मझौला उद्योगहरूको विस्तारका कारण आम्दानीका स्रोतहरू विविधीकरण हुँदै गएका छन्। यसले उप-महानगरपालिकालाई मधेश प्रदेशकै एक महत्वपूर्ण आर्थिक केन्द्रको रूपमा स्थापित गर्न सहयोग पुर्याएको छ।

औद्योगिक तथा व्यापारिक गतिविधिको विस्तारसँगै उप-महानगरपालिकाभित्र तथा आसपासका क्षेत्रका हजारौं श्रमिकहरू उद्योग, कल कारखाना, ढुवानी सेवा, गोदाम, निर्माण, होटेल, रेस्टुरेन्ट तथा विभिन्न सेवा क्षेत्रमा रोजगारीमा संलग्न छन्। यसले स्थानीयस्तरमा बेरोजगारी दर घटाउन सहयोग पुर्याएको छ भने युवाहरूका लागि वैदेशिक रोजगारीको विकल्पसमेत सिर्जना गरेको छ। उद्योग तथा सेवा क्षेत्रसँगै कृषि क्षेत्रमा पनि व्यावसायिक खेती, पशुपालन, एग्रो प्रोसेसिङ उद्योग तथा बजार पहुँच विस्तारका कारण किसानहरूको आम्दानीमा उल्लेखनीय वृद्धि भएको छ। कृषि क्षेत्रलाई परम्परागत जीविकोपार्जनबाट व्यवसायीक रूपान्तरण गर्न यी गतिविधिहरूले महत्वपूर्ण योगदान पुर्याएका छन्।

आम्दानी वृद्धि, रोजगारी सिर्जना र वित्तीय सेवाको विस्तारले जीतपुरसिमरा उप-महानगरपालिकालाई आर्थिक रूपमा सबल, समावेशी र दिगो विकासको दिशामा अघि बढाइरहेको छ। उद्योग, व्यापार, कृषि तथा वित्तीय क्षेत्र बीचको समन्वयले नगरको समग्र सामाजिक आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको स्पष्ट देखिन्छ, जसले आगामी दिनमा पनि दिगो र समावेशी विकासको आधार मजबुत बनाउने अपेक्षा गर्न सकिन्छ।

### ४.५.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिका मा देखिएको आम्दानी वृद्धि, रोजगारी सिर्जना तथा वित्तीय सेवाको विस्तार सकारात्मक भए पनि यस विकास प्रक्रियासँगै विभिन्न समस्या र चुनौतीहरू पनि उभिएका छन्। तीव्र औद्योगिक विस्तार र सहरीकरणका कारण आधारभूत पूर्वाधार सडक, ढल निकास, फोहोर व्यवस्थापन, खानेपानी, ट्राफिक नियन्त्रण तथा आवास व्यवस्थापन माथि अत्याधिक चाप परेको छ। उद्योगको वृद्धिदरअनुसार पूर्वाधार विस्तार हुन नसक्दा दीर्घकालीन रूपमा अव्यवस्थित बस्ती विकास र सेवा अभावको समस्या देखिन सक्छ।

रोजगारी सिर्जना भए पनि धेरै श्रमिक असँगठित तथा अस्थायी क्षेत्रमा संलग्न छन्, जहाँ सामाजिक सुरक्षा, श्रम अधिकार र न्यूनतम पारिश्रमिकको सुनिश्चितता चुनौती पूर्ण छ। दक्ष तथा प्राविधिक जनशक्तिको अभावले स्थानीय उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता सीमित हुन सक्छ, जसका कारण बाह्य श्रमिकमा निर्भरता बढ्ने सम्भावना रहन्छ।

वातावरणीय दृष्टिले उद्योग जन्य प्रदूषण, ध्वनि, धूलो तथा औद्योगिक फोहोर व्यवस्थापन प्रमुख चुनौतीका रूपमा देखिएका छन्। यसले स्थानीय समुदायको स्वास्थ्य र कृषि उत्पादनमा नकारात्मक असर पार्न सक्छ। साथै, औद्योगिक तथा सहरी विस्तारका कारण कृषि योग्य जमिन संकुचित हुने जोखिम पनि बढ्दो छ, जसले दीर्घकालीन खाद्य सुरक्षा र ग्रामीण जीविकोपार्जनमा असर पुर्याउन सक्छ।

साना तथा मझौला उद्यमहरूले पूँजी, प्रविधि र बजार पहुँचको अभाव झेलिरहेका छन्। वित्तीय सेवा विस्तार भए पनि सबै वर्ग र क्षेत्रसम्म समान पहुँच सुनिश्चित हुन सकेको छैन। सीमा पार व्यापार र बाह्य बजारमा निर्भरता उच्च भएकाले अन्तर्राष्ट्रिय मूल्य उतारचढाव, नीतिगत परिवर्तन वा सीमा अवरोधले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने जोखिम रहन्छ। यसरी, आर्थिक विस्तारको सकारात्मक उपलब्धिलाई दिगो र समावेशी बनाउन पूर्वाधार सुदृढीकरण, वातावरणीय संरक्षण, श्रमिक कल्याण, सीप विकास, सन्तुलित क्षेत्रीय विकास तथा प्रभावकारी नीतिगत कार्यान्वयनतर्फ विशेष ध्यान दिनु अपरिहार्य देखिन्छ।

### ४.५.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिका मा विद्यमान औद्योगिक पूर्वाधार, रणनीतिक भौगोलिक अवस्थिति तथा व्यापारिक पहुँचका कारण भविष्यका लागि व्यापक सम्भावना र अवसरहरू रहेका छन्। पूर्व पश्चिम राजमार्गसँगको प्रत्यक्ष जोड, भारतीय सीमा सँगको निकटता तथा काठमाडौं तराई सम्पर्क मार्गको केन्द्रमा अवस्थित हुनु यस क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार र आपूर्ति प्रणालीको प्रमुख हबका रूपमा विकास गर्ने बलियो आधार हो। यसले लजिस्टिक्स, गोदाम व्यवस्थापन, ढुवानी सेवा तथा निर्यातमुखी उद्योग विस्तारमा उल्लेखनीय अवसर सिर्जना गर्दछ।

विशेष आर्थिक क्षेत्र (SEZ) को प्रभावकारी उपयोगमार्फत स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने, प्रविधि हस्तान्तरण गर्ने र उच्च मूल्य अभिवृद्धि हुने उद्योग स्थापना गर्ने सम्भावना उच्च छ। कृषि र उद्योग बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउँदै एग्रो प्रोसेसिङ, डेरी, खाद्य प्रशोधन, कोल्ड स्टोरेज तथा कृषि उपकरण उद्योग जस्ता क्षेत्रमा विस्तार गर्न सकिन्छ, जसले किसानको आम्दानी वृद्धि र आयात प्रतिस्थापनमा टेवा पुर्याउँछ।

सहरीकरण र जनसंख्या वृद्धिसँगै शिक्षा, स्वास्थ्य, बैंकिङ, बीमा, सूचना प्रविधि, होटेल तथा रेस्टुरेन्ट व्यवसायमा पनि व्यापक अवसरहरू देखिन्छन्। साना तथा मझौला उद्यमहरूको प्रवर्द्धन, स्टार्टअप र नव प्रवर्तनलाई प्रोत्साहन गर्दै स्थानीय युवालाई उद्यमशीलतामा आकर्षित गर्न सकिने सम्भावना छ। दिगो विकासका दृष्टिले हरित उद्योग, नवीकरणीय ऊर्जा, फोहोर पुनः प्रयोग, स्मार्ट पूर्वाधार तथा वातावरण मैत्री प्रविधिको प्रयोग विस्तार गर्ने अवसर पनि उपलब्ध छ। उचित योजना, निजी क्षेत्र सरकार सहकार्य तथा दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्न सकेमा जीतपुरसिमरा उप-महानगरपालिकालाई मधेश प्रदेशकै मात्र नभई राष्ट्रिय स्तरको प्रतिस्पर्धी, समावेशी र दिगो आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने प्रबल सम्भावना रहेको छ।

### ४.५.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सीप विकास, स्थानीय उद्योगसँग समन्वय तथा सामाजिक सुरक्षा प्रणाली सुदृढीकरणमार्फत युवा जनशक्तिलाई स्वदेशमै सम्मान जनक रोजगारीका अवसर उपलब्ध गराई वैदेशिक रोजगारीको निर्भरता न्यूनीकरण गर्नु

**(ख) उद्देश्यहरू**

- स्थानीय उद्योग तथा उद्यमको मागअनुसार सीपमूलक तथा हरित रोजगारीका लागि युवा तथा महिलाको क्षमता अभिवृद्धि गर्नु
- युवा तथा महिलाहरुका लागि स्वदेशमै सम्मानजनक रोजगारीमा आवद्ध गर्न स्थानीय उद्योग, निजी क्षेत्र र सहकारीसँग समन्वय तथा रोजगार सूचना प्रणाली सुदृढीकरण गर्नु
- श्रमिकको अधिकार संरक्षण, सामाजिक सुरक्षा पहुँच विस्तार तथा वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने संयन्त्र सुदृढ गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | उद्योगको मागमा आधारित सीप विकास तथा हरित रोजगारी प्रवर्द्धन गर्ने | १ | स्थानीय उद्योग तथा उद्यमसँग समन्वय गरी मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ। |
| | | २ | हरित रोजगारी (नवीकरणीय ऊर्जा, फोहोर व्यवस्थापन, कृषि प्रशोधन आदि) सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | युवा तथा महिलालाई प्राथमिकतामा राखी प्राविधिक तथा व्यवसायिक तालिम विस्तार गरिनेछ। |
| | | ४ | सीप परीक्षण तथा प्रमाणीकरण प्रणाली सुदृढीकरण गरिनेछ। |
| | | ५ | तालिम पश्चात् उद्योगमा इन्टर्नसिप तथा अप्रेन्टिसशीप कार्यक्रम सञ्चालन गरिनेछ। |
| २ | स्वदेशमै सम्मानजनक रोजगारीका अवसर विस्तार गर्ने। | १ | रोजगार सूचना केन्द्र स्थापना तथा सुदृढीकरण गरिनेछ। |
| | | २ | स्थानीय उद्योग, निजी क्षेत्र र सहकारीसँग रोजगार समन्वय संयन्त्र विकास गरिनेछ। |
| | | ३ | उद्यमशीलता विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | साना उद्यमीलाई सहुलियत कर्जा तथा व्यवसाय परामर्श सेवा उपलब्ध गराइनेछ |
| | | ५ | महिला तथा विपन्न समूह लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३ | श्रमिक अधिकार तथा सामाजिक सुरक्षा प्रणाली सुदृढ गर्ने। | १ | श्रमिक दर्ता तथा श्रम तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ। |
| | | २ | सामाजिक सुरक्षा योजनामा श्रमिकको पहुँच विस्तार गरिनेछ। |
| | | ३ | वैदेशिक रोजगारीसम्बन्धी सुरक्षित, व्यवस्थित र सूचना–आधारित परामर्श सेवा सञ्चालन गरिनेछ। |
| | | ४ | श्रमिक अधिकार, न्यूनतम पारिश्रमिक तथा सुरक्षित कार्यस्थल सम्बन्धी अनुगमन गरिनेछ। |
| | | ५ | वैदेशिक रोजगारीबाट फर्किएका युवाको पुनः एकीकरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय तालिम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) तथा युवा उद्यमशीलता विकास कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| १ | रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमूलक) | १ | ८ | ५ | २ | ३ |
| १ | सहकारी क्षमता विकास कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| १ | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | वैदेशिक रोजगारबाट फर्केकाहरूको सीप उपयोग गर्दै उद्यमशीलता विकास का लागि सहायता प्याकेज कार्यक्रम | १ | ८ | ५ | २ | ३ |
| १ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | १ | ८ | ५ | २ | ३ |
| १ | असङ्गठित क्षेत्रको श्रमिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता अभियान | १ | ८ | ५ | २ | ३ |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म जीतपुरसिमरा उप-महानगरपालिकामा सीपमूलक तथा हरित रोजगारी सम्बन्धी तालिम प्राप्त गर्ने युवा तथा महिलाको संख्यामा करिब ८% ले वृद्धि हुने अपेक्षा गरिएको छ। स्थानीय उद्योग तथा उद्यमसँग समन्वयमार्फत स्वदेशमै रोजगारीमा आबद्ध हुने युवाको अनुपात उल्लेखनीय रूपमा बढ्ने लक्ष्य राखिएको छ भने वैदेशिक रोजगारीमा जाने दरमा १०% सम्म कमी आउने अपेक्षा गरिएको छ। रोजगार सूचना प्रणाली सुदृढ भई श्रमिक दर्ता तथा सामाजिक सुरक्षा पहुँचमा सुधार हुनेछ। स्व रोजगार तथा उद्यमशीलता कार्यक्रममार्फत ६% नयाँ सूक्ष्म तथा साना उद्यम स्थापना हुने अपेक्षा गरिएको छ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

सीप विकास, उद्योगसँगको समन्वय तथा सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा स्थानीय उद्योगमा युवाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि हुने अनुमान गरिएको छ। हरित रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनमार्फत स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना भई वैदेशिक रोजगारीप्रति निर्भरता क्रमशः न्यूनीकरण हुने देखिए पनि स्थानीय उद्योगमा सीमित रोजगारीका अवसर, प्राविधिक तथा दक्ष कामदारको अभाव, प्रतिस्पर्धात्मक बजारका कारण कम पारिश्रमिकमा पनि काम गर्न चाहने युवाहरुको संख्याका कारण वैदेशिक रोजगारीको आकर्षण कायम रहँदा अपेक्षित उपलब्धि हासिल गर्न चुनौती हुन सक्छ। सीप तालिम र उद्योगको मागबीच असामञ्जस्य, वित्तीय स्रोत अभाव तथा प्रभावकारी अनुगमन नहुँदा कार्यक्रमको प्रभाव घट्न सक्ने जोखिम छ। सामाजिक सुरक्षा योजनामा न्यून सहभागिता र अनौपचारिक श्रम बजारको विस्तार पनि चुनौतीका रूपमा रहन सक्छ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

विकासका विभिन्न आधारहरू मध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रमा गरिने लगानीले आर्थिक वृद्धि र सामाजिक कल्याणलाई बढवा दिन्छ । नेपालको संविधानले मौलिक हक तथा राज्यका नीतिहरू मार्फत स्वास्थ्य, शिक्षा तथा मानव जीवनका समग्र पक्षलाई समेटी मानव पुँजी निर्माणका लागि मार्गदर्शन गरेको छ । जनसंख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ । यस सन्दर्भमा सर्व सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवासहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ ।

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । उप-महानगरपालिकाबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस उप-महानगरपालिका ले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य र पोषण मानव जीवनका आधारभूत आवश्यकता हुन् । स्वस्थ नागरिक बिना दिगो विकास सम्भव नहुने भएकाले स्थानीय तहको प्रमुख दायित्वमध्ये जनस्वास्थ्य प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखिएको हुन्छ । यस सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकाले आफ्ना नागरिकहरूको स्वास्थ्य अवस्था सुधार गर्न तथा पोषणको सुनिश्चितता गर्न विभिन्न नीति, कार्यक्रम र संरचनागत व्यवस्थाहरू अवलम्बन गर्दै आएको छ । उप-महानगरपालिकाको प्रत्येक वडामा कम्तीमा एक वटा स्वास्थ्य संस्था अवस्थित रहेकोले आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित भएको छ । हाल उप-महानगरपालिकाभित्र वडा नं. १६ मा दुई वटा सहित जम्मा २५ वटा स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन् । ती संस्थाहरूमा वडा नं. २ मा अवस्थित १ वटा जितपुर अस्पताल, १५ वटा आधारभूत स्वास्थ्य केन्द्र, ७ वटा स्वास्थ्य चौकी तथा २ वटा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र रहेका छन् । यस भौतिक संरचनागत उपलब्धताले समुदाय स्तरमै स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाएको छ ।

उप-महानगरपालिकाले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक औषधि, खोप तथा औषधि जन्य सामग्रीको भण्डारण र वितरण प्रणालीलाई सुदृढ बनाएको छ। नियमित खोप कार्यक्रम, निःशुल्क आधारभूत औषधि वितरण तथा आकस्मिक स्वास्थ्य सेवाले आम नागरिकलाई प्रत्यक्ष लाभ पुर्याएको छ। पछिल्ला वर्षहरूमा उप-महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राहिहरुको संख्या बढ्दै जानु यस क्षेत्रको स्वास्थ्य सेवा प्रति जन विश्वास बढेको सूचकका रूपमा लीन सकिन्छ।

जीतपुरसिमरा उप-महानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाले पालिकाका २४ वटै वडामा प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाहरू विस्तार गर्ने कार्य गर्दै आएको छ। प्रतिकारात्मक सेवा अन्तर्गत नियमित तथा अभियान मुखी खोप कार्यक्रम, रोगको प्रारम्भिक पहिचान तथा नियन्त्रणका कार्यक्रम सञ्चालन भइरहेका छन्। प्रवर्द्धनात्मक सेवा अन्तर्गत स्वास्थ्य शिक्षा, सरसफाइ प्रवर्द्धन, सुरक्षित मातृत्व तथा स्वस्थ जीवन शैलीसम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिएका छन्। त्यस्तै, उपचारात्मक सेवा अन्तर्गत सामान्य रोगदेखि प्राथमिक उपचार तथा आवश्यक सन्दर्भ सेवाहरू प्रदान गरिँदै आएको छ।

मातृ स्वास्थ्य सेवा उप-महानगरपालिकाको प्राथमिकताका क्षेत्रहरूमध्ये एक हो। सुरक्षित गर्भावस्था, संस्थागत सुत्केरी सेवा, गर्भवती तथा सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य परीक्षण, पोषण परामर्श तथा आइरन,फोलिक एसिड वितरण जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यसले मातृ मृत्युदर घटाउन तथा आमाको समग्र स्वास्थ्य सुधार गर्न सहयोग पुर्याएको छ। त्यस्तै, शिशु तथा बाल स्वास्थ्य सेवा अन्तर्गत नवजात शिशु स्याहार, पूर्ण खोप, वृद्धि अनुगमन तथा बालरोग नियन्त्रण कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका छन्।

पोषणको अवस्था सुधार नगरी स्वास्थ्य लक्ष्य हासिल गर्न कठिन हुने भएकाले उप-महानगरपालिकाले पोषणलाई स्वास्थ्यसँग अभिन्न रूपमा जोडेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गर्भवती महिला, सुत्केरी आमा, पाँच वर्षमुनिका बालबालिका तथा किशोरीहरूलाई लक्षित पोषणसम्बन्धी कार्यक्रमहरू, जस्तै पोषण परामर्श, सूक्ष्म पोषक तत्व वितरण, कुपोषण पहिचान तथा व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयनमा छन्। यसले कुपोषण न्यूनीकरण गर्न तथा स्वस्थ पुस्ता निर्माणमा योगदान पुर्याएको छ।

सरुवा रोग नियन्त्रण तथा रोकथाम उप-महानगरपालिकाको अर्को महत्वपूर्ण जिम्मेवारी हो। डेंगु, झाडा पखाला, क्षयरोग, मलेरिया जस्ता रोगको रोकथामका लागि निगरानी, जन चेतना, सरसफाइ प्रवर्द्धन तथा समयमै उपचार सेवा उपलब्ध गराउने कार्य निरन्तर रूपमा भइरहेको छ। स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) का कार्यक्रमहरूसँग समन्वय गर्दै रोगको जोखिम न्यूनीकरण गर्न प्रयास गरिएको छ।

जीतपुरसिमरा उप-महानगरपालिकाले स्वास्थ्य र पोषण क्षेत्रमा संरचनागत विस्तार, सेवा प्रवाहको गुणस्तर सुधार तथा जन चेतना अभिवृद्धिमार्फत उल्लेखनीय प्रगति हासिल गर्दै आएको छ। स्वास्थ्य संस्थाको पहुँच, सेवा ग्राहीको बढ्दो सहभागिता, मातृ शिशु स्वास्थ्य तथा पोषण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले उप-महानगरपालिकाको मानव विकास सूचकाङ्क सुधारतर्फ सकारात्मक संकेत देखाएको छ। आगामी दिनहरूमा स्वास्थ्य सेवाको गुणस्तर, विशेषज्ञ सेवा विस्तार र पोषण मैत्री कार्यक्रमहरूलाई थप सुदृढ गर्दै लैजान सकेमा उप-महानगरपालिका स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माणतर्फ अझ द्रुत गतिमा अघि बढ्ने अपेक्षा गर्न सकिन्छ।

### ५.१.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिका ले स्वास्थ्य तथा पोषण क्षेत्रमा संरचनागत विस्तार र सेवा प्रवाहमा प्रगति हासिल गरे तापनि यस क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। स्वास्थ्य संस्थाको संख्यात्मक उपलब्धता भए

पनि सबै संस्थामा आवश्यक जनशक्ति, उपकरण, प्रयोगशाला सेवा तथा विशेषज्ञ चिकित्सकको पर्याप्त व्यवस्था हुन नसक्नू प्रमुख चुनौतीका रूपमा देखिएको छ । विशेष गरी विशेषज्ञ सेवा (स्त्री रोग, बालरोग, प्रयोगशाला परीक्षण, आकस्मिक सेवा) का लागि नागरिकहरूलाई बाहिरी सहरमा जानुपर्ने अवस्था अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन। औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति व्यवस्थापनमा कहिलेकाहीँ देखिने ढिलाइ, उपकरण मर्मत सम्भारको अभाव तथा सेवा गुणस्तरमा असमानता पनि चुनौतीका रूपमा रहेका छन्। तीव्र सहरीकरण र जनसंख्या वृद्धिसँगै स्वास्थ्य संस्थाहरूमा सेवा ग्राहीको चाप बढ्दो छ, जसले गुणस्तरीय सेवा प्रवाहमा दबाब सिर्जना गरेको छ ।

पोषण क्षेत्रमा कुपोषण, रक्त अल्पता (एनेमिया), किशोरी स्वास्थ्य समस्या तथा गरिब तथा सीमान्तकृत समुदायमा पोषणसम्बन्धी जन चेतनाको कमी अझै चुनौती पूर्ण छ । पोषण कार्यक्रम सञ्चालन भइरहे पनि व्यवहार परिवर्तनमा अपेक्षित सुधार ल्याउन निरन्तर सचेतना, अनुगमन र बहु क्षेत्रीय समन्वय आवश्यक देखिन्छ ।

सरुवा रोग नियन्त्रणमा पनि वातावरणीय सरसफाइ, सुरक्षित खानेपानी तथा फोहोर व्यवस्थापनसँग सम्बन्धित समस्या चुनौतीका रूपमा रहेका छन् । डेंगु, झाडा पखाला जस्ता मौसमी रोगहरूको जोखिम सहरीकरणसँगै बढ्न सक्ने सम्भावना छ । यसका साथै, स्वास्थ्य बीमा कार्यक्रमको सीमित पहुँच, विपन्न वर्गको आर्थिक अवस्था, स्वास्थ्य सेवा प्रति असमान पहुँच तथा ग्रामीण वडाहरूमा यातायात सुविधा अभावले सेवा उपयोगमा अवरोध पुर्याउन सक्छ । त्यसैले स्वास्थ्य र पोषण क्षेत्रमा दिगो सुधारका लागि दक्ष जनशक्ति व्यवस्थापन, पूर्वाधार सुदृढीकरण, गुणस्तरीय सेवा विस्तार, जन चेतना अभिवृद्धि तथा बहु क्षेत्रीय समन्वयलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

### ५.१.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिका मा स्वास्थ्य तथा पोषण क्षेत्र सुधारका लागि प्रशस्त सम्भावना र अवसरहरू विद्यमान छन् । प्रत्येक वडामा स्वास्थ्य संस्था रहेको संरचनागत आधारलाई गुणस्तरीय सेवामा रूपान्तरण गर्न सकेमा आधारभूत स्वास्थ्य सेवा अझ प्रभावकारी र पहुँच योग्य बनाउन सकिन्छ । विद्यमान स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र अस्पताललाई क्रमशः स्तरोन्नति गर्दै प्रयोगशाला सेवा, प्रसूति सेवा, टेलिमेडिसिन तथा विशेषज्ञ परामर्श विस्तार गर्ने ठूलो अवसर रहेको छ । औद्योगिक तथा सहरी क्षेत्रको रूपमा विकास हुँदै गएको अवस्थाले निजी स्वास्थ्य संस्था, डायग्नोस्टिक सेन्टर, फार्मेसी तथा स्वास्थ्य बीमा सेवाको विस्तारका लागि पनि अनुकूल वातावरण प्रदान गरेको छ । सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमार्फत आधुनिक उपकरण, विशेषज्ञ सेवा तथा आपत्कालिन स्वास्थ्य सेवाको विकास गर्न सकिने सम्भावना उच्च छ ।

पोषण सुधारका क्षेत्रमा कृषि र स्वास्थ्य बीचको समन्वयलाई मजबुत बनाउँदै पोषण मैत्री खेती, विद्यालय पोषण कार्यक्रम, किशोरी तथा गर्भवती महिलालाई लक्षित सचेतना अभियान तथा सूक्ष्म पोषक तत्व प्रवर्द्धन कार्यक्रमहरू विस्तार गर्न सकिन्छ। यसले कुपोषण न्यूनीकरण मात्र नभई दीर्घकालीन मानव विकासमा सकारात्मक प्रभाव पार्नेछ ।

डिजिटल प्रविधिको प्रयोगमार्फत स्वास्थ्य अभिलेख व्यवस्थापन, रोग निगरानी प्रणाली, अनलाइन परामर्श तथा स्वास्थ्य शिक्षा कार्यक्रम विस्तार गर्ने अवसर पनि रहेको छ । यसले सेवा प्रवाहलाई पारदर्शी, छरितो र प्रभावकारी बनाउन मद्दत पुर्याउनेछ । यसका साथै, समुदायस्तरका महिला स्वास्थ्य स्वयंसेविका, युवा समूह तथा स्थानीय संस्थासँग सहकार्य गरी स्वास्थ्य शिक्षा, सरसफाइ र स्वस्थ जीवन शैली प्रवर्द्धन गर्न सकिन्छ । उचित योजना, स्रोत परिचालन र समन्वित

प्रयासमार्फत जीतपुरसिमरा उप-महानगरपालिकालाई स्वस्थ, सक्षम र उत्पादनशील जनशक्ति निर्माण गर्ने नमुना नगरका रूपमा विकास गर्ने प्रबल सम्भावना देखिन्छ ।

### ५.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, पोषण सुधार र संस्थागत सुदृढीकरणमार्फत सबै नागरिकलाई सहज स्वास्थ्य पहुँच सुनिश्चित गर्नु

**(ख) उद्देश्यहरू**

- नगर क्षेत्रका स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार तथा मानव संसाधनको गुणस्तर सुदृढ गरी समुदायको पहुँच विस्तारमार्फत सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु
- मातृ–शिशु स्वास्थ्य, खोप तथा पोषण कार्यक्रमलाई सुदृढ गर्दै कुपोषण, सङ्क्रामक तथा नसर्ने रोगहरूको जोखिम न्यूनीकरण गर्नु
- स्वास्थ्य प्रणालीलाई प्रविधि मैत्री, उत्तरदायी र समावेशी बनाउँदै सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | आधारभूत तथा नगर स्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने | १ | सबै वडामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको आवश्यकताको आधारमा भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ । |
| | | २ | नगर अस्पतालमा आवश्यक विशेषज्ञ सेवा तथा उपकरण व्यवस्थापन गरिनेछ |
| | | ३ | स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरिनेछ । |
| | | ४ | आवश्यक औषधि, खोप तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति सुनिश्चित गरिनेछ । |
| | | ५ | आवश्यकताको आधारमा समुदाय लक्षित विभिन्न स्वास्थ्य क्याम्पहरू सञ्चालन गरि मोबाइल स्वास्थ्य सेवा विस्तार गरिनेछ । |
| २ | मातृ–शिशु स्वास्थ्य, खोप तथा पोषण कार्यक्रम सुदृढ गर्ने । | १ | नियमित खोप कार्यक्रमलाई प्रभावकारी बनाउन अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यलाई जोड दिइने छ । |
| | | २ | गर्भवती, सुत्केरी तथा नवजात शिशु लक्षित स्वास्थ्य सेवा विस्तार गरिनेछ । |
| | | ३ | कुपोषणको अवस्था अध्ययन मार्फत कुपोषित बालकालिका पहिचान तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | ४ | विद्यालय तथा समुदाय स्तरमा पोषण तथा स्वास्थ्य सचेतना अभियान सञ्चालन गरिनेछ । |
| | | ५ | महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि र प्रोत्साहन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | | १ | स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (HMIS) सुदृढीकरण गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | प्रविधिमैत्री, उत्तरदायी र समावेशी स्वास्थ्य प्रणाली विकास गर्ने। | २ | सामाजिक सुरक्षा कार्यक्रमसँग स्वास्थ्य सेवा समन्वय गरिनेछ। |
| | | ३ | विपन्न तथा लक्षित वर्गलाई स्वास्थ्य सेवामा प्राथमिकता प्रदान गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ४ | स्वास्थ्य सेवा अनुगमन तथा गुणस्तर मूल्याङ्कन प्रणाली विकास गरिनेछ। |
| | | ५ | जनचेतना, सरसफाइ तथा नसर्ने रोग नियन्त्रण अभियान सञ्चालन गरिनेछ। |
| | | ६ | स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | स्वास्थ्य बीमा कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | स्वास्थ्य संस्थाका भवनमा आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन | २ | ३ | २ | १ | ३ |
| २ | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | २ | ३ | २ | २ | ३ |
| २ | गाउँघर क्लिनिक व्यवस्थापन | २ | ३ | २ | २ | ३ |
| २ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | २ | ३ | २ | २ | ३ |
| २ | सुत्केरी पोषण कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| २ | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | २ | ३ | २ | २ | ३ |

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म नगर क्षेत्रका सबै वडामा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार भई स्वास्थ्य संस्थाको सेवा उपयोग दरमा करिब सत प्रतिशत हुने अपेक्षा गरिएको छ। नगर अस्पतालमा आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापन सुदृढ भई रेफरल दरमा कमी आउने र स्थानीय स्तरमै उपचार सेवा उपलब्ध हुने लक्ष्य राखिएको छ। नियमित खोप कार्यक्रम सुदृढ भई पूर्ण खोप सुनिश्चितता दर सत प्रतिशत सम्म पुग्ने लक्ष्य लिइएको छ भने मातृ शिशु स्वास्थ्य तथा सुत्केरी पोषण कार्यक्रम प्रभावकारी भई कुपोषण दरमा ९९% कमी आउने अपेक्षा

गरिएको छ। स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुदृढ भई तथ्याङ्कमा आधारित योजना निर्माण र सेवा अनुगमनमा सुधार हुनेछ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य संस्था सुदृढीकरण, नगर अस्पतालको सेवामा गुणस्तरता कायम, खोप तथा पोषण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा आधारभूत स्वास्थ्य सेवाको पहुँचमा उल्लेखनीय सुधार हुने अनुमान गरिएको भए पनि आवश्यक जनशक्ति व्यवस्थापनमा कठिनाइ, बजेट सीमितता, औषधि आपूर्ति व्यवस्थापनमा समस्या तथा उपकरण मर्मत–सम्भारमा ढिलाइ हुँदा अपेक्षित उपलब्धि हासिल गर्न चुनौती हुन सक्छ। जनचेतनाको कमी, स्वास्थ्य बिमा कार्यक्रममा न्यून सहभागिता तथा प्राकृतिक विपद् वा महामारीजस्ता आकस्मिक परिस्थितिले स्वास्थ्य सेवा प्रवाह प्रभावित हुन सक्ने जोखिम छ। अति विपन्न घरपरिवारमा कुनै दीर्घ रोगी हुँदा ति घरपरिवारको आर्थिक अवस्था थप नाजुक हुदै जाने भएको हुँदा यसले घरको आर्थिक अवस्था, बालबालिकाको शिक्षा तथा अन्य विविध पक्षमा समेत असर पार्ने भएकोले स्वास्थ्य सेवालाई अति विपन्न वर्गमा समेत पहुँच वृद्धि गर्नु आफैमा चुनौतीपूर्ण काम देखिन्छ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यामिक शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sectoral Plan - SESP) तथा १६औँ राष्ट्रिय योजना लागू गरिएको छ।

दिगो विकास लक्ष्य (Sustainable Development Goals - SDGs) ले विश्वव्यापी रूपमा दिगो र समावेशी विकासका साझा लक्ष्यहरू निर्धारण गरेका छन्। ती मध्ये दिगो विकास लक्ष्य ४ (SDG-4) ले "सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने" लक्ष्य लिएको छ। SDG-4 अन्तर्गत आधारभूत तथा माध्यामिक शिक्षामा सर्व सुलभ पहुँच, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षा, तथा शिक्षाको गुणस्तर अभिवृद्धिलाई प्रमुख लक्ष्यका रूपमा लिइएको छ। नेपालले SDG-4 लाई राष्ट्रिय विकासको दीर्घकालीन मार्गदर्शनका रूपमा स्वीकार गरी नीतिगत तथा कार्यक्रम गत संरचनामा समेट्दै आएको छ।

१६औँ राष्ट्रिय योजनाले शिक्षालाई मानव पूँजी विकासको आधारका रूपमा व्याख्या गर्दै गुणस्तरीय शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षा, डिजिटल शिक्षा, शिक्षामा समान पहुँच तथा रोजगारसँग जोडिएको शिक्षा प्रणाली लाई प्राथमिकताका क्षेत्रका रूपमा अघि सारेको छ। यस योजनाले SDG-4 का लक्ष्यहरूलाई राष्ट्रिय सन्दर्भअनुसार कार्यान्वयन गर्ने स्पष्ट दिशानिर्देश प्रदान गर्दछ।

संघीय शासन प्रणाली अन्तर्गत मधेश प्रदेश ले राष्ट्रिय नीति तथा योजनालाई प्रदेशको सामाजिक, आर्थिक र भौगोलिक सन्दर्भअनुसार कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्दछ। मधेश प्रदेशको पहिलो आवधिक योजना ले शिक्षामा पहुँच विस्तार, छात्रा शिक्षा, दलित तथा सीमान्तकृत समुदायको सहभागिता, सामुदायिक विद्यालयको सुदृढीकरण र शिक्षक व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखेको छ। त्यसैगरी मधेश प्रदेशको दोस्रो आवधिक योजना ले पहिलो योजनाबाट सिकाइ लिँदै शिक्षाको गुणस्तर सुधार, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, डिजिटल प्रविधिको प्रयोग, रोजगार मुखी शिक्षा तथा मानव विकास सूचक सुधार मा विशेष जोड दिएको छ। यसरी प्रदेशका पहिलो र दोस्रो आवधिक योजनाहरूले SDG-4 र १६औँ राष्ट्रिय योजना बीचको नीतिगत सेतुको काम गरेका छन्।

स्थानीय तहको रूपमा रहेको जीतपुरसिमरा उप-महानगरपालिका ले SDG, राष्ट्रिय तथा प्रदेश स्तरीय शिक्षा नीतिहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी वहन गर्दछ। उप-महानगरपालिकाले स्थानीय शिक्षा ऐन, आवधिक योजना, वार्षिक योजना, विद्यालय सुधार योजना (SIP) तथा विभिन्न लक्षित शैक्षिक कार्यक्रममार्फत शिक्षाको पहुँच, गुणस्तर र समावेशिता प्रवर्द्धन गर्दै आएको छ। सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधार, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम, शिक्षक व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन, बालमैत्रि तथा छात्रा मैत्री विद्यालय विकास जस्ता कार्यक्रमहरू SDG-4, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशको पहिलो र दोस्रो आवधिक योजनासँग प्रत्यक्ष रूपमा सम्बद्ध छन्।

यसरी विश्लेषण गर्दा, SDG-4 ले विश्वव्यापी दीर्घकालीन दृष्टि प्रदान गर्ने, १६औँ राष्ट्रिय योजनाले त्यस दृष्टिलाई राष्ट्रिय प्राथमिकता र कार्यक्रममार्फत कार्यान्वयन गर्ने, मधेश प्रदेशका पहिलो तथा दोस्रो आवधिक योजनाले प्रदेश गत आवश्यकता अनुसार त्यसलाई रूपान्तरण गर्ने र जीतपुरसिमरा उप-महानगरपालिकाले तीनै नीतिहरूलाई विद्यालय र समुदायको तहमा व्यवहारमा उतार्ने स्पष्ट नीतिगत शृङ्खला (policy linkage) देखिन्छ।

निष्कर्षमा, जीतपुरसिमरा उप-महानगरपालिकाको शिक्षा क्षेत्र SDG-4, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशको पहिलो र दोस्रो आवधिक योजनासँग सु संगत रूपमा अघि बढिरहेको देखिन्छ। आगामी दिनमा यी नीतिहरू बीचको समन्वयलाई अझ सुदृढ गर्दै स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली मजबुत बनाउन सकेमा स्थानीय तहमा गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न सकिनेछ।

शिक्षा विकासको आधार हो, साथै यो मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो। नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ। यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ। शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण माध्यम मानिन्छ। शिक्षा मानव जीवनको अभिन्न पाटो हो। जसले मानवलाई जीवनको उचाइसम्म पुग्न लाई मद्दत पुर्याउँछ। शिक्षाको महत्त्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र नगरको मुहार फेर्न सकिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस उप-महानगरपालिकाको कूल साक्षरता दर ७१.७ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७८.९ प्रतिशत र महिला साक्षरता दर ६४.५ प्रतिशत रहेको छ। ५ वर्ष भन्दा माथिका उमेर समूहका मध्ये ७१.७ प्रतिशतले पढ्न र लेख्न दुवै सक्छन् भने ०.३ ले पढ्न मात्र सक्छन्। उक्त उमेर समूहका २८.१ प्रतिशतले लेखपढ दुवै गर्न सक्दैनन् (राष्ट्रिय जनगणना, २०७८)।

यस उप-महानगरपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसंख्या मध्ये आधारभूत शिक्षा हासिल गर्ने जनसंख्या (३१.९%) छ भने माध्यामिक तहका शिक्षा हासिल गर्ने जनसंख्या ३७.७% रहेको छ। त्यसरी नै उच्च माध्यामिक तह उत्तीर्ण गर्ने जनसंख्या ८.२% छ। प्रवीणता तह वा सो सरह उत्तीर्ण गर्ने जनसंख्या १०.७% रहेको देखिन्छ। स्नातक तह वा सो सरह उत्तीर्ण जनसंख्या ३.१% रहेको छ। स्नातकोत्तर वा सो सरह र सो भन्दा माथिका तह उत्तीर्ण गर्ने जनसंख्या १.५% देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस उप-महानगरपालिकामा शैक्षिक वर्ष ८१ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा उप-महानगरपालिकामा पठन पाठनका लागि ६० वटा सामुदायिक विद्यालयहरू रहेका छन् भने यी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको कुल संख्या १६७४८ रहेको छ। यसैगरी यस उप-महानगरपालिकामा ५० वटा संस्थागत विद्यालयहरू रहेका छन् जसमा १९९२५ विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

उप-महानगरपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुर्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैंगिक मैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, वाल मैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण, विद्यालय भर्ना दरमा वृद्धि, प्रौढ तथा विद्यालय जान नपाएकाहरूका लागि अनौपचारिक शिक्षा मार्फत साक्षरता वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यामिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन, मनोपरामर्श र किशोर किशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, पिछडिएको क्षेत्र एवं समुदाय केन्द्रितगरी नयाँ पूर्वप्राथमिक विद्यालय विस्तार, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयारी, विद्यालयमा छात्रवृत्ति, माध्यामिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैंगिक मैत्री शौचालय निर्माण, महिला तथा अपांगता भएका व्यक्ति लक्षित सीप विकास र जीवन पर्यन्त तथा आय आर्जन मूलक सिकाइ कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य देखिन्छ।

### ५.२.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिका शिक्षा क्षेत्रको विकासमा उल्लेखनीय प्रगति भए तापनि यहाँ केही समस्या र चुनौतीहरू स्पष्ट रूपमा देखिन्छन्। पहिलो चुनौती शैक्षिक पहुँचमा असमानता हो। विशेष गरी महिलाहरू, दलित, पिछडिएका तथा सीमान्तकृत समुदायका बालबालिकाहरू विद्यालय शिक्षामा पर्याप्त पहुँच पाएका छैनन्। यस्तै, विद्यालय छोड्ने दर अझै उच्च रहँदा बालबालिकाको निरन्तर शिक्षा सुनिश्चित गर्न चुनौती पूर्ण हुन्छ। दोस्रो चुनौती गुणस्तरीय शिक्षाको सुनिश्चितता हो। सामुदायिक विद्यालयहरूमा शैक्षिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खेल मैदान तथा शिक्षण सामग्री पर्याप्त नभएकोले शिक्षाको गुणस्तर प्रभावकारी रूपमा उकास्न कठिनाइ देखा परेको छ। शिक्षकको संख्यात्मक र गुणस्तरीय अभाव, प्रशिक्षणको कमी र क्षमता अभिवृद्धि तालिममा असन्तुलनले सिकाइको गुणस्तरमा बाधा पुर्याउँछ।

तेस्रो चुनौती वित्तीय र स्रोत व्यवस्थापनसँग सम्बन्धित छ। विद्यालय निर्माण, भौतिक पूर्वाधार सुधार, छात्रवृत्ति वितरण, शिक्षक व्यवस्थापन र डिजिटल शिक्षा प्रविधिको समुचित कार्यान्वयनका लागि पर्याप्त बजेट तथा दीर्घकालीन योजना अभावले कार्यक्रम कार्यान्वयनमा कठिनाइ उत्पन्न गरेको छ। चौथो चुनौती सामाजिक र वातावरणीय कारकहरूसँग सम्बन्धित छ। बालबालिकालाई विद्यालयमा नियमित उपस्थित गराउन अभिभावक जागरूकता, सामाजिक समर्थन र सुरक्षा वातावरण सुनिश्चित गर्न आवश्यक छ। साथै, उप-महानगरपालिकाका केही वडाहरूमा दुर्गम भूगोल, सडक पहुँचको कमी र विद्यालयसम्म पुग्न कठिनाइले शिक्षा प्रणालीमा असमानता सिर्जना गरेको छ।

पाँचौं चुनौती प्रविधि र नव प्रवर्तनको कमी हो। डिजिटल शिक्षा, अनलाइन स्रोत र ICT आधारित शिक्षण प्रणाली विस्तार भए तापनि आवश्यक पूर्वाधार, उपकरण र प्रशिक्षित शिक्षकको अभावले यसको पूर्ण उपयोगमा अवरोध आएको छ। यी समस्या र चुनौतीहरू समाधान गर्न शिक्षा पहुँच, गुणस्तर, समावेशिता र टिकाउ पन सुनिश्चित गर्ने दीर्घकालीन योजना, पर्याप्त बजेट, शिक्षक प्रशिक्षण, सामुदायिक सहभागिता, पूर्वाधार विस्तार र डिजिटल शिक्षाको प्रभावकारी उपयोग अपरिहार्य छ। यसले जीतपुरसिमरा उप-महानगरपालिकामा दिगो, गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्ने मार्ग खुल्ने स्पष्ट संकेत गर्दछ।

### ५.२.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिकामा शिक्षा क्षेत्रमा धेरै सम्भावना र अवसरहरू विद्यमान छन्, जसले दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्न सहयोग पुर्याउन सक्छ। पहिलो अवसर भनेको संविधान र राष्ट्रिय नीतिहरूले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको तथ्य हो। यसले सबै बालबालिकालाई आधारभूत र माध्यामिक शिक्षा निःशुल्क र अनिवार्य प्राप्त गर्ने कानुनी सुनिश्चितता प्रदान गरेको छ, जसलाई स्थानीय तहले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ। दोस्रो अवसर शिक्षा पूर्वाधार र संस्थागत संरचनामा सुधार गर्ने क्षमता हो। जीतपुरसिमरा उप-महानगरपालिकामा ६० वटा सामुदायिक विद्यालय र ५० वटा संस्थागत विद्यालय सञ्चालनमा छन्, जसले विद्यार्थीहरूको व्यापक पहुँच सुनिश्चित गर्दै आएको छ। सामुदायिक विद्यालयको भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, पुस्तकालय र प्रयोगशालाको सुधारमार्फत गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सकिन्छ।

तेस्रो अवसर प्राविधिक तथा व्यावसायिक शिक्षा, डिजिटल शिक्षा र जीवन पर्यन्त सिकाइ (Lifelong Learning) को विस्तारमा रहेको छ। राष्ट्रिय तथा प्रदेश नीतिहरू र SDG-4 ले डिजिटल प्रविधि, व्यावसायिक शिक्षा र समान पहुँच सुनिश्चित गर्न मार्गदर्शन गरेका छन्, जसलाई स्थानीय तहमा अनुकूलन गर्दा विद्यार्थीहरूको सीप विकास र रोजगारी योग्यताको वृद्धि सुनिश्चित गर्न सकिन्छ। चौथो अवसर सामुदायिक सहभागिता र छात्रा मैत्री वातावरण निर्माणमा छ। अभिभावक अभिमुखीकरण, बालमैत्रि विद्यालय, महिला तथा अपांगता भएका विद्यार्थीका लागि लक्षित कार्यक्रमहरूले विद्यालय सहभागिता र साक्षरता दर वृद्धि गर्न सहयोग पुर्याउन सक्छ। पाँचौं अवसर स्रोत र बजेटको समुचित उपयोग हो। दीर्घकालीन योजना, बजेट व्यवस्थापन र अनुगमन प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएमा शैक्षिक कार्यक्रमहरूको दिगोपन, गुणस्तरीय शिक्षा र समावेशिता सुनिश्चित गर्न सकिन्छ।

छैठौँ अवसर स्थानीय रोजगार र मानव पूँजी विकाससँग सम्बन्धित छ। गुणस्तरीय शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम, डिजिटल शिक्षा र रोजगार मुखी शिक्षाले युवाहरूलाई दक्ष जनशक्ति बनाउन मद्दत पुर्याउँछ, जसले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने सम्भावना राख्दछ। यस प्रकार, जीतपुरसिमरा उप-महानगरपालिकामा शिक्षा क्षेत्रका यी अवसरहरूलाई प्रभावकारी रूपमा उपयोग गर्दा, शैक्षिक पहुँच र गुणस्तर सुधार, सामाजिक समावेशिता बढाउने, मानव विकास सूचक उकास्ने र स्थानीय आर्थिक एवं सामाजिक रूपान्तरणमा योगदान पुर्याउने स्पष्ट सम्भावना रहेको छ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

गुणस्तरीय, प्रविधि मैत्री तथा समावेशी शिक्षा प्रणाली विकासमार्फत विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्दै सक्षम, नैतिक वान, प्रतिस्पर्धी र सृजनशीलता मानव जनशक्ति तयार गर्नु

**(ख) उद्देश्यहरू**

- बालमैत्रि, सुरक्षित तथा समावेशी वातावरणमा गुणस्तरीय पूर्व बाल्यावस्था विकास कार्यक्रम सञ्चालन गर्दै पूर्वप्राथमिक तहको सिकाइको बलियो जग निर्माण गर्नु
- आधारभूत तहमा गुणस्तरीय, प्रविधि मैत्री, लैङ्गिक तथा समावेशी शिक्षा सुनिश्चित गर्दै विद्यार्थीको आधारभूत सीप, साक्षरता र जीवनपयोगी शिक्षामा जोड दिनु
- माध्यामिक तहमा विज्ञान, प्रविधि, हरित तथा विपद् शिक्षासहित व्यवहारिक, सीपमूलक र जीवनपयोगी शिक्षाको प्रवर्द्धन गर्दै प्रतिस्पर्धी र सक्षम जनशक्ति तयार गर्नु
- उच्च तथा प्राविधिक शिक्षामा पहुँच विस्तार, गुणस्तरता वृद्धि गर्दै र स्वावलम्बी जनशक्ति तयार गर्नु

- अनौपचारिक साक्षरता, सीप विकास तथा निरन्तर सिकाइ अवसर विस्तार गर्दै सबै नागरिकलाई जीवन पर्यन्त शिक्षामा आबद्ध गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | पूर्वप्राथमिक शिक्षा सुदृढीकरण गर्ने | १ | बालविकास केन्द्रमा बालमैत्री, सुरक्षित तथा समावेशी भौतिक पूर्वाधार विकास गरिनेछ। |
| | | २ | बालविकास सहजकर्ताको क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | पोषण, स्वास्थ्य र प्रारम्भिक सिकाइ एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | अभिभावक सचेतना तथा बालअधिकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ |
| | | ५ | प्रारम्भिक कक्षामा प्रविधि र सिर्जनात्मक सिकाइ सामग्री प्रयोग विस्तार गरिनेछ |
| | | ६ | कक्षा १ भर्ना हुँदा १००% बालबालिकाहरूले पूर्वप्राथमिक तहको सिकाइ पूरा गरेको हुनु पर्ने प्रावधान लागू गरिने छ। |
| २ | आधारभूत तहको शिक्षामा अनिवार्य एवम् गुणस्तर अभिवृद्धि गर्ने | १ | विद्यालय पूर्वाधारलाई बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ। |
| | | २ | शिक्षकको विषयगत तथा शिक्षण–सिकाइ क्षमता अभिवृद्धि गरिनेछ। |
| | | ३ | स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। |
| | | ४ | डिजिटल सिकाइ, अनलाइन मूल्याङ्कन तथा ICT प्रयोग विस्तार गरिनेछ। |
| | | ५ | हरित विद्यालय, सरसफाइ तथा विपद् जोखिम न्यूनीकरण शिक्षा प्रवर्द्धन गरिनेछ। |
| | | ६ | आधारभूत तह सम्मको शिक्षा अनिवार्यरुपमा लिएको हुनु पर्ने प्रावधान कार्यान्वयन गर्न विद्यालय बाहिर कुनै पनि बालबालिका नरहेको सुनिश्चित गर्ने गरि कार्यक्रमहरु लागू गरिने छ। |
| ३ | माध्यमिक तहमा सीपमूलक तथा जीवनोपयोगी शिक्षा प्रवर्द्धन गर्ने | १ | विज्ञान, प्रविधि, विपद व्यवस्थापनमैत्री भौतिक संरचना विकासमा जोड दिइनेछ। |
| | | २ | विद्यालयमा व्यवहारिक, सीपमूलक तथा उद्यमशीलता शिक्षा समावेश गरिनेछ |
| | | ३ | करियर परामर्श तथा उद्योग–विद्यालय समन्वय कार्यक्रम सञ्चालन गरिनेछ |
| | | ४ | हरेक विद्यालयमा विषयगत, दक्ष एवम् तालिम प्राप्त शिक्षकको व्यवस्थापन गरिनेछ। |
| | | ५ | हरित प्रविधि, वातावरण र विपद् शिक्षा पाठ्यक्रममा समेटिनेछ। |
| | | ६ | विद्यालय-अभिभावक-बालबालिका-स्थानीय तह समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ। |
| | | ७ | अग्रजको सीप बाबु नानीलाई जस्ता नविनतम कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | शिक्षा योजना निर्माण | २ | ४ | ५ | २ | ३ |
| २ | School Improvement Plan-SIP अनिबार्य | २ | ४ | ५ | २ | १ |
| २ | स्नातक तहसम्मको क्याम्पस सञ्चालन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २ | ४ | ५ | २ | ३ |
| २ | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | २ | ४ | ५ | २ | ३ |
| २ | बालमैत्री कक्षा कोठा व्यवस्थापन | २ | ४ | ५ | २ | ३ |
| २ | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | २ | ४ | ५ | २ | ३ |
| २ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | ई-लाइब्रेरीको रूपमा विकास तथा सञ्चालन | २ | ४ | ५ | २ | ३ |
| २ | प्राविधिक शिक्षालयको गुणस्तर सुधार कार्यक्रम | २ | ४ | ५ | ३ | ३ |
| २ | विद्यालय स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | २ | ४ | ५ | ३ | १ |
| २ | अन्तर विद्यालय अनुभव आदान प्रदान तथा शैक्षिक सुधार भ्रमण कार्यक्रम | २ | ४ | ५ | ३ | ३ |
| २ | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन | २ | ४ | ५ | १ | ३ |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यो आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म पूर्व बाल विकास केन्द्रहरूको गुणस्तर सुधार भई प्रारम्भिक सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ । आधारभूत तहमा विद्यार्थीको पढाइ, लेखाइ तथा गणितीय क्षमतामा ८५% सुधार आउने लक्ष्य राखिएको छ। माध्यामिक तहमा सीपमूलक तथा जीवनपयोगी शिक्षाको विस्तार भई प्राविधिक तथा व्यवहारिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात २०% ले वृद्धि हुने अपेक्षा गरिएको छ । विद्यालय पूर्वाधार बालमैत्रि, लैङ्गिक तथा प्रविधि मैत्री बन्दै डिजिटल सिकाइको प्रयोगको अभ्यासमा गएका विद्यालयहरू ७०% पुग्ने अपेक्षा गरिएको छ। उच्च तथा प्राविधिक शिक्षामा पहुँच विस्तार भई उच्च शिक्षा पश्चात् उद्यमशीलतामा जोडिने नागरिकको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ। अनौपचारिक तथा प्रौढ साक्षरता कार्यक्रम प्रभावकारी भई निरक्षरता दरमा २०% ले कमी आउने छ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

शैक्षिक संस्थाको भौतिक पूर्वाधारमा सुधार, शिक्षक क्षमता अभिवृद्धि, प्रविधिमैत्री सिकाइ प्रणाली विस्तार तथा सीपमूलक शिक्षाको प्रवर्द्धन प्रभावकारी रूपमा कार्यान्वयन भएमा विद्यार्थीको सिकाइ उपलब्धि, परीक्षा नतिजा तथा विद्यालय उपस्थितिमा उल्लेखनीय सुधार हुने अनुमान गरिएको छ। पूर्वबाल्यावस्था देखि उच्च शिक्षासम्म समावेशी,

गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रणाली विकास भई दक्ष तथा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा वृद्धि हुने अनुमान गरिएको भए पनि पर्याप्त बजेट अभाव, प्राविधिक स्रोतको सीमितता, शिक्षक दरबन्दी तथा विषयगत जनशक्ति अभावले अपेक्षित सुधारमा चुनौती आउन सक्छ । प्रविधि पहुँचको असमानता, विद्यार्थी ड्रपआउट दर, सामाजिक–आर्थिक असमानता तथा प्राकृतिक विपद् वा महामारीजस्ता आकस्मिक अवस्थाले शिक्षा सेवा प्रवाह प्रभावित हुन सक्ने जोखिम पनि त्यतिकै छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ (WASH) मानव स्वास्थ्य, सामाजिक मर्यादा, वातावरणीय सन्तुलन र दिगो विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच सुनिश्चित गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । यस संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न दिगो विकास लक्ष्य-६ (SDG-6), राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति, १५औँ र १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशका आवधिक योजनाहरूले स्पष्ट मार्गदर्शन प्रदान गरेका छन् ।

दिगो विकास लक्ष्य-६ ले सन् २०३० सम्म सबैका लागि सुरक्षित, किफायती तथा दिगो खानेपानी र सरसफाइ सेवा सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यस लक्ष्यले खुला दिसा मुक्त अवस्था कायम राख्ने, सुरक्षित पानीको गुणस्तर सुनिश्चित गर्ने, सरसफाइ र स्वच्छता व्यवहारमा सुधार ल्याउने तथा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र विपन्न समुदायका लागि समावेशी WASH सेवा विस्तारमा जोड दिएको छ । यी विश्वव्यापी प्रतिबद्धताहरूले जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ कार्यक्रमहरूको दीर्घकालीन दिशा निर्धारण गरेका छन् ।

राष्ट्रिय स्तरमा, १५औँ राष्ट्रिय योजनाले आधारभूत खानेपानी तथा सरसफाइ सेवा अधिकांश घर परिवारमा पुगेको छ । कुल ९६.७ प्रतिशत घर परिवारमा खानेपानीको पहुँच पुगेको छ । । यसै निरन्तरतामा १६औँ राष्ट्रिय योजनाले खानेपानी तथा सरसफाइ सेवालाई अझै गुणस्तरीय, दिगो र जलवायु मैत्री बनाउने र खानेपानीको ९९ प्रतिशत जनतामा खानेपानीको पहुँच पुर्याउने लक्ष्य लिएको छ । योजनाले सुरक्षित खानेपानी पहुँचको दायरा विस्तार, फोहर पानी तथा ढल व्यवस्थापन, स्रोत संरक्षण, र स्थानीय तहको नेतृत्वमा WASH सेवा व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि सारेको छ । प्रदेश स्तरमा, मधेश प्रदेशको पहिलो आवधिक योजनाले प्रदेशका सहरी तथा ग्रामीण क्षेत्रमा खानेपानी र सरसफाइ सेवामा रहेको असमानता घटाउने लक्ष्य राख्दै आधारभूत WASH सेवामा पहुँच विस्तारमा जोड दिएको छ । त्यसैगरी मधेश प्रदेशको दोस्रो आवधिक योजनाले खानेपानीको गुणस्तर, दिगो सरसफाइ, विद्यालय तथा स्वास्थ्य संस्थामा WASH सुविधा विस्तार, तथा व्यवहार परिवर्तन कार्यक्रमहरूलाई थप सुदृढ बनाउने नीति तथा ९९.५ प्रतिशत जनतालाई खानेपानीको सुविधा पुर्याउने लक्ष्य लिएको छ । यी प्रादेशिक योजनाहरूले स्थानीय तहलाई WASH योजना निर्माण, कार्यान्वयन र अनुगमनमा अग्रसर भूमिका निर्वाह गर्न स्पष्ट जिम्मेवारी प्रदान गरेका छन् ।

उक्त नीतिगत तथा योजनागत आधारमा जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ सेवा विस्तार, सुधार र दिगो पनतर्फ विभिन्न प्रयासहरू हुँदै आएका छन् । उप-महानगरपालिकाले सुरक्षित खानेपानी स्रोतको संरक्षण, पाइपमार्फत पानी वितरण प्रणाली विस्तार, सार्वजनिक तथा घरायसी शौचालयको प्रयोग प्रवर्द्धन, खुला दिसा मुक्त अवस्थाको दिगोपन, विद्यालय तथा स्वास्थ्य संस्थामा WASH सुविधा सुदृढीकरण, र सरसफाइ तथा स्वच्छता व्यवहार परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यद्यपि, तीव्र सहरी करण, जनसंख्या वृद्धि, खानेपानी स्रोतमा दबाब, ढल तथा फोहर पानी व्यवस्थापनको चुनौती, तथा सबै वडामा समान गुणस्तरको WASH सेवा सुनिश्चित गर्नुपर्ने आवश्यकता अझै विद्यमान छ । यस सन्दर्भमा SDG-6, १६औँ राष्ट्रिय योजना तथा मधेश प्रदेशका दोस्रो आवधिक

योजनाका लक्ष्यहरूसँग सुसंगत रूपमा स्थानीय WASH योजना कार्यान्वयन, स्रोत व्यवस्थापन, अन्तर निकाय समन्वय र नियमित अनुगमन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्र प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत प्रतिबद्धतासँग मेल खाँदै अघि बढिरहेको भए तापनि, सेवाको गुणस्तर, दिगोपन र समावेशितामा थप सुधारका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र समुदायको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ।

नेपालमा पनि विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धता गराउन राज्य लागि परेको छ। जीतपुरसिमरा उप-महानगरपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयनमा ल्याउँदै सहज रूपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि राज्य र यसका सञ्चालक निकायसँग पनि समन्वय गर्दै आएको देखिन्छ। पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक विकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवं छरिएर रहेको वस्ति भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाइको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा यस उप-महानगरपालिकाले यसलाई मध्यनजर गरि व्यवस्थापन गर्दै आइरहेको अवस्था छ। यस उप-महानगरपालिकामा पिउने पानीका स्रोतहरूमा कुवा, मूल धारा, नदी खोला र पाइपबाट वितरण गरिएको पानी नै हो। राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार यस उप-महानगरपालिकामा २५६५० कुल परिवार संख्या मध्ये धारा/पाइप (घर परिसर भित्र) - ३८.६० प्रतिशत, धारा/पाइप (घर परिसर बाहिर)- १५.७० प्रतिशत, ट्युबेल/हाते पम्प- ४०.३० प्रतिशत, ढाकिएको इनार/कुवा- ०.२० प्रतिशत, खुला इनार/कुवा- ०.८० प्रतिशत, मूल धारा- ३.४० प्रतिशत, खोला/झरना- ०.०२ प्रतिशत, जार/बोतल- ०.१० प्रतिशत र अन्य- ०.८० प्रतिशत रहेको देखिन्छ।

यस उप-महानगरपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वा सचेतना मूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ। यस उप-महानगरपालिकामा प्रयोग गरिने शौचालयहरूमा स भएको (सार्वजनिक ढल) प्रयोग गर्ने घर परिवारहरू २.७० प्रतिशत, फ्लस भएको (सेप्टिक ट्याङ्क) प्रयोग गर्ने घर परिवारहरू ५२.५० प्रतिशत, साधारण प्रयोग गर्ने घर परिवारहरू ३८.४० प्रतिशत, सार्वजनिक प्रयोग गर्ने घर परिवारहरू ०.५० प्रतिशत र चर्पी नभएको घर परिवारहरू ५.९० प्रतिशत रहेको छ। (राष्ट्रिय जनगणना, २०७८)।

यस उप-महानगरपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वा सचेतन मूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

### ५.३.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ (WASH) क्षेत्रमा केही उल्लेखनीय उपलब्धि भए तापनि यस क्षेत्रमा अझै धेरै चुनौतीहरू विद्यमान छन्। तीव्र सहरीकरण, जनसंख्या वृद्धि र नयाँ बस्तीहरूको विस्तारले पानी स्रोतमा दबाब बढाएको छ, जसले पर्याप्त, गुणस्तरीय र निरन्तर पानी आपूर्ति सुनिश्चित गर्न कठिनाइ सिर्जना गरेको छ। पाइ पलाइन, ट्याबेल पम्प र अन्य वितरण प्रणाली विस्तार गर्न कठिनाइ देखिन्छ भने छरिएका बस्तीहरूमा समान सेवा पुर्याउन चुनौती पूर्ण अवस्था छ। मौजुदा पानी स्रोतहरू, जस्तै मूल, कुवा, खोला, पोखरी, आदि, प्रदूषण र फोहोर पानीका कारण कमजोर भएका छन्, जसले पानीको गुणस्तर र दिगो व्यवस्थापनमा जोखिम बढाएको छ। प्राविधिक

क्षमता र बजेटको अभावले पानी शुद्धीकरण, नयाँ आयोजना निर्माण, नियमित मर्मत, ढल व्यवस्थापन र आधुनिक WASH प्रविधि कार्यान्वयनमा कठिनाइ ल्याएको छ। सबै वडामा समान गुणस्तरीय सेवा सुनिश्चित गर्न नसक्नू, विशेष गरी महिला, बालबालिका, अपांगता भएका व्यक्ति र पिछडिएका समुदायका लागि सेवा पहुँचमा असमानता देखिएको छ । विद्यालय, स्वास्थ्य संस्था र घर परिवारमा सरसफाइ र स्वच्छता व्यवहार सुधारका कार्यक्रमहरू भए तापनि समुदायमा व्यवहार परिवर्तन पर्याप्त रूपमा अपनाएको छैन । ठूला बस्तीहरूमा फोहोर, ढल र मलजल व्यवस्थापन व्यवस्थित नभएकोले पानी स्रोत प्रदूषण र सार्वजनिक स्वास्थ्य जोखिम बढाएको छ । साथै मौसमी पानी आपूर्ति, जलवायु परिवर्तन, बाढी र सुक्खासँगै सम्बन्धित जोखिमले दिगो पानी आपूर्ति र सरसफाइ व्यवस्थापनमा चुनौती थपेको छ। यी सबै समस्या समाधान गर्न दीर्घकालीन योजना, पर्याप्त लगानी, प्राविधिक क्षमता अभिवृद्धि, स्रोत संरक्षण, समान पहुँचको सुनिश्चितता र समुदायको सक्रिय सहभागिता आवश्यक छ । यसरी WASH क्षेत्रमा सुधार गर्दै गएमा जीतपुरसिमरा उप-महानगरपालिकामा सुरक्षित, समावेशी र दिगो खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न सकिनेछ ।

### ५.३.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिकामा खानेपानी तथा सरसफाइ (WASH) क्षेत्रमा पर्याप्त सम्भावना र अवसरहरू विद्यमान छन् । उप-महानगरपालिकामा भौगोलिक रूपमा पर्याप्त पानीका स्रोतहरू (मुख्य धारा, कुवा, पोखरी, खोला र पाइप वितरण प्रणाली) उपलब्ध हुनु, यसको शीघ्र पहुँच विस्तार गर्न आधार तयार पार्दछ। ती स्रोतको संरक्षण, शुद्धीकरण र दिगो व्यवस्थापनलाई प्रभावकारी ढंगले लागू गर्न सकेमा समग्र नगरमा सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्न सकिन्छ। पूर्व पश्चिम राजमार्गसँगको पहुँच, सहरीकरणको उच्च दर र समुदायको सक्रिय सहभागिताले WASH परियोजनाहरूको कार्यान्वयनलाई सजिलो बनाउँछ।

अर्को अवसर भनेको प्राविधिक र वित्तीय सहयोगको पहुँच हो। राष्ट्रिय नीतिहरू, SDG-6, १६औँ राष्ट्रिय योजना र मधेश प्रदेशका आवधिक योजनाले स्थानीय तहलाई स्पष्ट जिम्मेवारी र स्रोत उपलब्ध गराएको छ, जसको प्रभावकारी उपयोगले दिगो र गुणस्तरीय WASH सेवा विस्तार गर्न सहयोग पुर्याउँछ। निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्दै आधुनिक शौचालय, पानी शुद्धीकरण प्रविधि, वर्षा जल संकलन प्रणाली, ड्रिप/स्प्रिंकलर प्रणाली जस्ता प्राविधिक नव प्रवर्तनहरू लागू गर्न सकिन्छ।

साथै, समुदायको सहभागिता र सचेतनाको माध्यमबाट व्यवहार परिवर्तन कार्यक्रमहरूलाई प्रभावकारी बनाउने अवसर पनि छ। बालबालिका, महिला, अपांगता भएका व्यक्ति र विपन्न समुदायको लक्षित कार्यक्रममार्फत सरसफाइ, खुला दिसा मुक्त वातावरण र पानीको संरक्षणमा सकारात्मक प्रभाव पर्न सक्छ । विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थलहरूमा WASH सुविधाको सुदृढीकरणले दीर्घकालीन सुधार सुनिश्चित गर्ने अवसर दिन्छ। यी सबै अवसरहरूको समन्वित उपयोग र दिगो रणनीतिले जीतपुरसिमरामा सुरक्षित, गुणस्तरीय र समावेशी WASH सेवाको दिगो प्रणाली निर्माण गर्न सकिन्छ, जसले जनस्वास्थ्य सुधार, सामाजिक मर्यादा कायम राख्ने, पर्यावरणीय सन्तुलन कायम राख्ने र स्थानीय आर्थिक विकासमा समेत योगदान पुर्याउने अपेक्षा राख्न सकिन्छ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सुरक्षित खानेपानी पहुँच विस्तार, ढल तथा सरसफाइ पूर्वाधार विकास र जलस्रोत संरक्षणमार्फत स्वच्छ तथा स्वस्थ नगर वातावरण निर्माण गर्नु

**(ख) उद्देश्यहरू**

- सुरक्षित, दिगो तथा गुणस्तरीय खानेपानीको पहुँच विस्तार गर्दै सबै घरधुरीमा नियमित र समान वितरण सुनिश्चित गर्नु
- वातावरणमैत्री सरसफाइ प्रणाली विकास गर्दै स्वच्छता व्यवहार प्रवर्द्धन, ढल तथा फोहोर पानी व्यवस्थापन सुदृढीकरण गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | सुरक्षित तथा दिगो खानेपानी आपूर्ति प्रणाली सुदृढ गर्ने | १ | आवश्यकता र सम्भावनाको आधारमा खानेपानी आयोजना निर्माण तथा पुराना योजनाको मर्मत सम्भार गरिनेछ। |
| | | २ | सबै वडामा चरणबद्ध रूपमा एक घर एक धाराको अवधारणा विस्तार गरिनेछ |
| | | ३ | पानीको गुणस्तर परीक्षण तथा नियमित अनुगमन प्रणाली सुदृढ गरिनेछ। |
| | | ४ | जलस्रोत संरक्षण, रिचार्ज तथा वर्षा पानी संकलन कार्यलाई प्रवर्द्धन गरिनेछ। |
| | | ५ | खानेपानी उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिनेछ। |
| | | ६ | विपद् तथा सुख्खा जोखिम न्यूनीकरणका लागि वैकल्पिक पानी स्रोत विकास गरिनेछ। |
| २ | वातावरणमैत्री सरसफाइ प्रणाली विकास गर्ने। | १ | घरधुरी तथा सार्वजनिक शौचालय निर्माण र स्तरोन्नति गरिनेछ। |
| | | २ | ढल तथा फोहोर पानी व्यवस्थापन प्रणाली विकास गरिनेछ। |
| | | ३ | School WASH विद्यालय खानेपानी तथा सरसफाइ परियोजनाहरू लागू गर्न सबै सरोकारवाला निकायहरूसँग सहकार्य गरिने छ। |
| | | ४ | सरसफाइ, स्वच्छता र स्वास्थ्य व्यवहार परिवर्तन अभियान सञ्चालन गरिनेछ |
| | | ५ | हरित तथा वातावरणमैत्री सरसफाइ प्रविधि प्रवर्द्धन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्दे श्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | उप-महानगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | २ | ६ | ७ | २ | १ |
| २ | एक घर एक धाराको पूर्णता | २ | ६ | ७ | १ | १ |
| २ | खानेपानी टंकी सुरक्षा कार्यक्रम र सचेतना कार्यक्रम सञ्चालन | २ | ६ | ७ | २ | १ |
| २ | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | २ | ६ | ७ | २ | १ |
| २ | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | २ | ६ | ७ | १ | १ |

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | २ | ६ | ७ | २ | १ |
| २ | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | २ | ६ | ७ | २ | १ |
| २ | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | २ | ६ | ७ | २ | १ |
| २ | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | २ | ६ | ७ | २ | १ |

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म सुरक्षित खानेपानी सेवामा पहुँच प्राप्त गर्ने घरधुरीको अनुपात ९९% सम्म पुग्ने अपेक्षा गरिएको छ। नियमित पानी गुणस्तर परीक्षण तथा स्रोत संरक्षण कार्यक्रम प्रभावकारी भई पानीजन्य रोगको दरमा उल्लेखनीय कमी आउने छ। वर्षाको पानी संकलन तथा वैकल्पिक स्रोत विकासमार्फत दिगो पानी व्यवस्थापनमा सुधार हुनेछ।

घरधुरी तथा सार्वजनिक शौचालयको पहुँच विस्तार भई खुला दिसामुक्त अवस्थाको स्थायित्व कायम रहने अपेक्षा गरिएको छ। विद्यालय तथा सार्वजनिक संस्थामा स्वच्छता सुविधा सुदृढ भई स्वास्थ्य व्यवहारमा सुधार आउनेछ। ढल तथा फोहोर पानी व्यवस्थापन प्रणाली क्रमशः विकास भई वातावरणीय प्रदूषण न्यूनीकरणमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

खानेपानी तथा सरसफाइसम्बन्धी पूर्वाधार निर्माण, स्रोत संरक्षण तथा गुणस्तर अनुगमन कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा सुरक्षित खानेपानी पहुँचमा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ। जलस्रोत संरक्षण र वर्षा पानी संकलन प्रवर्द्धनमार्फत दिगो पानी व्यवस्थापनमा सुधार आउने अनुमान गरिएको भएता पनि जलस्रोत सुक्ने अवस्था, भूमिगत पानीको अत्यधिक दोहन, जलवायु परिवर्तनका प्रभाव तथा प्राकृतिक विपद् (बाढी, डुबान) जस्ता जोखिमले खानेपानी आपूर्ति प्रभावित हुन सक्छ। पूर्वाधार निर्माणमा बजेट सीमितता, मर्मत सम्भारमा ढिलाइ तथा समुदायको न्यून सहभागिताले सरसफाइ कार्यक्रमको दिगोपनमा चुनौती सिर्जना गर्न सक्छ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक बिभेद तथा जातीय छुवाछूतको अन्त्य गर्दै समानता, आर्थिक न्याय, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने मूल उद्देश्य लिएको छ। संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू अन्तर्गत महिलाको समान अधिकार, सुरक्षित मातृत्व, बालबालिकाको संरक्षण, दलित तथा पिछडिएका समुदायको समानुपातिक सहभागिता, सामाजिक न्याय र आर्थिक, शैक्षिक तथा सामाजिक दृष्टिले पछाडि

परेका समूहको संरक्षणलाई विशेष महत्व दिइएको छ। यी संवैधानिक प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय महिला आयोग, दलित आयोग, समावेशी आयोग, मधेश आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भई सक्रिय रूपमा कार्यरत रहेका छन्। संघीय शासन प्रणालीले नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनका सबै तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ। महिला, बालबालिका तथा सामाजिक समावेशीकरणलाई समाजको समग्र विकास र समानताको प्रमुख सूचकका रूपमा लिँदै समुदायमा महिलाको सशक्तिकरण, बालबालिकाको सुरक्षा तथा दलित, जनजाति, अल्पसङ्ख्यक र भौगोलिक रूपमा पछाडि परेका क्षेत्रका नागरिकको सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्, जसले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षामा सकारात्मक सुधार ल्याएको देखिन्छ। तर तराई, पहाड र हिमाली क्षेत्रका दुर्गम बस्तीहरूमा अझै पनि महिलाको निर्णय प्रक्रियामा सीमित सहभागिता, बाल श्रम र बाल विवाह जस्ता सामाजिक चुनौतीहरू विद्यमान छन्। यस सन्दर्भमा समावेशीकरणकका लागि महिला, बालबालिका र पछाडि परेका समूहको सहभागिता, क्षमता अभिवृद्धि र सचेतनलाई प्राथमिकतामा राखिँदै सामुदायिक समूह, महिला स्वयंसेविका, बाल विकास केन्द्र तथा स्थानीय संघ संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। सामाजिक समावेशीकरणले मात्र समान अवसर, न्याय र दिगो विकास सुनिश्चित गर्न सक्ने भएकाले यसले महिलाको सशक्तिकरण, बालबालिकाको सुरक्षा र पछाडि परेका समूहको सामाजिक सहभागिता वृद्धि गर्दै समग्र समाजको प्रगतिशील विकासमा योगदान पुर्याउँछ। साथै, संविधानले CEDAW, बेइजिङ घोषणापत्र तथा दिगो विकास लक्ष्यहरूसँग सामञ्जस्य कायम गर्दै समानता र समावेशी समाज निर्माणको आधार तयार पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहहरूलाई विकास योजना निर्माण गर्दा महिला, बालबालिका र पछाडि परेका वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने, योजना कार्यान्वयनमा प्राथमिकता दिने तथा तथ्याङ्क प्रणालीमार्फत सामाजिक विकास र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने जिम्मेवारी तोकिएको छ। २०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपाल सरकार र विकास साझेदारहरूको सहयोगमा विद्यमान शक्ति सन्तुलनको पुनर् संरचना गर्दै सबै जात, जाति, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूती गर्ने लक्ष्यसहित लैङ्गिक समानता र समावेशीकरणलाई न्याय पूर्ण विकासको अपरिहार्य आधारका रूपमा अघि बढाइएको छ। यद्यपि, विगतका सामाजिक असमानता र विभेदकका कारण महिला, दलित, जनजाति, अल्पसङ्ख्यक तथा सामाजिक आर्थिक रूपमा पछाडि परेका वर्गहरू अझै पनि विकासको मूल प्रवाहमा पूर्ण रूपमा समेटिन सकेका छैनन्, त्यसैले पालिका स्तरीय योजनाहरूले सामाजिक न्याय, समानता र मानव अधिकारसहितको सर्वाङ्गीण विकासलाई लक्ष्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अनिवार्य रूपमा समेट्नुपर्ने आवश्यकता देखिन्छ। यस सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकामा महिला तथा दलित जनप्रतिनिधिको उपस्थिति, महिला मैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास, महिलाद्वारा सञ्चालित सहकारी संस्था, विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी जाँच सेवा तथा वृद्ध भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू सकारात्मक अभ्यासका रूपमा रहेका छन्। साथै, राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा घर मात्र भएको परिवार ५.२० प्रतिशत, जग्गा मात्र भएको ९.६० प्रतिशत, घर र जग्गा दुवै भएको १३.१० प्रतिशत, घर र जग्गा दुवै नभएको ७०.४० प्रतिशत तथा उल्लेख नभएको १.७० प्रतिशत रहेको तथ्याङ्कले सामाजिक तथा आर्थिक असुरक्षाको अवस्था स्पष्ट देखाउँछ, जसका आधारमा समावेशी, समानुपातिक र न्याय पूर्ण समाज निर्माणका लागि लक्षित, सहभागिता मूलक र परिणाममुखी नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ।

राज्य नागरिकको अन्तिम अभिभावक हो। अतः राज्यले आफ्ना नागरिकलाई विशेष अवस्थामा रक्षा गर्ने वचन दिएको हुन्छ। राज्यमा भैपरि आउने समस्या तथा नागरिकको जीवनका आम अवस्था भन्दा विशेष फरक अवस्था आएको खण्डमा राज्यले नागरिकको रक्षाको लागि विभिन्न नीतिगत व्यवस्था गरेको हुन्छ। यस्ता व्यवस्था मध्ये सामाजिक सुरक्षा पनि एक हो। सामाजिक सुरक्षाका कार्यक्रम भित्र पर्ने एक समुदाय अपाङ्ग नागरिक पनि हुन। अपाङ्ग नागरिकलाई राज्यले विशेष कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा उपलब्ध गराउने गर्दछ। यसबाहेक पनि राज्यमा विविध प्रयोजनका लागि अपाङ्ग जनसंख्याको विवरण आवश्यक पर्दछ। अपाङ्गता मध्ये सबैभन्दा धैरै मानसिक (सुस्त), बोलाइमा समस्या, सुन्न गाह्रो भएको र बहु अपाङ्गता रहेका छन्। अपाङ्ग तथा असहाय व्यक्तिलाई विभिन्न हित तथा कल्याणकारी कार्यक्रमको संचालन गरि उनीहरूको अवस्था अनुकूल हुने कार्यक्रमको माध्यममार्फत राज्यको विशेष लगानीमा क्षमता अभिवृद्धिका लागि ठोस कदम चाल्नु पर्दछ। यसै मान्यता अनुसार उप-महानगरपालिका पनि अपाङ्ग तथा अशक्त नागरिकको लागि विशेष सामाजिक सुरक्षाका कार्य योजना निर्माण तथा संचालनका लागी प्रयास रत रहेको छ।

महिला तथा वञ्चितीकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय बिभेद अन्त्य गर्नु, लैंगिक तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्त कृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, तथा अपांगता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा व्याप्त लैंगिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैंगिक संवेदनशीलता र लैंगिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु, उप-महानगरपालिकाको सत्रहरूमा लैंगिक परीक्षण, लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई विश्लेषण, अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्नु, उप-महानगरपालिकामा लैंगिक बजेट प्रणालीको अवलम्बन गर्नु, समाजमा विद्यमान विकृति र विसङ्गतिको न्यूनीकरण गर्नु, लैंगिक समानता र समावेशीकरणकका कार्यक्रमहरू प्रत्येक वस्ति स्तरसम्म पुर्याउनु, अन्धविश्वास, कुरीति र जातिगत संकुचितताहरूलाई निर्मूल पार्नु आदि आवश्यक छ। उपरोक्त कुराहरूलाई दृष्टिगोचर गर्दै यो आवधिक योजनाको तर्जुमा गरिएको छ।

### ५.४.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकामा महिला, बालबालिका, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य सामाजिक रूपमा पिछडिएका समूहको सामाजिक समावेशीकरण र लैङ्गिक समानता सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका भए पनि यस क्षेत्रका वास्तविक समस्याहरू अझै पूर्ण रूपमा समाधान हुन सकेका छैनन्। पहिलो चुनौती सामाजिक संरचनागत र सांस्कृतिक अवरोध हो। परम्परागत सामाजिक विश्वास, जातीय बिभेद, बाल-विवाह, महिला निर्णय प्रक्रियामा सीमित सहभागिता, घरेलु हिंसा, बाल श्रम र अपांगता सम्बन्धी नकारात्मक दृष्टिकोणले लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा बाधा पुर्याइरहेका छन्।

दोस्रो चुनौती आर्थिक असमानता हो। राष्ट्रिय जनगणना २०७८ अनुसार घर तथा जग्गा नभएका परिवारको अनुपात अत्याधिक (७०.४%) रहेकोले आर्थिक रूपमा कमजोर वर्ग अझै पनि आधारभूत सेवा र अवसरबाट वञ्चित छन्। यी वर्गहरू शिक्षा, स्वास्थ्य, पोषण तथा रोजगारीका अवसरमा पर्याप्त पहुँच पाउन सकेका छैनन्, जसले समावेशी विकास र समान अवसर सुनिश्चित गर्न कठिनाइ थपिरहेको छ। तेस्रो चुनौती संस्था र प्रशासनिक क्षमता सम्बन्धी छ। स्थानीय तहमा योजना निर्माण, कार्यान्वयन र अनुगमनका लागि पर्याप्त दक्ष जनशक्ति, डेटा प्रणाली र वित्तीय स्रोतको अभावले सामाजिक समावेशी कार्यक्रमको प्रभावकारिता घटाइरहेको छ। लक्षित वर्गसम्म सेवा पुर्याउन आवश्यक तथ्याङ्कको अभाव, कमजोर अनुगमन प्रणाली र संसाधन सीमितताले योजनाको निरन्तरता र दिगो पनमा असर पारिरहेको छ।

चौथो चुनौती पहुँच र भौगोलिक असमानता हो। उप-महानगरपालिकाका दुर्गम वा सीमावर्ती बस्तीहरूमा सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र अन्य विकास सेवामा पहुँच सीमित छ। यसले महिला, बालबालिका र पिछडिएका समूहको सहभागिता र अवसर सृजना गर्न चुनौती प्रस्तुत गर्दछ।

यी समस्या र चुनौतीहरूलाई ध्यानमा राख्दै, जीतपुरसिमरा उप-महानगरपालिकामा महिला, बालबालिका र सामाजिक रूपले पिछडिएका वर्गको सशक्तिकरण, लक्षित कार्यक्रमको कार्यान्वयन, सहभागिता वृद्धि, सचेतना अभिवृद्धि, वित्तीय र प्रशासनिक क्षमता सुदृढीकरण, समुदाय केन्द्रित कार्यक्रम र नीति नियमको पालनलाई प्राथमिकतामा राख्नु अपरिहार्य देखिन्छ। यसले मात्र लैङ्गिक समानता, सामाजिक समावेशीकरण र दिगो विकास सुनिश्चित गर्ने दीर्घकालीन अवसर सिर्जना गर्न सकिन्छ।

### ५.४.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिकामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनका लागि विविध सम्भावना र अवसरहरू विद्यमान छन्। पहिलो, संघीय शासन प्रणालीले नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा महिला, बालबालिका तथा पिछडिएका समूहको सहभागिता सुनिश्चित गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ, जसले स्थानीय स्तरमै समावेशी कार्यक्रमको प्रभावकारिता बढाउने अवसर दिन्छ।

दोस्रो, संविधान, CEDAW, बेइजिङ घोषणापत्र र दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित राष्ट्रिय तथा प्रादेशिक नीतिहरूले समानता र सामाजिक समावेशीकरणलाई स्पष्ट मार्गदर्शन दिएका छन्। यी कानुनी तथा नीतिगत आधारले उप-महानगरपालिकालाई महिला, दलित, जनजाति, अल्पसंख्यक तथा सामाजिक रूपमा पिछडिएका समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने अवसर प्रदान गर्दछ।

तेस्रो, स्थानीय संघ संस्थाहरू, महिला स्वयंसेवी समूह, बाल विकास केन्द्र र सहकारी संस्थाहरूको सक्रियता उप-महानगरपालिकामा समावेशी कार्यक्रम कार्यान्वयन गर्ने अवसरको स्पष्ट उदाहरण हो। समुदायमा आधारित कार्यक्रमहरू, महिला प्रशिक्षण, बाल सुरक्षा, सामाजिक सुरक्षा भत्ता, महिला तथा अपाङ्ग लक्षित सीप विकास जस्ता पहलहरूले स्थानीयस्तरमै सशक्तिकरण र समान अवसर सृजना गर्ने अवसर प्रदान गर्छन्। चौथो, शिक्षामा समान पहुँच, स्वास्थ्य र पोषणमा सुधार, तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूले महिला र पिछडिएका समूहको जीवनस्तर सुधार्ने, रोजगार र आर्थिक अवसर सृजना गर्ने र समुदायमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने सम्भावना प्रस्तुत गर्छ।

त्यसैगरी, उप-महानगरपालिकामा डिजिटल सूचना प्रणाली, डेटा व्यवस्थापन र अनुगमन प्रविधिको विकासले लक्षित समूहको पहुँच, सहभागिता र परिणामको निगरानी गर्न सजिलो बनाउने अवसर दिन्छ। यी सबै अवसरहरूलाई प्रभावकारी रूपले उपयोग गर्न सकेमा जीतपुरसिमरा उप-महानगरपालिकामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण, दिगो विकास र न्याय पूर्ण समाज निर्माण गर्ने स्पष्ट सम्भावना देखिन्छ।

### ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

महिला, बालबालिका तथा सीमान्तकृत वर्गको संरक्षण, सशक्तिकरण र सामाजिक सुरक्षामा पहुँच विस्तारमार्फत समावेशी र न्याय पूर्ण सामाजिक संरचना विकास गर्नु

**(ख) उद्देश्यहरू**

- महिला तथा बालबालिकाको अधिकार संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन र हिंसा न्यूनीकरणका लागि प्रभावकारी संरक्षण तथा सहयोग प्रणाली सुदृढ गर्नु

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक अल्पसंख्यक तथा अन्य लक्षित वर्गको सामाजिक सुरक्षा र सेवामा समान पहुँच सुनिश्चित गर्नु
- लक्षित वर्गको आर्थिक, सामाजिक तथा नेतृत्व क्षमता अभिवृद्धि गरी आत्मनिर्भर र सशक्त समुदाय निर्माण गर्नु
- बालमैत्री तथा लैङ्गिक उत्तरदायी योजना, बजेट र संस्थागत संरचना विकास गर्दै समावेशी सुशासन सुदृढ गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | महिला तथा बालअधिकार संरक्षण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने | १ | लैङ्गिक हिंसा, बालविवाह, बालश्रम तथा मानव बेचबिखन न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | महिला तथा बालमैत्री सहायता कक्ष तथा परामर्श सेवा सुदृढ गरिनेछ। |
| | | ३ | बाल क्लब लगायत अन्य स्थानीय संरचनाको क्षमता अभिवृद्धि गरिनेछ। |
| | | ४ | विद्यालय तथा समुदाय स्तरमा लैङ्गिक समानता र बालअधिकार शिक्षा प्रवर्द्धन गरिनेछ। |
| | | ५ | जोखिममा परेका महिला तथा बालबालिकाका लागि संरक्षण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। |
| २ | सामाजिक सुरक्षा तथा सेवामा समान पहुँच विस्तार गर्ने | १ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको सामाजिक सुरक्षा सेवामा पहुँच सुदृढ गरिनेछ। |
| | | २ | लक्षित वर्गका लागि स्वास्थ्य, शिक्षा र सीप विकास कार्यक्रममा प्राथमिकता दिइनेछ। |
| | | ३ | अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री सार्वजनिक पूर्वाधार विकास गरिनेछ। |
| | | ४ | सामाजिक सुरक्षा भत्ता तथा सेवाको पारदर्शी व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ |
| ३ | महिला तथा लक्षित वर्गको सशक्तीकरण र आत्मनिर्भरता अभिवृद्धि गर्ने | १ | महिला उद्यमशीलता तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | सीप विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ। |
| | | ३ | महिला तथा दलित समूहका लागि सहकारी तथा वित्तीय पहुँच कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | युवती तथा किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ५ | सामुदायिक सहभागिता तथा समावेशी योजना तर्जुमा प्रणाली विकास गरिनेछ |
| ४ | बालमैत्री तथा लैङ्गिक उत्तरदायी शासन प्रणाली विकास गर्ने | १ | बालमैत्री तथा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन सुदृढ गरिनेछ। |
| | | २ | महिला, बालबालिका तथा लक्षित वर्गसम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ। |
| | | ३ | समावेशी योजना निर्माणमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ। |
| | | ४ | अनुगमन तथा मूल्याङ्कन प्रणालीमा लैङ्गिक तथा समावेशी सूचक समावेश गरिनेछ। |
| | | ५ | स्थानीय नीति, ऐन तथा कार्यविधि परिमार्जन गरी समावेशी संरचना सुदृढ गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | एकल महिलाको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | अपाङ्ग/असहाय/अशक्तको लागि आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाको नेतृत्व विकास तथा आयआर्जन कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | बालमैत्री/अपाङ्गमैत्री संरचना निर्माण | २ | ५ | ६ | १ | ३ |
| २ | जेष्ठनागरिक सम्मान कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | बाल उद्यान निर्माण | २ | ५ | ६ | १ | ३ |
| २ | महिला उद्यमशीलताका लागि सीप विकास तालिम कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | जेष्ठनागरिक संरक्षक प्रोत्साहन कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | किरिया घर निर्माण | २ | ५ | ६ | १ | ३ |
| २ | लक्षित वर्ग कानुनी साक्षरता कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | लक्षित वर्ग उद्यम विकास अनुदान कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | यौनिक अल्पसंख्यक उद्यम विकास अनुदान केयक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | लैससास सम्बन्धि विभिन्न प्रकारका तालिमहरु सञ्चालन | २ | ५ | ६ | १ | ३ |

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनामा ९२% कमी आउने अपेक्षा गरिएको छ। बाल-विवाह तथा बाल श्रम न्यूनीकरणमा उल्लेखनीय प्रगति भई बाल अधिकार संरक्षण प्रणाली सुदृढ हुनेछ। सामाजिक सुरक्षा कार्यक्रममा लक्षित वर्गको पहुँच विस्तार भई सेवा उपयोग दरमा ९४% वृद्धि हुने छ। महिला उद्यमशीलता तथा सीप विकास कार्यक्रममार्फत आय आर्जनमा संलग्न महिलाको अनुपात वृद्धि हुने लक्ष्य राखिएको छ। अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत वर्गका लागि सेवामा सहज पहुँच सुनिश्चित भई समावेशी वातावरण विकास हुनेछ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

महिला, बालबालिका तथा लक्षित वर्गसम्बन्धी संरक्षण, सामाजिक सुरक्षा तथा सशक्तीकरण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा लैङ्गिक समानता प्रवर्द्धन, हिंसा न्यूनीकरण तथा सामाजिक न्यायमा उल्लेखनीय सुधार हुने

अनुमान गरिएको भएपनि सामाजिक कुसंस्कार, लैङ्गिक विभेद, बालविवाहजस्ता परम्परागत अभ्यासको निरन्तरता, बजेट सीमितता तथा लक्षित वर्गको सूचना पहुँच नहुने कारणले अपेक्षित उपलब्धि हासिल गर्न चुनौती हुन सक्छ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिकामा युवा वर्ग समाजको ऊर्जा, सृजनशीलता र प्रगतिशील सोचको प्रमुख स्रोत हुन्। युवा समुदाय शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक गतिविधिमा सक्रिय सहभागिता जनाउने प्रमुख शक्ति हो। यद्यपि, युवा वर्गलाई विकासका अवसर, रोजगार र कौशल अभिवृद्धि कार्यक्रम उपलब्ध गराउने चुनौतीहरू रहेका छन्। युवालाई सिर्जनात्मक, सकारात्मक र उत्पादक बनाउने उद्देश्यका साथ स्थानीय सरकार, विद्यालय र सामुदायिक संगठन हरूले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्।

खेलकुद र मनोरञ्जन युवाको शारीरिक र मानसिक स्वास्थ्यमा महत्वपूर्ण भूमिका खेल्छ। खेलकुदले केवल शारीरिक स्वास्थ्य सुधार मात्र गर्दैन सहकार्य, अनुशासन, नेतृत्व क्षमता र सामाजिक सम्बन्धहरू विकास गर्न पनि सहयोग गर्छ। उप-महानगरपालिकामा विभिन्न खेलकुद गतिविधिहरू जस्तै फुटबल, भलिबल, दौड, कबड्डी, कबड्डी प्रतियोगिता र अन्य पारस्परिक खेलहरू सञ्चालन हुँदै आएका छन्। विद्यालय स्तरबाटै बालबालिका र युवालाई खेलकुदमा सहभागी गराउने पहलले स्वस्थ प्रतिस्पर्धा र सहकार्यको भावना विकास गरेको छ। मनोरञ्जनका माध्यमले युवा वर्गको मानसिक स्वास्थ्य, सामाजिक अन्तरक्रिया र सिर्जनात्मक क्षमतामा सुधार ल्याउँछ। यस उप-महानगरपालिकामा सामुदायिक पार्क, पुस्तकालय, सांस्कृतिक कार्यक्रम, चलचित्र गृह र सार्वजनिक सभा स्थलहरू युवाको मनोरञ्जन र सामाजिक सहभागिताका लागि प्रयोगमा छन्। यस्ता कार्यक्रमले युवा वर्गलाई नकारात्मक क्रियाकलापबाट जोगाउने, सामाजिक दायित्व र जिम्मेवारी बोध गराउने काम गर्छ।

स्थानीय तहले युवा र खेलकुदमा लगानी बढाएर पर्याप्त पूर्वाधार, प्रशिक्षण र प्रतियोगिता अवसर उपलब्ध गराउन आवश्यक छ। खेलकुद तालिम, स्वास्थ्य शिविर, मनोरञ्जन कार्यक्रम र युवा उद्यमशीलता प्रोत्साहनले युवालाई सशक्त बनाउने मात्र होइन, समुदायमा सामाजिक सद्भाव र समावेशी विकास प्रवर्द्धन गर्न सहयोग पुर्याउँछ।

सामुदायिक स्तरमा युवालाई सहभागी गराउने कार्यक्रम र प्रतियोगिता नियमित सञ्चालन गर्दा युवा वर्गले नेतृत्व, आत्मनिर्भरता र सामाजिक जिम्मेवारीमा सुधार ल्याउँछ। विशेष गरी ग्रामीण क्षेत्रका युवालाई खेलकुद र मनोरञ्जन कार्यक्रममार्फत सक्रिय, सृजनशीलता र समाज प्रति उत्तरदायी बनाउन सकिन्छ। यसरी, युवा, खेलकुद र मनोरञ्जनको क्षेत्रमा लगानीले उप-महानगरपालिकाको दीर्घकालीन विकास, सामाजिक समावेशीकरण र स्वस्थ समुदाय निर्माणमा प्रत्यक्ष योगदान पुर्याउँछ।

खेलकुद सम्बन्धित भौतिक पूर्वाधारहरू अन्तर्गत जीतपुरसिमरा रङ्गशाला, हरपुर खेल मैदान, प्रमुख रूपमा रहेका छन् भने प्रत्येक वडामा साना ठूला गरि सबै जसो वडामा खेल मैदानहरू रहेका छन्। उप-महानगरपालिकाले आफ्नो स्थापना काल देखि नै फुटबल खेलको वि काशको लागि वार्षिक रूपमा जीतपुरसिमरा गोल्डकपका लागि स्थानीय क्लबलाई कार्यक्रम आयोजनाको लागि अनुदान दिँदै आएको छ भने बालबालिकाको सर्वाङ्गीण हितका लागि विभिन्न प्रकारका शारीरिक तथा मानसिक खेलकुदका गतिविधिहरू (कुस्ती प्रतियोगिता, गजल प्रतियोगिता, चेस प्रतियोगिता, चित्रकला प्रतियोगिता, छन्द कविता प्रतियोगिता, टेनिस प्रतियोगिता, नाचगान प्रतियोगिता, फुटबल प्रतियोगिता, भलिबल, वक्तृत्वका प्रतियोगिता, स्वतन्त्र लेखन प्रतियोगिता) विद्यालय स्तरबाटै अगाडि बढाइरहेको छ। उप-महानगरपालिकामा आगामी दिनमा युवा कार्यक्रम, खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम र मनोरञ्जन पूर्वाधार विस्तार गरेर युवालाई अवसर उपलब्ध गराउने योजना आवश्यक छ। यसले समुदायमा सकारात्मक वातावरण सिर्जना गर्ने, युवा वर्गलाई

सिर्जनात्मक तथा उत्पादक बनाउने र समाजमा सहकार्य र समावेशी भावना विकास गर्ने काम गर्नेछ। दीर्घकालीन दृष्टिले, खेलकुद र मनोरञ्जनको माध्यमबाट युवा वर्गलाई स्वस्थ, सक्रिय, जिम्मेवार र समृद्ध बनाउने कार्यले उप-महानगरपालिकाको समग्र विकासमा योगदान पुर्याउँछ।

### ५.५.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकामा युवा, खेलकुद र मनोरञ्जन क्षेत्रका विकासका धेरै सकारात्मक पक्ष भए तापनि केही समस्या र चुनौतीहरू अवस्थित छन्। पहिलो, पर्याप्त खेलकुद पूर्वाधारको अभाव, गुणस्तरीय तालिम सुविधा र आधुनिक उपकरणको कमीले युवालाई खेलकुदमा पूर्ण रूपमा सहभागी गराउन कठिनाइ उत्पन्न गरेको छ। विशेष गरी गाउँ र वडा स्तरमा पर्याप्त मैदान, रङ्गशाला, प्रशिक्षण केन्द्र र सामग्री नहुँदा खेलकुद गतिविधिहरू नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्न कठिनाइ हुन्छ।

दोस्रो, युवा वर्गका लागि रोजगार, सीप अभिवृद्धि र उद्यमशीलता कार्यक्रमको अभाव वा असमान वितरणले युवालाई सिर्जनात्मक तथा उत्पादक क्रियाकलापतर्फ उन्मुख गर्न चुनौती सिर्जना गरेको छ। धेरै युवा बेरोजगार रहँदा नकारात्मक सामाजिक गतिविधिहरूमा संलग्न हुने जोखिम बढ्दछ। तेस्रो, खेलकुद र मनोरञ्जनका कार्यक्रमहरूमा आर्थिक स्रोतको सीमितता, बजेटको अभाव र दीर्घकालीन योजना नहुँदा कार्यक्रमको निरन्तरता र गुणस्तर कायम राख्न कठिनाइ हुन्छ। चौथो, युवामा खेलकुद र स्वास्थ्य, मानसिक र सामाजिक साक्षरता, नेतृत्व र सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्न आवश्यक प्रशिक्षण र सचेतना कार्यक्रम पर्याप्त रूपमा सञ्चालन नहुँदा सामाजिक र व्यक्तिगत विकासमा अवरोध आउन सक्छ।

पाँचौं, स्थानीय तह र सामुदायिक संगठनबीच समन्वय र योजना कार्यान्वयनको कमजोरीले युवा कार्यक्रमको प्रभावकारिता सीमित हुने समस्या देखिन्छ। यी सबै चुनौतीहरूलाई समाधान गर्न, पर्याप्त खेलकुद पूर्वाधार निर्माण, गुणस्तरीय तालिम, नियमित प्रतियोगिता, मनोरञ्जन र सांस्कृतिक कार्यक्रम विस्तार, युवा उद्यमशीलता प्रवर्द्धन, आर्थिक स्रोतको सुनिश्चितता र स्थानीय सामुदायिक समन्वय सुदृढ गर्नु आवश्यक छ। यसरी व्यवस्थापन गर्न सकेमा जीतपुरसिमरा उप-महानगरपालिकामा युवा वर्गलाई सक्रिय, सृजनशीलता, जिम्मेवार र स्वस्थ बनाउने अवसर सुनिश्चित हुनेछ र उप-महानगरपालिकाको दीर्घकालीन सामाजिक र आर्थिक विकासमा योगदान वृद्धि हुनेछ।

### ५.५.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिकामा युवा, खेलकुद र मनोरञ्जन क्षेत्र अत्यन्तै उज्ज्वल सम्भावना र अवसरका स्रोतहरूले भरिपूर्ण रहेको छ। युवा वर्ग नै समाजको ऊर्जा, सृजनशीलता र नवीन सोचको प्रमुख आधार हो, जसले स्थानीय विकास र सामाजिक परिवर्तनमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ। यदि उपयुक्त पूर्वाधार, तालिम र अवसर प्रदान गरियो भने युवाहरू सिर्जनात्मक, उत्पादनशील र उत्तरदायी नागरिकको रूपमा समाजमा देखिन सक्छन्। खेलकुद र मनोरञ्जनले युवा वर्गको शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य सुधार गर्ने मात्र नभई नेतृत्व क्षमता, सहकार्य, अनुशासन र आत्मविश्वास विकास गर्ने अवसर पनि प्रदान गर्दछ। जीतपुरसिमरा उप-महानगरपालिकामा अवस्थित रङ्गशाला, हरपुर खेल मैदान, वडा स्तरीय खेल मैदान तथा विद्यालय स्तरका गतिविधिहरूले युवालाई खेलकुदमा सहभागी गराउने, स्वस्थ प्रतिस्पर्धा र सामाजिक सम्बन्ध मजबुत बनाउने वातावरण सिर्जना गरिरहेका छन्। आगामी दिनमा यी पूर्वाधारलाई थप सुदृढ बनाएर र डिजिटल तथा आधुनिक उपकरणको प्रयोग बढाएर खेलकुदमा गुणस्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने अवसर अवश्य लाभ लीन सकिन्छ।

साथै, मनोरञ्जन र सांस्कृतिक गतिविधिले युवामा सिर्जनात्मकता र सामाजिक उत्तरदायित्व बढाउने उत्कृष्ट अवसर प्रदान गर्दछ। पुस्तकालय, सामुदायिक पार्क, सांस्कृतिक कार्यक्रम, चलचित्र गृह तथा सार्वजनिक सभा स्थलहरू मार्फत युवालाई सकारात्मक गतिविधिमा संलग्न गराउन सकिन्छ। यसले नकारात्मक प्रवृत्तिबाट जोगाउने, आत्मनिर्भरता र नेतृत्व विकास गर्ने अवसर सिर्जना गर्दछ। युवाको उद्यमशीलता, सीप विकास र रोजगारीसँग जोडिएका कार्यक्रमहरू सञ्चालन गर्दा उप-महानगरपालिकामा दीर्घकालीन आर्थिक र सामाजिक अवसर सिर्जना गर्न सकिन्छ। खेलकुद, शिक्षा, मनोरञ्जन र रोजगारका कार्यक्रम बीच समन्वय र अन्तर संवादले युवालाई सशक्त, उत्तरदायी र समाज प्रति प्रतिबद्ध बनाउने वातावरण तयार गर्दछ।

संक्षेपमा, जीतपुरसिमरा उप-महानगरपालिकामा युवा, खेलकुद र मनोरञ्जन क्षेत्रमा दीर्घकालीन सम्भावना अत्यन्तै उच्च छ। यदि पर्याप्त पूर्वाधार, गुणस्तरीय तालिम, मनोरञ्जन र सांस्कृतिक अवसर, युवाको नेतृत्व विकास र उद्यमशीलता प्रवर्द्धन गरियो भने उप-महानगरपालिका सामाजिक, आर्थिक र सांस्कृतिक रूपले समृद्ध, समावेशी र स्वस्थ युवा समुदाय निर्माण गर्न सक्नेछ, जसले नगरको दीर्घकालीन दिगो विकासमा प्रत्यक्ष योगदान पुर्याउनेछ।

### ५.५.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सीप, नेतृत्व तथा उद्यमशीलता प्रवर्द्धन र खेलकुद विकासमार्फत युवालाई स्वावलम्बी, स्वस्थ र जिम्मेवार नागरिकका रूपमा विकास गर्नु

**(ख) उद्देश्यहरू**

- युवाको सीप, नेतृत्व तथा उद्यमशीलता क्षमता अभिवृद्धि गरी स्वावलम्बी, उत्पादनशील र जिम्मेवार युवा शक्ति विकास गर्नु
- खेल पूर्वाधार सुदृढीकरण तथा खेल गतिविधि प्रवर्द्धनमार्फत स्वस्थ, अनुशासित र प्रतिस्पर्धी खेल संस्कृतिको विकास गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | युवा सशक्तीकरण तथा सीप विकास प्रवर्द्धन गर्ने | १ | युवालाई लक्षित सीपमूलक तथा उद्यमशीलता तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | युवा नेतृत्व विकास तथा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | स्वरोजगार तथा स्टार्टअप प्रवर्द्धनका लागि सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | लागुऔषध दुरुपयोग, हिंसा तथा सामाजिक विकृतिविरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ। |
| | | ५ | युवा क्लब तथा सञ्जालको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। |
| | | ६ | सार्वजनिक-निजी साझेदारिता कार्यक्रम मार्फत युवा उद्यमशीलता विकासमा टेवा पुग्ने कार्यक्रममा सबै पक्षको साझेदारीताका लागि समन्वय गरिनेछ। |
| २ | | १ | खेलमैदान, रंगशाला तथा अन्य खेल पूर्वाधारको निर्माण तथा स्तरोन्नति गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | खेल पूर्वाधार तथा प्रतिस्पर्धात्मक खेल संस्कृतिको विकास गर्ने | २ | विद्यालय तथा नगरस्तरीय खेल प्रतियोगिता नियमित सञ्चालन गरिनेछ। |
| | | ३ | प्रतिभाशाली खेलाडीको पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ |
| | | ४ | खेल प्रशिक्षक तथा व्यवस्थापकको क्षमता अभिवृद्धि गरिनेछ। |
| | | ५ | महिला तथा समावेशी खेल गतिविधि प्रवर्द्धन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| २ | एक वडा एक खेल मैदान निर्माण | २ | ५ | ६ | ३ | ३ |
| २ | खुला व्यायामशाला निर्माण | २ | ५ | ६ | २ | ३ |
| २ | नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | २ | ५ | ६ | ३ | ३ |
| २ | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | २ | ५ | ६ | २ | ३ |
| २ | युवा रोजगार तालिम कार्यक्रम | २ | ५ | ६ | २ | ३ |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षसम्म युवा लक्षित सीपमूलक तथा उद्यमशीलता कार्यक्रममा सहभागी हुने युवाको संख्यामा करिब १५% वृद्धि हुने अपेक्षा गरिएको छ। स्वरोजगार तथा स्टार्टअप प्रवर्द्धन कार्यक्रममार्फत युवा उद्यमीको अनुपात वृद्धि भई स्थानीय स्तरमा रोजगारी सिर्जनामा सकारात्मक योगदान पुग्ने छ। नेतृत्व तथा नागरिक सचेतना कार्यक्रम प्रभावकारी भई युवाको सामाजिक सहभागिता र जिम्मेवारीबोधमा सुधार आउने अपेक्षा छ।
खेल पूर्वाधार निर्माण तथा स्तरोन्नतिका कारण नियमित खेल गतिविधिमा संलग्न युवाको संख्या ४०% ले वृद्धि हुने लक्ष्य राखिएको छ। विद्यालय तथा नगरस्तरीय प्रतियोगिताबाट प्रतिभाशाली खेलाडी पहिचान भई प्रतिस्पर्धात्मक खेल संस्कृतिको विकास हुने छ। जिल्लास्तरीय, क्षेत्रीय, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा जीतपुरसिमरा उप-महानगरपालिकाबाट प्रतिनिधित्व गरि विजयी पदक प्राप्त गर्ने खेलाडीको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

युवा सशक्तीकरण, सीप विकास तथा खेल पूर्वाधार सुदृढीकरण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा युवाको रोजगारीयोग्यता, नेतृत्व क्षमता तथा सामाजिक सहभागितामा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ भने खेल पूर्वाधार विस्तार र नियमित प्रतियोगितामार्फत स्वस्थ जीवनशैली र प्रतिस्पर्धात्मक खेल संस्कृतिको विकास हुने विश्वास गरिएको भए पनि बजेट सीमितता, आवश्यक प्राविधिक जनशक्ति अभाव तथा पूर्वाधार मर्मत सम्भारमा कमजोरीले अपेक्षित उपलब्धि हासिल गर्न चुनौती हुन सक्छ। युवाको वैदेशिक पलायन, लागुऔषध दुरुपयोग तथा सामाजिक विकृतिले कार्यक्रमको प्रभावकारितामा असर पार्न सक्ने जोखिम अनुमान गरिएको छ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

पूर्वाधार विकास आधुनिक मानव विकासको आधारभूत सर्त हो। सडक, विमानस्थल, भवन, विद्युत्, टेलिफोन, सिँचाइ जस्ता भौतिक संरचनाहरूले मात्र आर्थिक क्रियाकलापलाई गति दिँदैनन्, यी संरचनाले शिक्षा, स्वास्थ्य, रोजगारी, बजार पहुँच र सामाजिक सेवा प्रवाहलाई समेत प्रभावकारी बनाउँछन्। नेपाल मा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधारलाई सधैँ प्राथमिकतामा राखिनु को कारण पनि यही हो मजबुत पूर्वाधार बिना उत्पादन वृद्धि, लगानी आकर्षण र क्षेत्रीय सन्तुलित विकास सम्भव हुँदैन। व्यवस्थित बस्ती विकास र तीव्र सहरीकरणको वर्तमान सन्दर्भमा पूर्वाधारलाई दिगो विकासको महत्त्वपूर्ण आयामका रूपमा ग्रहण गरिएको छ।

दिगो विकासका लक्ष्यहरूले समेत पूर्वाधार क्षेत्रलाई स्पष्ट रूपमा सम्बोधन गरेका छन्। संयुक्त राष्ट्रसंघ द्वारा प्रतिपादित दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य-९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) र लक्ष्य-११ (दिगो सहर तथा समुदाय) पूर्वाधार विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्। स्वच्छ र नवीकरणीय ऊर्जाको विस्तार, गुणस्तरीय तथा दिगो सडक सञ्जाल, सुरक्षित भवन निर्माण, वातावरण मैत्री सहरी योजना र विपद् प्रतिरोधी संरचना निर्माण जस्ता पक्षहरूले आर्थिक समृद्धि मात्र होइन, सामाजिक न्याय र वातावरणीय सन्तुलनलाई पनि सुनिश्चित गर्छन्।

यस परिप्रेक्ष्यमा जीतपुरसिमरा उप-महानगरपालिका ले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउने स्पष्ट प्रतिबद्धता व्यक्त गरेको छ। स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य सेवा सुनिश्चित गर्ने उद्देश्यले सडक स्तरोन्नति, सुरक्षित भवन निर्माण, ऊर्जा विस्तार, सिँचाइ सुविधा, खानेपानी तथा सरसफाइ प्रणाली सुधार जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। पूर्वाधारलाई केवल भौतिक संरचनामा सीमित नराखी आर्थिक समृद्धि, रोजगारी सिर्जना र सामाजिक समावेशीकरणसँग आबद्ध गर्ने प्रयास गरिएको छ, जसले स्थानीय विकासलाई दीर्घकालीन र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ।

यस अवधारणालाई संघीय तहले पनि आत्मसात् गरेको छ। १६औँ पञ्चवर्षीय योजना ले पूर्वाधार विकासलाई दिगो, उत्थान शील र गुणस्तरीय बनाउने रणनीति अघि सारेको छ भने मधेश प्रदेश दोस्रो पञ्चवर्षीय योजनाले समेत दिगो तथा उत्थानशीलता पूर्वाधार निर्माणमा गुणस्तर, समन्वय र वातावरणीय सन्तुलनलाई विशेष जोड दिएको छ। यसरी संघ, प्रदेश र स्थानीय तहवीच नीतिगत समन्वय कायम गर्दै पूर्वाधार विकासलाई दिगो विकासका लक्ष्यहरूसँग एकीकृत गर्ने प्रयास भइरहेको देखिन्छ।

समग्रमा, पूर्वाधार विकास अब केवल निर्माण कार्यको सीमित अवधारणा नभई मानव जीवनको गुणस्तर सुधार, सामाजिक समानता, वातावरण संरक्षण र आर्थिक रूपान्तरणको आधारका रूपमा स्थापित हुँदै गएको छ। दिगो, समावेशी र गुणस्तरीय पूर्वाधार निर्माणमार्फत नै समृद्ध र व्यवस्थित समाजको परिकल्पना साकार हुन सक्छ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

पूर्वाधार तथा सहरी विकासको अवस्था अन्तर्गत बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रले स्थानीय तहको समग्र विकास, जीवनस्तर सुधार र आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको छ। पछिल्ला वर्षहरूमा सहरीकरणको तीव्र वृद्धिसँगै योजनाबद्ध बस्ती विकास, सुरक्षित तथा गुणस्तरीय आवासको माग बढ्दो क्रममा रहेको छ। यस सन्दर्भमा अव्यवस्थित बस्ती व्यवस्थापन, भूमि उपयोग योजना कार्यान्वयन, सुरक्षित आवास प्रवर्द्धन तथा विपद् जोखिम न्यूनीकरणलाइ प्राथमिकताका रूपमा अघि बढाइएको छ।

आवास क्षेत्रतर्फ नागरिकको सुरक्षित, किफायती र सम्मान जनक आवासमा पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। विशेषगरी विपन्न, दलित, सुकुम्बासी तथा जोखिम युक्त बस्तीमा बसोबास गर्ने समुदायका लागि आवास सुधार, पुनः स्थापना तथा एकीकृत आवास आयोजना कार्यान्वयन हुँदै आएका छन्। भवन निर्माणमा राष्ट्रिय भवन संहिता लागू गर्ने प्रयास बढ्दै गएको छ, जसले भूकम्प तथा अन्य प्राकृतिक विपद् प्रतिरोधी संरचना निर्माणमा सहयोग पुर्याएको छ।

भवन तथा सार्वजनिक निर्माण क्षेत्र अन्तर्गत सरकारी कार्यालय भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभा हल तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण तथा स्तरोन्नति कार्य हुँदै आएको छ। यी संरचनाहरूमा अपाङ्ग मैत्री, लैङ्गिक समावेशी र वातावरण मैत्री अवधारणालाई क्रमशः समावेश गर्न थालिएको छ। साथै, निर्माण कार्यमा गुणस्तर, दिगोपन र मर्मत सम्भारलाई जोड दिइँदै आएको छ।

समतल मैदान भएकोले यहाँ प्राय सबै क्षेत्र आवास योग्य छ र विभिन्न समुदायका मानिसहरू पालिका भरी नै फैलिएर बसोबास गरेको पाइन्छ । अमलेखगन्ज, पथलैया, जितपुर, डुमरवाना, नितनपुर, फत्तेपुर, इनर्वासिरा, वेहरा, पिलुवा बाक्लो बस्ती भएका क्षेत्रहरू हुन्। अन्य क्षेत्रहरूमा प्राय एकैनासको बसोबास छ। बस्ती विकासको कुनै योजना बिना नै बसेको बस्ती भएकोले बस्ती र बाटो छरपस्ट देखिन्छन्। समतल जमिन र सबैतिर यातायातका साधन पुग्ने भएकोले यहाँ अधिकांश आवास भवन पक्की छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका आवासीय भवनहरू मध्य माटोको जोडाइ भएको इट्टा वा ढुंगाको गारो भएको घरहरूको संख्या ७.५ प्रतिशत रहेको छ। सिमेन्टको जोडाइ भएको इट्टा वा ढुंगाको जोडाइ गारो भएको घरहरूको संख्या ६६.२ प्रतिशत रहेको छ। काठ वा फल्याकको गारो भएको घरहरूको संख्या ३.१ प्रतिशत रहेको छ। बास जन्य सामाग्रीको गारो भएको घरहरूको संख्या २१.८ प्रतिशत रहेको छ अन्यमा काँचो इट्टा, जस्ता/ टिन/च्यादर, प्रिफ्याक जस्ताले बनेका गारो रहेको छ भने जस्ता/ टिन/च्यादरबाट बनेको छानो २९.४ प्रतिशत, सिमेन्ट/ढलान बनेको छानो ४६.९ प्रतिशत, खर/पराल/झिँगटी २५.७ प्रतिशत रहेको छ भने ढुंगा/स्लेट/काठ/फल्याक अन्यमा रहेको छ। यसैगरी आफ्नै घरमा बस्ने ९०.७ प्रतिशत, भाडामा बस्ने ७.९ प्रतिशत, संस्थागत ०.७ प्रतिशत तथा अन्यमा ०.७ प्रतिशत रहेको छ । व्यक्तिका आवासीय भवन निर्माण गर्दा सबैमा नगरपालिकाको मापदण्ड र नियम पालन गराउन सकिएको देखिँदैन। सार्वजनिक भवनहरूमा यहाँ नगरपालिका र वडा कार्यालय, अस्पताल, स्वस्थ चौकीका भवन पक्की छन् भने विद्यालयका भवनहरू पक्की र इट्टा, सिमेन्ट र जस्ताको छाना भएका मिश्रित भवन छन्।

### ६.१.२ समस्या तथा चुनौती

पूर्वाधार तथा सहरी विकासको अवस्था हेर्दा बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रले स्थानीय तहको समग्र विकास, जीवनस्तर सुधार र आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। तीव्र सहरीकरण, जनसंख्या वृद्धि तथा बसाइँ सराइको प्रभावका कारण योजनाबद्ध बस्ती विकास र सुरक्षित, गुणस्तरीय तथा किफायती आवासको माग निरन्तर बढिरहेको छ। यस सन्दर्भमा अव्यवस्थित बस्ती व्यवस्थापन, भूमि उपयोग योजना कार्यान्वयन, सुरक्षित आवास प्रवर्द्धन तथा विपद् जोखिम न्यूनीकरणलाइ प्राथमिकतामा राखिए पनि कार्यान्वयन तहमा विविध समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन्।

आवास क्षेत्रमा नागरिकको सुरक्षित, किफायती र सम्मान जनक आवासमा पहुँच सुनिश्चित गर्न विपन्न, दलित, सुकुम्बासी तथा जोखिम युक्त बस्तीमा बसोबास गर्ने समुदायका लागि आवास सुधार, पुनः स्थापना तथा एकीकृत आवास आयोजना सञ्चालन गरिएका छन्। राष्ट्रिय भवन संहिता कार्यान्वयनमार्फत भूकम्प तथा अन्य प्राकृतिक विपद् प्रतिरोधी संरचना निर्माणतर्फ सकारात्मक पहल भएको छ। तथापि, सबै निजी आवास निर्माणमा उप-महानगरपालिकाको मापदण्ड

पूर्ण पालना हुन नसक्नू प्रमुख चुनौतीका रूपमा देखिएको छ। भवन स्वीकृति प्रक्रिया, प्राविधिक जनशक्ति अभाव, अनुगमन कमजोरी तथा नागरिकमा सचेतनाको कमीका कारण असुरक्षित र अव्यवस्थित संरचना निर्माण हुने प्रवृत्ति अझै कायम छ।

समतल भू भाग र सहज यातायात पहुँचका कारण अधिकांश क्षेत्र आवास योग्य रहेका छन् र विभिन्न समुदायका मानिसहरू उप-महानगरपालिका क्षेत्रमा छरिएर बसोबास गरेका छन्। अमलेखगन्ज, पथलैया, जितपुर, डुमरवाना, नितनपुर, फत्तेपुर, इनर्वासिरा, वेहरा तथा पिलुवा क्षेत्रमा बाक्लो बस्ती रहेको छ भने अन्य स्थानमा तुलनात्मक रूपमा समान किसिमको बसोबास देखिन्छ। तर बस्ती विकासको दीर्घकालीन योजना बिना नै बसोबास विस्तार भएकोले सडक, नाला, खुला क्षेत्र तथा सार्वजनिक संरचनाको व्यवस्थापन छरपस्ट र अव्यवस्थित देखिन्छ। यसले भविष्यमा सहरी सेवा प्रवाह, यातायात व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणमा थप चुनौती सिर्जना गर्न सक्ने सम्भावना छ।

केन्द्रीय तथ्यांक विभाग द्वारा प्रकाशित राष्ट्रिय जनगणना २०७८ अनुसार आवासीय भवनहरूको संरचना हेर्दा ७.५ प्रतिशत घर माटोको जोडाइ भएको इट्टा वा ढुंगाको गारो युक्त, ६६.२ प्रतिशत सिमेन्टको जोडाइ भएको इट्टा वा ढुंगाको गारो युक्त, ३.१ प्रतिशत काठ वा फल्याकको गारो र २१.८ प्रतिशत बास जन्य सामग्रीबाट बनेका छन्। छानाको हकमा २९.४ प्रतिशत जस्ता/टिन/च्यादर, ४६.९ प्रतिशत सिमेन्ट/ढलान तथा २५.७ प्रतिशत खर/पराल/झिँगटी प्रयोग भएको पाइन्छ। यसबाट अझै पनि केही प्रतिशत घरहरू जोखिम युक्त तथा अस्थायी प्रकृतिका रहेको देखिन्छ, जसले विपद् जोखिमको संवेदनशीलता बढाउँछ। स्वामित्वको दृष्टिले ९०.७ प्रतिशत आफ्नै घरमा बसोबास गर्ने, ७.९ प्रतिशत भाडामा र ०.७ प्रतिशत संस्थागत आवासमा बसोबास गर्ने अवस्था छ।

भवन तथा सार्वजनिक निर्माण क्षेत्रमा नगरपालिका तथा वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकीका भवनहरू प्रायः पक्की संरचनामा रहेका छन् भने विद्यालय भवनहरू पक्की र अर्ध पक्की मिश्रित अवस्थाका छन्। यद्यपि सार्वजनिक संरचनाहरूमा अपाङ्ग मैत्री पहुँच, लैङ्गिक समावेशिता (जस्तै छुट्टै शौचालय, स्तनपान कक्ष), वातावरण मैत्री डिजाइन तथा ऊर्जा दक्षताको पूर्ण कार्यान्वयन अझै चुनौती पूर्ण छ। निर्माण कार्यमा गुणस्तर नियन्त्रण, समयमै सम्पन्नता, लागत व्यवस्थापन तथा नियमित मर्मत सम्भारको अभावले संरचनाको दिगो पनमा असर पार्ने गरेको छ।

समग्र रूपमा हेर्दा बस्ती तथा आवास विकासमा प्रमुख समस्या तथा चुनौतीहरू यस प्रकार देखिन्छन्: योजनाबद्ध भू उपयोग कार्यान्वयनको कमजोरी, अनियन्त्रित प्लटिङ तथा बसोबास विस्तार, भवन संहिता पूर्ण पालना नहुनु, प्राविधिक तथा वित्तीय स्रोतको अभाव, विपद् जोखिम प्रति न्यून सचेतना, सार्वजनिक संरचनाको मर्मत सम्भारमा अपर्याप्त बजेट तथा अनुगमन प्रणालीको कमजोरी। तीव्र सहरीकरणको दबाब, जलवायु परिवर्तन जन्य जोखिम तथा सामाजिक आर्थिक असमानताले यी चुनौतीलाई अझ जटिल बनाएका छन्।

यसैले दिगो सहरी विकासका लागि दीर्घकालीन बस्ती विकास गुरुयोजना, प्रभावकारी भूमि उपयोग नीति कार्यान्वयन, भवन निर्माण अनुमतिमा कडाइ, प्राविधिक क्षमता अभिवृद्धि, विपद् प्रतिरोधी संरचना प्रवर्द्धन तथा समावेशी सार्वजनिक पूर्वाधार विकासलाई सुदृढ रूपमा अघि बढाउनु अपरिहार्य देखिन्छ। यसरी मात्र पूर्वाधार तथा सहरी विकास क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र दिगो दिशातर्फ उन्मुख गर्न सकिनेछ।

### ६.१.३ संभावना तथा अवसर

पूर्वाधार तथा सहरी विकासको वर्तमान अवस्थालाई विश्लेषण गर्दा विद्यमान समस्या र चुनौतीसँगै प्रशस्त सम्भावना तथा अवसरहरू पनि देखिन्छन्। समतल भू भाग, सहज यातायात पहुँच, बढ्दो सहरीकरण, निजी लगानीको सम्भावना तथा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयले यस क्षेत्रलाई दिगो र व्यवस्थित विकासतर्फ अग्रसर गराउने आधार प्रदान गरेको छ।

सबैभन्दा ठूलो सम्भावना योजनाबद्ध बस्ती विकासमा रहेको छ । समतल र आवास योग्य भूमि पर्याप्त रहेकोले दीर्घकालीन भू उपयोग योजना कार्यान्वयन गरी आवास, व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्र, हरित क्षेत्र तथा सार्वजनिक उपयोग क्षेत्र स्पष्ट रूपमा निर्धारण गर्न सकिन्छ। यसले अव्यवस्थित बसोबासलाई क्रमशः व्यवस्थापन गर्दै सुन्दर, सुरक्षित र व्यवस्थित सहर निर्माण गर्ने अवसर प्रदान गर्दछ। एकीकृत सहरी विकास गुरुयोजना तयार गरी चरण बद्ध कार्यान्वयन गर्न सकिएमा पूर्वाधार विस्तारलाई दिगो र लागत प्रभावकारी बनाउन सकिन्छ। आवास क्षेत्रतर्फ सुरक्षित, किफायती र विपद् प्रतिरोधी घर निर्माण प्रवर्द्धन गर्ने ठूलो अवसर रहेको छ। राष्ट्रिय भवन संहिता पूर्ण कार्यान्वयन, प्रविधि मैत्री निर्माण सामग्री प्रयोग, हरित भवन अवधारणा, वर्षा पानी संकलन, सौर्य ऊर्जा जडान जस्ता उपायहरू अपनाई दिगो तथा वातावरण मैत्री आवास विस्तार गर्न सकिन्छ। विपन्न तथा सीमान्तकृत समुदायका लागि सहुलियत पूर्ण आवास कार्यक्रम विस्तार गरी सामाजिक न्याय र समावेशी विकासलाई थप सुदृढ गर्न सकिन्छ।

भवन तथा सार्वजनिक निर्माण क्षेत्रले सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने अवसर बोकेको छ। आधुनिक, अपाङ्ग मैत्री, लैङ्गिक समावेशी र ऊर्जा दक्ष सार्वजनिक भवन निर्माणमार्फत शिक्षा, स्वास्थ्य र प्रशासनिक सेवा गुणस्तरीय बनाउन सकिन्छ। सार्वजनिक संरचनामा डिजिटल प्रविधिको प्रयोग, स्मार्ट सेवा केन्द्र स्थापना तथा अनलाइन सेवा प्रणाली विकासले सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछ।

सहरीकरणसँगै निजी क्षेत्रको लगानी आकर्षित गर्ने सम्भावना पनि उल्लेखनीय छ। सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमार्फत आवास आयोजना, व्यावसायिक कम्प्लेक्स, पार्क, बसपार्क, सभा हल तथा अन्य संरचनाहरू निर्माण गर्न सकिन्छ। यसले स्थानीय राजस्व वृद्धि, रोजगारी सिर्जना तथा आर्थिक क्रियाकलाप विस्तारमा सकारात्मक प्रभाव पार्दछ। विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूल पूर्वाधार निर्माणमा पनि महत्वपूर्ण अवसर छ। तटबन्ध निर्माण, ढल तथा वर्षा पानी व्यवस्थापन, हरित क्षेत्र विस्तार, खुला स्थान संरक्षण जस्ता कार्यक्रमले सुरक्षित र उत्थानशीलता सहर निर्माणमा सहयोग पुर्याउँछन्। यसले भविष्यमा सम्भावित प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न दीर्घकालीन आधार तयार गर्दछ। समग्रमा, पूर्वाधार तथा सहरी विकास क्षेत्रमा योजनाबद्ध हस्तक्षेप, प्रविधिको उपयोग, प्रभावकारी अनुगमन, नागरिक सहभागिता र दिगो विकासका सिद्धान्तको अवलम्बनमार्फत स्थानीय तहलाई आधुनिक, सुरक्षित, समावेशी र वातावरण मैत्री नगरका रूपमा रूपान्तरण गर्ने व्यापक सम्भावना र अवसरहरू विद्यमान छन्।

### ६.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सहरी योजनाबद्ध विकास, भवन मापदण्ड कार्यान्वयन तथा विपद् प्रतिरोधी र हरित निर्माण प्रवर्द्धनमार्फत सुरक्षित र दिगो नगर पूर्वाधार विकास गर्नु

**(ख) उद्देश्यहरू**

- योजनाबद्ध शहरीकरण प्रवर्द्धन गर्दै सुरक्षित, व्यवस्थित तथा मापदण्डअनुसार आवास तथा भवन निर्माण सुनिश्चित गर्नु
- सार्वजनिक भवन, सामुदायिक संरचना तथा सरकारी कार्यालयहरूको गुणस्तर, पहुँचयोग्यता र विपद् प्रतिरोधी क्षमता अभिवृद्धि गर्नु
- हरित, वातावरणमैत्री तथा जलवायु अनुकूल निर्माण अभ्यास प्रवर्द्धन गर्दै दिगो शहरी पूर्वाधार विकास गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | योजनाबद्ध शहरी विकास तथा भवन मापदण्ड कार्यान्वयन सुदृढ गर्ने | १ | नगर क्षेत्रको भू उपयोग योजना तथा विस्तृत शहरी विकास योजना कार्यान्वयन गरिनेछ। |
| | | २ | भवन संहिता तथा निर्माण मापदण्ड लगू गर्न/गराउन नगरले नीति अनुशिक्षण जस्ता नविनतम कार्यक्रम सञ्चालन गर्ने छ। |
| | | ३ | नगर भित्रका जोखिमयुक्त संरचनाको नियमित अनुगमन गरि व्यवस्थापनमा समन्वय गरिने छ। |
| | | ४ | भवन अनुमति तथा नक्सा पास प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। |
| २ | सार्वजनिक भवन तथा सामुदायिक संरचना सुदृढ गर्ने | १ | सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक भवनको स्तरोन्नति गरिनेछ। |
| | | २ | सार्वजनिक भवन तथा सामुदायिक संरचना निर्माण गर्दा अनिवार्य अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री संरचना विकास गरिनेछ। |
| | | ३ | विपद् प्रतिरोधी निर्माण प्रविधि प्रयोगलाई प्रवर्द्धन गरिनेछ। |
| | | ४ | पुराना तथा जोखिमयुक्त सार्वजनिक संरचनाको मर्मत सम्भार गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | अति विपन्नवर्गको घर निर्माण | ३ | ९ | ३ | २ | ३ |
| ३ | वडा कार्यालय स्तरोन्नती वा नयाँ निर्माण | ३ | ९ | ३ | २ | २ |
| ३ | दाहसस्कार स्थल निर्माण (हिन्दु) | ३ | ९ | ३ | २ | ३ |
| ३ | दाहसस्कार स्थल निर्माण (मुस्लिम) | ३ | ९ | ३ | २ | २ |
| ३ | छटघाट निर्माण | ३ | ९ | ३ | १ | २ |
| ३ | खुल्ला व्यायमशाला | ३ | ९ | ३ | २ | ३ |
| ३ | पुस्तकालय | ३ | ९ | ३ | ३ | ३ |
| ३ | वालपार्क | ३ | ९ | ३ | ३ | २ |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

भवन मापदण्डअनुसार निर्माण हुने संरचनाको अनुपात ९० % सम्म वृद्धि हुने अपेक्षा गरिएको छ। भू उपयोग योजना तथा सहरी विकास मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन भई अव्यवस्थित बस्ती विस्तारमा नियन्त्रण आउने अनुमान गरिएको छ। सार्वजनिक भवन तथा सामुदायिक संरचनाको स्तरोन्नति भई सेवा ग्राहीको पहुँच र सेवा गुणस्तरमा सुधार हुनेछ। विपद् प्रतिरोधी निर्माण अभ्यास विस्तार भई जोखिम युक्त संरचनाको संख्या घट्ने लक्ष्य राखिएको छ। हरित तथा ऊर्जा दक्ष निर्माण प्रवर्द्धनमार्फत वातावरणीय प्रभाव न्यूनीकरणमा सकारात्मक प्रगति हुने अपेक्षा गरिएको छ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

योजनाबद्ध शहरी विकास, भवन मापदण्ड कार्यान्वयन तथा सार्वजनिक संरचना सुदृढीकरण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा सुरक्षित र व्यवस्थित बस्ती विकासमा उल्लेखनीय सुधार हुने अनुमान गरिएको छ भने भवन अनुमति प्रणाली प्रविधिमैत्री भई पारदर्शिता तथा सेवा प्रभावकारितामा वृद्धि हुने अपेक्षा गरिएको छ तर तीव्र शहरीकरण, अनधिकृत निर्माण, भू उपयोग योजनाको कमजोर कार्यान्वयन तथा प्राविधिक जनशक्ति अभावले अपेक्षित उपलब्धि हासिल गर्न चुनौती हुन सक्छ। निर्माण सामग्रीको गुणस्तर नियन्त्रण कमजोर भएमा संरचनागत जोखिम बढ्न सक्छ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक पूर्वाधार विकासको मूल आधार हो। सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ। नगरको प्रभावकारी विकासका लागि पनि सडक सञ्जाल अत्यन्त जरुरी हुन्छ। सडकको विकासले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदान गर्दछ। यस नगरका सबै घर र बस्तीसम्म सडकको पहुँच पुगेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा आ. व. २०७९/८० देखि २०८१/८२ सम्म करिब ५० किलोमिटर पक्की तथा कच्चि नयाँ सडकहरू निर्माण भइसकेको छ। ती मध्ये करिब ८५ प्रतिशत सडकमा सार्वजनिक यातायात सञ्चालनमा रहेको छ। साबिक नगर तथा गाउँ विकास समितिहरू समेटेर उप-महानगरपालिकामा रूपान्तरण गर्दा थपिएका नयाँ वडाहरूलाई जीतपुरसिमराको मुख्य व्यापारिक केन्द्रसँग सडक सञ्जालमार्फत जोडिएको छ। सडक पहुँचका हिसाबले अधिकांश वडाहरू सडक सञ्जालमा समावेश भइ सकेका छन्। तर, ग्रामीण क्षेत्रका केही वडाहरूका केही स्थानहरूमा अझै कच्ची सडकमा निर्भर रहनु परेको अवस्था विद्यमान छ। यस कारण, उप-महानगरपालिकाले मुख्य व्यापारिक केन्द्र र ग्रामीण वडाहरू बीच दिगो यातायात सेवा सञ्चालनका लागि गुणस्तरीय सडक विकासलाई प्राथमिकता दिइरहेको छ। इन्जिनियरिङ दृष्टिकोणबाट मूल्याङ्कन गर्दा सम्पूर्ण संरचनाहरूलाई लाइफ साइकल कोस्टिङ विचार गरी निर्माण गरिएको खण्डमा दीर्घकालीन मर्मत खर्च घटाउने सम्भावना उच्च छ भने सडक, नाला, पुल-पुलेसा प्रयोग भएको इन्जिनियरिङ मापदण्डले सहरी-ग्रामीण Resilient Infrastructure System निर्माणमा टेवा पुर्याउने देखिन्छ।

यस्तै गरी, यात्री प्रतीक्षालय, ट्राफिक संकेत व्यवस्थापन तथा सडक स्तरोन्नतिका कार्य नेपाल सरकार, मधेश प्रदेश सरकार तथा अन्य विकास साझेदारहरूको सहकार्यमा अगाडि बढाइएको छ। भौगोलिक र विकासका दृष्टिकोणले विविधता पूर्ण उप-महानगरपालिकाका ग्रामीण वडाहरूमा आधारभूत पूर्वाधार विकासको सुरुआत भइसकेको छ। ती क्षेत्रहरूमा कनेक्टिङ्ग सडकहरूको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ। यस्तो सडक सञ्जालको विकासले ग्रामीण वडाहरूमा सहज सार्वजनिक यातायात सेवा विस्तार मात्र होइन, "बन्दैछ जीतपुरसिमरा" को अवधारणा साकार पार्न पनि महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ। यसैले, कनेक्टिङ्ग सडक योजनाहरूलाई उप-महानगरपालिकाले उच्च प्राथमिकतामा राखेको देखिन्छ। योजनाहरूलाई Integrated Urban-Rural Linkage Development अन्तर्गत प्राथमिकता दिएर निर्माण भएका विद्यालय, अस्पताल र सामुदायिक भवनहरू सामाजिक इन्जिनियरिङ (Social Engineering) का दृष्टिले महत्वपूर्ण लगानी साबित भएका छन्। यी तथ्याङ्क र उपलब्धिहरूले उप-महानगरपालिकालाई "इन्जिनियरिङ नवप्रवर्तन र दिगो पूर्वाधार विकासको उत्कृष्ट अभ्यास" का रूपमा स्थापित गरेको छ। यसले स्थानीय विकास मात्र नभई प्रदेश स्तरमा समेत दीर्घकालीन भौतिक सम्पत्ति (Asset Creation) तथा आर्थिक समृद्धि (Economic Growth Enabler) को आधार बलियो बनाएको छ।

नगरका सबै वस्तिहरूमा सडक सञ्जालको विस्तार गरिनु पर्ने, निर्माण भएका सडकहरूको स्तरोन्नति गर्नुपर्ने, वातावरणीय प्रभाव विश्लेषण गरिनु पर्ने, सडक निर्माण गर्दा ईन्जिनियरिंग डिजाइन अनुसार विस्तृत लागत अनुमान गर्ने तथा उपकरणहरूको न्यूनतम प्रयोग गर्नु जस्ता कुराहरूको आवश्यकता रहेको छ। त्यस्तै नगरका अधिकांश स्थानहरूमा सडक, पक्की, झोलुङ्गे तथा काठे पुलहरूका अभाव रहेको छ। जसले गर्दा यातायातका साधन सञ्चालनमा समस्या, स्कूल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न र स्थानीयहरूलाई बजार गर्न जान जस्ता समस्याहरू रहेका छन्। आवश्यकता अनुसार रणनीतिक तथा प्रमुख स्थलहरूमा सडकको सञ्जाल विस्तार, पक्की, झोलुङ्गे तथा काठे पुलहरू निर्माण गर्नुपर्ने देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौती

सडक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति भए तापनि यसको दिगोपन, गुणस्तर र समावेशीतासँग सम्बन्धित विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। सबै बस्तीमा सडक पहुँच पुगेको भनिए पनि ग्रामीण क्षेत्रका केही स्थानहरू अझै कच्ची सडकमा निर्भर छन्, जसका कारण वर्षा याममा यातायात अवरुद्ध हुने, सेवा प्रवाह प्रभावित हुने तथा कृषिजन्य उत्पादन बजारसम्म पुर्याउन कठिनाइ हुने अवस्था देखिन्छ। यसले ग्रामीण सहरी समन्वित विकासको लक्ष्यलाई पूर्ण रूपमा हासिल गर्न चुनौती सिर्जना गरेको छ।

सडक निर्माण र स्तरोन्नतिका क्रममा प्राविधिक मापदण्ड पूर्ण रूपमा पालना नहुनु अर्को प्रमुख समस्या हो। विस्तृत परियोजना प्रतिवेदन (DPR), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा इन्जिनियरिङ डिजाइनअनुसार लागत अनुमान नगरी निर्माण गरिँदा गुणस्तरमा असर पर्ने, समयमै सम्पन्न नहुने र दीर्घकालीन मर्मत खर्च बढ्ने जोखिम रहन्छ। लाइफ साइकल कोस्टिङको अवधारणा व्यवहारमा पूर्ण रूपमा लागू नहुनुका कारण निर्माण सम्पन्न भए पनि नियमित मर्मत सम्भारको अभावले सडकको आयु घट्ने सम्भावना उच्च छ।

वातावरणीय पक्ष पनि महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ। सडक विस्तारका क्रममा वन क्षेत्र कटानी, प्राकृतिक जल निकास अवरुद्ध हुनु, बाढी तथा डुबानको जोखिम बढ्नु, धूलो र ध्वनि प्रदूषण वृद्धि हुनु जस्ता समस्या देखा पर्न सक्छन्। वातावरणीय प्रभाव विश्लेषणलाई अनिवार्य र प्रभावकारी रूपमा कार्यान्वयन नगरेमा दीर्घकालीन रूपमा प्राकृतिक तथा सामाजिक असर पर्न सक्छ।

सडकसँगै नाला, पुल पुलेसा तथा जल निकास संरचनाको अभावले धेरै स्थानमा यातायात सञ्चालनमा समस्या उत्पन्न भएको छ। विशेषगरी पक्की, झोलुङ्गे तथा काठे पुलहरूको अभावले विद्यार्थी, बिरामी तथा सर्वसाधारणलाई खोलानाला पार गर्दा जोखिम व्यहोर्नुपर्ने अवस्था विद्यमान छ। रणनीतिक र प्रमुख स्थानमा आवश्यक संरचना नहुँदा यातायातको निरन्तरता कायम गर्न कठिन भइरहेको छ।

आर्थिक तथा संस्थागत चुनौतीहरू पनि उल्लेखनीय छन्। सीमित बजेट, निर्माण सामग्रीको मूल्य वृद्धि, दक्ष प्राविधिक जनशक्ति अभाव तथा ठेक्का व्यवस्थापनमा हुने ढिलाइले योजनाको प्रभावकारितामा असर पार्छ। संघ, प्रदेश र स्थानीय तहवीच समन्वयमा कमजोरी भएमा योजनाको दोहोरो पन वा अपूर्णता देखिन सक्छ। सार्वजनिक निजी साझेदारीको सम्भावना भए पनि स्पष्ट नीतिगत ढाँचा र जोखिम व्यवस्थापन प्रणाली सुदृढ नभएसम्म ठूला परियोजना अघि बढाउन चुनौती रहन्छ।

सडक सुरक्षा व्यवस्थापन पनि अर्को महत्वपूर्ण विषय हो। ट्राफिक संकेत, यात्रु प्रतीक्षालय, सडक बत्ती तथा पैदल मार्गको अभावले दुर्घटना जोखिम बढ्न सक्छ। तीव्र सहरीकरणसँगै सवारी चाप वृद्धि भइ रहेकाले दीर्घकालीन यातायात व्यवस्थापन योजना आवश्यक देखिन्छ। समग्रमा, सडक पूर्वाधार विस्तारसँगै गुणस्तर नियन्त्रण, दिगोपन, वातावरणीय संरक्षण, पुल पुलेसा निर्माण, नियमित मर्मत सम्भार, वित्तीय स्रोत व्यवस्थापन र प्राविधिक क्षमता अभिवृद्धि जस्ता

विषयहरूलाई सन्तुलित रूपमा सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ । यी चुनौतीहरूको समाधान गर्दै रणनीतिक रूपमा सडक सञ्जाल विस्तार गर्न सकिएमा दिगो, सुरक्षित र उत्थानशील (Resilient) पूर्वाधार प्रणाली निर्माण गर्न सम्भव हुनेछ ।

### ६.२.३ संभावना तथा अवसर

सडक पूर्वाधार क्षेत्रले नगरको समग्र आर्थिक, सामाजिक तथा क्षेत्रीय रूपान्तरणका लागि व्यापक सम्भावना तथा अवसरहरू सिर्जना गरेको छ । सबै बस्तीमा सडक पहुँच विस्तार भइसकेको वर्तमान अवस्थाले अब “पहुँच विस्तार” बाट “गुणस्तर अभिवृद्धि र दिगोपन” तर्फ रूपान्तरण हुने अवसर प्रदान गरेको छ । यसलाई योजनाबद्ध रूपमा अघि बढाउन सकेमा सडक सञ्जाल नगरको दीर्घकालीन समृद्धिको प्रमुख आधार बन्न सक्छ ।

सबैभन्दा ठूलो अवसर ग्रामीण सहरी समन्वित विकास (Integrated Urban–Rural Linkage) मा निहित छ । मुख्य व्यापारिक केन्द्र र ग्रामीण वडाहरूलाई गुणस्तरीय कनेक्टिङ्ग सडकमार्फत जोड्दा कृषि उत्पादन, साना उद्योग, सेवा क्षेत्र तथा स्थानीय बजार विस्तारमा प्रत्यक्ष प्रभाव पर्छ । यसले कृषकलाई उत्पादन बजारसम्म सहज पुर्याउने, ढुवानी लागत घटाउने तथा ग्रामीण आयस्तर वृद्धि गर्ने अवसर प्रदान गर्दछ । परिणाम स्वरूप रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा सकारात्मक योगदान पुग्न सक्छ । दोस्रो अवसर दिगो तथा उत्थानशील (Resilient) पूर्वाधार निर्माणमा रहेको छ । लाइफ साइकल कोस्टिङ अवधारणा, गुणस्तरीय इन्जिनियरिङ मापदण्ड, वैज्ञानिक डिजाइन र नियमित मर्मत सम्भार प्रणाली अपनाउन सकेमा दीर्घकालीन रूपमा लागत बचत र पूर्वाधारको आयु वृद्धि गर्न सकिन्छ । जल निकास, नाला, पुल पुलेसा, हरित सडक किनार विकास जस्ता तत्व समावेश गर्दा सडक पूर्वाधार जलवायु अनुकूल र वातावरण मैत्री बन्न सक्छ । यसले विपद् जोखिम न्यूनीकरण र सुरक्षित यातायात प्रणाली विकासमा महत्त्वपूर्ण अवसर सिर्जना गर्दछ ।

तेस्रो अवसर लगानी तथा साझेदारी विस्तारमा रहेको छ । संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारहरूसँगको सहकार्य, साथै सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमार्फत बसपार्क, यात्री प्रतीक्षालय, स्मार्ट ट्राफिक प्रणाली, सडक बत्ती र अन्य सहायक संरचना विकास गर्न सकिन्छ । यसले स्थानीय राजस्व वृद्धि, निजी क्षेत्रको संलग्नता र प्रविधि हस्तान्तरणको अवसर प्रदान गर्दछ । चौथो अवसर सामाजिक रूपान्तरणसँग सम्बन्धित छ । गुणस्तरीय सडक सञ्जालले शिक्षा, स्वास्थ्य र प्रशासनिक सेवामा सहज पहुँच सुनिश्चित गर्छ । विद्यालय, अस्पताल र सामुदायिक भवनहरू सडकसँग प्रभावकारी रूपमा जोडिँदा सेवा प्रवाहको गुणस्तर वृद्धि हुन्छ । यसले लैङ्गिक समावेशिता, अपाङ्ग मैत्री पहुँच र सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने आधार तयार गर्छ ।

पाँचौं अवसर नवप्रवर्तन र डिजिटल प्रविधि प्रयोगमा रहेको छ । स्मार्ट ट्राफिक व्यवस्थापन, GIS आधारित सडक अभिलेख प्रणाली, डिजिटल अनुगमन तथा सार्वजनिक सूचना प्रणाली विकास गर्न सकिएमा पारदर्शिता, दक्षता र सुशासन अभिवृद्धि हुन्छ । यसले नगरलाई “इन्जिनियरिङ नवप्रवर्तन र दिगो पूर्वाधार विकास” को नमुना अभ्यासका रूपमा स्थापित गर्ने सम्भावना राख्छ ।

समग्रमा, सडक पूर्वाधार अब केवल यातायातको माध्यम मात्र नभई आर्थिक वृद्धि प्रवर्द्धक (Economic Growth Enabler), सामाजिक रूपान्तरणको साधन र दीर्घकालीन भौतिक सम्पत्ति (Asset Creation) को आधारका रूपमा विकसित हुने अवसरमा पुगेको छ । योजनाबद्ध विस्तार, गुणस्तरीय निर्माण, वातावरणीय सन्तुलन र प्रभावकारी व्यवस्थापनमार्फत सडक सञ्जाललाई नगरको समृद्ध भविष्यसँग मजबुत रूपमा आबद्ध गर्न सकिने व्यापक सम्भावना विद्यमान छ ।

### ६.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सडक सञ्जाल सुदृढीकरण, पुल निर्माण र सुरक्षित यातायात व्यवस्थापनमार्फत सुगम, सुरक्षित र आर्थिक गतिशीलता अभिवृद्धि गर्नु

**(ख) उद्देश्यहरू**

- सडक सञ्जाल र पुल पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्दै सुरक्षित, सहज र वर्षैभरि सञ्चालनयोग्य यातायात पहुँच सुनिश्चित गर्नु
- सडक सुरक्षा, यातायात व्यवस्थापन तथा हरित दिगो यातायात प्रणाली प्रवर्द्धनमार्फत आर्थिक, औद्योगिक तथा सामाजिक गतिशीलता अभिवृद्धि गर्नु

**(ग) रणनीति**

| | रणनीतिहरू | | कार्य नीतिहरू |
|---|---|---|---|
| १ | सडक पूर्वाधार स्तरोन्नति तथा विस्तार गरि यातायात व्यवस्थापन सहज बनाउने | १ | नगरभित्रका मुख्य तथा सहायक सडकहरूको स्तरोन्नति तथा कालोपत्रे/ढलान कार्य गर्न प्रदेश तथा संघीय संरचनाहरुसँग समन्वय गरिने छ । |
| | | २ | ग्रामीण तथा शहरी बस्ती जोड्ने सडक सञ्जाल विस्तार गरिनेछ । |
| | | ३ | आवश्यक स्थानमा पुल, कल्भर्ट तथा नाला निर्माण गरिनेछ । |
| | | ४ | वर्षैभरि सञ्चालन योग्य सडक निर्माणका लागि निकास तथा जल व्यवस्थापन सुदृढ गरिनेछ । |
| | | ५ | औद्योगिक क्षेत्रसँग जोडिने सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ । |
| | | ६ | सडक मर्मत सम्भार तथा नियमित अनुगमन प्रणाली विकास गरिनेछ । |
| २ | दिगो तथा वातावरण मैत्री यातायात व्यवस्थापनमा जोड दिने | १ | सडक सुरक्षा सचेतना तथा ट्राफिक व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २ | पैदलमार्ग, साइकल लेन तथा सार्वजनिक यातायात सुविधा प्रवर्द्धन गरिनेछ । |
| | | ३ | सवारी पार्किङ व्यवस्थापन तथा यातायात नियमन प्रणाली सुदृढ गरिनेछ । |
| | | ४ | सडक संकेत, बत्ती तथा सुरक्षा उपकरण जडान गरिनेछ । |
| | | ५ | हरित तथा वातावरणमैत्री यातायात प्रणाली प्रवर्द्धन गरिनेछ । |
| | | ६ | दुर्घटना जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त स्थानको सुधार गरिनेछ । |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | कालोपत्रे/ढलान बाटो बनाउने | ३ | ११ | ३ | २ | ३ |
| ३ | ग्रभेल बाटो बनाउने | ३ | ११ | ३ | २ | ३ |
| ३ | नयाँ बाटो/धुले बाटो बनाउने | ३ | ११ | ३ | २ | ३ |
| ३ | पक्कि पूल | ३ | ११ | ३ | २ | ३ |

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | कल्भर्ट | ३ | ११ | ३ | २ | ३ |
| ३ | पूरानो बाटोमा नाला बनाउने | ३ | ११ | ३ | २ | ३ |
| ३ | झोलुंगे पूल | ३ | ११ | ३ | २ | ३ |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरभित्रका स्तरीय तथा वर्षैंभरि सञ्चालन योग्य सडकको लम्बाइमा करिब .......% वृद्धि हुने अपेक्षा गरिएको छ। पुल, कल्भर्ट तथा नाला निर्माण र सुधारका कारण वर्षायाममा आवागमन अवरोधको समस्या उल्लेखनीय रूपमा घट्ने छ। औद्योगिक क्षेत्रसँग जोडिएका सडक स्तरोन्नतिका कारण मालसामान ढुवानी तथा व्यापारिक गतिविधिमा सहजता आउने लक्ष्य राखिएको छ।

सडक सुरक्षा सचेतना तथा ट्राफिक व्यवस्थापन सुदृढ भई सडक दुर्घटना दरमा .......% कमी आउने अपेक्षा गरिएको छ भने पैदलमार्ग, साइकल लेन तथा सार्वजनिक यातायात प्रवर्द्धनमार्फत सुरक्षित तथा वातावरणमैत्री यातायात संस्कृतिको विकास हुनेछ। समग्रमा आर्थिक, औद्योगिक तथा सामाजिक गतिशीलतामा सकारात्मक प्रगति हुने अनुमान गरिएको छ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

सडक तथा पुल पूर्वाधार विकासमा बजेट सीमितता, निर्माण सामग्रीको मूल्य वृद्धि, प्राविधिक जनशक्ति अभाव तथा ठेक्का व्यवस्थापनमा ढिलाइ जस्ता कारणले योजना कार्यान्वयन प्रभावित हुन सक्ने जोखिम रहेको छ। बाढी, डुवान, भू कटान तथा अन्य प्राकृतिक विपदका कारण सडक र पुल संरचनामा क्षति पुग्न सक्छ। अनियन्त्रित सहरी विस्तार, अतिक्रमण तथा कमजोर मर्मत सम्भार व्यवस्थापनले पूर्वाधारको दीर्घकालीन दिगो पनमा चुनौती उत्पन्न गर्न सक्छ। साथै ट्राफिक व्यवस्थापन कमजोर भएमा सडक सुरक्षा सम्बन्धी समस्या र दुर्घटना जोखिम कायम रहने सम्भावना विद्यमान छ।

## ६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत् आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो। नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेघाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ। नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत् ऊर्जालाई लिने गरिन्छ। यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार, यस नगरमा उज्यालोको लागि ९७.९० घर परिवारले विद्युतको प्रयोग गर्न गरेको देखिन्छ। त्यस्तै १.२० घर परिवारले सोलार/सौर्य ऊर्जा र ०.७० ले मट्टीतेल प्रयोग गर्ने गरेको पाइन्छ। त्यसैगरी ०.०५ प्रतिशतले बायो ग्याँस र ०.२० प्रतिशतले अन्य स्रोतको इन्धन प्रयोग गर्ने गरेको देखिन्छ। यसबाट के बुझिन्छ भने, यस नगरमा बत्ति बाल्नको लागि प्रयोग गरिने इन्धनको प्रमुख स्रोत नै विद्युत् हो।

राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा घर धुरीले प्रयोग गर्ने ऊर्जाको स्रोतमा बिजुलीको पहुँच अत्यन्त उच्च रहेको देखिन्छ। यहाँका कुल घर धुरीमध्ये ९७.९० प्रतिशतले बिजुली प्रयोग गर्दै आएका छन्, जसले उप-महानगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोष जनक रहेको संकेत गर्दछ। वैकल्पिक ऊर्जातर्फ हेर्दा सोलार/सौर्य ऊर्जाको प्रयोग १.२० प्रतिशत मात्र सीमित रहेको छ। यसैगरी मट्टीतेल ०.७० प्रतिशत, बायो ग्याँस ०.०५ प्रतिशत तथा अन्य स्रोत ०.२० प्रतिशत मात्र प्रयोगमा रहेका छन्। जीतपुरसिमरा उप-महानगरपालिकामा ऊर्जा प्रयोगको संरचना मुख्यतः बिजुलीमा आधारित रहे पनि दिगो ऊर्जा विकास, ऊर्जा सुरक्षाको सुदृढीकरण तथा वातावरणीय संरक्षणका लागि सौर्य तथा बायो ग्याँस जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिन्छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा खाना पकाउन प्रयोग हुने इन्धनको स्रोतमा एल. पी. ग्याँसको प्रयोग प्रमुख रूपमा रहेको देखिन्छ। कुल घर धुरीमध्ये ५५.१० प्रतिशतले एल. पी. ग्याँस प्रयोग गर्ने गरेका छन्, जसले स्वच्छ र आधुनिक इन्धनतर्फको क्रमिक समक्रमणलाई संकेत गर्दछ। यद्यपि, अझै पनि ४१.४० प्रतिशत घर धुरीले काठ/दाउरा प्रयोग गर्दै आएका छन्, जसले वन स्रोतमा चाप र स्वास्थ्यमा प्रतिकूल असरको सम्भावना देखाउँछ। अन्य इन्धन स्रोततर्फ हेर्दा गुइँठा/गोरहा १.३० प्रतिशत, बायो ग्याँस १.२० प्रतिशत, बिजुली ०.९० प्रतिशत, मट्टीतेल ०.०५ प्रतिशत तथा अन्य स्रोत ०.०५ प्रतिशत मात्र प्रयोगमा रहेका छन्। समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकामा खाना पकाउने इन्धनमा एल. पी. ग्याँसको प्रयोग बढ्दो क्रममा रहे पनि दाउरा तथा परम्परागत इन्धनमा निर्भरता अझै उल्लेख्य रहेकाले स्वच्छ, सुरक्षित र वातावरण मैत्री इन्धन प्रवर्द्धन गर्न दीर्घकालीन योजना र लक्षित कार्यक्रम आवश्यक देखिन्छ।

### ६.३.२ समस्या तथा चुनौती

उपलब्ध तथ्याङ्कले उज्यालोका लागि ९७.९० प्रतिशत घर धुरीले विद्युत् प्रयोग गरिरहेको देखाए पनि ऊर्जा क्षेत्र पूर्ण रूपमा दिगो र सुरक्षित अवस्थामा पुगेको भन्ने निष्कर्ष निकाल्न सकिँदैन। ऊर्जा संरचना अत्याधिक रूपमा एकै स्रोत बिजुलीमा निर्भर हुनु आफैँमा दीर्घकालीन ऊर्जा सुरक्षाको दृष्टिले चुनौती पूर्ण अवस्था हो। उत्पादन, प्रसारण वा वितरण प्रणालीमा अवरोध आएमा वैकल्पिक व्यवस्थाको अभावले सेवा प्रभावित हुन सक्छ। केन्द्रीय तथ्यांक विभाग द्वारा प्रकाशित राष्ट्रिय जनगणना २०७८ का आधारमा सौर्य ऊर्जा (१.२०%), बायोग्यास (०.०५%) जस्ता वैकल्पिक ऊर्जाको प्रयोग अत्यन्त न्यून रहेको देखिन्छ। यसले नवीकरणीय तथा विकेन्द्रित ऊर्जा प्रवर्द्धनमा अपेक्षित प्रगति हुन नसकेको संकेत गर्दछ। ऊर्जा स्रोत विविधीकरण नगरेसम्म जलवायु परिवर्तन, प्राकृतिक विपद् वा आपूर्ति अवरोधका अवस्थामा ऊर्जा प्रणाली कमजोर बन्ने जोखिम रहन्छ।

खाना पकाउने इन्धनतर्फ ५५.१० प्रतिशत घर धुरीले एल. पी. ग्याँस प्रयोग गरे पनि अझै ४१.४० प्रतिशत घरधुरी दाउरामा निर्भर रहनु प्रमुख चुनौती हो। दाउरा प्रयोगले वन स्रोतमा दबाब बढाउने, घरभित्र धुवाँका कारण श्वासप्रश्वाससम्बन्धी रोगको जोखिम बढाउने तथा महिलाहरूको श्रम बोझ वृद्धि गर्ने समस्या निम्त्याउँछ। गुइँठा, मट्टीतेल तथा अन्य परम्परागत इन्धनको सीमित प्रयोग भए पनि यसले स्वच्छ ऊर्जा पहुँचमा समानता कायम हुन नसकेको संकेत गर्दछ।

आर्थिक पक्ष पनि चुनौती पूर्ण छ। स्वच्छ र आधुनिक ऊर्जा उपकरण (जस्तै: इन्डक्सन चुलो, सौर्य प्रणाली, बायोग्यास प्लान्ट) जडानका लागि प्रारम्भिक लागत उच्च हुनु, सहुलियत ऋण वा अनुदान कार्यक्रम सीमित हुनु तथा प्राविधिक जनशक्ति अभावले वैकल्पिक ऊर्जा विस्तारमा अवरोध पुर्याएको छ।

प्रसारण लाइन, ट्रान्सफर्मर क्षमता, नियमित मर्मत सम्भार तथा लोड व्यवस्थापन जस्ता प्राविधिक पक्षमा पनि सुधार आवश्यक छ। विद्युत् पहुँच उच्च भए तापनि गुणस्तरीय, भरपर्दो र निरन्तर आपूर्ति सुनिश्चित गर्नु अर्को महत्वपूर्ण चुनौती हो। साथै, ऊर्जा उपयोगसम्बन्धी जन चेतनाको कमी, ऊर्जा दक्ष उपकरणको सीमित प्रयोग, तथा दिगो ऊर्जा नीतिको

स्थानीय तहमा प्रभावकारी कार्यान्वयन नहुनु पनि चुनौतीका रूपमा देखिन्छ। जलवायु परिवर्तन र बढ्दो ऊर्जा मागका सन्दर्भमा दीर्घकालीन ऊर्जा योजना, स्रोत विविधीकरण, ऊर्जा दक्षता अभिवृद्धि र वातावरण मैत्री प्रविधि प्रवर्द्धन अत्यावश्यक देखिन्छ।

समग्रमा, विद्युतीकरणको अवस्था सन्तोष जनक भए पनि ऊर्जा स्रोतको विविधीकरण, स्वच्छ इन्धन विस्तार, वातावरण संरक्षण, ऊर्जा सुरक्षा सुदृढीकरण तथा समान पहुँच सुनिश्चित गर्नु नै आगामी प्रमुख समस्या र चुनौतीका रूपमा देखिएका छन्।

### ६.३.३ संभावना तथा अवसर

ऊर्जा क्षेत्रको वर्तमान अवस्थाले चुनौतीसँगै उल्लेखनीय सम्भावना तथा अवसरहरू पनि उजागर गरेको छ। उज्यालोका लागि ९७.९० प्रतिशत घरधुरीमा विद्युत् पहुँच हुनु ऊर्जा पूर्वाधार विस्तारको सशक्त आधार हो। राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्कले देखाएको उच्च विद्युतीकरण दरले अब "पहुँच विस्तार" बाट "गुणस्तर, दक्षता र विविधीकरण" तर्फ उन्मुख हुने अवसर प्रदान गरेको छ।

सबैभन्दा ठूलो अवसर ऊर्जा स्रोतको विविधीकरणमा रहेको छ। हाल सौर्य ऊर्जा (१.२०%) र बायोग्यास (०.०५%) को प्रयोग न्यून रहे पनि घामको उच्च उपलब्धता, कृषि तथा पशुपालन क्रियाकलापको उपस्थिति र ग्रामीण बस्ती संरचनालाई ध्यानमा राख्दा सौर्य प्रणाली, रूफटप सोलार, सोलार स्ट्रीट लाइट तथा बायोग्यास प्लान्ट विस्तार गर्ने व्यापक सम्भावना छ। यसले ऊर्जा सुरक्षालाई सुदृढ बनाउनका साथै जलवायु अनुकूल विकासलाई टेवा पुर्याउँछ। खाना पकाउने इन्धनतर्फ ५५.१० प्रतिशत घर धुरीले एल. पी. ग्याँस प्रयोग गरिरहेको अवस्था स्वच्छ ऊर्जा तर्फको संक्रमणको संकेत हो। यसलाई थप विस्तार गर्दै विद्युतीय चुलो (इन्डक्सन), सामुदायिक बायोग्यास तथा सुधारिएको चुलो प्रवर्द्धन गर्न सकिएमा ४१.४० प्रतिशत दाउरामा निर्भर घर धुरीलाई क्रमशः स्वच्छ इन्धनमा रूपान्तरण गर्ने अवसर रहेको छ। यसले वन संरक्षण, महिला स्वास्थ्य सुधार तथा कार्बन उत्सर्जन न्यूनीकरणमा सकारात्मक प्रभाव पार्नेछ।

ऊर्जा क्षेत्र आर्थिक रूपान्तरणको आधार पनि बन्न सक्छ। साना तथा मझौला उद्योग, कोल्ड स्टोर, कृषि प्रशोधन, डिजिटल सेवा, सूचना प्रविधि तथा व्यावसायिक प्रतिष्ठानहरूलाई भरपर्दो विद्युत् उपलब्ध गराएर स्थानीय उत्पादन र रोजगारी विस्तार गर्न सकिन्छ। ऊर्जाको गुणस्तरीय आपूर्तिले लगानी आकर्षण र औद्योगिक विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। साथै, ऊर्जा दक्षता (Energy Efficiency) प्रवर्द्धन गर्ने ठूलो अवसर छ। ऊर्जा बचत गर्ने उपकरण, LED बत्ती, स्मार्ट मिटर, डिजिटल अनुगमन प्रणाली तथा जन चेतना कार्यक्रममार्फत विद्युत् खपत व्यवस्थापन गर्न सकिन्छ। यसले लागत घटाउने, ऊर्जा प्रणालीको दिगोपन बढाउने तथा वातावरणीय प्रभाव न्यून गर्ने आधार तयार गर्दछ।

संघ, प्रदेश तथा स्थानीय तहवीच समन्वय, अनुदान तथा सहुलियत ऋण कार्यक्रम, सार्वजनिक निजी साझेदारी (PPP) र विकास साझेदारहरूको सहकार्यबाट वैकल्पिक ऊर्जा परियोजना विस्तार गर्न सकिन्छ। ऊर्जा क्षेत्रमा नवप्रवर्तन (Innovation), प्रविधि हस्तान्तरण र हरित लगानी (Green Investment) आकर्षित गर्ने अवसर पनि उत्तिकै बलियो देखिन्छ। उच्च विद्युतीकरणको वर्तमान अवस्थालाई आधार बनाउँदै ऊर्जा स्रोत विविधीकरण, स्वच्छ इन्धन प्रवर्द्धन, ऊर्जा दक्षता अभिवृद्धि तथा हरित प्रविधि विस्तारमार्फत ऊर्जा क्षेत्रलाई दिगो, सुरक्षित र आर्थिक वृद्धि प्रवर्द्धक क्षेत्रका रूपमा विकास गर्ने व्यापक सम्भावना र अवसर विद्यमान छन्।

### ६.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

जलस्रोत संरक्षण र नियमित विद्युत् आपूर्ति सुनिश्चित गर्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्नु

**(ख) उद्देश्यहरू**

- जलस्रोतको संरक्षण, व्यवस्थापन तथा बहुउपयोग प्रवर्द्धन गर्दै दिगो पानी उपलब्धता सुनिश्चित गर्नु
- नियमित, सुरक्षित तथा गुणस्तरीय विद्युत आपूर्ति सुदृढ गरी घरधुरी, उद्योग तथा सार्वजनिक सेवामा ऊर्जा पहुँच अभिवृद्धि गर्नु
- सौर्य, बायोग्यास लगायत नवीकरणीय तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी वातावरणमैत्री तथा दिगो ऊर्जा प्रणाली विकास गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | जलस्रोत पहिचान, संरक्षण तथा दिगो व्यवस्थापन सुदृढ गर्ने | १ | मुहान, खोला तथा जलाधार क्षेत्र पहिचान तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | सिँचाइ तथा बहुउद्देश्यीय पानी उपयोगका योजना विकास गरिनेछ। |
| | | ३ | वर्षातको पानी संकलन तथा भू जल पुनर्भरण कार्यक्रम प्रवर्द्धन गरिनेछ। |
| | | ४ | जलस्रोत अतिक्रमण नियन्त्रण तथा नियमित अनुगमन गरिनेछ। |
| २ | विद्युत पूर्वाधार तथा सेवा पहुँच सुदृढ गर्ने | १ | विद्युत वितरण प्रणाली सुधार तथा लाइन स्तरोन्नतिका लागि विद्युत प्राधिकरणसँग समन्वय गरिने छ। |
| | | २ | ट्रान्सफर्मर क्षमता वृद्धि तथा मर्मत सम्भारका कार्यहरुमा सहकार्य गरिने छ |
| | | ३ | उद्योग तथा नयाँ बस्तीमा विद्युत विस्तारका लागि सहजीकरण गरिनेछ। |
| | | ४ | सार्वजनिक स्थानमा सडक बत्ती तथा ऊर्जा पहुँच विस्तार गरिनेछ। |
| | | ५ | ऊर्जा दक्ष उपकरण प्रयोग प्रवर्द्धन गरिनेछ। |
| ३ | वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने। | १ | सौर्य ऊर्जा प्रणाली जडान तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | २ | बायोग्यास तथा अन्य नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धन गरिनेछ। |
| | | ३ | सार्वजनिक भवनमा सौर्य तथा ऊर्जामैत्री प्रविधि प्रयोग गरिनेछ। |
| | | ४ | वैकल्पिक ऊर्जासम्बन्धी सचेतना तथा प्राविधिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | नाङ्गो तार विस्थापन | ३ | ७ | १ | २ | २ |
| ३ | बिद्युतीय चुलो बितरण | ३ | ७ | १ | २ | २ |
| ३ | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | ३ | ७ | १ | २ | २ |
| ३ | थ्रीफेज लाइन विस्तार | ३ | ७ | १ | १ | २ |
| ३ | विद्युतीय पोल स्थानान्तरण | ३ | ७ | १ | १ | २ |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जलस्रोत संरक्षण तथा वर्षा पानी संकलन कार्यक्रम प्रभावकारी भई पानी उपलब्धताको स्थायित्वमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ। सिँचाइ तथा बहुउद्देश्यीय पानी उपयोग योजनाबाट कृषि योग्य जमिनमा पानी पहुँचमा १८% वृद्धि हुने छ। विद्युत् वितरण प्रणाली सुधार र ट्रान्सफर्मर क्षमता अभिवृद्धिबाट नियमित विद्युत् आपूर्तिमा सुधार भई उद्योग तथा घर धुरीको सेवा अवरोधमा कमी आउने लक्ष्य राखिएको छ। सौर्य तथा अन्य वैकल्पिक ऊर्जा प्रणाली विस्तार भई नवीकरणीय ऊर्जाको उपयोगमा १३% वृद्धि हुने अपेक्षा गरिएको छ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

जलस्रोत सुक्ने अवस्था, भूमिगत पानीको अत्याधिक दोहन तथा जलवायु परिवर्तनका कारण बाढी–सुख्खा जस्ता चरम अवस्थाले पानी उपलब्धता प्रभावित हुने जोखिम व्याप्त छ। जलाधार अतिक्रमण तथा संरक्षण कार्यक्रमको कमजोर कार्यान्वयनले दिगो पनमा चुनौती सिर्जना हुनेछ। विद्युत् पूर्वाधार विस्तारमा बजेट सीमितता, प्राविधिक जनशक्ति अभाव तथा मर्मत सम्भारमा ढिलाइ हुँदा नियमित आपूर्ति प्रभावित हुने गर्दछ। साथै सौर्य तथा वैकल्पिक ऊर्जा प्रविधिको प्रारम्भिक लागत उच्च हुनु, प्राविधिक ज्ञान अभाव तथा निजी क्षेत्रको न्यून सहभागिताले नवीकरणीय ऊर्जा प्रवर्द्धनमा अवरोध उत्पन्न गर्न सक्ने सम्भावना विद्यमान छ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सृर्जित चुनौती सामना गर्न तथा सृर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनीतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ। प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार जीतपुरसिमरा उप-महानगरपालिकामा सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच उल्लेख्य रूपमा विस्तार भएको देखिन्छ। यहाँका घर धुरीमध्ये ७९.६० प्रतिशतमा साधारण मोबाइल फोन र ७४.२० प्रतिशतमा स्मार्ट मोबाइल उपलब्ध रहेको छ, जसले डिजिटल सञ्चारको पहुँच व्यापक बन्दै गएको संकेत गर्दछ। यसैगरी टेलिभिजन ६२.०० प्रतिशत घरधुरीमा उपलब्ध रहेको छ भने रेडियोको पहुँच २२.३० प्रतिशत रहेको देखिन्छ। आधुनिक सूचना प्रविधितर्फ हेर्दा कम्प्युटर/ल्यापटपको प्रयोग ११.६० प्रतिशत मात्र सीमित रहेको छ भने इन्टरनेट सुविधामा पहुँच ३५.६० प्रतिशत घरधुरीमा रहेको छ। ल्याण्ड लाइन टेलिफोनको प्रयोग २.१० प्रतिशत मात्र रहेकोले यसको प्रयोग क्रमशः घट्दो अवस्थामा रहेको स्पष्ट हुन्छ। समग्रमा, जीतपुरसिमरा उप-महानगरपालिकामा मोबाइल तथा टेलिभिजन जस्ता माध्यमको पहुँच सन्तोष जनक रहे पनि डिजिटल साक्षरता अभिवृद्धि, इन्टरनेट पूर्वाधार विस्तार तथा कम्प्युटर प्रयोग प्रवर्द्धनमार्फत डिजिटल विभाजन न्यूनीकरण गर्न अझै लक्षित पहल आवश्यक देखिन्छ।

### ६.४.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उप-महानगरपालिकामा सूचना तथा सञ्चार प्रविधिको पहुँच उल्लेखनीय भए तापनि यस क्षेत्रमा केही समस्या तथा चुनौतीहरू अझै विद्यमान छन्। सबैभन्दा ठूलो चुनौती डिजिटल विभाजन (Digital Divide) हो।

मोबाइल फोन र टेलिभिजन पहुँच उच्च भए तापनि कम्प्युटर/ल्यापटप प्रयोग मात्र ११.६० प्रतिशत र इन्टरनेट पहुँच ३५.६० प्रतिशत मात्र रहेको छ। यसले डिजिटल सेवाको समान पहुँच सुनिश्चित गर्न चुनौती उत्पन्न गर्दछ। विशेषगरी ग्रामीण वडाहरू, विपन्न वर्ग, महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायहरू डिजिटल पहुँचबाट अझै पछाडि परेका छन्। डिजिटल साक्षरता अभाव अर्को समस्या हो। अधिकांश नागरिक मोबाइल वा टेलिभिजन प्रयोग गर्न सक्षम भए पनि इन्टरनेट, स्मार्ट एप्स, अनलाइन सेवा वा सरकारी ई सेवा पहुँच र प्रयोगमा पर्याप्त दक्ष छैनन्। यसले डिजिटल शासन, अनलाइन सेवा र नागरिक सरकार अन्तरक्रिया प्रभावकारी रूपमा सञ्चालन हुन नदीन सक्छ।

पूर्वाधारसम्बन्धी चुनौती पनि उल्लेखनीय छ। इन्टरनेटको गुणस्तरीय पहुँच सीमित छ, ब्रॉडब्याण्ड र फाइबर नेटवर्क सबै क्षेत्रमा उपलब्ध छैनन्। विद्युत् अस्थिरता, नेटवर्क अवरोध वा उपकरणको अभावले डिजिटल सेवाको निरन्तरता र भरपर्दो प्रयोगमा प्रभाव पार्छ साथै, सुरक्षित डेटा व्यवस्थापन, साइबर सुरक्षा, गोपनीयता संरक्षण र अनलाइन धोखा धडी न्यूनीकरणका लागि कानुनी प्राविधिक संरचना अझै बलियो छैन। नागरिकले डिजिटल सेवा प्रयोग गर्दा जोखिम रहि रहन्छ।

आर्थिक तथा संस्थागत चुनौती पनि छन्। सबै वडाहरूमा ICT उपकरण, प्रशिक्षित मानव शक्ति र बजेट उपलब्धता सीमित छ। यसले ई शासन, अनलाइन शिक्षा, टेलि हेल्थ तथा स्मार्ट नगर विकासको दिगो कार्यान्वयनमा अवरोध पुर्याउँछ। डिजिटल पहुँच उच्च भए पनि डिजिटल साक्षरता अभाव, कम्प्युटर/इन्टरनेट सीमितता, पूर्वाधार असमानता, साइबर सुरक्षा र प्राविधिक संस्थागत कमजोरी जस्ता चुनौतीहरूले सूचना तथा सञ्चार प्रविधिको पूर्ण उपयोगमा बाधा पुर्याइरहेका छन्। यी चुनौती समाधान नगरेसम्म डिजिटल सेवा, ई शासन र स्मार्ट सहर विकासमा अपेक्षित प्रभावकारीता हासिल गर्न कठिनाइ हुनेछ।

### ६.४.३ संभावना तथा अवसर

जीतपुरसिमरा उप-महानगरपालिकामा सूचना तथा सञ्चार प्रविधि (ICT) क्षेत्रमा व्यापक पहुँच र पूर्वाधारले धेरै सम्भावना तथा अवसरहरू सिर्जना गरेको छ। मोबाइल फोन ७९.६०%, स्मार्टफोन ७४.२०% र टेलिभिजन ६२.००% घरधुरीमा उपलब्ध हुनु डिजिटल सञ्चार पहुँच व्यापक भइसकेको स्पष्ट संकेत हो। यस अवसरलाई उपयोग गर्दै सरकारी सेवा, सामाजिक सुरक्षा कार्यक्रम, कर भुक्तानी र आवेदन प्रक्रियाहरू डिजिटल माध्यमबाट छरितो, छिटो र पारदर्शी रूपमा प्रवाह गर्न सकिन्छ, जसले प्रशासनिक दक्षता, चुस्तता र भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुर्याउँछ। साथै, इन्टरनेट पहुँच ३५.६०% भए पनि यसलाई अनलाइन शिक्षा, डिजिटल पुस्तकालय, कोडिङ प्रशिक्षण र विद्युतीय शिक्षण सामग्री पहुँच विस्तारका लागि उपयोग गर्न सकिन्छ, जसले डिजिटल साक्षरता अभिवृद्धि र ज्ञान आधारित समाजको विकासमा योगदान पुर्याउँछ। आर्थिक दृष्टिले ICT पहुँचले स्थानीय उद्यम, ई व्यापार, साना व्यवसाय, कृषि बजार सूचना, डिजिटल भुक्तानी र बैंकिङ सेवा प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछ, जसले रोजगारी सिर्जना र स्थानीय आर्थिक गतिविधि विस्तारमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। सामाजिक समावेशिताको दृष्टिले महिलाहरू, अपाङ्ग, सीमान्तकृत र ग्रामीण समुदायलाई शिक्षा, स्वास्थ्य र सरकारी योजना पहुँचमा समावेश गर्न डिजिटल माध्यमले ठूलो अवसर दिन्छ। यसैगरी, ICT पूर्वाधार नव प्रवर्तनका लागि पनि आधार तयार गरेको छ; स्मार्ट सिटी, GIS आधारित योजना, मोबाइल एप्स, क्लाउड आधारित सेवा र IoT (Internet of Things) प्रविधि जस्ता नव प्रवर्तनमार्फत स्थानीय विकासलाई दिगो र प्रविधि मैत्री बनाउन सकिन्छ।

डिजिटल सञ्चार र मोबाइल नेटवर्कको उपयोगले आपत्कालिन सूचना, स्वास्थ्य सन्देश, मौसम पूर्वानुमान तथा विपद् सूचनाहरू छिटो, व्यापक र भरपर्दो रूपमा नागरकसम्म पुर्याउने अवसर पनि सिर्जना गरेको छ। यी सबै अवसरहरूको संयोजन, लक्षित नीति, डिजिटल साक्षरता अभिवृद्धि, कम्प्युटर र इन्टरनेट पहुँच विस्तार तथा सुरक्षित डिजिटल

प्रणालीको कार्यान्वयनले उप-महानगरपालिकालाई दिगो, स्मार्ट र समावेशी विकासको मार्गमा अगाडि बढाउने व्यापक सम्भावना प्रदान गर्दछ।

### ६.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

सूचना प्रवाह सुदृढीकरण, डिजिटल सुशासन विस्तार तथा डिजिटल पूर्वाधार विकासमार्फत प्रविधि मैत्री र उत्तरदायी सेवा प्रणाली स्थापना गर्नु

**(ख) उद्देश्यहरू**

- डिजिटल सुशासन प्रणाली सुदृढ गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र छरितो बनाउनु
- सूचना तथा सञ्चार पूर्वाधार विस्तार र डिजिटल साक्षरता प्रवर्द्धनमार्फत नागरिकको सूचना पहुँच र प्रविधि उपयोग क्षमता अभिवृद्धि गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | डिजिटल प्रविधिमैनगरका रूपमा विकास गर्दै सेवा प्रवाहलाई गुणस्तरीय, छिटो छरितो बनाउने | १ | सेवाग्राही लक्षित प्रमुख सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमा लिई चुस्तदुरुस्त सेवा प्रवाहको सुनिश्चितता गरिने छ। |
| | | २ | दर्ता, सिफारिस, कर तथा राजस्व व्यवस्थापन प्रणालीलाई डिजिटल बनाइनेछ |
| | | ३ | विद्युतीय फाइल प्रणाली तथा अभिलेख व्यवस्थापन सुदृढ गरिनेछ। |
| | | ४ | सूचना प्रवाहका लागि आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। |
| २ | सूचना तथा सञ्चार पूर्वाधार र डिजिटल साक्षरता विस्तार गर्ने | १ | कार्यालय तथा सेवा केन्द्रमा इन्टरनेट प्रविधिमा आधारित पूर्वाधार विस्तार गरिनेछ। |
| | | २ | सामुदायमा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३ | विद्यालय तथा सार्वजनिक संस्थामा प्रविधिको प्रयोग प्रवर्द्धन गरिनेछ। |
| | | ४ | डिजिटल डेटा सुरक्षा तथा साइबर सुरक्षा प्रणाली सुदृढ गरिनेछ। |
| | | ५ | सूचना पहुँचमा समानता सुनिश्चित गर्न लक्षित वर्ग अभिमुखीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ३ | फाइबर नेट विस्तार (सबै बस्ती) | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | ३ | ९ | ३ | ३ | ३ |
| ३ | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | ३ | ९ | ३ | ३ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | ३ | ९ | ३ | ३ | ३ |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सेवा प्रवाहमा कम्तीमा .......% सेवा अनलाइन प्रणालीमार्फत उपलब्ध हुने अपेक्षा गरिएको छ। दर्ता, सिफारिस, कर तथा राजस्व व्यवस्थापन डिजिटल भई सेवा प्राप्तिमा लाग्ने समय र लागतमा उल्लेखनीय कमी आउने छ। विद्युतीय अभिलेख तथा फाइल प्रणाली सुदृढ भई प्रशासनिक पारदर्शिता र कार्यक्षमतामा सुधार हुनेछ। सूचना तथा सञ्चार पूर्वाधार विस्तारसँगै डिजिटल साक्षरता कार्यक्रममा सहभागी नागरिकको संख्यामा .......% वृद्धि हुने लक्ष्य राखिएको छ। विद्यालय तथा सार्वजनिक संस्थामा प्रविधिको प्रयोग बढ्दै सेवा पहुँचमा समानता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

सूचना तथा सञ्चार प्रविधि प्रणाली विस्तारका क्रममा बजेट सीमितता, प्राविधिक जनशक्ति अभाव तथा उपकरण मर्मत सम्भारमा ढिलाइ जस्ता कारणले कार्यक्रम कार्यान्वयन प्रभावित हुने गर्दछ। डिजिटल प्रणालीमा कर्मचारी तथा सेवा ग्राहीको न्यून दक्षता कमी भएमा सेवा प्रभावकारितामा अवरोध सिर्जना गर्न सक्छ। इन्टरनेट पहुँचको असमानता तथा ग्रामीण क्षेत्रमा कमजोर नेटवर्कले सूचना पहुँचमा असमानता कायम रहन सक्ने जोखिम पनि छ। साथै साइबर सुरक्षा जोखिम, डाटा सुरक्षा कमजोरी तथा प्रणालीमा प्राविधिक अवरोध उत्पन्न भएमा सेवा प्रवाहमा समस्या आउन सक्ने सम्भावना रहन्छ।

## परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण वायु, पानी र जमिन माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन। ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ।

हाम्रो देशको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र

प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र सम्वर्द्धनको अनिवार्यता पनि। केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन्। मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ। प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन। वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू स्थानिय सरकारको कार्यक्षेत्र भित्र पर्छन्। हरियाली प्रवर्द्धन सहित दिगो, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको उप-महानगरपालिका निर्माण गर्ने भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको सम्वृद्धिको प्रमुख आधार मध्येको एक हो वन, हाल सरकारी आँकडा अनुसार देशको कुल क्षेत्रफलको ४४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। वन आधारभूत वर्गका मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोत पनि हो। नेपालले सामुदायिक वन संरक्षणमा गरेको प्रगति अन्तर्राष्ट्रिय जगतमै प्रशंसा योग्य छ। वन जंगल संरक्षणले हाल विश्वमा बढ्दै गइरहेको तापक्रमलाई सन्तुलनमा राख्न मात्र नभएर जलवायु परिवर्तनको मारबाट जोगाउन सघाउ पुर्याउँछ।
पर्सा बारा क्षेत्रमा अवस्थित जीतपुरसिमरा उप-महानगरपालिकामा उष्ण कटिबन्धीय जलवायु, समथर तराई भू आकृति तथा चुरे क्षेत्रको नजिक पनका कारण विविध प्रकारका बोट बिरुवाहरू पाइन्छन्। यहाँ प्राकृतिक वन क्षेत्र, सामुदायिक वन, खेतबारी, सडक किनार, नदी, खोला आसपास तथा बस्ती क्षेत्रसम्म फैलिएका वनस्पतिहरूले स्थानीय जैविक विविधतालाई समृद्ध बनाएका छन्। प्राकृतिक वन क्षेत्रमा साल (Shorea robusta) प्रमुख वृक्षका रूपमा पाइन्छ भने सिसौ (Dalbergia sissoo), खयर (Acacia catechu), असना, हर्रो, बर्रो, आँपटी, पलाँस र कुसुम जस्ता वनस्पति पनि उल्लेखनीय छन्। चुरे तथा वन क्षेत्र नजिक बाँसका विभिन्न प्रजाति, घाँसे वनस्पति तथा झाडी प्रजातिहरू प्रशस्त देखिन्छन्, जसले माटो संरक्षण र वातावरणीय सन्तुलनमा योगदान पुर्याएका छन्।
कृषि तथा बस्ती क्षेत्रतर्फ आँप, लिची, केरा, अम्बा, जामुनो, कटहर, स्याउल (साइट्रस) जस्ता फलफूलका बोटहरू घरआँगन र बगैंचामा व्यापक रूपमा रोपिएका छन्। साथै नीम, पीपल, बर, समी, तुलसी, अमला जस्ता धार्मिक, औषधीय तथा वातावरणीय महत्व बोकेका बोट बिरुवाहरू पनि सर्वसाधारणको दैनिक जीवनसँग जोडिएका छन्। औषधीय वनस्पतिमा गुर्जो, घ्यू कुमारी, असुरो, तितेपाती, बोझो, पुदिना जस्ता जडीबुटीहरू स्थानीय रूपमा प्रयोगमा रहेका छन्। यसरी जीतपुरसिमरा उप-महानगरपालिकामा पाइने बोट बिरुवाहरूले वातावरण संरक्षण, जीविकोपार्जन, स्वास्थ्य, धार्मिक आस्था तथा स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। यस उप-महानगरपालिकाको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जल विद्युत्, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग गाँसिएको छ। यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटन विस्तार सम्वृद्धिको आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायका सहभागिता एवं पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्त्वपूर्ण सूचक हुन। उप-महानगरपालिकामा उपलब्ध वनस्पतिका स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिने प्रचुर सम्भावना रहेको छ।

पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएको क्षेत्रभित्र पर्ने जीतपुरसिमरा उप-महानगरपालिकामा जैविक विविधता अत्यन्त समृद्ध रहेको छ। निकुञ्जको वन्य वातावरण, चुरे पहाडको भौगोलिक बनावट, घना साल वन, घाँसे मैदान तथा नदी, खोलाको उपस्थितिका कारण यहाँ विभिन्न दुर्लभ तथा संरक्षित वन्यजन्तुहरू पाइन्छन्। पर्सा राष्ट्रिय निकुञ्ज मूलतः तराई चुरे भू भागमा फैलिएको संरक्षित क्षेत्र भएकाले यसको प्रभाव उप-महानगरपालिका आसपासका वन र बस्ती क्षेत्रसम्म देखिन्छ।

यहाँ पाइने प्रमुख स्तनधारी जनावरहरूमा हात्ती, बाघ, चितुवा, भालु, नीलगाई, चित्तल, सांभर, मृग, बनबिरालो, स्याल, बँदेल, जंगली भैँसी तथा खरायो उल्लेखनीय छन्। विशेषगरी जंगली हात्ती र बाघ जस्ता संरक्षित तथा संकटापन्न प्रजातिहरू पर्सा राष्ट्रिय निकुञ्जको पहिचान हुन्, जसको आवागमन कहिलेकाहीँ उप-महानगरपालिका आसपासका वन क्षेत्र र खेतबारीसम्म हुने गरेको पाइन्छ। यसले जैविक महत्व त बढाएको छ नै, साथै मानव वन्यजन्तु द्वन्द्वको चुनौती पनि देखाएको छ। चराचुरुङ्गीको दृष्टिले पनि यो क्षेत्र अत्यन्त समृद्ध छ। वन, घाँसे मैदान र जलाशय क्षेत्रमा सारस, बकुल्लो, मयूर, सुगा पक्षी, बाज, चिल, उल्लू, कठ फोडुवा, मैना, भँगेरो, बतख तथा विभिन्न प्रजातिका पानी चरा पाइन्छन्। यी चराहरूले वातावरणीय सन्तुलन कायम राख्नका साथै प्राकृतिक सुन्दरतामा थप योगदान पुर्याएका छन्। पर्सा राष्ट्रिय निकुञ्ज चराचुरुङ्गी संरक्षणका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ।

यस क्षेत्रमा सरीसृप तथा उभयचर प्रजातिहरू पनि प्रशस्त छन्। अजिंगर, धामन, गोमन, करेत जस्ता सर्प, घडियाल र मगर (नदी आसपास), छेपारो, गोहोरो जस्ता सरीसृप तथा विभिन्न प्रजातिका भ्यागुतो र ट्याडहरू पाइन्छन्। साथै वन र खेतबारी क्षेत्रमा मौरी, पुतली, कीरा फट्याङ्ग्रो जस्ता साना जीवहरूले पराग सेचन, माटो उर्वरता र खाद्य श्रृंखला सन्तुलनमा महत्वपूर्ण भूमिका खेलेका छन्। यसरी पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएको कारण जीतपुरसिमरा उप-महानगरपालिका क्षेत्र वन्यजन्तु तथा जैविक विविधताका दृष्टिले अत्यन्त महत्वपूर्ण छ। यी जनावरहरूको संरक्षणले वातावरणीय सन्तुलन, पर्यटन प्रवर्द्धन तथा भावी पुस्ताका लागि प्राकृतिक सम्पदाको दिगो उपयोग सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्याउँछ।

वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारी करण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि उप-महानगरपालिकामा अवस्थित ताल तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्तिको र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास आयोजनाहरूको लागि बायोईन्जिनियरिङ्ग र वन अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साह र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ

### ७.१.२ समस्या तथा चुनौती

वन व्यवस्थापन तथा जैविक विविधता क्षेत्रका प्रमुख समस्याहरूमा अवैध वन दोहन, चोरी शिकारि र अतिक्रमण आदि रहेका छन्। बढ्दो जनसङ्ख्या र अव्यवस्थित सहरीकरणले वन क्षेत्र संकुचित हुँदै गएको छ भने वन पैदावारको अत्याधिक उपयोगले पारिस्थितिकीय प्रणालीमा असन्तुलन उत्पन्न भएको छ। मानव-वन्यजन्तु द्वन्द्व बढ्दो छ, जसले दुवै पक्षमा क्षति पुर्याइरहेको छ। वन क्षेत्र विखण्डनले वन्यजन्तुको वासस्थान साँघुरिँदै गएको छ भने आगलागी, चरी चरन र वैज्ञानिक व्यवस्थापनको अभावले वनको गुणस्तरमा ह्रास आएको छ।

वन तथा जैविक विविधता संरक्षणका प्रमुख चुनौतीहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलन रणनीतिको प्रभावकारी कार्यान्वयन रहेको छ। विकास निर्माणका योजनाहरूलाई वन संरक्षणसँग सन्तुलन मिलाउन कठिनाइ छ भने सीमित स्रोत साधन र जनशक्तिले संरक्षण कार्यलाई प्रभावकारी बनाउन चुनौती थपेको छ। स्थानीय

समुदायको आजीविका र वन संरक्षण बीचको द्वन्द्व व्यवस्थापन गर्नु, अन्तर-क्षेत्रीय समन्वय अभाव र वन क्षेत्रको अतिक्रमण रोक्न कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्नु पनि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### ७.१.३ संभावना तथा अवसर

सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रियता यस उप-महानगरपालिकामा वन तथा जैविक विविधता क्षेत्रका सम्भावनाहरू मध्ये एक हो जसले वन व्यवस्थापनमा ठूलो योगदान पुर्याएको छ। त्यसरी नै यहाँको जैविक विविधता पर्यटन प्रवर्द्धनको अर्को प्रमुख सम्भावना हो। विशेष गरी पक्षी अवलोकन, वन्यजन्तु सफारी र इको-टूरिज्मका लागि उपयुक्त वातावरण छ। वन पैदावार (घाँस, दाउरा, जडीबुटी) को दिगो उपयोगबाट स्थानीय अर्थतन्त्र सुदृढ गर्न सकिन्छ। चुरे क्षेत्रको भू-संरक्षण र भू-क्षय नियन्त्रणमा वनले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

वन तथा जैविक विविधता क्षेत्रका अवसरहरूमा हरित विकास र कार्बन व्यापारको सम्भावना प्रमुख रहेको छ तर यसका लागि राज्यको नीतिगत पहल देखि सबै सरोकारवाला पक्षको समन्वयात्मक भूमिका जरुरी हुन्छ। संघीय तथा प्रदेश सरकारबाट वन संरक्षण र जलवायु अनुकूलन सम्बन्धी कार्यक्रमहरूमा वित्तीय सहायता र प्राविधिक सहयोग प्राप्त गर्न सकिने अवसर पनि त्यतिकै छ। जैविक विविधता संरक्षणलाई पर्यटनसँग जोडेर रोजगारी सिर्जना र आय आर्जन वृद्धि गर्न सकिने देखिन्छ। वैज्ञानिक वन व्यवस्थापन प्रविधि अपनाई वनको उत्पादकत्व वृद्धि गर्दै स्थानीय उद्योगहरूलाई कच्चा पदार्थ उपलब्ध गराउने अवसरलाई सदुपयोग गर्न सकेको खण्डमा जीतपुरसिमरा उप-महानगरपालिकाको आर्थिक उन्नतिमा वन तथा जैविक विविधताले ठूलो योगदान पुर्याउने देखिन्छ।

### ७.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

दिगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी पारिस्थितिकीय सन्तुलन कायम राख्दै स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुर्याउनु।

**(ख) उद्देश्यहरू**

- सामुदायिक वन तथा संरक्षित क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापन र पुनर्स्थापना मार्फत वनको गुणस्तर, घनत्व र क्षेत्रफल वृद्धि गर्दै लोपोन्मुख वन्यजन्तु तथा वनस्पति प्रजातिहरूको संरक्षण गर्नु
- वन पैदावरको दिगो उपयोग, जडीबुटी खेती प्रवर्द्धन, र इको-टूरिज्मको विकास गरी स्थानीय समुदायको आयआर्जनमा वृद्धि ल्याउँदै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | स्थानीय सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि गर्दै वन संरक्षण तथा व्यवस्थापनमा उनीहरूको सक्रिय | १ | सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि तथा पुन संरचना गरिनेछ। |
| | | २ | वन संरक्षणमा आमा समूह, युवा क्लब र विद्यालयहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। |
| | | ३ | वन अनुगमनमा स्थानीय समुदायलाई परिचालन गर्दै सूचना संकलन प्रणाली विकास गरिनेछ। |
| | | ४ | सार्वजनिक-निजी-साझेदारीमा वन विकास तथा हरित उद्यमशीलता प्रवर्द्धन गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | सहभागिता सुनिश्चित गर्ने । | ५ | सामुदायिक वनमा आश्रित समुदायको पहिचान गरि वैकल्पिक जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| २ | वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा गरी चुरे क्षेत्रको भू-संरक्षण र वन पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने | १ | वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायहरूसँग समन्वय कारी भूमिका निभाइने छ । |
| | | २ | चुरे क्षेत्रमा भू-क्षय नियन्त्रण तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ३ | वन आगलागी नियन्त्रणका लागि दमकल सहितको पूर्वाधार र स्वयंसेवक परिचालन गरिने छ । |
| | | ४ | वन क्षेत्रको अतिक्रमण रोक्न सीमाङ्कन तथा नियमित अनुगमन प्रणाली विकास गरिनेछ । |
| ३ | वन पैदावारको दिगो उपयोग, जडीबुटी खेती तथा इको-टूरिज्म प्रवर्द्धन गरी हरित उद्यमशीलता र रोजगारी सिर्जना गर्ने । | १ | वन पैदावार (घाँस, दाउरा, जडीबुटी) को दिगो उपयोगका लागि योजना तर्जुमा गरिनेछ । |
| | | २ | सामुदायिक वनहरूमा जडीबुटी खेती तथा प्रशोधन केन्द्र स्थापना गरिने छ । |
| | | ३ | इको-टूरिज्म प्रवर्द्धनका लागि पद मार्ग, अवलोकन केन्द्र तथा होमस्टे कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ४ | गैर-काष्ठ वन पैदावारको बजारीकरण तथा सहकारी मार्फत हरित उद्यमशीलता प्रवर्द्धन गरिने छ । |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | वैज्ञानिक वन व्यवस्थापन (अग्नि रेखा निर्माण, वन्यजन्तुका लागि पानी पोखरी निर्माण, अतिक्रमित प्रजातिको नियन्त्रण) | ४ | १५ | ७ | २ | १ |
| ४ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | ४ | १५ | ७ | २ | १ |
| ४ | सामुदायिक वनको संरक्षण कार्यक्रम | ४ | १५ | ७ | २ | १ |
| ४ | वन जंगलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | ४ | १५ | ७ | २ | १ |
| ४ | सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | ४ | १५ | ७ | २ | १ |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सामुदायिक वनहरूको वैज्ञानिक व्यवस्थापनबाट वन घनत्वमा ९०% वृद्धि हुने र वन पैदावार सकलमा २७% सुधार हुने लक्ष्य राखिएको छ । बाँझो जमिनमा वृक्षरोपण गरी हरियाली विस्तार गरिनेछ । मानव-वन्यजन्तु द्वन्द्वमा ९% कमी

ल्याउँदै क्षतिपूर्ति वितरण प्रणालीलाई १००% प्रभावकारी बनाइनेछ। लोपोन्मुख प्रजातिको अवस्थामा २५% सुधार हुने र जडीबुटी खेती तथा इको-टूरिज्मबाट स्थानीय समुदायको आयमा १०% वृद्धि हुने अपेक्षा गरिएको छ। वन क्षेत्र अतिक्रमण शून्यमा झार्नका साथै वन आगलागीका घटनामा ७० % कमी ल्याइनेछ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

यस आवधिक योजनाको कार्यान्वयन अवधिमा वन क्षेत्रको अतिक्रमण, अवैध दोहन र चोरी शिकारको जोखिम कायमै रहन सक्छ। जलवायु परिवर्तनका कारण वन आगलागी, अनियमित वर्षा र खडेरीको घटनामा वृद्धि हुन सक्ने अनुमान छ। मानव-वन्यजन्तु द्वन्द्वका घटनामा कमी नआउन सक्ने जोखिम छ भने यसले स्थानीय समुदायमा नकारात्मक असर पुर्याउन सक्छ। संघीय तथा प्रादेशिक सरकारबाट वित्तीय स्रोत सुनिश्चित नहुने जोखिम, सामुदायिक वन समूहहरूमा आन्तरिक विवाद, नीतिगत अस्थिरता, र वन कर्मचारीको अपर्याप्त उपस्थितिले योजना कार्यान्वयनमा बाधा पुर्याउन सक्ने अनुमान गरिएको छ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिकाको भौगोलिक अवस्थिति, चुरे पहाड र तराईको समथर भू भागको सङ्गम क्षेत्रका रूपमा रहेको कारण यहाँ साना ठूला खोला, खोल्सि तथा प्राकृतिक जलप्रवाह (stream) हरुको व्यापक उपस्थिति रहेको छ। यी जलप्रवाहहरू मुख्यतः चुरे तथा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट उत्पत्ति भई उप-महानगरपालिकाको विभिन्न वडाहरू हुँदै दक्षिणतर्फ तराईका समथर भू भागमा फैलिने गर्दछन्। मौसमी वर्षाको पानीलाई सङ्कलन गरी तल्लो भू भागतर्फ लैजाने प्राकृतिक माध्यमका रूपमा यी खोल्साहरूले काम गर्ने भएकाले यस क्षेत्रको जलाधार प्रणालीमा तिनको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। वर्षा याममा यी खोलाहरू सक्रिय भई ठूलो मात्रामा पानी बगाउँछन् भने हिउँद तथा सुख्खा मौसममा कतिपय खोल्सीहरू सुक्ने वा न्यून बहावमा सीमित हुने गरेको पाइन्छ, जसले मौसमी जल चक्रको स्पष्ट संकेत गर्दछ।

उप-महानगरपालिका क्षेत्रमा रहेका खोला र खोल्साहरूले कृषि प्रणालीमा प्रत्यक्ष प्रभाव पारेका छन्। वर्षा याममा बग्ने पानीले खेतबारीमा आवश्यक आर्द्रता प्रदान गर्नुका साथै माटोमा जैविक पदार्थ, मलिलो पोषक तत्त्व जम्मा गरि दिने भएकाले कृषि उत्पादनमा सहयोग पुगेको छ। विशेषगरी धान, गहुँ, मकै, तरकारी तथा अन्य बाली उत्पादनमा यी जलप्रवाहहरू अप्रत्यक्ष रूपमा सहायक बनेका छन्। कतिपय स्थानमा किसानहरूले खोल्सीको पानी प्रयोग गरी सिँचाइको व्यवस्था गर्दै आएका छन् भने खोला आसपासको भू भाग उर्वर भएकाले ती क्षेत्रहरू कृषि दृष्टिले महत्वपूर्ण मानिन्छन्। यसैगरी पशुपालनका लागि पानीको स्रोत, घरेलु प्रयोजन तथा कतिपय स्थानमा माछा पालनका लागि समेत खोल्सीहरू उपयोगमा ल्याइएका छन्।

पर्यावरणीय दृष्टिले हेर्दा जीतपुरसिमरा उप-महानगरपालिकाका खोल्सीहरू जैविक विविधताको आधार स्तम्भका रूपमा रहेका छन्। खोला किनार तथा खोल्सीमा पाइने घाँसे मैदान, झाडी, बोटविरुवा र वनस्पतिले माटो कटान नियन्त्रण गर्न मद्दत गर्नुका साथै विभिन्न चराचुरुङ्गी, साना वन्यजन्तु, जलचर जीव, उभयचर तथा सरीसृपहरूको वासस्थान प्रदान गरेका छन्। वर्षा याममा पानीले भरिएका खोल्सीहरू भ्यागुतो, माछा तथा अन्य साना जलचरका लागि अनुकूल वातावरण बन्ने गर्छन् भने सुख्खा मौसममा बाँकी रहने पानीका खाल्टाखुल्टीहरू जीवजन्तुका लागि जीवन रक्षक स्रोतका रूपमा रहन्छन्। यसरी खोल्साहरूले प्राकृतिक खाद्य श्रृंखला र पारिस्थितिक सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

तर पछिल्ला वर्षहरूमा तीव्र सहरीकरण, जनसंख्या वृद्धि, अव्यवस्थित बस्ती विस्तार, सडक तथा भौतिक संरचना निर्माण, उद्योगधन्दा सञ्चालन तथा खोल्सीमा हुने अतिक्रमणका कारण यी प्राकृतिक जलप्रवाहहरू विभिन्न चुनौतीको सामना गरिरहेका छन् । कतिपय खोल्सीहरू साँघुरिँदै गएका छन् भने कतिपय स्थानमा प्राकृतिक बहाव अवरुद्ध भई वर्षा याममा डुवान र बाढीको जोखिम बढ्दै गएको छ । खोल्सीमा फोहर मैला फाल्ने, ढल मिसाउने तथा अनियन्त्रित गिटी बालुवा उत्खननका कारण पानीको गुणस्तरमा गिराबाट आउनका साथै वातावरणीय प्रदूषण बढेको देखिन्छ । यसले मानव स्वास्थ्य, कृषि प्रणाली तथा जैविक विविधतामा नकारात्मक असर पारेको छ ।

जलाधार व्यवस्थापनको दृष्टिले जीतपुरसिमरा उप-महानगरपालिकाका खोल्सीहरू अत्यन्त संवेदनशील र महत्वपूर्ण सम्पदा हुन् । प्राकृतिक बहावलाई सुरक्षित राख्दै खोल्सि किनार संरक्षण, वृक्षारोपण, घाँसे डिल व्यवस्थापन, अतिक्रमण नियन्त्रण तथा वैज्ञानिक ढङ्गले ढुंगा, गिटी, बालुवा उत्खनन व्यवस्थापन गर्न सकेमा बाढी, कटान र डुबानको जोखिम न्यूनीकरण गर्न सकिन्छ । साथै वर्षा पानी सङ्कलन, साना जलाशय तथा पोखरी निर्माण, भूमिगत जल पुनर्भरणका कार्यक्रमहरूसँग खोल्सीको संरक्षणलाई जोड्न सकेमा दिगो जलस्रोत व्यवस्थापन सम्भव हुन्छ । जीतपुरसिमरा उप-महानगरपालिकामा रहेका खोल्सीहरू केवल पानी बग्ने प्राकृतिक मार्ग मात्र नभई कृषि, वातावरण, जैविक विविधता, जनजीवन र स्थानीय अर्थतन्त्रसँग गहिरो रूपमा जोडिएका अमूल्य प्राकृतिक सम्पदा हुन् । यी खोल्सीहरूको पहिचान, संरक्षण र दिगो व्यवस्थापन नगरेमा भविष्यमा जल संकट, वातावरणीय असन्तुलन र प्राकृतिक विपद् बढ्ने जोखिम उच्च रहनेछ । त्यसैले स्थानीय तह, समुदाय, सरोकारवाला निकाय तथा नागरिकहरूको सक्रिय सहभागितामा खोल्सि तथा जलप्रवाह संरक्षणलाई दिगो सहरी विकास र वातावरणीय सुरक्षाको अभिन्न अङ्गका रूपमा अघि बढाउनु आजको अपरिहार्य आवश्यकता हो ।

### ७.२.२ समस्या तथा चुनौती

अव्यवस्थित बसोबास विस्तार, नदी किनार अतिक्रमण र अनियन्त्रित बालुवा–गिट्टी उत्खननका कारण भू-क्षय, नदी कटान तथा बाढी डुबानको समस्या बढ्दो छ । कृषि जमिन खण्डी करण, माटोको उर्वरा शक्ति ह्रास र रासायनिक मलको अत्याधिक प्रयोगले उत्पादनशीलता घटाइरहेको छ । वनक्षेत्र तथा जलाधार क्षेत्रमा मानवीय हस्तक्षेपका कारण जैविक विविधता घट्दै गएको छ । वर्षा याममा अत्याधिक वर्षा र सुख्खायाममा पानीको अभावले सतही तथा भू गर्भीय जल स्रोत असन्तुलित बनेका छन् । प्रभावकारी भू उपयोग योजना तथा नियमित अनुगमनको अभावले दीर्घकालीन दिगो पनामा नकारात्मक असर परेको छ ।

भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा सीमित बजेट, प्राविधिक जनशक्ति अभाव र संस्थागत समन्वय कमजोर हुनु मुख्य चुनौती हुन् । स्थानीय तह, प्रदेश र संघीय सरकार बीच अधिकार तथा जिम्मेवारीको स्पष्ट कार्य विभाजन नहुँदा कार्यक्रम कार्यान्वयनमा दोहोरो पन देखिन्छ । समुदायको न्यून सचेतना र सहभागिताको कमीले संरक्षण कार्यक्रम दिगो बन्न सकेका छैनन् । जलवायु परिवर्तनका अनिश्चित प्रभावले योजना पूर्वानुमान र व्यवस्थापन जटिल बनाएको छ ।

### ७.२.३ संभावना तथा अवसर

नदी किनार हरित तटबन्ध, बहुउद्देश्यीय वृक्षारोपण र सामुदायिक वन व्यवस्थापनमार्फत भूमि क्षय नियन्त्रण गर्न सकेमा यसबाट समुदायमा सकारात्मक प्रभाव पर्ने छ । वर्षा जल सङ्कलन, पोखरी तथा सिमसार संरक्षण र भू गर्भीय जल पुनर् भरण कार्यक्रमले जलस्रोत दिगो बनाउन सहयोग पुर्याउँछ । कृषि वन प्रणाली (Agroforestry) विस्तार गरी कृषकको आय वृद्धि र माटो संरक्षण एकसाथ गर्न सकिने देखिन्छ । जलाधार आधारित पर्यटन, हरित पार्क तथा खुला क्षेत्र विकासले वातावरणीय सन्तुलनसँगै स्थानीय राजस्व वृद्धि गर्ने सम्भावना देखिन्छ ।

संघ, प्रदेश र विकास साझेदार निकायबाट उपलब्ध अनुदान, कार्यक्रम तथा प्राविधिक सहयोग उपयोग गर्न सकिएमा स्थानीय समुदायलाई जीविकोपार्जनमा जोड्न सकिने छ। दिगो विकास लक्ष्य (SDGs) सँग समन्वय गरी वातावरण मैत्री परियोजना सञ्चालन गर्न सकिने पर्याप्त अवसर छ। जलवायु अनुकूलन कोष, हरित कोष तथा वातावरणीय कार्यक्रममार्फत स्रोत परिचालन सम्भव छ। सामुदायिक सहभागिता र सहकारी संस्थामार्फत संरक्षण कार्यक्रमलाई स्थानीय स्वामित्वमा सञ्चालन गर्ने अवसर छ।

### ७.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

भूसंरक्षण तथा जलाधार व्यवस्थापनमार्फत भूक्षय न्यूनीकरण, जलस्रोतको दिगो संरक्षण र सुरक्षित तथा हरित भू–उपयोग सुनिश्चित गर्नु

**(ख) उद्देश्यहरू**

- भूक्षय, नदीकटान तथा बाढी–डुबान जोखिम न्यूनीकरण गर्दै जलाधार तथा जलस्रोतको दिगो संरक्षण र व्यवस्थापन सुनिश्चित गर्नु
- हरित क्षेत्र विस्तार, कृषि–वन प्रणाली प्रवर्द्धन तथा समुदाय–आधारित सहभागितामार्फत सुरक्षित, उत्पादक र वातावरणमैत्री भू–उपयोग प्रणाली विकास गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | दिगो र वातावरणमैत्री भू-संरक्षण तथा जोखिम न्यूनीकरण मार्फत समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने। | १ | भू उपयोग नक्साङ्कन तथा वर्गीकरणको नीति समुदायस्तर सम्म कार्यान्वयन गरिने छ। |
| | | २ | नदी किनार संरक्षण र हरित तटबन्ध निर्माणमा जनसहभागिता सुनिश्चित गरिने छ। |
| | | ३ | भू क्षय प्रभावित क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | बाढी तथा डुबान जोखिम क्षेत्र पहिचान गरि व्यवस्थापन गरिनेछ। |
| | | ५ | अनियन्त्रित उत्खनन नियन्त्रणका लागि अनुगमन सुदृढ गरिने छ। |
| २ | दिगो जलाधार तथा हरित पूर्वाधार विकास गर्ने | १ | जलाधार क्षेत्रको संरक्षण तथा पुनर्स्थापना कार्यक्रम लागू गरिनेछ। |
| | | २ | कृषि–वन प्रणाली (Agroforestry) प्रवर्द्धन गरिने छ। |
| | | ३ | विद्यालय तथा समुदायमा वातावरण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ४ | संघ, प्रदेश र निजी क्षेत्रसँग साझेदारीमा हरित परियोजना सञ्चालन गरिनेछ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | मुहान संरक्षण (सबै मुहान) | ४ | १३ | ३ | २ | १ |
| ४ | परम्परागत इनार तथा पोखरीको संरक्षण | ४ | १३ | ३ | २ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | पहिरोको जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा भेटिवर लगायतका वृक्षारोपण कार्यक्रम | ४ | १३ | ३ | २ | १ |
| ४ | बाढी जोखिम क्षेत्रमा ग्याभिन वाल निर्माण | ४ | १३ | ३ | २ | १ |
| ४ | जलाधार संरक्षण र तटबन्ध | ४ | १३ | ३ | २ | १ |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस उपक्षेत्रअन्तर्गत कार्यक्रम कार्यान्वयन पश्चात् भू-क्षय तथा नदीकटानमा कम्तीमा ५०% कमी आउने अपेक्षा गरिएको छ। बाढी डुबान प्रभावित क्षेत्रमध्ये कम्तीमा ५०% क्षेत्रमा संरक्षण संरचना तथा हरित तटबन्ध निर्माण गरिनेछ। जलाधार क्षेत्रमा वृक्षारोपण तथा संरक्षण कार्यक्रममार्फत हरित क्षेत्र कम्तीमा १५% ले वृद्धि हुने लक्ष्य राखिएको छ। भू गर्भीय जल पुनर्भरण दरमा १५% सुधार ल्याइनेछ तथा वर्षा जल सङ्कलन प्रणाली सार्वजनिक संरचनामा जडान गरिनेछ। कृषियोग्य जमिनको उत्पादकत्वमा कम्तीमा १५ % वृद्धि हुने अपेक्षा गरिएको छ। समुदाय आधारित संरक्षण कार्यक्रममा स्थानीय सहभागिता १०% ले वृद्धि गरिनेछ। समग्रमा सुरक्षित, हरित र दिगो भू उपयोग व्यवस्थापन प्रणाली स्थापना भई वातावरणीय जोखिममा उल्लेखनीय सुधार हुने नतिजा अपेक्षित छ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयनका क्रममा अपर्याप्त बजेट विनियोजन, प्राविधिक जनशक्ति अभाव तथा संस्थागत समन्वय कमजोरी प्रमुख जोखिमका रूपमा रहने छन्। जलवायु परिवर्तनका कारण अनियमित वर्षा, अतिवृष्टि, बाढी तथा लामो सुख्खा अवधि जस्ता प्राकृतिक विपदले संरचना तथा संरक्षण प्रयासमा क्षति पुर्याउन सक्छन्। नदी किनार अतिक्रमण, अनियन्त्रित उत्खनन र अवैज्ञानिक भू–उपयोग अभ्यासले दीर्घकालीन दिगो पनामा नकारात्मक असर पार्ने जोखिम रहन्छ। समुदायको न्यून सहभागिता, नीति कार्यान्वयनमा ढिलाइ तथा अनुगमन मूल्याङ्कन कमजोर हुँदा अपेक्षित उपलब्धि हासिल नहुन सक्ने सम्भावना पनि विद्यमान रहनेछ।

## ७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले उच्च प्राथमिकतामा राखेको छ। वातावरण संरक्षण सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको कार्य जिम्मेवारी भित्र पर्दछ। वातावरण संरक्षणलाई टेवा पुर्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुन्छ। एकीकृत र योजनाबद्ध विकासको अभाव, सहरोन्मुख क्षेत्रमा बढ्दो चाप, पर्यटकहरूको नियमित आगमन, अव्यवस्थित बस्ती विकास, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नू, कृषि पेसाको व्यवसायिकताको नाममा अत्याधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भइरहेको अवस्था छ। साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको देखिन्छ।

वातावरण संरक्षणका लागि खाली स्थानहरूमा वृक्षारोपण गर्ने कार्यहरू भइरहेका छन् र सोही अनुसार हरियाली प्रवर्द्धन हुँदै गइरहेको छ। वातावरण संरक्षण सम्बन्धी धेरै कार्यक्रमहरू गर्न अझ पनि आवश्यक रहेको देखिन्छ। उप-महानगरपालिकाका धेरैजसो जैविक फोहोरलाई मल बनाउन जमिनमुनि गाड्ने तथा बाहिरी खालि ठाउँ प्रयोग गर्ने गरेको

देखिएको छ। बढ्दो जनसङ्ख्यासँगै फोहोर मैला व्यवस्थापनमा थप चुनौतीहरू देखा पर्दै गइरहेको हालको अवस्था छ। सहरीकरण बढे सँगै ध्वनि प्रदूषणको समस्या सिर्जना भएको छ। विशेषतः सडक तथा पर्यटन मार्ग वरिपरि, उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिएको छ। यस क्षेत्रमा पुराना सवारीका साधन, ट्र्याक्टरबाट निस्कने ध्वनि तथा प्रेसर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ।

विश्वव्यापी रूपमा वातावरणीय विनाशले जलवायु परिवर्तनको कारण सिर्जना भएका समस्याहरूको असर यस उप-महानगरपालिकामा पनि देखिएको छ। खडेरी, हावा हुरी, तापक्रम वृद्धि आदिले यहाँ समय समयमा केही न केही असर गरिरहेको छ। जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ। दिगो वातावरणीय व्यवस्थापनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६ तथा फोहरमैला व्यवस्थापन ऐन, २०६८ लगायतका कानुनी प्रावधानहरूले स्थानीय तहलाई स्पष्ट जिम्मेवारी दिएका छन्। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी व्यवस्था, जलवायु परिवर्तन नीति, राष्ट्रिय सरसफाइ नीति तथा हरित विकास सम्बन्धी मार्गदर्शनहरूले पनि वातावरण संरक्षण तथा फोवहरमैला व्यवस्थापनको क्षेत्रमा स्थानीय तहलाई थप जिम्मेवार बनाएका छन्। त्यसरी नै दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत लक्ष्य ११ (दिगो सहर तथा समुदाय), लक्ष्य १२ (उत्तरदायी उपभोग तथा उत्पादन), लक्ष्य १३ (जलवायु कार्य), र लक्ष्य ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै जीतपुरसिमरा उपमहानगरपालिकालाई स्वच्छ, सफा सहरकारुपमा विकास गर्नका लागि दीर्घकालीन, मध्यकालीन र अल्पकालीन कार्यक्रमहरु सहितको यो आवधिक योजना तयार गरिएको छ।

### ७.३.२ समस्या तथा चुनौती

तीव्र सहरीकरण र जनसंख्या वृद्धिसँगै दैनिक उत्पादन हुने फोहरको मात्रा बढ्दै गएको छ तर स्रोतमा वर्गीकरण, संकलन र वैज्ञानिक व्यवस्थापन प्रणाली पर्याप्त विकास हुन सकेको छैन। खुला स्थान तथा नदी नालामा फोहर फाल्ने प्रवृत्ति अझै कायम छ। ढल निकास तथा प्रशोधन संरचनाको अभावले पानीका स्रोतहरू प्रदूषित भइरहेका छन्। प्लाष्टिकजन्य फोहर, निर्माण जन्य अवशेष तथा अस्पताल जन्य फोहरको सुरक्षित व्यवस्थापनमा अझै थप समन्वय र सहकार्यको जरुरी रहेको देखिन्छ। चुरे क्षेत्रको भौगोलिक संवेदनशीलताका कारण भू क्षय, बाढी र पहिरोको जोखिम उच्च रहेको छ। वातावरणीय सचेतना, जनसहभागिता तथा संस्थागत समन्वयको अभावले समस्या थप जटिल बनेको छ।

वातावरण तथा फोहर मैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउनु प्रमुख चुनौतीका रूपमा रहेको छ। सीमित स्रोत साधन, प्राविधिक जनशक्ति अभाव तथा बजेटको कमीले वैज्ञानिक फोहर प्रशोधन केन्द्र स्थापना र सञ्चालन कठिन बनेको छ। स्रोतमा नै फोहर वर्गीकरणका लागि समुदायको व्यवहार परिवर्तन गराउन समय लाग्ने देखिन्छ। चुरे क्षेत्रको संरक्षण, नदी जन्य पदार्थको नियन्त्रण, तथा जलवायु परिवर्तनबाट उत्पन्न जोखिम व्यवस्थापन दीर्घकालीन प्रयासको आवश्यकता छ। कानुनी प्रावधानहरूको समुदाय सम्म प्रभावकारी कार्यान्वयन र अनुगमनमा जरुरी देखिन्छ।

### ७.३.३ संभावना तथा अवसर

वातावरण संरक्षण र फोहर मैला व्यवस्थापन सुधारका दिगो योजना सहित कार्य योजना तयार गरि समुदायलाई नै जिम्मेवार बनाएर कार्य गर्न सकिएको खण्डमा पर्याप्त सम्भावना रहेका छन्। स्रोतमा फोहर वर्गीकरण, पुनः प्रयोग तथा पुनर्चक्रण प्रणाली विकास गरी आय आर्जनका अवसर सिर्जना गर्न सकिन्छ। जैविक फोहरबाट कम्पोस्ट मल उत्पादन गरी कृषि क्षेत्रमा उपयोग गर्न सकिने सम्भावना छ। चुरे क्षेत्रको हरियाली संरक्षण, वृक्षारोपण तथा हरित क्षेत्र विस्तारबाट जलवायु अनुकूलन र कार्बन शोषण बढाउन सकिन्छ। सामुदायिक वन, उपभोक्ता समिति तथा सहकारी संस्थासँग

सहकार्य गरी वातावरणीय अभियान प्रभावकारी बनाउन सकिन्छ । आधुनिक प्रविधि र सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मार्फत दीर्घकालीन व्यवस्थापन प्रणाली विकास गर्ने आधार बलियो देखिन्छ । संघीय, प्रदेश तथा स्थानीय तहवीच समन्वय गर्दै वातावरणीय कार्यक्रम सञ्चालन गर्न सकेको खण्डमा विभिन्न अवसरहरू सृजना गर्न सकिने अवस्था छ । दिगो विकास लक्ष्यसँग आबद्ध परियोजना मार्फत अन्तर्राष्ट्रिय सहयोग र अनुदान आकर्षित गर्नका लागि वातावरण संरक्षण र फोहर मैला व्यवस्थापनलाई अन्य क्षेत्रसँग पनि जोडेर विकासमूलक गतिविधिहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । हरित सहर अवधारणा, स्मार्ट फोहर व्यवस्थापन प्रणाली तथा वातावरण मैत्री पूर्वाधार विकास गर्न सकिने अवसर छ । विद्यालय तथा समुदायस्तरमानै सचेतना कार्यक्रम सञ्चालन गरी समुदायको व्यवहार परिवर्तन सम्भव छ । निजी क्षेत्रको लगानी, नवप्रवर्तन र सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) कार्यक्रम मार्फत स्रोत परिचालन गर्न सकिन्छ । पर्यटन, हरित उद्यम र जैविक कृषि प्रवर्द्धनसँग जोडेर वातावरणीय व्यवस्थापनलाई आर्थिक विकाससँग एकीकृत गर्ने दीर्घकालीन अवसर पनि विद्यमान छ ।

### ७.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

स्वच्छ र हरित जीतपुरसिमरा निर्माण गर्दै वैज्ञानिक फोहर मैला व्यवस्थापन र वातावरण संरक्षण प्रणालीलाई संस्थागत रूपमा सुदृढ र प्रभावकारी बनाउनु

**(ख) उद्देश्यहरू**

- स्रोतमा वर्गीकरण, संकलन, प्रशोधन तथा पुनर्चक्रण प्रणालीलाई व्यवस्थित र दिगो बनाउँदै वैज्ञानिक फोहरमैला व्यवस्थापन प्रणाली स्थापना गर्नु
- चुरे क्षेत्रको संरक्षण, हरित क्षेत्र विस्तार, प्रदूषण नियन्त्रण तथा जलवायु अनुकूलन कार्यक्रम मार्फत स्वच्छ, सुरक्षित र वातावरणमैत्री शहरी वातावरण सुनिश्चित गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | वैज्ञानिक फोहरमैला व्यवस्थापन प्रणाली सुदृढ गर्ने | १ | स्रोतमा फोहर वर्गीकरण अनिवार्य गरिने छ । |
| | | २ | घरदैलो फोहर संकलन प्रणाली विस्तार र व्यवस्थित गरिने छ । |
| | | ३ | जैविक फोहरबाट कम्पोस्ट मल उत्पादन केन्द्र स्थापना गरिने छ । |
| | | ४ | पुनर्चक्रणयोग्य फोहर संकलन तथा बिक्री प्रणाली विकास गरिने छ । |
| | | ५ | प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गरिने छ । |
| | | ६ | अस्पताल तथा जोखिमयुक्त फोहरको सुरक्षित व्यवस्थापन गरिने छ । |
| | | ७ | आधुनिक ल्यान्डफिल साइट निर्माण तथा सञ्चालन गरिने छ । |
| | | ८ | सार्वजनिक निजी साझेदारी मोडल प्रवर्द्धन गरिने छ । |
| | | ९ | फोहर व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिने छ । |
| | | १० | नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिने छ । |
| २ | वातावरण संरक्षण तथा हरित क्षेत्र विस्तार गर्ने | १ | चुरे क्षेत्र संरक्षणका विशेष कार्यक्रम कार्यान्वयन गरिने छ । |
| | | २ | वृक्षारोपण तथा हरित क्षेत्र विस्तार अभियान सञ्चालन गरिने छ । |
| | | ३ | नदी, खोला तथा जलस्रोत संरक्षण कार्यक्रम लागू गरिने छ । |

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| | | ४ | सार्वजनिक स्थल सरसफाइ अभियान सञ्चालन गरिने छ । |
| | | ५ | जैविक विविधता संरक्षण योजना कार्यान्वयन गरिने छ । |
| | | ६ | वायु तथा ध्वनि प्रदूषण नियन्त्रण मापदण्ड लागू गरिने छ । |
| | | ७ | निर्माण कार्यमा वातावरणीय मापदण्ड अनिवार्य गरिने छ । |
| | | ८ | जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ९ | विद्यालय तथा समुदायमा वातावरण शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । |
| | | १० | हरित प्रविधि तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन गरिने छ । |
| ३ | संस्थागत सुदृढीकरण तथा सहकार्य प्रवर्द्धन गर्ने | १ | वातावरण तथा सरसफाइ शाखाको क्षमता अभिवृद्धि गरिने छ । |
| | | २ | प्राविधिक जनशक्ति व्यवस्थापन तथा तालिम सञ्चालन गरिने छ । |
| | | ३ | टोल विकास संस्था तथा उपभोक्ता समितिसँग सहकार्य गरिने छ । |
| | | ४ | निजी क्षेत्र तथा सहकारीसँग साझेदारी विकास गरिने छ । |
| | | ५ | वातावरणीय तथ्याङ्क तथा सूचना प्रणाली विकास गरिने छ । |
| | | ६ | कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गरिने छ । |
| | | ७ | अनुगमन तथा दण्ड जरिवाना प्रणाली सुदृढ गरिने छ । |
| | | ८ | संघ तथा प्रदेश सरकारसँग समन्वय बढाइने छ । |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | ४ | १३ | ७ | २ | १ |
| ४ | निजी- सार्वजनिक साझेदारीमा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यविधि तर्जुमा | ४ | १३ | ७ | २ | १ |
| ४ | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | ४ | १३ | ७ | २ | १ |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

स्रोतमा फोहर वर्गीकरण गर्ने घरधुरीको संख्या कम्तीमा ५० % पुग्नेछ । दैनिक उत्पन्न हुने फोहरमध्ये कम्तीमा ७ % फोहर पुनःप्रयोग, पुनर्चक्रण वा प्रशोधन गरिनेछ । जैविक फोहरबाट कम्पोस्ट उत्पादन र प्रयोगमा ३० % वृद्धि हुने अपेक्षा गरिएको छ । अव्यवस्थित रूपमा फालिने फोहरको मात्रा ८०% ले घट्नेछ । वृक्षारोपण तथा हरित क्षेत्र विस्तार

कार्यक्रममार्फत सार्वजनिक हरित क्षेत्र ७% ले वृद्धि गरिनेछ। नदी, खोला तथा सार्वजनिक स्थलको प्रदूषण स्तर २०% ले न्यूनीकरण गरिनेछ। वायु तथा ध्वनि प्रदूषण अनुगमन प्रणाली ७५% कार्यान्वयन गरिनेछ।

संस्थागत सुदृढीकरणतर्फ वातावरण तथा फोहरमैला व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रममा कम्तीमा ८५% घरधुरीको सहभागिता सुनिश्चित गरिनेछ। फोहर संकलन सेवा पहुँच ८०% घरधुरीसम्म विस्तार गरिनेछ। वातावरणीय कानुन कार्यान्वयन तथा अनुगमन प्रभावकारिता ८५% ले वृद्धि हुने अपेक्षा गरिएको छ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन क्षेत्रमा कार्यक्रम कार्यान्वयनका लागि बजेट तथा प्राविधिक जनशक्ति अभाव प्रमुख जोखिमका रूपमा रहन सक्छ। स्रोतमा फोहर वर्गीकरण प्रति जन चेतना र व्यवहार परिवर्तन अपेक्षित रूपमा नहुँदा प्रभावकारिता घट्न सक्नेछ। चुरे क्षेत्रको संवेदनशीलता, बाढी, पहिरो जस्ता प्राकृतिक विपद् र पूर्वाधार क्षति पनि जोखिम कारक हुन सक्छन्। साथै, कानुनी कार्यान्वयनमा कमजोरी र सरोकारवाला बीच समन्वय अभावले लक्ष्य प्राप्तिमा असर पार्न सक्ने अनुमान गरिएको छ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

महामारी तथा अन्य प्राकृतिक प्रकोपबाट हालसम्म ठूलो मानवीय क्षति व्यहोर्नु नपरेको भए तापनि जीतपुरसिमरा उप-महानगरपालिका भूकम्प, आगलागी, डढेलो, विद्युतीय जोखिम, सडक दुर्घटना, चट्याङ, असिना पानी, हावा हुरी, महामारी जन्य रोग तथा जङ्गली जनावरको आतङ्क जस्ता विभिन्न किसिमका विपद् र प्रकोपको उच्च जोखिममा रहेको स्थानीय तह हो। तराई भू भागमा अवस्थित यस उप-महानगरपालिकामा जलवायु परिवर्तनको प्रभाव, बढ्दो जनघनत्व, औद्योगिक गतिविधि तथा आवागमनको चापका कारण प्राकृतिक तथा मानव निर्मित विपदको सम्भावना निरन्तर बढ्दो क्रममा रहेको छ। विशेष गरी हावा हुरीका कारण बालीनालीमा क्षति हुनु, जङ्गली जनावरको आक्रमणमा परी मानव ज्यान गुम्नु तथा खेतीपातीमा नोक्सान हुनु, साथै महामारीका कारण पशुपक्षी मरेर आर्थिक क्षति हुनु यहाँका नियमित र दोहोरिने विपदका रूपमा देखिएका छन्। कुनै कुनै वर्ष हावा हुरीले केरा खेतीमा ठूलो मात्रामा क्षति पुर्याएको घटनाले कृषि क्षेत्रको संवेदनशीलता स्पष्ट रूपमा देखाएको छ।

उप-महानगरपालिकामा पर्याप्त खेती योग्य जमिन रहेको तथा कृषि र पशुपालनको सम्भावना प्रचुर भए तापनि जङ्गल नजिक बस्ती र खेती योग्य जमिन रहेका कारण किसानहरूले जङ्गली जनावरको आतङ्क गम्भीर रूपमा भोग्नु परेको छ। जङ्गली जनावरको आक्रमणबाट मानव जीवनमा क्षति पुग्नका साथै बालीनाली नष्ट हुने समस्या उप-महानगरपालिकाका प्रायः जङ्गलसँग जोडिएका बस्तीहरूमा फैलिएको छ, जसले यो विषयलाई एक प्रमुख स्थानीय समस्याको रूपमा स्थापित गरेको छ। त्यसैले जङ्गल संरक्षण र जङ्गली जनावर व्यवस्थापनसँगै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपयुक्त र दिगो उपायहरूको खोजी गर्नु नितान्त आवश्यक देखिन्छ।

यसका अतिरिक्त, युवाहरूमा लागू पदार्थ तथा मादक पदार्थ सेवनको समस्या बढ्दो क्रममा रहेको छ, जसले सामाजिक सुरक्षा, सार्वजनिक शान्ति र दुर्घटनाको जोखिमलाई थप बढाएको छ। उप महानगरपालिकाभित्र रहेका कच्ची घरहरू आगलागीको उच्च जोखिममा रहेका छन् भने अव्यवस्थित तथा नाङ्गो विद्युतीय तारहरूको प्रयोगका कारण बस्तीहरूमा विद्युतीय दुर्घटनाको सम्भावना बढिरहेको छ। साथै बजार क्षेत्र तथा मुख्य सडकहरूमा सवारी चाप बढ्दै जाँदा सडक दुर्घटनाको जोखिम पनि अत्यन्त गम्भीर बन्दै गएको छ।

यी सबै जोखिम र प्रकोपका सन्दर्भमा जीतपुरसिमरा उप-महानगरपालिकाले महामारी तथा विपद् व्यवस्थापनलाई विकास र सुशासनको एक महत्वपूर्ण आधारका रूपमा लिएको छ। नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको

सुरक्षित जीवन, स्वास्थ्य तथा मर्यादित जीवनयापनको मौलिक हकको संरक्षण गर्ने दायित्वलाई आत्मसाथ गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, जनस्वास्थ्य सेवा ऐन, २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीति तथा नेपाल सरकारबाट जारी महामारी व्यवस्थापनसम्बन्धी नीति, निर्देशिका र कार्यविधिहरूलाई आधार मानी उप-महानगरपालिकाले महामारी तथा विपद् व्यवस्थापनसम्बन्धी नीतिगत र कार्यान्वयन संरचना विकास गरेको छ।

विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि उप-महानगरपालिकाले "विपद् व्यवस्थापन कोष कार्यविधि, २०७५" तयार गरी कार्यान्वयनमा ल्याएको छ। साथै "विपद् कोष सञ्चालन कार्यविधि, २०७८" अनुसार उप-महानगरपालिकामा रु. १६ लाखको र प्रत्येक वडामा रु. २ लाखको दरले विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। विपदबाट हुने क्षतिको मूल्याङ्कन गर्न विषयगत समिति गठन गर्ने व्यवस्था गरिएको छ भने क्षतिको प्रकृति र गम्भीरताका आधारमा क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने प्रबन्ध गरिएको छ। कृषि तथा पशुपालन क्षेत्रमा हुने क्षतिको न्यूनीकरणका लागि कृषि बिमा र पशु बिमालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ।

यद्यपि कृषि तथा पशु बिमाको भुक्तानी प्रक्रिया झन्झटिलो भएको, उप-महानगरपालिका तथा वडाबाट वितरण हुने राहतमा निष्पक्षता र न्यायोचित वितरण नभएको भन्ने गुनासोहरू समय समयमा आउने गरेको पाइन्छ। साथै विपद् नियन्त्रणका लागि योजना तयार भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षित नतिजा प्राप्त हुन नसकेको अवस्था देखिन्छ। यस कारण विपद् व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन परिणाममुखी कार्यक्रम, स्पष्ट कार्य योजना, पारदर्शी राहत वितरण प्रणाली तथा समुदायको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ।

कानुनी व्यवस्थाअनुसार उप-महानगरपालिकामा नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ, जसले विपद् तथा महामारीसम्बन्धी नीति कार्यान्वयन, अन्तर निकाय समन्वय, स्रोत परिचालन, अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी वहन गर्दछ। उक्त समितिमार्फत सम्भावित विपदहरूको पहिचान, जोखिम विश्लेषण तथा नक्साङ्कन, पूर्व सूचना प्रणाली विकास, सुरक्षित आश्रय स्थलको पहिचान, आपत्कालिन सामग्री व्यवस्थापन तथा समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिँदै आएको छ। महामारी व्यवस्थापनका सन्दर्भमा स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका र वडा स्तरीय संयन्त्रसँग सहकार्य गरी रोगको प्रारम्भिक पहिचान, निगरानी, तथ्याङ्क संकलन तथा रिपोर्टिङ प्रणालीलाई सुदृढ बनाइएको छ। महामारीको जोखिम देखिएमा क्वारेन्टाइन, आइसोलेसन, परीक्षण, उपचार सेवा विस्तार तथा आवश्यक औषधि, स्वास्थ्य उपकरण र जनशक्ति व्यवस्थापनलाई प्राथमिकतामा राखिन्छ, साथै ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, दीर्घ रोगी तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिइन्छ।

विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारीका लागि विपद् मैत्री पूर्वाधार विकास, सुरक्षित निर्माण मापदण्डको पालना, नदी खोला र ढल निकास व्यवस्थापन, सरसफाइ प्रवर्द्धन, वातावरण तथा जलाधार संरक्षणमा जोड दिइएको छ। विद्यालय, स्वास्थ्य संस्था र समुदाय स्तरमा विपद् प्रतिकार्य तालिम, मोक ड्रिल तथा सचेतनामुलक अभियान सञ्चालन गरी स्थानीय समुदायलाई विपद् सामना गर्न सक्षम बनाउने प्रयास गरिएको छ। विपद् घटेपछि खोज, उद्धार, उपचार, राहत वितरण तथा अस्थायी पुनर्वासका कार्यहरू पारदर्शी, उत्तरदायी र आवश्यकता आधारित ढंगले सञ्चालन गरिन्छ भने सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, गैरसरकारी संस्था तथा स्थानीय समुदायसँग समन्वय गरी आपत्कालिन सेवाहरू प्रभावकारी रूपमा प्रदान गरिन्छ। विपद् पश्चात् क्षतिग्रस्त घर, पूर्वाधार, सेवा सुविधा तथा जीविकोपार्जनका साधनहरूको दिगो पुनः स्थापना र पुनर्निर्माणमार्फत समुदायको सामाजिक आर्थिक पुनरुत्थान गर्ने लक्ष्य लिइएको छ।

यसरी कानुन, नीति र कार्यविधिको स्पष्ट पालना गर्दै संस्थागत संरचना, समुदाय सहभागिता, समन्वय र साझेदारीको माध्यमबाट महामारी तथा विपद् व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउँदै जीतपुरसिमरा उप-महानगरपालिकाले विपद् सहनशील, सुरक्षित, स्वस्थ र दिगो नगर निर्माण गर्ने दीर्घकालीन दृष्टि लिएको छ । महामारी तथा विपद् व्यवस्थापनलाई केवल आपत्कालिन कार्यका रूपमा मात्र नभई दिगो विकास, सुशासन र सामाजिक न्यायको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै नगरवासीको जीवनस्तर उकास्ने दिशामा उप-महानगरपालिका निरन्तर क्रियाशिल रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

नेपालको तराइ क्षेत्रमा बाढी, पहिरो, डुवान, नदी कटान तथा आगलागी जस्ता विपद् घटनाहरू आवधिक रूपमा दोहोरिने गरेका छन् । जोखिम नक्साङ्कन तथा तथ्याङ्क व्यवस्थापन कार्यलाई व्यवस्थितहरूमा लागू गर्न कठिन छ । पूर्व सूचना प्रणाली सीमित छ र आपत्कालिन प्रतिकार्य संयन्त्र पूर्ण रूपमा सुदृढ हुन सकेको छैन । जलवायु परिवर्तनका कारण वर्षा अनियमितता, तापक्रम वृद्धि र चरम मौसमी घटनाको प्रभाव कृषि, खानेपानी तथा पूर्वाधारमा देखिन थालेको छ । समुदाय स्तरमा विपद् पूर्वतयारी र सचेतना अपेक्षित स्तरमा नपुगेको अवस्था रहेको छ ।

विपद् जोखिम न्यूनीकरणलाइ विकास प्रक्रियासँग एकीकृत गर्नु प्रमुख चुनौती रहेको छ । सीमित बजेट, प्राविधिक जनशक्ति अभाव तथा उपकरण कमीले पूर्वतयारी र शीघ्र प्रतिकार्य क्षमतामा असर परेको छ । जोखिम युक्त बस्ती स्थानान्तरण, सुरक्षित पूर्वाधार निर्माण तथा भू उपयोग योजना कार्यान्वयन कठिन देखिन्छ । जलवायु अनुकूलन कार्यक्रमलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउनु चुनौती पूर्ण छ । सरोकारवाला बीच समन्वय, सूचना आदान प्रदान तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नु आवश्यक भए पनि व्यवहारमा कमजोर देखिन्छ । साथै, प्राकृतिक विपदका अप्रत्याशित स्वरूपले दीर्घकालीन योजना कार्यान्वयनमा अनिश्चितता सिर्जना गरेको छ ।

### ७.४.३ संभावना तथा अवसर

सबै सरोकारवाला पक्षहरूको समन्वयात्मक पहलमा विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता सुदृढ गर्ने पर्याप्त सम्भावना रहेको छ । जोखिम नक्साङ्कन, भू उपयोग योजना तथा सुरक्षित पूर्वाधार विकासमार्फत दीर्घकालीन जोखिम घटाउन सकिन्छ । समुदायमा आधारित विपद् व्यवस्थापन समिति थप सशक्तिकरण तथा सुदृढ गरी पूर्वतयारी तथा शीघ्र प्रतिकार्य क्षमता वृद्धि गर्न सकियो भने समुदाय स्वयम् सक्षम तरिकाले प्रतिकार्यमा सक्रिय रहन सक्छ । जलवायु अनुकूल कृषि, जलस्रोत संरक्षण तथा हरित पूर्वाधार विकासमार्फत उत्थानशीलता बढाउन सकिएमा विपदका कुनै घटना घटेको खण्डमा पनि मानवीय संकट कम गर्न सकिनेछ । प्रविधिमा आधारित पूर्व सूचना प्रणाली, मौसम सूचना प्रसार तथा डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने सम्भावना रहेको छ । विद्यालय, युवा समूह तथा स्वयंसेवक परिचालनमार्फत जन चेतना अभिवृद्धि गर्न सकिने अवस्था विद्यमान छ ।

संघ, प्रदेश तथा विकास साझेदार संस्थाबाट विपद् तथा जलवायु कार्यक्रमका लागि स्रोत परिचालन गर्ने अवसर उपलब्ध छ । दिगो विकास लक्ष्यसँग आबद्ध परियोजनामार्फत अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक समर्थन प्राप्त गर्न सकिन्छ । जलवायु कोष, हरित जलवायु कोष (Green Climate Fund) जस्ता संयन्त्रमार्फत अनुदान आकर्षित गर्ने अवसर छ । सामुदायिक वन, सहकारी तथा नागरिक समाजसँग सहकार्य गरी स्थानीय स्तरमा उत्थानशील कार्यक्रम सञ्चालन गर्न सकिन्छ । सुरक्षित आवास, हरित पूर्वाधार तथा दिगो कृषि प्रवर्द्धनलाई आर्थिक विकाससँग जोडेर रोजगारी सिर्जना गर्ने अवसर पनि विद्यमान रहेको छ ।

### ७.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

विपद् जोखिम न्यूनीकरण, सुरक्षित पूर्वाधार विकास तथा जलवायु अनुकूलन कार्यक्रम मार्फत उत्थानशील, सुरक्षित र दिगो उपमहानगरपालिका निर्माण गर्नु

**(ख) उद्देश्यहरू**

- विपद् जोखिम पहिचान, पूर्वतयारी, पूर्वसूचना प्रणाली तथा शीघ्र प्रतिकार्य क्षमता सुदृढ गर्दै जनधनको क्षति न्यूनतम बनाउनु
- जलवायु परिवर्तन अनुकूलन, सुरक्षित पूर्वाधार विकास तथा समुदायको उत्थानशीलता अभिवृद्धि गरी दिगो र सुरक्षित विकास सुनिश्चित गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | विपद् जोखिम पहिचान, पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढ गर्ने | १ | स्थानीय स्तरमा बहु-विपद् जोखिम नक्साङ्कन गरिने छ। |
| | | २ | जोखिमयुक्त बस्ती तथा संरचनाको पहिचान अद्यावधिक गरिने छ। |
| | | ३ | पूर्वसूचना प्रणाली स्थापना तथा सञ्चालन गरिने छ। |
| | | ४ | आपतकालीन उद्धार तथा राहत सामग्रीको भण्डारण गरिने छ। |
| | | ५ | विपद् व्यवस्थापन कोष सुदृढ गरिने छ। |
| | | ६ | स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिने छ। |
| | | ७ | नियमित मोक ड्रिल तथा आपतकालीन अभ्यास सञ्चालन गरिने छ। |
| | | ८ | विद्यालय तथा समुदायस्तरमा विपद् सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ९ | सूचना व्यवस्थापन तथा तथ्याङ्क प्रणाली विकास गरिने छ। |
| | | १० | शीघ्र प्रतिकार्य टोली (Rapid Response Team) गठन गरिने छ। |
| २ | सुरक्षित पूर्वाधार तथा भू–उपयोग व्यवस्थापन सुदृढ गर्ने | १ | भू–उपयोग योजना तयार गरी कार्यान्वयन गरिने छ। |
| | | २ | जोखिमयुक्त क्षेत्रमा निर्माण मापदण्ड कडाइका साथ लागू गरिने छ। |
| | | ३ | सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ४ | नदी नियन्त्रण तथा तटबन्ध निर्माण गरिने छ। |
| | | ५ | पहिरो नियन्त्रण तथा भू–संरक्षण कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ६ | सार्वजनिक पूर्वाधारमा विपद् प्रतिरोधी प्रविधि प्रयोग गरिने छ। |
| | | ७ | जोखिमयुक्त बस्ती स्थानान्तरण योजना कार्यान्वयन गरिने छ। |
| | | ८ | भवन संहिता कार्यान्वयनमा कडाइ गरिने छ। |
| | | ९ | खुला सुरक्षित स्थानहरूको पहिचान तथा संरक्षण गरिने छ। |
| | | १० | पूर्वाधार बीमा तथा जोखिम साझेदारी प्रणाली प्रवर्द्धन गरिने छ। |
| ३ | जलवायु अनुकूलन तथा उत्थानशीलता अभिवृद्धि गर्ने | १ | स्थानीय जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गरिने छ। |
| | | २ | जलस्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ३ | जलवायु अनुकूल कृषि प्रवर्द्धन गरिने छ। |

| | | | |
|---|---|---|---|
| | | ४ | हरित पूर्वाधार विकास गरिने छ। |
| | | ५ | वृक्षारोपण तथा हरियाली विस्तार गरिने छ। |
| | | ६ | वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन गरिने छ। |
| | | ७ | समुदायमा जलवायु सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ८ | महिला, बालबालिका तथा विपन्न वर्गको उत्थानशीलता कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ९ | अनुसन्धान तथा अध्ययन कार्य प्रवर्द्धन गरिने छ। |
| | | १० | संघ, प्रदेश तथा साझेदार निकायसँग समन्वय सुदृढ गरिने छ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | विपद् प्रतिकार्य योजना तर्जुमा | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् प्रतिकार्य जनचेतना | ४ | १३ | ७ | २ | १ |
| ४ | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार (First Aid) व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | ४ | १३ | ७ | २ | १ |
| ४ | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू समन्वय तथा सहकार्य कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | पालिका अन्तर्गत का प्रहरी चौकी र वडा कार्यालय हरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | आपत्कालिन उद्धार केन्द्र स्थापना | ४ | १३ | ७ | २ | १ |
| ४ | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ४ | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | ४ | १३ | ७ | २ | १ |
| ४ | रिचार्ज पोखरी निर्माण | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा | ४ | १३ | ७ | २ | १ |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधिसम्म बहु विपद् जोखिम नक्साङ्कन सत प्रतिसत सम्पन्न गरिनेछ तथा जोखिमयुक्त बस्तीहरूको अभिलेख अद्यावधिक गरिनेछ । पूर्वसूचना प्रणाली उच्च जोखिम क्षेत्रमा कम्तीमा ७०% विस्तार गरिनेछ । विपद् घटनाबाट हुने जनधन क्षतिमा कम्तीमा ३०% न्यूनीकरण हुने अपेक्षा गरिएको छ । सुरक्षित निर्माण मापदण्ड पालन गर्ने संरचनाको अनुपात ९०% पुग्नेछ । जोखिमयुक्त क्षेत्रका कम्तीमा ४०% घरधुरीलाई सुरक्षित आवास वा स्थानान्तरण कार्यक्रममार्फत लाभान्वित गरिनेछ । जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत जलस्रोत संरक्षण तथा हरित क्षेत्र विस्तारमा १५% वृद्धि हुनेछ । जलवायु सचेतना कार्यक्रममा ४५% घरधुरीको सहभागिता सुनिश्चित गरिनेछ ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता कार्यक्रम कार्यान्वयनमा पर्याप्त बजेट तथा प्राविधिक जनशक्ति अभाव जोखिमका रूपमा रहन सक्छ । प्राकृतिक विपदका अप्रत्याशित घटना, तीव्र वर्षा, बाढी, पहिरो तथा जलवायु परिवर्तनका चरम प्रभावले पूर्वाधार तथा योजनामा अवरोध सिर्जना गर्न सक्छन् । जोखिम युक्त बस्ती स्थानान्तरणमा सामाजिक स्वीकार्यता कमी हुन सक्नेछ । साथै, कानुनी मापदण्ड कार्यान्वयनमा कमजोरी र सरोकारवाला बीच समन्वय अभावले लक्ष्य प्राप्तिमा असर पार्न सक्ने अनुमान गरिएको छ ।

## परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

संस्थागत विकास तथा सुशासन कुनै पनि स्थानीय तहको प्रभावकारी कार्यसम्पादन, उत्तरदायित्व र दिगो विकासको आधारशिला हो । नेपालको संविधानले संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहलाई स्वायत्त अधिकार, जिम्मेवारी र कार्यक्षेत्र प्रदान गर्दै नागरिक नजिकको सरकारका रूपमा स्थापित गरेको छ । यस संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने प्रमुख कानुनी आधारका रूपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ रहेको छ, जसले स्थानीय तहको संरचना, अधिकार, कर्तव्य, योजना निर्माण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र जनसहभागिताका विषयलाई स्पष्ट रूपमा निर्दिष्ट गरेको छ । उक्त ऐनले पारदर्शिता, सहभागिता, जवाफदेहिता, विधिको शासन, समावेशिता र विकेन्द्रीकरणलाई संस्थागत गर्दै सुशासन प्रवर्द्धन गर्ने कानुनी आधार तयार गरेको छ ।

कानुनी दृष्टिकोणले हेर्दा, संस्थागत विकास भनेको संगठनको संरचना, जनशक्ति, कार्यप्रणाली, नीति नियम, आन्तरिक नियन्त्रण प्रणाली र सेवा प्रवाह संयन्त्रलाई सुदृढ बनाउने प्रक्रिया हो । स्थानीय तहमा विधायन समिति, लेखा समिति, सुशासन समिति जस्ता संयन्त्रको गठन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आन्तरिक तथा बाह्य लेखापरीक्षण, सूचना अधिकारको कार्यान्वयन तथा डिजिटल सेवा प्रवाह जस्ता अभ्यासहरूले सुशासनलाई व्यवहारमा उतार्ने काम गर्छन् । यसले प्रशासनिक दक्षता वृद्धि गर्नुका साथै पारदर्शिता कायम, आर्थिक अनुशासन कायम र स्रोत साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्दछ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्थाले पारदर्शिता, जवाफदेहिता, सहभागिता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने दायित्व स्थानीय तहलाई दिएका छन् । दिगो विकास लक्ष्य (SDG) १६ (शान्ति, न्याय र सशक्त संस्था) सँग प्रत्यक्ष रूपमा सम्बन्धित रही संस्थागत सुदृढीकरण, पारदर्शिता, सेवा पहुँच विस्तार तथा उत्तरदायी शासन प्रणाली स्थापना गर्न आवश्यक छ ।

संस्थागत विकास र सुशासनको सुदृढीकरणले सेवा प्रवाहलाई नागरिक मैत्री, छिटोछरितो र प्रभावकारी बनाउँछ । डिजिटल प्रणालीको प्रयोग, ई गभर्नेन्स, सार्वजनिक वित्त व्यवस्थापन प्रणाली सुदृढीकरण, क्षमता विकास तालिम, कार्यसम्पादन मूल्यांकन र पारदर्शी खरिद प्रक्रिया जस्ता उपायहरू संस्थागत सुधारका महत्वपूर्ण पक्ष हुन् । यसले स्थानीय सरकार प्रति नागरिकको विश्वास अभिवृद्धि गर्नुका साथै लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउँछ ।

कानुनी आधार, दिगो विकासको लक्ष्य र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको अधिकार र दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै संस्थागत क्षमता सुदृढीकरण र सुशासन प्रवर्द्धन गर्नु नै समृद्ध, पारदर्शी र उत्तरदायी स्थानीय शासनको आधार हो । सुदृढ संस्था र सुशासनको अभ्यासले मात्र आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई सन्तुलित गर्दै दीर्घकालीन दिगो विकास हासिल गर्न सकिन्छ ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

स्थानीय तहका सरकारहरू जनताका नजिकका सरकार हुन । यी सरकारका व्यवहार र प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गर्दै अवलोकन गरेका हुन्छन् । इतिहासमा धेरै अधिकार र जिम्मेवारी पाएका स्थानीय सरकारहरूले सक्रिय इमानदार, पारदर्शी, सक्षम र जबाफदेही भई कार्यसम्पादन गर्नु गराउनु आवश्यक छ । स्थानीय सरकारले सहभागिता मूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा स्थानीय लोकतन्त्र सुदृढ गर्नेतर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु संघीयता कार्यान्वयनमा टेवा पुर्याउनु हुनेछ । वित्तीय पारदर्शिता र जबाफदेही सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन । प्राप्त स्रोतलाई विधि सम्मत, पारदर्शी, प्रतिफल दायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । उप-महानगरपालिकाका सभामा सार्वजनिक लेख र सुशासन समिति सक्षम, क्रियाशिल र जिम्मेवार हुनु अपरिहार्य छ । स्थानीय तहमा नियन्त्रण र जबाफदेही कमजोर भई सरकार सञ्चालन भएमा सुशासनको जग नै खलबलिन्छ । जनमानसमा सार्वजनिक व्यवस्थापन प्रति वितृष्णा पैदा हुन जान्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समय सापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । संघीय र प्रादेशिक सरकारले सुशासनका लागि स्थानीय सरकारलाई सहजिकरण, समन्वय र प्रोत्साहित गर्न सकेमा मात्र संघीयता कार्यान्वयन तथा सुशासन अवलम्बन हुन जानेछ ।

उप-महानगरपालिका क्षेत्रभित्रका स्थानीय निकायहरू र सार्वजनिक निकायका योजना तथा नीतिगत निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति र निकायको सहभागिताको आधार तय भएको छ । यी प्रक्रियामा पछि परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक, एकल महिला, आदिवासी जनजाति र युवाहरू सहभागी हुनसक्ने भएका छन् । स्थानीय विकासमा उपभोक्ता समितिको अधिकतम सहभागिता, जनसहभागिता परिचालन अपरिहार्य हुन्छ जसको परिचालनको अभ्यास भएको छ । त्यसै गरी सचेत नागरिक जनमत र सञ्चार क्षेत्रको पनि विकास भएको छ । जबाफदेही शासन प्रक्रिया, पारदर्शिता, उत्तरदायित्वका विषयमा सचेत जनमत विकास भइरहेको छ । सामाजिक सञ्जालमा समेत सुशासन प्रत्याभूतीको कार्यक्रमहरू तर्जुमा तथा सार्वजनिकीकरण प्रक्रियाले ठाउँ पाउन थालेको छ । नागरिक समाजका सघं संस्थाहरू यस प्रक्रियामा संलग्न हुने वातावरण बनेको छ ।

नागरिक बडा पत्रको व्यवस्था, वडा स्तरीय सार्वजनिक सुनुवाइ, प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग, सूचना अधिकारीको व्यवस्था जस्ता प्रयास पनि भइरहेको पाइन्छ । नेपालमा सुशासनका लागि उपलब्ध विभिन्न अवसर, सम्भावना र सबल पक्षहरू भए तापनि सार्वजनिक निकायका काम वा सरकारी सेवा प्रति जनताको विश्वास गिरेको अवस्थामा यस उप-महानगरपालिकामा पनि जनताको सन्तुष्टि स्तरमा अझै बढ्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

### ८.१.२ समस्या तथा चुनौती

जीतपुरसिमरा उपमहानगरपालिका सेवा प्रवाह, योजना कार्यान्वयन तथा वित्तीय व्यवस्थापनमा अब्बल स्थानीय तहका रूपमा अगाडि बढिरहेको छ । तथापि संस्थागत संरचना पूर्ण रूपमा सुदृढ हुन केही पहलहरू आवश्यक देखिन्छन् । प्राविधिक तथा दक्ष जनशक्तिको अभाव, कर्मचारी व्यवस्थापनमा अस्थिरता तथा कार्य विभाजन स्पष्ट नहुँदा सेवा प्रवाहमा ढिलाइ हुने गरेको छ । सूचना प्रविधिको प्रयोग सीमित भएकोले अभिलेख व्यवस्थापन तथा तथ्याङ्क प्रणाली प्रभावकारी रूपमा अगाडि बढाउन कठिनाइ रहेको देखिन्छ । सार्वजनिक खरिद प्रक्रिया, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार आवश्यक छ। नागरिक गुनासो व्यवस्थापन तथा सहभागिता मूलक योजना प्रक्रियामा अपेक्षित स्तरको सक्रियता सुधार ल्याउन अझै थप पहल जरुरी छ । पारदर्शिता र जवाफदेहिताका अभ्यासमा अझ सुदृढ गर्नुपर्ने अवस्था रहेको छ ।

संस्थागत क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय र द्रुत सेवा प्रवाह सुनिश्चित गर्नु प्रमुख चुनौतीका रूपमा देखा परेको छ । सीमित स्रोत साधन र बजेटका कारण आधुनिक प्रविधि तथा डिजिटल प्रणाली विस्तार गर्न कठिनाइ देखिन्छ । दक्ष जनशक्ति आकर्षण र दीर्घकालीन रूपमा टिकाइ राख्नु चुनौती पूर्ण छ । नीति, योजना र बजेट बीच समन्वय अभावले प्रभावकारी कार्यान्वयनमा बाधा पुर्याएको छ। अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई परिणाममुखी बनाउनु आवश्यक छ। साथै, पारदर्शिता, सुशासन तथा नागरिक विश्वास अभिवृद्धि गर्दै सेवा प्रवाहलाई सेवाग्राहीमुखी बनाउन नगरले तह गत योजनाहरू कार्यान्वयनमा लिनु आजको प्रमुख आवश्यकता हो ।

### ८.१.३ संभावना तथा अवसर

यस उप-महानगरपालिकामा संस्थागत सुदृढीकरण र सुशासन प्रवर्द्धनका लागि पर्याप्त सम्भावना देखिन्छन् । सूचना प्रविधिमा आधारित सेवा प्रवाह प्रणाली विस्तार गरी पारदर्शिता र कार्य क्षमता वृद्धि गर्न सकिन्छ । डिजिटल अभिलेखीकरण, अनलाइन गुनासो व्यवस्थापन तथा कर प्रणाली सुधारमार्फत राजस्व व्यवस्थापन सुदृढ गर्न सकिने आधार छ । कर्मचारी क्षमता अभिवृद्धि तालिम, कार्यसम्पादन मूल्याङ्कन प्रणाली तथा स्पष्ट कार्य विभाजन मार्फत संस्थागत दक्षता बढाउन सकिन्छ । नागरिक सहभागिता मूलक योजना प्रक्रिया र सामाजिक परीक्षण अभ्यासलाई प्रभावकारी बनाउँदै उत्तरदायी शासन प्रणाली विकास गर्ने सम्भावना विद्यमान छ ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त प्राविधिक सहयोग, नीति मार्गदर्शन तथा वित्तीय हस्तान्तरण संस्थागत विकासका लागि महत्वपूर्ण अवसर हुन् । दिगो विकास लक्ष्य (SDG १६ र १७) सँग आबद्ध कार्यक्रम मार्फत अन्तर्राष्ट्रिय सहयोग र साझेदारी विस्तार गर्न सकिन्छ । निजी क्षेत्र, नागरिक समाज तथा शैक्षिक संस्थासँग सहकार्य गरी सुशासन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने अवसर उपलब्ध छ । डिजिटल नेपाल अभियान, सार्वजनिक वित्तीय सुधार कार्यक्रम तथा नवप्रवर्तनशील प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई छरितो र पारदर्शी बनाउन सकिन्छ । जन अपेक्षा र सक्रिय नागरिक समाजलाई सकारात्मक रूपमा उपयोग गरी उत्तरदायी र विश्वसनीय स्थानीय शासन प्रणाली विकास गर्ने अवसर पनि विद्यमान रहेको छ ।

### ८.१.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**(क) उपक्षेत्र गत लक्ष्य**

पारदर्शी, उत्तरदायी, प्रविधि मैत्री र परिणाममुखी संस्थागत प्रणाली विकास गर्दै प्रभावकारी सेवा प्रवाहसहित सुशासन सुनिश्चित गर्नु

**(ख) उद्देश्यहरू**

- संस्थागत संरचना, मानव स्रोत तथा सूचना प्रविधि प्रणाली सुदृढ गरी गुणस्तरीय, छरितो र पहुँचयोग्य सेवा प्रवाह सुनिश्चित गर्नु
- पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा वित्तीय अनुशासन अभिवृद्धि गर्दै उत्तरदायी र परिणाममुखी सुशासन प्रणाली स्थापना गर्नु

**(ग) रणनीति**

| रणनीतिहरू | | कार्य नीतिहरू | |
|---|---|---|---|
| १ | संस्थागत संरचना सुधार तथा मानव जनशक्तिको क्षमता अभिवृद्धि र व्यवस्थापन गर्ने | १ | संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अद्यावधिक गरिने छ। |
| | | २ | स्पष्ट कार्यविभाजन तथा जिम्मेवारी निर्धारण गरिने छ। |
| | | ३ | आवश्यक प्राविधिक तथा दक्ष जनशक्ति पूर्ति गरिने छ। |
| | | ४ | कर्मचारी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ। |
| | | ५ | कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिने छ। |
| | | ६ | आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिने छ। |
| | | ७ | सेवा प्रवाह मापदण्ड निर्धारण गरिने छ। |
| | | ८ | कर्मचारी उत्प्रेरणा तथा प्रोत्साहन व्यवस्था विकास गरिने छ। |
| | | ९ | लैङ्गिक तथा समावेशी मानव स्रोत नीति कार्यान्वयन गरिने छ। |
| | | १० | संस्थागत ज्ञान व्यवस्थापन प्रणाली विकास गरिने छ। |
| २ | प्रविधिमैत्री तथा पारदर्शी सेवा प्रवाह प्रणाली विकास गर्ने | १ | विद्युतीय सुशासन व्यवस्थापन प्रणाली चरणबद्ध रूपमा लागू गरिने छ। |
| | | २ | डिजिटल अभिलेखीकरण प्रणाली विकास गरिने छ। |
| | | ३ | अनलाइन गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिने छ। |
| | | ४ | कर तथा राजस्व संकलन प्रणाली स्वचालित गरिने छ। |
| | | ५ | सार्वजनिक सूचना नियमित रूपमा प्रकाशन गरिने छ। |
| | | ६ | सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत सूचना प्रवाह गरिने छ। |
| | | ७ | सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गरिने छ। |
| | | ८ | सार्वजनिक खरिद प्रक्रिया पारदर्शी रूपमा सञ्चालन गरिने छ। |
| | | ९ | सेवा केन्द्रहरूमा डिजिटल सेवा विस्तार गरिने छ। |
| ३ | उत्तरदायी शासन तथा वित्तीय अनुशासन सुदृढ गर्ने | १ | वार्षिक योजना तथा बजेट कार्यान्वयनमा जोड दिई परिणाममुखी बनाइने छ। |
| | | २ | अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरिने छ। |
| | | ३ | नागरिक सहभागितामूलक योजना तर्जुमा गरिने छ। |
| | | ४ | वित्तीय पारदर्शिता सुनिश्चित गरिने छ। |
| | | ५ | सामाजिक लेखापरीक्षण तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरि नियमित प्रतिवेदन सार्वजनिक गरिने छ। |
| | | ६ | गुनासो समाधान समयसीमा निर्धारण गरिने छ। |

**(घ) कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं | कार्यक्रम तथा आयोजनाको विवरण | रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य | दिगो राष्ट्रिय लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ५ | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन ( पहिला आउनेलाई पहिले सेवा) | ५ | १६ | १० | ३ | ३ |
| ५ | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | ५ | १६ | ८ | २ | ३ |
| ५ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | ५ | १६ | ८ | ३ | ३ |
| ५ | सबै वडामा मेलमिलाप कक्ष व्यवस्थापन | ५ | १६ | ८ | १ | ३ |
| ५ | न्यायिक समितिको इजलास व्यवस्थापन | ५ | १६ | ८ | २ | ३ |
| ५ | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | ५ | १६ | ८ | २ | ३ |
| ५ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | ५ | १६ | ८ | ३ | ३ |
| ५ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | ५ | १६ | ८ | ३ | ३ |
| ५ | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | ५ | १६ | ८ | २ | ३ |
| ५ | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | ५ | १६ | ८ | २ | ३ |
| ५ | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | ५ | १६ | ८ | ३ | ३ |

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधिसम्म संगठन तथा व्यवस्थापन संरचना अद्यावधिक गरिनेछ तथा आवश्यक प्राविधिक जनशक्ति पूर्ति दर कम्तीमा ९०% पुग्नेछ। कर्मचारी क्षमता अभिवृद्धि तालिममा सवै कर्मचारीको सहभागिता सुनिश्चित गरिनेछ। डिजिटल सुशासन तथा डिजिटल अभिलेखीकरण प्रणाली सवै शाखामा कार्यान्वयन गरिनेछ। अनलाइन गुनासो दर्ता तथा समाधान प्रणाली मार्फत प्राप्त गुनासोमध्ये कम्तीमा ७५% तोकिएको समयसीमाभित्र समाधान गरि सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ। सेवा प्रवाहमा नागरिक सन्तुष्टि स्तर ७५% ले वृद्धि हुने अपेक्षा गरिएको छ जसका लागि नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन प्रकाशित गरिने छ। वार्षिक योजना तथा बजेट तयार गर्दा आवधिक योजनामा आधारित भई समुदायका थप मागहरुको परिणाममुखी कार्यान्वयन दर ९५% पुग्नेछ। आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रभावकारिता सत प्रतिशत सम्म सुदृढ गरिनेछ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

संस्थागत विकास तथा सुशासन कार्यक्रम कार्यान्वयनमा पर्याप्त बजेट तथा दक्ष जनशक्ति अभाव जोखिमका रूपमा रहन सक्छ । प्रविधि मैत्री प्रणाली विस्तारमा प्राविधिक पूर्वाधार तथा साइबर सुरक्षा चुनौती देखिन सक्छ । कर्मचारी स्थानान्तरण तथा अस्थिरताले निरन्तरता प्रभावित हुन सक्छ। पारदर्शिता र वित्तीय अनुशासन कार्यान्वयनमा कमजोर अनुगमनले अपेक्षित नतिजा हासिल गर्न कठिनाइ हुन सक्छ । परिवर्तन प्रति आन्तरिक प्रतिरोध र सीमित नागरिक सहभागिताले सुशासन सुधारको गति प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

जीतपुरसिमरा उप-महानगरपालिकाले आफ्नो पहिलो पञ्चवर्षीय आवधिक योजना (आ.व. २०८३/०८४-२०८७/८८) तर्जुमा गरेको छ जसले उप-महानगरपालिकाको समग्र विकासका साथै विभिन्न विषयगत क्षेत्रहरूमा रहेका समस्या, चुनौती र अवसरहरूको पहिचान गरेको छ। यो योजना राष्ट्रिय योजना आयोगले तोकेको मापदण्ड र ढाँचाअनुसार तयार पारिएको हो जसले दीर्घकालीन सोच, स्पष्ट लक्ष्य, विशिष्ट उद्देश्यहरु, रणनीति तथा कार्यनीतिहरुका अतिरिक्त र योजना कार्यान्वयन अवधिका परीमाणात्मक लक्ष्य स्पष्ट रूपमा आकलन गरेको छ। यस योजनाको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको जोहो गर्नु अनिवार्य छ। विशेष गरी वस्तुगत अवस्था र आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय बासिन्दाका आधारभूत आवश्यकताहरू पूरा गर्नेतर्फ ध्यान केन्द्रित गरिएको छ। यी आवश्यकताहरूमा मुख्यतया भौतिक पूर्वाधार विकास (सडक, पुल, भवन, खानेपानी, ढल निकास), आर्थिक वृद्धि (रोजगारी सिर्जना, उद्यमशीलता विकास, कृषि तथा पर्यटन प्रवर्द्धन), सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खेलकुद, युवा तथा महिला सशक्तीकरण), वातावरणीय सन्तुलन (फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, जलवायु अनुकूलन) तथा सार्वजनिक सेवा प्रवाह (प्रशासनिक सुधार, सूचना प्रविधिको प्रयोग, सेवाग्राहीको सहज पहुँच) लाई समेटिएको छ। यी सबै क्षेत्रमा प्रत्यक्ष सहयोग पुर्‍याई समग्र विकासलाई सन्तुलित, समावेशी र नतिजामुखी ढंगले अघि बढाउने उद्देश्य राखिएको छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

**(क) संस्थागत व्यवस्थापन**

आवधिक योजना कार्यान्वयनका लागि उप-महानगरपालिकाले स्पष्ट संस्थागत संरचना, जिम्मेवारी विभाजन र समन्वय संयन्त्रलाई सुदृढ बनाउँदै अगाडि बढ्नेछ। उप-महानगरपालिकाको सङ्गठन संरचना तथा व्यवस्थापनलाई नियमित अद्यावधिक गर्दै अगाडि बढ्ने रणनीति अङ्गीकार गर्ने छ। नगरप्रमुखको नेतृत्वमा कार्यपालिका, विषयगत समिति र शाखा/उपशाखाहरू बीच प्रभावकारी समन्वय स्थापना गरिनेछ। योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि सम्बन्धित संयन्त्रलाई  जिम्मेवार बनाउँदै नियमित प्रगति समीक्षा, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणलाई संस्थागत गरिनेछ। संघ तथा प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था तथा विकास साझेदारहरूसँग सहकार्य र साझेदारी विस्तार गरिनेछ। वित्तीय पारदर्शिता, उत्तरदायित्व र नतिजा मुखी व्यवस्थापनलाई प्राथमिकता दिँदै सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सरल, छरितो र प्रभावकारी बनाइनेछ। यसरी संस्थागत सुदृढीकरणमार्फत योजनाबद्ध विकासलाई दिगो, समावेशी र परिणाममुखी ढंगले कार्यान्वयन गरिनेछ। नगरवासीले सेवा चुस्त दुरुस्त रूपमा पारदर्शी तरिकाले प्राप्त गर्नु पर्ने सामान्य आधारभूत अधिकारलाई सर्वोपरि ठान्दै उप-महानगरपालिकाले आफ्नो सबै संयन्त्रलाई सक्रिय रूपमा परिचालन गर्न यस आवधिक योजनाका क्षेत्रगत प्राथमिकता र रणनीति तथा कार्य नीतिहरूको अक्षरस परिपालन गर्न रणनीतिक वार्षिक कार्य योजना तयार गरि अगाडि बढ्ने छ।

**(ख) मानव संसाधन**

| स्वास्थ्य सेवा बाहेक क्षेत्र तर्फका कर्मचारी | | स्वास्थ्य सेवा क्षेत्र तर्फका कर्मचारी | |
|---|---|---|---|
| स्थायी | करार | स्थायी | करार |
| ६६ | १४१ | ६४ | ५९ |

जीतपुरसिमरा उप-महानगरपालिकामा हाल स्वास्थ्य सेवा बाहेक प्रशासनतर्फ स्थायी कर्मचारी ६६ जना र करार कर्मचारी १४१ जना र स्वास्थ्य सेवा क्षेत्रमा स्थायी ६४ जना तथा करार कर्मचारी ५१ जना कार्यरत छन्। आवधिक योजना सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति प्रक्षेपण, दक्षता अभिवृद्धि र कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ । विषयगत दक्षता विकासका लागि तालिम, कार्यशाला र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकताअनुसार रिक्त दरबन्दी पूर्ति, करार तथा प्राविधिक जनशक्ति व्यवस्थापन र कार्य विवरण तयार गरि वितरण गर्ने र सोही आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरि उनीहरूलाई उत्साही बनाउँदै सेवा प्रवाहमा गुणस्तरता वृद्धि गरिने छ। कर्मचारीको उत्प्रेरणा, उत्तरदायित्व र पारदर्शिता बढाउन पुरस्कार तथा दण्ड प्रणालीलाई प्रभावकारी बनाइनेछ। सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन टीमवर्क, नेतृत्व विकास र प्रविधि प्रयोगमा जोड दिइनेछ, जसबाट योजनाका लक्ष्य तथा उद्देश्यहरू समयमै हासिल गर्न सहयोग पुग्नेछ।

### ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अनुमानित बजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा बजेट |
| **१** | **आर्थिक क्षेत्र** | **१७६८६०** | **३१३१६०** | **२९६९६०** | **२७८४६०** | **१८६२६०** | **१२५१७००** |
| १.१ | कृषि खाद्य सुरक्षा तथा पशुपन्छी विकास | २५६४० | २९४४० | २७७४० | २४७४० | २२०४० | १२९६०० |
| १.२ | सिंचाई | १२५५०० | २३६५०० | २३६००० | २१६००० | १३०५०० | ९४४५०० |
| १.३ | पर्यटन संस्कृति तथा सम्पदा | १०५०० | १४००० | १४००० | १०५०० | १०५०० | ५९५०० |
| १.४ | उद्योग व्यापार व्यवसाय तथा आपूर्ति | ६७५० | २४७५० | १०७५० | १८७५० | १४७५० | ७५७५० |
| १.५ | श्रम रोजगारी र सामाजिक सुरक्षा | ८४७० | ८४७० | ८४७० | ८४७० | ८४७० | ४२३५० |
| **२** | **सामाजिक क्षेत्र** | **३४४०७३** | **४२७५७३** | **३७९०९८** | **३८००९८** | **३२९०९८** | **१८५९९४०** |
| २.१ | स्वास्थ्य तथा पोषण | २७८२८ | २८८२८ | २९८२८ | ३०८२८ | २९८२८ | १४७१४० |
| २.२ | शिक्षा विज्ञान तथा नवप्रवर्तन | ९८३२५ | ११५३२५ | १२५३५० | १२८३५० | १२८३५० | ५९५७०० |
| २.३ | खानेपानी तथा सरसफाई | १५९३०० | १५९३०० | १६२३०० | १५९३०० | १०९३०० | ७४९५०० |
| २.४ | महिला बालबालिका तथा लक्षित वर्ग | ४०९२० | १०३४२० | ४०९२० | ४०९२० | ४०९२० | २६७१०० |
| २.५ | युवा तथा खेलकुद | १७७०० | २०७०० | २०७०० | २०७०० | २०७०० | १००५०० |
| **३** | **पूर्वाधार क्षेत्र** | **५९५५००** | **१०५१७५०** | **१०२२८००** | **९८१८५०** | **८९३१५०** | **४५४५०५०** |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अनुमानित बजेट (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा बजेट |
| ३.१ | बस्ती आवास भवन तथा सार्वजनिक निर्माण | १३५३०० | ३२६००० | ३३१००० | ३३४००० | २६२८०० | १३८९१०० |
| ३.२ | सडक पुल तथा यातायात | २८५२०० | ५४८७५० | ५१६८०० | ४७२८५० | ४५५३५० | २२७८९५० |
| ३.३ | जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा | १६४००० | १६४००० | १६४००० | १६४००० | १६४००० | ८२०००० |
| ३.४ | सूचना सञ्चार तथा प्रविधि | ११००० | १३००० | ११००० | ११००० | ११००० | ५७००० |
| **४** | **वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **८७१६५०** | **८७८६५०** | **८६९१५०** | **८६७६५०** | **८७८६५०** | **४३६५७५०** |
| ४.१ | वन तथा जैविक विविधता | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ८०६४०० | ८०६४०० | ८०६४०० | ८०६४०० | ८०६४०० | ४०३२००० |
| ४.३ | वातावरण तथा फोहरमैला व्यवस्थापन | १३०० | ५०० | ५०० | ५०० | ५०० | ३३०० |
| ४.४ | विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता | ५७९५० | ६५७५० | ५६२५० | ५४७५० | ६५७५० | ३००४५० |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **१४८२०** | **२०९००** | **८९००** | **८९००** | **८९००** | **६२४२०** |
| ५.१ | संस्थागत विकास तथा सुशासन | १४८२० | २०९०० | ८९०० | ८९०० | ८९०० | ६२४२० |
| **समग्र क्षेत्रको जम्मा बजेट** | | **२००२९०३** | **२६९२०३३** | **२५७६९०८** | **२५१६९५८** | **२२९६०५८** | **१२०८४८६०** |

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| **कुल आय** | | १५०५५५२६७६.३९ | १५०००००००.०० | १५०००००००.०० | १८५०००००००.०० | २००००००००.३० | ३२९०६४८९००.०० | ३६१९७१३७९०.०० |
| **क. आन्तरिक आय** | | २९५६५६५९४.६८ | २८५३२००००.०० | ३३४०४४०००.०० | ३२९१५१०००.०० | ३३९५५०५००.३० | १४६४१५४४५०.०० | १६१०५६९८९५.०० |
| आन्तरिक श्रोत | ११३१३ - सम्पति कर | ३८३०५४७९.५८ | ३५००००००.०० | ४००००००.०० | ४४००००००.०० | ४८४०००००.०० | ५३२४००००.०० | ५८५६४०००.०० |
| आन्तरिक श्रोत | ११३१४ - भूमिकर/ मालपोत | ११८०९५७७.३१ | ११२०००००.०० | १२३२००००.०० | १३५५२०००.०० | १४९०७२००.०० | १६३९७९२०.०० | १८०३७७१२.०० |
| आन्तरिक श्रोत | ११३१७ - बहाल कर | १८०४५८२९.२६ | १९०६१०००.०० | २०९६७१००.०० | २३०६३८१०.०० | २५३७०१९१.०० | २७९०७२१०.१० | ३०६९७९३१.११ |
| आन्तरिक श्रोत | ११३१८ - बहाल विटौरी कर | ६५७०४७२.३० | ८८०००००.०० | ९६८००००.०० | १०६४८०००.०० | ११७१२८००.०० | १२८८४०८०.०० | १४१७२४८८.०० |
| आन्तरिक श्रोत | ११४५१ - सवारी साधन कर (साना सवारी) | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११४५२ - पूर्वाधार सेवामा लाग्ने शुल्क (सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क) | २७५१६३७७.०० | १२३२००००.०० | १३५५२०००.०० | १४९०७२००.०० | १६३९७९२०.०० | १८०३७७१२.०० | १९८४१४८३.२० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ११४७९ - अन्य मनोरञ्जन कर | ४३६३११.०० | ५१६२७०.०० | ५००००.०० | ५५०००.०० | ६०५००.०० | ६६५५०.०० | ७३२०५.०० |
| आन्तरिक श्रोत | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६१२ - व्यवसाय बाहेकले भुक्तानी गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६३१ - कृषि तथा पशु जन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | ११६३२ - अखेटोपहारमा लाग्ने कर (कवाडी कर) | ६५४३३६८३.०० | ४६००००००.०० | ४६००००००.०० | ५०६०००००.०० | ५५६६००००.०० | ६१२२६०००.०० | ६७३४८६००.०० |
| आन्तरिक श्रोत | ११६९१ - अन्य कर | ७४५५२७.२८ | २२००००.०० | २४२०००.०० | २६६२००.०० | २९२८२०.०० | ३२२१०२.०० | ३५४३१२.२० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४१५१ - सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १११४२३.७० | ८२५००.०० | ९०७५०.०० | ९९८२५.०० | १०९८०७.५० | १२०७८८.२५ | १३२८६७.०८ |
| आन्तरिक श्रोत | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२१२ - सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | | ११०००.०० | १२१००.०० | १३३१०.०० | १४६४१.०० | १६१०५.१० | १७७१५.६१ |
| आन्तरिक श्रोत | अन्य विक्रीबाट प्राप्त रकम | | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२१६ - निजी धारा बापतको शुल्क | | ५५००.०० | ६०५०.०० | ६६५५.०० | ७३२०.५० | ८०५२.५५ | ८८५७.८१ |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४२१८ - विद्युत् सेवा शुल्क | १००००.०० | ८८००.०० | ९६८०.०० | १०६४८.०० | ११७१२.८० | १२८८४.०८ | १४१७२.४९ |
| आन्तरिक श्रोत | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५९७५२०४.६२ | २०००००.०० | २२०००००.०० | २४२००००.०० | २६६२०००.०० | २९२८२००.०० | ३२२१०२०.०० |
| आन्तरिक श्रोत | १४२२१ - न्यायिक दस्तुर | ४४९५५.०० | २२०००.०० | २४२००.०० | २६६२०.०० | २९२८२.०० | ३२२१०.२० | ३५४३१.२२ |
| आन्तरिक श्रोत | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ४१३००.०० | ११००००.०० | १२१०००.०० | १३३१००.०० | १४६४१०.०० | १६१०५१.०० | १७७१५६.१० |
| आन्तरिक श्रोत | १४२२४ - परीक्षा शुल्क | ३६१७००.०० | ८२५००.०० | ९०७५०.०० | ९९८२५.०० | १०९८०७.५० | १२०७८८.२५ | १३२८६७.०८ |
| आन्तरिक श्रोत | १४२२५ - यातायात क्षेत्रको आम्दानी | ०.०० | २२००००.०० | २४२०००.०० | २६६२००.०० | २९२८२०.०० | ३२२१०२.०० | ३५४३१२.२० |
| आन्तरिक श्रोत | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १०१४४७१.०० | २२०००००.०० | २४२००००.०० | २६६२०००.०० | २९२८२००.०० | ३२२१०२०.०० | ३५४३१२२.०० |
| आन्तरिक श्रोत | १४२४१ - पार्किङ्ग शुल्क | १७२१०.०० | ११००००.०० | १२१०००.०० | १३३१००.०० | १४६४१०.०० | १६१०५१.०० | १७७१५६.१० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १४२४२ - नक्सापास दस्तुर | ९८०४८०७.५७ | १०००००००.०० | ११००००००.०० | १२१०००००.०० | १३३१००००.०० | १४६४१०००.०० | १६१०५१००.०० |
| आन्तरिक श्रोत | १४२४३ - सिफारिस दस्तुर | १२०९६०९७.०० | १२५५००००.०० | १३८०५०००.०० | १५१८५५००.०० | १६७०४०५०.०० | १८३७४४५५.०० | २०२११९००.५० |
| आन्तरिक श्रोत | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १७६५७२०.०० | १६०००००.०० | १७६००००.०० | १९३६०००.०० | २१२९६००.०० | २३४२५६०.०० | २५७६८१६.०० |
| आन्तरिक श्रोत | १४२४५ - नाता प्रमाणित दस्तुर | १३६६९५०.०० | १००००००.०० | ११०००००.०० | १२१००००.०० | १३३१०००.०० | १४६४१००.०० | १६१०५१०.०० |
| आन्तरिक श्रोत | १४२४९ - अन्य दस्तुर | २२८१५२४.९७ | २००००००.०० | २२०००००.०० | २४२००००.०० | २६६२०००.०० | २९२८२००.०० | ३२२१०२०.०० |
| आन्तरिक श्रोत | १४२५३ - व्यवसाय रजिस्ट्रेसन दस्तुर | ६४१५००.०० | ७१५०००.०० | ७८६५००.०० | ८६५१५०.०० | ९५१६६५.०० | १०४६८३१.५० | ११५१५१४.६५ |
| आन्तरिक श्रोत | १४२५४ - रेडियो/ एफ. एम. सञ्चालन दस्तुर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४२६२ - विद्युत् सम्बन्धी दस्तुर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | अन्य क्षेत्रको आय | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४३११ - न्यायिक दण्ड जरिबाना र जफत | २०३९.९२ | २५०००.०० | २७५००.०० | ३०२५०.०० | ३३२७५.०० | ३६६०२.५० | ४०२६२.७५ |
| आन्तरिक श्रोत | १४३१२ - प्रशासनिक दण्ड जरिबाना र जफत | ५९९६७३१.१५ | ५०००००.०० | ५५००००.०० | ६०५०००.०० | ६६५५००.०० | ७३२०५०.०० | ८०५२५५.०० |
| आन्तरिक श्रोत | धरौटी सदरस्याहा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४५११ - बीमा दाबी प्राप्ति | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४५२९ - अन्य राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४५३१ - सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक श्रोत | १४६११ - व्यवसाय कर | ७१६५२०७.६० | ७५००००००.०० | ८२५००००.०० | ९०७५०००.०० | ९९८२५००.०० | १०९८०७५०.०० | १२०७८८२५.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १५१११ - बेरुजू | ३९८०१२६.९० | १००००००.०० | ११०००००.०० | १२१००००.०० | १३३१०००.०० | १४६४१००.०० | १६१०५१०.०० |
| आन्तरिक श्रोत | ३२१२२ - बैक मौज्दात | ७४११६३६८.५२ | ११०४६०४३०.०० | १४५३१६३७०.०० | १२१५५०६०७.०० | ११११९००६८.०० | १२२३०९०७४.८० | १३४५३९९८२.२८ |
| **ख. राजस्व बाँडफाँटबाट प्राप्त रकम** | | **३६६३१५२७८.८०** | **३३५१८००००.००** | **४४३७५६०००.००** | **४४१८०००००.००** | **४८२३०००००.००** | **५३०५३००००.००** | **५८३५८३०००.००** |
| राजस्व बाँडफाँट - प्रदेश सरकार | ११४५६ - बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३२४९३१४५.०० | १८७०००००.०० | ११९००००००.०० | १२००००००००.०० | १३२००००००.०० | १४५२०००००.०० | १५९७२००००.०० |
| राजस्व बाँडफाँट स्थानीय | ११३१५ - घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०३५१२०७२.०० | ९५००००००.०० | ८००००००००.०० | ८००००००००.०० | ८८००००००.०० | ९६८००००००.०० | १०६४८००००.०० |
| राजस्व बाँडफाँट स्थानीय | ११४७१ - बाँडफाँटबाट प्राप्त हुने मनो रञ्जन कर | ०.०० | १०००००.०० | १०००००.०० | १०००००.०० | १०००००.०० | ११००००.०० | १२१०००.०० |
| **राजस्व बाँडफाँट - स्थानीय** | **११४७२ - बाँडफाँटबाट प्राप्त हुने विज्ञा पन कर** | **३६७४२५६.००** | **१३८००००.००** | **१६५६०००.००** | **१७०००००.००** | **१७०००००.००** | १८७००००.०० | २०५७०००.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| **राजस्व बाँडफाँट - स्थानीय** | **१४१५७ - बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय** | **२८४१८६९४.००** | **३००००००.००** | **३३००००००.००** | **३५००००००.००** | **३५००००००.००** | ३८५०००००.०० | ४२३५००००.०० |
| राजस्व बाँडफाँट - संघीय सरकार | ११४११ - बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | १३८४४७७२६.२७ | १६००००००.०० | १७००००००.०० | १६००००००.०० | १७६०००००.०० | १९३६०००००.०० | २१२९६००००.०० |
| राजस्व बाँडफाँट - संघीय सरकार | ११४२१ - बाँडफाँट भई प्राप्त हुने अन्तः शुल्क | ५९७६९३८५.५३ | ३००००००.०० | ४००००००.०० | ४५००००००.०० | ४९५०००००.०० | ५४४५००००.०० | ५९८९५०००.०० |
| राजस्व बाँडफाँट - संघीय सरकार | बाँडफाँट भई प्राप्त बन रोयल्टी | ०.०० | ०.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | **८४३५८०८०२.९१** | **८७९५०००००.००** | **९७२२०००००.००** | **१०७९०४९०००.००** | **११७८१४९५००.००** | **१२९५९६४४५०.००** | **१४२५५६०८९५.००** |
| **ग. संघीय सरकार** | | **८२४२९५८०२.९१** | **८६४५०००००.००** | **९५०९५००००.००** | **१०४६०४५०००.००** | **११५०६४९५००.००** | १२६५७१४४५०.०० | १३९२२८५८९५.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल सरकार | १३३११ - समानीकरण अनुदान | २२९१२४७२०.०० | २५३५००००००.०० | २७८८५००००.०० | ३०६७३५०००.०० | ३३७४०८५००.०० | ३७११४९३५०.०० | ४०८२६४२८५.०० |
| नेपाल सरकार | १३३१२ - शसर्त अनुदान चालू | ४१६१९५५५९.९१ | ४७४००००००.०० | ५२१४०००००.०० | ५७३५४००००.०० | ६३०८९४०००.०० | ६९३९८३४००.०० | ७६३३८१७४०.०० |
| नेपाल सरकार | १३३१३ - शसर्त अनुदान पुँजीगत | १०६०१७९४३.०० | ६१५००००००.०० | ६७६५००००.०० | ७४४१५०००.०० | ८१८५६५००.०० | ९००४२१५०.०० | ९९०४६३६५.०० |
| नेपाल सरकार | १३३१५ - विशेष अनुदान पुँजीगत | ०.०० | १४३००००००.०० | १५७३००००.०० | १७३०३०००.०० | १९०३३३००.०० | २०९३६६३०.०० | २३०३०२९३.०० |
| नेपाल सरकार | १३३१७ - समपुरक अनुदान पुँजीगत | ७२९५७५८०.०० | ६१२००००००.०० | ६७३२००००.०० | ७४०५२०००.०० | ८१४५७२००.०० | ८९६०२९२०.०० | ९८५६३२१२.०० |
| **घ. प्रदेश सरकार** | | **१९२८५०००.००** | **१५००००००.००** | **२१२५००००.००** | **३३००४०००.००** | **२७५०००००.००** | ३०२५००००.०० | ३३२७५०००.०० |
| मधेश प्रदेश | १३३११ - समानीकरण अनुदान | १९२८५०००.०० | १५००००००.०० | २१२५००००.०० | २०५०४०००.०० | १५००००००.०० | १६५०००००.०० | १८१५००००.०० |
| मधेश प्रदेश | १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| बजेटको स्रोत/ तह | संकेत/ शीर्षक | आ. व. २०८१/०८२ को यथार्थ | आ. व. २०८२/०८३ को संशोधित अनुमान | आ. व. २०८३/०८४ को प्रक्षेपण | आ. व. २०८४/०८५ को प्रक्षेपण | आ. व. २०८५/०८६ को प्रक्षेपण | आ. व. २०८६/०८७ को प्रक्षेपण | आ. व. २०८७/०८८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| मधेश प्रदेश | १३३१५ विशेष अनुदान | ०.०० | ०.०० | ०.०० | ७५०००००.०० | ७५०००००.०० | ८२५००००.०० | ९०७५०००.०० |
| मधेश प्रदेश | १३३१६ समपुरक अनुदान चालू | ०.०० | ०.०० | ०.०० | ५००००००.०० | ५००००००.०० | ५५०००००.०० | ६०५००००.०० |
| मधेश प्रदेश | १३३१७ - समपुरक अनुदान पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **ङ. जनसहभागिता** | | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | ०.०० | ०.०० |

## ९.५ स्रोत परिचालन रणनीति

जीतपुरसिमरा उप-महानगरपालिकाले स्रोत परिचालनलाई रणनीतिक र बहुआयामिक ढंगले व्यवस्थापन गर्ने नीति अवलम्बन गरेको छ। यो आवधिक योजना कार्यान्वयनका क्रममा तीव्र शहरीकरण, सेवा विस्तार र पूर्वाधार विकासको बढ्दो आवश्यकतालाई दृष्टिगत गर्दै आन्तरिक राजस्व सुदृढीकरण, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको अधिकतम उपयोग, विकास साझेदारसँगको सहकार्य, सार्वजनिक निजी साझेदारी (PPP) प्रवर्द्धन तथा सहकारी तथा वित्तीय संस्थाको परिचालनलाई प्राथमिकता दिइनेछ । राजस्व वृद्धिका लागि कर संरचनाको समयानुकूल समीक्षा, सम्पत्ति अभिलेखीकरण र नक्सांकन, घरबहाल कर, व्यवसाय कर, सवारी कर, विज्ञापन कर तथा सेवा शुल्क समायोजन जस्ता उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

विकास साझेदारहरूसँग सहकार्य गर्दै परियोजना अनुदान व्यवस्थापन, वित्तीय प्रतिवेदन प्रणाली सुदृढीकरण, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइमार्फत पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ । निजी क्षेत्रसँगको सहकार्यमा शहरी पूर्वाधार, औद्योगिक प्रवर्द्धन, कृषि व्यवसाय विकास, पर्यटन विस्तार तथा ऊर्जा क्षेत्रमा दीर्घकालीन लगानी आकर्षित गरिनेछ । वडास्तरमा बजेट कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउन वडागत बजेट समिति, नागरिक सहभागिता समूह तथा सामुदायिक अनुगमन प्रणाली सुदृढ गरिनेछ।

यस रणनीतिक अवधारणा अन्तर्गत स्रोत परिचालनको उद्देश्य केवल वार्षिक खर्च व्यवस्थापन नभई दीर्घकालीन सहरी विकासका लागि स्रोतको स्थायित्व, प्रभावकारिता, पारदर्शिता र समतामूलक पहुँच सुनिश्चित गर्नु हो । तसर्थ जीतपुरसिमरा उपमहानगरपालिकाले आवधिक योजना कार्यान्वयनका क्रममा अपनाउने प्रमुख रणनीतिहरू यस प्रकार रहेका छन् :

**समन्वय र सहकार्य :** नेपाल सरकार तथा प्रदेश सरकारसँग नियमित समन्वय र सम्पर्क कायम गरी आवधिक योजनाले निर्धारण गरेका कार्यक्रम कार्यान्वयनका लागि नियमित बजेट बाहेक थप स्रोत व्यवस्थापन गर्न पहल गर्ने, **आन्तरिक राजस्व वृद्धि** : उपमहानगरपालिकाको आन्तरिक राजस्व आधार विस्तारका लागि समग्र राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

**वस्तुनिष्ठ योजना तथा बजेट तयार र कार्यान्वयन :** प्रत्येक वर्ष मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी प्राथमिकतामा आधारित लगानी सुनिश्चित गर्ने तथा अनावश्यक खर्च कटौती गर्ने,

**योजना बैकको अवधारणा** : नगर गौरवका योजना र रणनीतिक महत्वका योजनाहरू समेटिएको “योजना बैंक” तयार गरी सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारबाट लगानी आकर्षित गर्ने,

**जनश्रमदान :** जनश्रमदान तथा सामुदायिक सहभागितामा आधारित कार्यक्रमहरूलाई प्रोत्साहन र नियमितता दिने

## ९.६ आवधिक योजना कार्यान्वयन

जीतपुरसिमरा उपमहानगरपालिकाले आवधिक योजनालाई केवल औपचारिक दस्तावेजका रूपमा नभई दिगो, समावेशी र समृद्ध शहरी विकासको दीर्घकालीन रणनीतिक मार्गचित्रका रूपमा लिएको छ। सोही अनुरूप योजना तर्जुमा, बजेट निर्माण, स्रोत परिचालन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्मका सम्पूर्ण चरणहरू स्पष्ट कार्ययोजना सहित निर्धारण गरिएको छ । योजना कार्यान्वयनमा योजना महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखा, विषयगत शाखा प्रमुखहरू, वडाध्यक्ष तथा वडास्तरका कर्मचारीहरू, साथै निजी क्षेत्र, नागरिक समाज र अन्य स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

आगामी आर्थिक वर्षहरूमा वडास्तरबाट प्राप्त प्राथमिकतायुक्त योजनाहरूलाई उप-महानगरस्तरमा एकीकृत गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गरिनेछ। आवधिक योजना, वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचना बीच समन्वय

कायम गरी प्राथमिकतामा आधारित लगानी सुनिश्चित गरिनेछ । स्पष्ट समयरेखा, कार्यसम्पादन सूचक (Key Performance Indicators) तथा वित्तीय विनियोजनका आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछन् । प्रत्येक आयोजना तथा कार्यक्रमका लागि कार्यादेश, जिम्मेवारी बाँडफाँड र समयसीमा निर्धारण गरी नतिजामुखी ढंगले कार्यान्वयन गरिनेछ।

कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउन व्यवस्थापन सूचना प्रणाली (MIS), GIS आधारित योजना अनुगमन प्रणाली तथा EMIS/LMBIS जस्ता डिजिटल प्रविधिहरू प्रयोगमा ल्याइनेछन् । यसले प्रगति अनुगमन, समस्या पहिचान तथा समयमै सुधारात्मक कदम चाल्न सहयोग पुऱ्याउनेछ । नवप्रवर्तन, सुशासन, पारदर्शिता, नागरिक सहभागिता तथा परिणाममुखी सोचलाई कार्यान्वयनको मूल आधार बनाइनेछ । महिला, दलित, अपाङ्गता भएका व्यक्ति, युवा तथा आदिवासी समुदायलगायत मुख्य लाभग्राही वर्गको सार्थक सहभागिता सुनिश्चित गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई थप सुदृढ गरिनेछ।

कार्यान्वयन प्रक्रियाको त्रैमासिक तथा वार्षिक समीक्षा, प्रगति प्रतिवेदन र प्रतिफल विश्लेषण नियमित रूपमा गरिनेछ। यसका अतिरिक्त प्राप्त उपलब्धि र सिकाइका आधारमा सुधारात्मक कार्ययोजना तयार गरी योजना अद्यावधिक गरिने रणनीति अपनाइनेछ। साथै संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र स्रोत एकीकरणलाई प्राथमिकता दिइनेछ । यस सशक्त र उत्तरदायी कार्यान्वयन संयन्त्रमार्फत आवधिक योजनाले जीतपुरसिमरा उप-महानगरपालिकालाई समृद्ध, व्यवस्थित र नागरिकमैत्री सहरी केन्द्रका रूपमा विकास गर्ने मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

आवधिक योजना तयारी पश्चात एउटा पहिलो नीतिगत कार्य सम्पन्न भएको मानिन्छ तर यसको वैज्ञानिक कार्यान्वय सबै भन्दा महत्वपूर्ण पक्ष हो। यसका लागि उप-महानगरपालिकाले कार्यान्वयन योजना भागमा उल्लेख भए बमोजिम अगाडि बढ्ने छ। ती योजनाहरु कार्यान्वयन भए/नभएको यकिन गर्दै गुणस्तरता मापन, आवधिक योजना तयारीको समयमा भन्दा वर्तमान अवस्थामा के कस्तो फरकपन छ र परिवर्तित समयमा के कसरी कार्य अगाडि बढाउनु पर्ने हो भन्ने कुराको यकिन गर्न जीतपुरसिमरा उप-महानगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ। अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ। नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजना तयारी पछि अनुगमन तथा मूल्याङ्कनको महत्व झन् संवेदनशील र व्यवहारिक हुन्छ । तीव्र शहरीकरण, बाढी डुबानको जोखिम, सामाजिक सांस्कृतिक विविधता, सीमित वित्तीय स्रोत र उच्च नागरिक अपेक्षाका कारण योजना कार्यान्वयन जटिल बन्ने गर्दछ। यस्तो अवस्थामा नियमित अनुगमनले कार्यक्रमहरूको क्रियाशीलता, समयपालन, गुणस्तर, लागत प्रभावकारिता तथा सेवा प्रवाहमा नागरिक सन्तुष्टि जस्ता पक्षहरूको परीक्षण गर्ने आधार प्रदान गर्छ। यसले लक्ष्य अनुसार काम भइरहेको छ कि छैन भन्ने स्पष्ट पार्नुका साथै आवश्यक परेमा समयमै सुधारात्मक निर्णय लिन सहयोग पुऱ्याउँछ। स्रोत सीमित र आवश्यकता धेरै हुने तराईका स्थानीय तहमा अनुगमनले प्राथमिकताको पुनः परीक्षण गरी बजेट पुनर्विनियोजन, कार्यक्रम परिमार्जन र कार्यगत निर्णयलाई तथ्यगत आधार दिन्छ।

मूल्याङ्कनले भने योजना कार्यान्वयनबाट प्राप्त उपलब्धि, कमजोरी, चुनौती र सिकाइलाई पहिचान गरी प्रणालीगत सुधारतर्फ रूपान्तरण गर्न मद्दत गर्छ। सामाजिक समावेशीकरण, प्रभावकारिता, दिगोपना र दीर्घकालीन परिणामको दृष्टिले कार्यक्रम कति सफल भए भन्ने तथ्य मूल्याङ्कनबाट स्पष्ट हुन्छ। यसले जनप्रतिनिधि र प्रशासनलाई बढी जवाफदेही बनाउँदै पारदर्शिता प्रवर्द्धन गर्छ र नागरिक सरकारबीच विश्वास सुदृढ बनाउँछ। यसरी, तराईको उप-महानगरपालिकामा अनुगमन तथा मूल्याङ्कन केवल औपचारिक प्रक्रिया नभई सुशासन, प्रभावकारी स्रोत उपयोग र दिगो विकास सुनिश्चित गर्ने रणनीतिक आधार हो।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी योजना शाखा, आर्थिक प्रशासन शाखा, विषयगत शाखाहरू (जस्तै पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, वातावरण) तथा विधिवत् गठित अनुगमन तथा मूल्याङ्कन समितिमा रहनेछ। उप-महानगरपालिकाको संरचना तुलनात्मक रूपमा ठूलो र बहु क्षेत्रीय हुने भएकाले शाखागत समन्वय, तथ्यमा आधारित प्रतिवेदन प्रणाली, र नियमित प्रगति समीक्षा बैठक अनिवार्य हुनेछ। वडास्तरमा वडाध्यक्षको संयोजनमा वडा स्तरीय योजना तथा अनुगमन समितिहरू गठन भई स्थानीय नागरिक समाज, उपभोक्ता समिति, सरोकारवाला समूह तथा विषय विशेषज्ञहरूको प्रतिनिधित्वसहित स्थलगत अनुगमन कार्य सञ्चालन गरिनेछ। अनुगमन प्रक्रियालाई समावेशी र प्रतिनिधिमूलक बनाउन दलित, महिला, युवा, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ, जसले निर्णय प्रक्रियामा समान अवसर र सामाजिक न्यायलाई बल पुऱ्याउनेछ।

साझेदार संस्था, नागरिक सचेत समूह, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति, उद्योग व्यवसायी प्रतिनिधि तथा समुदायमा आधारित संस्थाहरूलाई समेत अनुगमन प्रणालीमा आबद्ध गरिनेछ। उप-महानगरपालिकाले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कनका ढाँचा, सूचक र उपकरणहरूलाई समय, स्थान र परिवेशअनुसार परिमार्जन तथा सरलीकरण गर्दै लैजानेछ, साथै प्रविधिमा आधारित अनुगमन लाई क्रमशः संस्थागत गर्नेछ। यसरी बहुपक्षीय समन्वय, उत्तरदायित्व र तथ्यमा आधारित निर्णय प्रक्रियामार्फत उप-महानगरपालिकाले प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्दै दिगो र परिणाममुखी शासन सुनिश्चित गर्नेछ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभ ग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन।

**आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः**

- उप-महानगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ।

## अनुसूचीहरू:

### अनुसूची नं.१: कार्यक्रम तथा आयोजनाको वार्षिक लक्ष्य तथा बजेट:

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| **आर्थिक विकास क्षेत्र** | | | | **१७६८६०** | | **३१३१६०** | | **२९६९६०** | | **२७८४६०** | | **१८६२६०** | | **१२५१७००** | |
| **कृषि खाद्य सुरक्षा तथा पशुपन्छी विकास** | | | | **२५६४०** | | **२९४४०** | | **२७७४०** | | **२४७४०** | | **२२०४०** | | **१२९६००** | |
| १ | कृषि यान्त्रिकरण कार्यक्रम | जना | ४० | ४००० | ४० | ४००० | ४० | ४००० | ४० | ४००० | ४० | ४००० | २०० | २०००० | १०० |
| २ | माटो परीक्षण कार्यक्रम | इभेन्ट | १ | १५०० | | ० | | ० | | ० | १ | १५०० | २ | ३००० | १५०० |
| ३ | एक वडा एक कृषि प्राविधिक | जना | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | १२० | ३६०० | ३० |
| ४ | कृषि पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | स्थान | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ० | ० | २४ | १२००० | ५०० |
| ५ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | जना | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ६ | ६०० | ३० | ३००० | १०० |
| ६ | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम | इभेन्ट | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| ७ | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन | संख्या | ६ | ९०० | ८ | १२०० | ८ | १२०० | ८ | १२०० | ० | ० | ३० | ४५०० | १५० |
| ८ | चक्ला बन्दी तथा सामूहिक खेती प्रवर्द्धन कार्यक्रम | स्थान | २ | ३०० | २ | ३०० | ४ | ६०० | ४ | ६०० | ४ | ६०० | १६ | २४०० | १५० |
| ९ | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | संख्या | ० | ० | १ | २००० | ० | ० | ० | ० | ० | ० | १ | २००० | २००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १० | कृषि बजारी करण प्रवर्द्धन कार्यक्रम | इभेन्ट | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ६ | १८०० | ३० | ९००० | ३०० |
| ११ | कृषि बाली बीमा कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| १२ | बेमौसमी तरकारी खेती प्रवर्द्धन | स्थान | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ६ | ३००० | ३० | १५००० | ५०० |
| १३ | प्रविधिक कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | इभेन्ट | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| १४ | एक वडा एक पशु विकास प्राविधिक | जना | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | २४ | ७२० | १२० | ३६०० | ३० |
| १५ | पशु बीमा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| १६ | व्यावसायिक पशुपंछीपालन/मत्स्यपालन प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| १७ | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | इभेन्ट | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| १८ | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार | संख्या | ७ | ३५०० | ७ | ३५०० | ७ | ३५०० | ७ | ३५०० | ७ | ३५०० | ३५ | १७५०० | ५०० |
| १९ | उन्नत घाँस खेती विस्तार कार्यक्रम | एकमुस्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| २० | पशु वध शाला तथा मासु बजार विकास कार्यक्रम | संख्या | ० | ० | २ | ३००० | २ | ३००० | ० | ० | ० | ० | ४ | ६००० | १५०० |
| **सिंचाई** | | | | १२५५०० | | २३६५०० | | २३६००० | | २१६००० | | १३०५०० | | ९४४५०० | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १ | सिँचाइका लागि लगभग ११५ वटा ठूलो बोरीङ | संख्या | १२ | ६०००० | ३० | १५०००० | ३० | १५०००० | ३० | १५०००० | १३ | ६५००० | ११५ | ५७५००० | ५००० |
| २ | कृषि विद्युतिकरणका लागि २००० पोल | संख्या | ४०० | ६०००० | ४०० | ६०००० | ४०० | ६०००० | ४०० | ६०००० | ४०० | ६०००० | २००० | ३००००० | १५० |
| ३ | रामवन मुर्सिनिमाइ सिमसार सिंचाइ योजना | योजना | ० | ० | १ | २०००० | ० | ० | ० | ० | ० | ० | १ | २०००० | २०००० |
| ४ | बाहुनिखोला पैनि सिंचाइ योजना | योजना | ० | ० | ० | ० | १ | २०००० | ० | ० | ० | ० | १ | २०००० | २०००० |
| ५ | वडा नं ५ मा साना ठूलागरी ६ वटा कुलो सिंचाइ योजना | योजना | १ | ५०० | २ | १००० | १ | ५०० | १ | ५०० | १ | ५०० | ६ | ३००० | ५०० |
| ६ | वडा नं ६ मा साना ठूलागरी ३ वटा कुलो सिंचाइ योजना | योजना | ० | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | | ० | ३ | १५०० | ५०० |
| ७ | वडा नं ८ मा साना ठूलागरी ५ वटा कुलो सिंचाइ योजना | योजना | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ८ | अन्य वडाभर कुलो निर्माण ४५ वटा | योजना | ९ | ४५०० | ९ | ४५०० | ९ | ४५०० | ९ | ४५०० | ९ | ४५०० | ४५ | २२५०० | ५०० |
| **पर्यटन संस्कृति तथा सम्पदा** | | | | १०५०० | | १४००० | | १४००० | | १०५०० | | १०५०० | | ५९५०० | |
| १ | धार्मिक पर्यटकिय स्थल पुन: निर्माण, निर्माण तथा ममर्त | संख्या | ७ | ७००० | ७ | ७००० | ७ | ७००० | ७ | ७००० | ७ | ७००० | ३५ | ३५००० | १००० |
| २ | ऐतिहासिक पर्यटकिय स्थाल पुन: निर्माण, निर्माण तथा ममर्त | संख्या | १ | १००० | २ | २००० | २ | २००० | १ | १००० | १ | १००० | ७ | ७००० | १००० |
| ३ | संग्राहलय पुन: निर्माण, निर्माण तथा ममर्त | संख्या | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | पार्क पुन: निर्माण, निर्माण तथा मर्मत | संख्या | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ५ | चारकोषेझाडि पर्यटकिय स्थल | संख्या | | ० | | ० | १ | २००० | | ० | | ० | १ | २००० | २००० |
| ६ | पोखरी/दह संरक्षण समबर्धन | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ७ | साइकल रुट ९.५ किमि वडा नं २२ | संख्या | | ० | १ | २००० | | ० | | ० | | ० | १ | २००० | २००० |
| ८ | ऐतिहासिक झरणा वडा नं २२ लाइ पर्यटकिय स्थल बनाउने | संख्या | | ० | | ० | १ | ५०० | | ० | | ० | १ | ५०० | ५०० |
| ९ | पर्सा वन्यजन्तु आरक्षण र औद्योगिक क्षेत्रलाइ जोड्ने साइकल ट्र्याक निर्माण | संख्या | | ० | १ | ५०० | | ० | | ० | | ० | १ | ५०० | ५०० |
| **उद्योग व्यापार व्यवसाय तथा आपूर्ति** | | | | ६७५० | | २४७५० | | १०७५० | | १८७५० | | १४७५० | | ७५७५० | |
| १ | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | संख्या | ० | ० | २ | ४००० | १ | २००० | २ | ४००० | २ | ४००० | ७ | १४००० | २००० |
| २ | दुग्ध जन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | संख्या | | ० | २ | ४००० | १ | २००० | २ | ४००० | २ | ४००० | ७ | १४००० | २००० |
| ३ | जडीबुटी प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती | संख्या | | ० | १ | १०००० | ० | ० | ० | ० | ० | ० | १ | १०००० | १०००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | जना | २० | ४०० | २० | ४०० | २० | ४०० | २० | ४०० | २० | ४०० | १०० | २००० | २० |
| ५ | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | संख्या | | ० | ० | ० | ० | ० | २ | ४००० | ० | ० | २ | ४००० | २००० |
| ६ | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | संख्या | २५ | ६२५० | २५ | ६२५० | २५ | ६२५० | २५ | ६२५० | २५ | ६२५० | १२५ | ३१२५० | २५० |
| ७ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | एकमुस्ट | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| **श्रम रोजगारी र सामाजिक सुरक्षा** | | | | ८४७० | | ८४७० | | ८४७० | | ८४७० | | ८४७० | | ४२३५० | |
| १ | वित्तीय तालिम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) तथा युवा उद्यमशीलता विकास कार्यक्रम | जना | १०० | २५०० | १०० | २५०० | १०० | २५०० | १०० | २५०० | १०० | २५०० | ५०० | १२५०० | २५ |
| २ | रोजगार कार्यक्रम सञ्चालन (सीप, उद्यम, तथा आयमूलक) | जना | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | २५० | ६२५० | २५ |
| ३ | सहकारी क्षमता विकास कार्यक्रम | पटक | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | २५० | ६२५० | २५ |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम | पटक | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | ५० | १२५० | २५० | ६२५० | २५ |
| ५ | वैदेशिक रोजगारबाट फर्केकाहरूको सीप उपयोग गर्दै उद्यमशीलता विकास का लागि सहायता प्याकेज कार्यक्रम | जना | २० | २००० | २० | २००० | २० | २००० | २० | २००० | २० | २००० | १०० | १०००० | १०० |
| ६ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | पटक | १ | २० | १ | २० | १ | २० | १ | २० | १ | २० | ५ | १०० | २० |
| ७ | असङ्गठित क्षेत्रको श्रमिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता अभियान | जना | २० | २०० | २० | २०० | २० | २०० | २० | २०० | २० | २०० | १०० | १००० | १० |
| **सामाजिक विकास क्षेत्र** | | | | **३४४०७३** | | **४२७५७३** | | **३७९०९८** | | **३८००९८** | | **३२९०९८** | | **१८५९९४०** | |
| **स्वास्थ्य तथा पोषण** | | | | **२७८२८** | | **२८८२८** | | **२९८२८** | | **३०८२८** | | **२९८२८** | | **१४७१४०** | |
| १ | स्वास्थ्य बीमा कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| २ | स्वास्थ्य संस्थाका भवनमा आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन | एकमुस्ट | ३ | १५०० | ४ | २००० | ५ | २५०० | ६ | ३००० | ५ | २५०० | २३ | ११५०० | ५०० |
| ३ | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | एकमुस्ट | ३ | १५०० | ४ | २००० | ५ | २५०० | ६ | ३००० | ५ | २५०० | २३ | ११५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | पटक | १२ | १४४० | १२ | १४४० | १२ | १४४० | १२ | १४४० | १२ | १४४० | ६० | ७२०० | १२० |
| ५ | गाउँघर क्लिनिक व्यवस्थापन | संख्या | १२ | २८८ | १२ | २८८ | १२ | २८८ | १२ | २८८ | १२ | २८८ | ६० | १४४० | २४ |
| ६ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | एकमुस्ट | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| ७ | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | एकमुस्ट | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | ५ | ५०००० | १०००० |
| ८ | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| ९ | सुत्केरी पोषण कार्यक्रम | एकमुस्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| १० | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ११ | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| शिक्षा विज्ञान तथा नवप्रवर्तन | | | | ९८३२५ | | ११५३२५ | | १२५३५० | | १२८३५० | | १२८३५० | | ५९५७०० | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १ | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | १२ | ६०००० | १२ | ६०००० | १२ | ६०००० | १२ | ६०००० | १२ | ६०००० | ६० | ३००००० | ५००० |
| २ | शिक्षा योजना निर्माण | संख्या | ० | ० | १ | २००० | | ० | | ० | | ० | १ | २००० | २००० |
| ३ | School Improvement Plan-SIP अनिबार्य | एकमुस्ट | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | ५ | ६००० | १२०० |
| ४ | स्नातक तहसम्मको क्याम्पस सञ्चालन कार्यक्रम | संख्या | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | एकमुस्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ६ | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | एकमुस्ट | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० | ५ | ३०००० | ६००० |
| ७ | बालमैत्री कक्षा कोठा व्यवस्थापन | एकमुस्ट | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० | १ | ६००० | ५ | ३०००० | ६००० |
| ८ | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ९ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | जना | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | २५ | २५० | १० |
| १० | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ४ | ४००० | १००० |
| ११ | ई-लाइब्रेरीको रूपमा विकास तथा सञ्चालन | संख्या | ४ | २०००० | ६ | ३०००० | ८ | ४०००० | ९ | ४५००० | ९ | ४५००० | ३६ | १८०००० | ५००० |
| १२ | प्राविधिक शिक्षालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | ० | ० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | ८ | १६००० | २००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १३ | विद्यालय स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | एकमुस्ट | ० | ० | ० | ० | १ | २००० | | ० | | ० | १ | २००० | २००० |
| १४ | अन्तर विद्यालय अनुभव आदान प्रदान तथा शैक्षिक सुधार भ्रमण कार्यक्रम | पटक | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| १५ | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन | संख्या | ३ | ७५ | ३ | ७५ | ४ | १०० | ४ | १०० | ४ | १०० | १८ | ४५० | २५ |
| **खानेपानी तथा सरसफाई** | | | | **१५९३००** | | **१५९३००** | | **१६२३००** | | **१५९३००** | | **१०९३००** | | **७४९५००** | |
| १ | उप-महानगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | संख्या | ० | ० | ० | ० | १ | ३००० | ० | ० | ० | ० | १ | ३००० | ३००० |
| २ | एक घर एक धाराको पूर्णता | एकमुस्ट | १ | ५०००० | १ | ५०००० | १ | ५०००० | १ | ५०००० | | ० | ४ | २००००० | ५०००० |
| ३ | खानेपानी टंकी सूरक्षा कार्यक्रम र सचेतना कार्यक्रम सञ्चालन | एकमुस्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ४ | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | पटक | १ | १००००० | १ | १००००० | १ | १००००० | १ | १००००० | १ | १००००० | ५ | ५००००० | १००००० |
| ५ | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | संख्या | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | १० | २०००० | २००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ६ | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | संख्या | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | २ | ४००० | १० | २०००० | २००० |
| ७ | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | एकमुस्ट | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| ८ | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | एकमुस्ट | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ९ | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | एकमुस्ट | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | २०० |
| **महिला बालबालिका तथा लक्षित वर्ग** | | | | **४०९२०** | | **१०३४२०** | | **४०९२०** | | **४०९२०** | | **४०९२०** | | **२६७१००** | |
| १ | बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रम | संख्या | | ० | २५ | ६२५०० | ० | ० | ० | ० | ० | ० | २५ | ६२५०० | २५०० |
| २ | एकल महिलाको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ३ | अपाङ्ग/असहाय/अशक्तको लागि आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | पटक | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | महिलाको नेतृत्व विकास तथा आयआर्जन कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ५ | बालमैत्री/अपाङ्गमैत्री संरचना निर्माण | संख्या | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| ६ | जेष्ठनागरिक सम्मान कार्यक्रम | पटक | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | ५ | १२५० | २५० |
| ७ | बाल उद्यान निर्माण | संख्या | ४ | २०००० | ४ | २०००० | ४ | २०००० | ४ | २०००० | ४ | २०००० | २० | १००००० | ५००० |
| ८ | महिला उद्यमशीलताका लागि सीप विकास तालिम कार्यक्रम | पटक | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | ५ | ६०० | १२० |
| ९ | जेष्ठनागरिक संरक्षक प्रोत्साहन कार्यक्रम | पटक | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | ५ | ७५० | १५० |
| १० | किरिया घर निर्माण | पटक | ३ | ६००० | ३ | ६००० | ३ | ६००० | ३ | ६००० | ३ | ६००० | १५ | ३०००० | २००० |
| ११ | लक्षित वर्ग कानुनी साक्षरता कार्यक्रम | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| १२ | लक्षित वर्ग उद्यम विकास अनुदान कार्यक्रम | संख्या | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | २०० |
| १३ | यौनिक अल्पसंख्यक उद्यम विकास अनुदान केयक्रम | संख्या | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | ५ | ३५०० | ७०० |
| १४ | लैससास सम्बन्धि विभिन्न प्रकारका तालिमहरु सञ्चालन | संख्या | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| **युवा तथा खेलकुद** | | | | **१७७००** | | **२०७००** | | **२०७००** | | **२०७००** | | **२०७००** | | **१००५००** | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १ | एक वडा एक खेल मैदान निर्माण | संख्या | ४ | १०००० | ५ | १२५०० | ५ | १२५०० | ५ | १२५०० | ५ | १२५०० | २४ | ६०००० | २५०० |
| २ | खुला व्यायामशाला निर्माण | संख्या | ४ | २००० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० | २४ | १२००० | ५०० |
| ३ | नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | पटक | १ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | ५ | १२५०० | २५०० |
| ४ | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | पटक | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | ५ | ३५०० | ७०० |
| ५ | युवा रोजगार तालिम कार्यक्रम | पटक | १ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | ५ | १२५०० | २५०० |
| **पूर्वाधार विकास क्षेत्र** | | | | **५९५५००** | | **१०५१७५०** | | **१०२२८००** | | **९८१८५०** | | **८९३१५०** | | **४५४५०५०** | |
| **बस्ती आवास भवन तथा सार्वजनिक निर्माण** | | | | **१३५३००** | | **३२६०००** | | **३३१०००** | | **३३४०००** | | **२६२८००** | | **१३८९१००** | |
| १ | अति विपन्नवर्गको घर निर्माण | संख्या | २०० | १००००० | ४०० | २००००० | ४०० | २००००० | ४०० | २००००० | ४०५ | २०२५०० | १८०५ | ९०२५०० | ५०० |
| २ | वडा कार्यालय स्तरोन्नती वा नयाँ निर्माण | संख्या | २ | ७००० | २ | ७००० | २ | ७००० | २ | ७००० | | ० | ८ | २८००० | ३५०० |
| ३ | दाहसस्कार स्थल निर्माण (हिन्दु) | संख्या | | ० | ३ | ७५०० | ३ | ७५०० | ३ | ७५०० | ४ | १०००० | १३ | ३२५०० | २५०० |
| ४ | दाहसस्कार स्थल निर्माण (मुस्लिम) | संख्या | १ | २५०० | २ | ५००० | २ | ५००० | २ | ५००० | ० | ० | ७ | १७५०० | २५०० |
| ५ | छटघाट निर्माण | संख्या | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ४ | ४०० | ३ | ३०० | १६ | १६०० | १०० |
| ६ | सार्वजनिक शौचालय निर्माण | संख्या | २ | ४००० | २ | ४००० | २ | ४००० | ३ | ६००० | ४ | ८००० | १३ | २६००० | २००० |
| ७ | धर्मशाला निर्माण | संख्या | | ० | २ | १०००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० | ११ | ५५००० | ५००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ८ | मन्दिर, मस्जिद, गुम्वा तथा चर्च निर्माण तथा जिर्नोद्वार | संख्या | ५ | १७५०० | १२ | ४२००० | १२ | ४२००० | १२ | ४२००० | | ० | ४१ | १४३५०० | ३५०० |
| ९ | सार्वजनिक भवन | संख्या | | ० | १२ | ४२००० | १२ | ४२००० | १२ | ४२००० | ५ | १७५०० | ४१ | १४३५०० | ३५०० |
| १० | ज्येष्ठ नागरिक विश्राम स्थल | संख्या | ४ | ४००० | ४ | ४००० | ४ | ४००० | ४ | ४००० | ४ | ४००० | २० | २०००० | १००० |
| ११ | खुल्ला व्यायमशाला | संख्या | | ० | ३ | १५०० | ३ | १५०० | ३ | १५०० | २ | १००० | ११ | ५५०० | ५०० |
| १२ | पुस्तकालय | संख्या | | ० | २ | १८०० | २ | १८०० | २ | १८०० | २ | १८०० | ८ | ७२०० | ९०० |
| १३ | वालपार्क | संख्या | | ० | १ | ९०० | १ | ९०० | २ | १८०० | ३ | २७०० | ७ | ६३०० | ९०० |
| **सडक पुल तथा यातायात** | | | | **२८५२००** | | **५४८७५०** | | **५१६८००** | | **४७२८५०** | | **४५५३५०** | | **२२७८९५०** | |
| १ | कालोपत्रे/ढलान बाटो बनाउने | कि.मि. | ५० | २५०००० | १०० | ५००००० | ९० | ४५०००० | ८० | ४००००० | ८० | ४००००० | ४०० | २०००००० | ५००० |
| २ | ग्रभेल बाटो बनाउने | कि.मि. | ३ | १५०० | ५ | २५०० | ८ | ४००० | ८ | ४००० | १५ | ७५०० | ३९ | १९५०० | ५०० |
| ३ | नयाँ बाटो/धुले बाटो बनाउने | कि.मि. | ४ | २०० | ५ | २५० | ६ | ३०० | ७ | ३५० | ७ | ३५० | २९ | १४५० | ५० |
| ४ | पक्कि पूल | संख्या | ४ | २०००० | ६ | ३०००० | ८ | ४०००० | ९ | ४५००० | ६ | ३०००० | ३३ | १६५००० | ५००० |
| ५ | कल्भर्ट | संख्या | ७ | ३५०० | ९ | ४५०० | ११ | ५५०० | ११ | ५५०० | १४ | ७००० | ५२ | २६००० | ५०० |
| ६ | पूरानो बाटोमा नाला बनाउने | कि.मि. | २० | १०००० | २३ | ११५०० | २४ | १२००० | २६ | १३००० | २१ | १०५०० | ११४ | ५७००० | ५०० |
| ७ | झोलुंगे पूल | संख्या | | ० | | ० | १ | ५००० | १ | ५००० | | ० | २ | १०००० | ५००० |
| **जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा** | | | | **१६४०००** | | **१६४०००** | | **१६४०००** | | **१६४०००** | | **१६४०००** | | **८२००००** | |
| १ | नाङ्गो तार विस्थापन | एकमुस्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| २ | बिद्युतीय चुलो बितरण | संख्या | ३०० | १५००० | ३०० | १५००० | ३०० | १५००० | ३०० | १५००० | ३०० | १५००० | १५०० | ७५००० | ५० |
| ३ | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | संख्या | ५० | ५०००० | ५० | ५०००० | ५० | ५०००० | ५० | ५०००० | ५० | ५०००० | २५० | २५०००० | १००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ४ | थ्रीफेज लाइन विस्तार | एकमुस्ट | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | १ | १०००० | ५ | ५०००० | १०००० |
| ५ | ट्रान्सफरमर स्थानान्तरण | संख्या | २४ | ८४००० | २४ | ८४००० | २४ | ८४००० | २४ | ८४००० | २४ | ८४००० | १२० | ४२०००० | ३५०० |
| ६ | विद्युतीय पोल स्थानान्तरण | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **सूचना सञ्चार तथा प्रविधि** | | | | ११००० | | १३००० | | ११००० | | ११००० | | ११००० | | ५७००० | |
| १ | फाइबर नेट विस्तार (सबै बस्ती) | एक मुस्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| २ | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | संख्या | २० | ३००० | २० | ३००० | २० | ३००० | २० | ३००० | २० | ३००० | १०० | १५००० | १५० |
| ३ | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | संख्या | २० | ३००० | २० | ३००० | २० | ३००० | २० | ३००० | २० | ३००० | १०० | १५००० | १५० |
| ४ | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | संख्या | ० | ० | १ | २००० | ० | ० | ० | ० | ० | ० | १ | २००० | २००० |
| **वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | | | | ८७१६५० | | ८७८६५० | | ८६९१५० | | ८६७६५० | | ८७८६५० | | ४३६५७५० | |
| **वन तथा जैविक विविधता** | | | | ६००० | | ६००० | | ६००० | | ६००० | | ६००० | | ३०००० | |
| १ | वैज्ञानिक वन व्यवस्थापन (अग्नि रेखा निर्माण, वन्यजन्तुका लागि पानी पोखरी निर्माण, अतिक्रमित प्रजातिको नियन्त्रण लगायत) | एकमुस्ट | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| २ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| ३ | सामुदायिक वनको संरक्षण कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ४ | वन जंगलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ५ | सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | **८०६४००** | | **८०६४००** | | **८०६४००** | | **८०६४००** | | **८०६४००** | | **४०३२०००** | |
| १ | मुहान संरक्षण (सबै मुहान) | संख्या | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० | ५०० |
| २ | परम्परागत कूवा तथा पोखरीको संरक्षण | संख्या | २ | ४०० | २ | ४०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १० | २००० | २०० |
| ३ | पहिरोको जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा भेटिवर लगायतका वृक्षारोपण कार्यक्रम | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | बाढी जोखिम क्षेत्रमा ग्याभिन वाल निर्माण | कि.मि. | ४० | ८००००० | ४० | ८००००० | ४० | ८००००० | ४० | ८००००० | ४० | ८००००० | २०० | ४०००००० | २०००० |
| ५ | जलाधार संरक्षण र तटबन्ध | एकमुस्ट | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | ५००० |
| **वातावरण तथा फोहरमैला व्यवस्थापन** | | | | **१३००** | | **५००** | | **५००** | | **५००** | | **५००** | | **३३००** | |
| १ | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | संख्या | २०० | ४०० | २०० | ४०० | २०० | ४०० | २०० | ४०० | २०० | ४०० | १००० | २००० | २ |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| २ | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १०० |
| ३ | निजी- सार्वजनिक साझेदारीमा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यविधि तर्जुमा | संख्या | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |
| ४ | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | पटक | १ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ३०० | ३०० |
| **विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता** | | | | ५७९५० | | ६५७५० | | ५६२५० | | ५४७५० | | ६५७५० | | ३००४५० | |
| १ | विपद् प्रतिकार्य योजना तर्जुमा | संख्या | १ | १२०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १२०० | १२०० |
| २ | विपद् प्रतिकार्य जनचेतना | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ३ | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार (**First Aid**) व्यवस्थापन | संख्या | ५० | ७५० | ५० | ७५० | ५० | ७५० | ५० | ७५० | ५० | ७५० | २५० | ३७५० | १५ |
| ४ | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | एक मुस्ट | २४ | ४८००० | २४ | ४८००० | २४ | ४८००० | २४ | ४८००० | २४ | ४८००० | १२० | २४०००० | २००० |
| ५ | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू | एकमुस्ट | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ५०० | ५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| | समन्वय तथा सहकार्य कार्यक्रम | | | | | | | | | | | | | | |
| ६ | पालिका अन्तर्गत का प्रहरी चौकी र वडा कार्यालय हरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | एकमुस्ट | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ५ | १०००० | २००० |
| ७ | आपत्कालिन उद्धार केन्द्र स्थापना | संख्या | ० | ० | ५ | १०००० | ० | ० | ० | ० | ५ | १०००० | १० | २०००० | २००० |
| ८ | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १००० |
| ९ | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | संख्या | १ | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १००० | १००० |
| १० | रिचार्ज पोखरी निर्माण | संख्या | ६ | ३००० | ७ | ३५०० | ८ | ४००० | ५ | २५०० | ७ | ३५०० | ३३ | १६५०० | ५०० |
| ११ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | १४८२० | | २०९०० | | ८९०० | | ८९०० | | ८९०० | | ६२४२० | |
| **संस्थागत विकास तथा सुशासन** | | | | १४८२० | | २०९०० | | ८९०० | | ८९०० | | ८९०० | | ६२४२० | |
| १ | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन ( | संख्या | १ | ३५०० | १ | ३५०० | १ | ३५०० | १ | ३५०० | १ | ३५०० | ५ | १७५०० | ३५०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| | पहिला आउनेलाई पहिले सेवा) | | | | | | | | | | | | | | |
| २ | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | संख्या | १ | ७०० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ७०० | ७०० |
| ३ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ४ | सबै वडामा मेलमिलाप कक्ष व्यवस्थापन | संख्या | २४ | ४८०० | | ० | | ० | | ० | | ० | २४ | ४८०० | २०० |
| ५ | न्यायिक समितिको इजलास व्यवस्थापन | संख्या | १ | ३०० | | ० | | ० | | ० | | ० | १ | ३०० | ३०० |
| ६ | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | ९०० | १ | ९०० | १ | ९०० | १ | ९०० | १ | ९०० | ५ | ४५०० | ९०० |
| ७ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | संख्या | | ० | २४ | १२००० | | ० | | ० | | ० | २४ | १२००० | ५०० |
| ८ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | संख्या | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | ५०० |
| ९ | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | एकमुस्ट | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | १ | ७०० | ५ | ३५०० | ७०० |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आवधिक योजना कार्यान्वयन वर्षको वार्षिक लक्ष्य र वार्षिक बजेट (लागत रकम रु. हजारमा) | | | | | | | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/२०८६ | | २०८६/०८७ | | २०८७/०८८ | | जम्मा | | |
| | | | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | लक्ष | बजेट | |
| १० | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | संख्या | ४ | २८०० | ४ | २८०० | ४ | २८०० | ४ | २८०० | ४ | २८०० | २० | १४००० | ७०० |
| ११ | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | संख्या | २४ | १२० | ० | ० | ० | ० | ० | ० | ० | ० | २४ | १२० | ५ |

**अनुसूची नं. २: कार्यक्रमको माइनुट:**

**अनुसूची नं. ३: कार्यक्रमका केही तस्विरहरू**

**अनुसूची नं. ३: कार्यक्रमका केही तस्विरहरू**